# नेपाली

## कक्षा ८

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार पाठ्यक्रम विकास केन्द्र

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित रहेको छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण : वि.सं. २०८०

*पाठ्यपुस्तकसम्बन्धी पाठकका कुनै पनि प्रकारका सुझाव भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकबाट आउने सुझावलाई केन्द्र हार्दिक स्वागत गर्दछ ।*

# विषयसूची


| क्र.स. | शीर्षक | विधा | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १. | सहिदहरूको सम्झनामा | कविता | १ |
| २. | साकार सपना | कथा | ११ |
| ३. | स्वामी प्रपन्नाचार्य | जीवनी | २४ |
| ४. | व्यावसायिक चिठी | चिठी | ३६ |
| ५. | मानव अधिकार | निबन्ध | ४७ |
| ६. | अमर पुत्र | कथा | ५९ |
| ७. | पदमार्ग | संवाद | ७३ |
| ८. | फर्क आफ्नै देश | कविता | ८७ |
| ९. | नेपालको वैदेशिक व्यापार | प्रबन्ध | ९६ |
| १०. | हजुरआमाको जन्मोत्सव | मनोवाद | १०९ |
| ११. | एकजोर जुत्ता | कथा | १२० |
| १२. | जुन्को ताबेई | जीवनी | १३३ |
| १३. | प्यारो प्रकृति | कविता | १४७ |
| १४. | शैक्षिक भ्रमण | दैनिकी | १५७ |
| १५. | से गुम्बाको सुन्दरता | यात्रा वर्णन | १६८ |
| १६. | सम्पादकलाई चिठी | चिठी | १८१ |
| १७. | डल्ले खोला | कथा | १९० |
| १८. | सुनाइ पाठ | | २०२ |

# हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विकास गरिएको आधारभूत शिक्षा (कक्षा ८) को नेपाली विषयको पाठ्यक्रमअनुरूप परीक्षणबाट प्राप्त सुझावसमेत समायोजन गरी यो पाठ्यपुस्तक विकास गरिएको हो ।

यस पाठ्यपुस्तकको लेखन प्रा.डा. रामप्रसाद भट्टराई, डा. लेखप्रसाद निरौला र श्री सचितानन्द घिमिरेबाट भएको हो । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री वैकुण्ठप्रसाद अर्याल, विषय समितिका पदाधिकारीहरू प्रा.डा. गोपीन्द्रकुमार पौडेल, डा. धनप्रसाद सुवेदी, डा. केशव भुसाल, डा. जानुका नेपाल, डा. सीता सुवेदी पन्थी, श्री बुद्धिसागर अधिकारी र श्री टुकराज अधिकारीलगायतका महानुभावको विशेष योगदान रहेको छ । यसको विषयवस्तु सम्पादन श्री इन्दु खनाल, भाषा सम्पादन श्री चिनाकुमारी निरौला र कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यसमा रचना उपलब्ध गराउने रचनाकार तथा पुस्तकको विकास कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी, अनुभवकेन्द्रित, उद्देश्यमूलक र रुचिकर बनाउने प्रयत्न गरिएको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि. सं. २०८०

पाठ १

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**



नेपालमा समय समयमा महत्त्वपूर्ण परिवर्तन भएका छन् । वि.सं. २००७ फागुन ७ मा प्रजातन्त्रको उदय भयो । वि.सं. २०४६ चैत २६ मा प्रजातन्त्र पुनर्स्थापना भयो । वि.सं. २०६२/०६३ को जनआन्दोलनपछि लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । संविधान सभाबाट पहिलो पटक नेपालको संविधान वि.सं. २०७२ असोज ३ मा जारी भयो । यस्ता परिवर्तन सजिलै प्राप्त भएका होइनन् । यसका लागि नेपाल आमाका कैयौँ सपुतले बलिदान दिएका छन् । देशका लागि बलिदान दिने व्यक्ति सहिद हुन् । ती महान् सहिद सदा अमर रहने भएकाले तिनको योगदानका बारेमा छलफल गरौँ ।

उम्रन्न बोट कसैले बिउ छरेर नगए
बन्दैन मुलुक दुईचार सपुत मरेर नगए ।

हामीले खाने प्रत्येक गाँसमा रगत छ सहिदको
हामीले फेर्ने प्रत्येक सासमा रगत छ सहिदको
हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको
हाम्रो खुसीको प्रत्येक पलमा छ जीवन सहिदको ।

पाउने थिएनौं खुसी तिनले छाडेर नगए
बन्दैन मुलुक दुईचार सपुत मरेर नगए ।

हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदको प्यारो लासले धिक्कार्ला
धर्तीले मुख लाजले छोप्ला आकाशले धिक्कार्ला
सहिद रोलान् हामीले उन्नति गरेर नगए ।

हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए
बन्दैन मुलुक दुईचार सपुत मरेर नगए ।

*धड्कन : ढुकढुकी*
*पल : ज्यादै छोटो समय*
*कर्तव्य : मानिसले गर्नुपर्ने राम्रो काम*
*धिक्कार : निन्दा, तिरस्कार*

## शब्दभण्डार

१. **दिइएका अर्थ आउने शब्द 'सहिदहरूको सम्झनामा' कविताबाट खोजेर लेख्नुहोस् :**

(क) रातोपन, लालिमा

(ख) रोप्न वा छर्न राखिएको अन्न आदिका गेडा

(ग) एक पटकमा मुखमा हाली खाइने खानेकुरा

(घ) पृथ्वी, जमिन

(ङ) प्रगति, अभिवृद्धि

२. **दिइएका लय मिल्ने शब्द पढी लेख्नुहोस् :**

| | |
|---|---|
| लहरा / छहरा | सुरिलो / कुरिलो |
| जङ्गल / मङ्गल | लायक / गायक |
| लुसुक्क / मुसुक्क | सगर / बगर |

३. **दिइएका शब्दका लय मिल्ने दुई दुईओटा शब्द लेख्नुहोस् :**

वीर, पहरा, रसिलो, असार, पाखा, दासता

४. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

सपुत, मुलुक, बिउ, कर्तव्य, आकाश, धड्कन, उन्नति

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

तारा, मुलुक, जगत्, मातृभूमि, धड्कन, कर्तव्य, उन्नति, धर्ती, मिर्मिर

२. **'सहिदहरूको सम्झनामा' कविता लयबद्ध वाचन गर्नुहोस् ।**

३. **'सहिदहरूको सम्झनामा' कविता पढी सोधिएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) कवितामा के झरेपछि बिहान हुन्छ भनिएको छ ?

(ख) कसले रगतको भेटी चढाउँछ ?

(ग) हामीले कसरी खुसी पाएका छौँ ?

(घ) सहिद किन रुन्छन् होला ?

(ङ) 'सहिदहरूको सम्झनामा' कविता कति हरफमा संरचित छ ?

४. **दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हामीले खाने प्रत्येक गाँसमा रगत छ सहिदको
हामीले फेर्ने प्रत्येक सासमा रगत छ सहिदको
हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको
हाम्रो खुसीको प्रत्येक पलमा जीवन छ सहिदको ।

**प्रश्नहरू**

(क) 'हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको' भन्नुको आशय के हो ?

(ख) हाम्रा कुन कुन कुरामा सहिदको योगदान छ ?

५. **शिक्षकबाट कवितांश सुन्नुहोस् र छुटेका शब्द भरी पुनर्लेखन गर्नुहोस् :**

ओठमा .................. लाली ......................... जगत्को
............ पिरले ....... जब .............. चढाउँछ ..........
घाँटीमा ....................... वीरले ................................
......................... चरण ढोगी ......................... दासता ।

६. **'सहिदहरूको सम्झनामा' कविता पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) कवितामा मुलुक कसरी बन्छ भनिएको छ ?

(ख) वीरले किन रगतको भेटी चढाउँछन् ?

(ग) हाम्रो खुसीको प्रत्येक पलमा कसको योगदान छ ?

(घ) सहिदप्रति हाम्रो कर्तव्य के हो ?

७. 'सहिदहरूको सम्झनामा' कविताको दोस्रो श्लोकबाट तीनओटा प्रश्न निर्माण गर्नुहोस् ।

८. दिइएको कवितांशलाई गद्यमा लेख्नुहोस् :

उदाहरण : हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए

मिर्मिरमा तारा झरेर नगए बिहान हुँदैन ।

(क) उम्रन्न बोट कसैले बिउ छरेर नगए

(ख) हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको

(ग) पाउने थिएनौ खुसी तिनले छाडेर नगए

(घ) सहिद रोलान् हामीले उन्नति गरेर नगए

९. व्याख्या गर्नुहोस् :

हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला

गोली निलेका सहिदका प्यारा लासले धिक्कार्ला ।

१०. 'सहिदहरूको सम्झनामा' कविताको मूलभाव लेख्नुहोस् ।

११. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

नेपाल लोकसाहित्यमा धनी मुलुक हो । लोकसाहित्यका विविध विधामध्ये लोकगीत पनि एक हो । चाडपर्व, मेलापात, घाँसदाउरा, ढिकीजाँतो गर्दा गाइने लोकभाका नै लोकगीत हो । लोकगीत लोकलयमा आधारित हुन्छ । सवाई, असारे, तिज, भैलो, मारुनी, झयाउरे, सेलो आदि लोकलयका उदाहरण हुन् । संस्कृति, परम्परा, भाषा, भूगोल, जातजाति, जीवनशैलीलगायत पक्षलाई लोकलयको आधार मानिन्छ । लोकलयले नेपाली जनजीवनलाई जीवन्त बनाएको छ । नेपाली परम्परालाई चिनाएको छ । लोकलयको आफ्नै मौलिक संरचना हुन्छ । यही संरचनाले लय वा भाका निर्धारण गरेको हुन्छ । उदाहरणका लागि 'सहिदहरूको सम्झनामा' कविताका निम्न पङ्क्तिबाट झयाउरे लयको संरचना हेरौँ ।

३ २ ३ २ ३ ३ = १६

हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए

बन्दैन मुलुक दुईचार सपुत मरेर नगए

**प्रश्नहरू**

(क) लोकभाका कहाँ कहाँ गाइन्छन् ?

(ख) लोकलयका कुनै तीनओटा उदाहरण लेख्नुहोस् ।

(ग) लोकलयको आधार केलाई मानिन्छ ?

(घ) नेपाली जनजीवन कसरी जीवन्त बनेको छ ?

१२. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

रमेश खत्रीले वि.सं. २०७२ को भूकम्पमा परी दुवै खुट्टा गुमाए । उनै रमेश हुन् जसले कृत्रिम खुट्टाका सहायताले सगरमाथाको ५,३६५ मिटरसम्मको उचाइ आरोहण गरे । उनले ह्विलचेयरमा बसेर अन्तर्राष्ट्रिय क्रिकेट खेलमा सहभागिता जनाए । त्यस्तै फरक किसिमको काम गरेर चर्चा कमाउने व्यक्ति बारा शेर्पा हुन् । उनको नेतृत्वमा सगरमाथाबाट १०,३८६ केजी फोहोर सङ्कलन गरिएको थियो । उनको यो काम वातावरणीय क्षेत्रमा विश्वको नमुनायोग्य थियो । यसले संसारको ध्यान नेपालतर्फ खिचेको थियो । त्यस्तै सौगात विष्टले सात वर्षको उमेरमा चलचित्र निर्देशन गरेर विश्वको कान्छो चलचित्र निर्देशक बन्ने सौभाग्य प्राप्त गरे । त्यसै गरी लगातार ९० घण्टासम्म भाषण गरेर अनन्तराम केसीले विश्वव्यापी चर्चा पाए । वन्दना नेपालले पनि लगातार १२६ घण्टासम्म नृत्य गरेर संसारलाई नै चकित बनाइन् । थुप्रै नेपालीले आफ्नो कीर्तिमानद्वारा विश्वलाई चकित बनाएका छन् । यसरी आफ्नो प्रतिभा वा सामर्थ्यलाई उजागर गर्न निरन्तर साधना आवश्यक हुन्छ ।

माथिका उदाहरणमा जस्तै तपाईंमा पनि कुनै न कुनै क्षेत्रको प्रतिभा वा सामर्थ्य होला । तपाईंमा भएको प्रतिभा वा सामर्थ्य कक्षामा प्रस्तुत गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र सबै प्रकारका नाम पद पहिचान गरी तालिका बनाई लेख्नुहोस् :**

डोल्मा, जयन्ती, सन्तोष र लखन जावलाखेल गए। मानिसका हुल र मोटरका ताँतीले गर्दा उनीहरूलाई त्यहाँ हिँड्न गाह्रो भयो । उनीहरू बल्लतल्ल चिडियाखानाभित्र प्रवेश गरे। त्यहाँ जनावर र चराचुरुङ्गी हेर्न हिमाल, पहाड र तराईदेखि मानिस आएका थिए। चिडियाखानामा मृगका बथान खेलिरहेका थिए। बाघ गर्जिएर बालुवा र माटो खोस्रिँदै थिए। गैँडा पानीमा डुबुल्की मारिरहेका थिए। भ्रमण टोलीका सदस्य थकाइ लागेकाले चौतारामा बसेर बदाम खाँदै गफ गर्न थाले । डोल्मालाई थुनिएका जनावर देखेर माया लागेछ। लखनलाई बाघको रिस मन पऱ्यो रे। जयन्तीलाई जनावरको मलमूत्र देखेर घिन लागेछ। लखन चाहिँ हात्ती चढ्ने विचार गरेर जुरुक्क उठे।

२. **'सहिदहरूको सम्झनामा' कविताबाट जाति, द्रव्य र भाव जनाउने दुई दुईओटा नाम पद पहिचान गरी लेख्नुहोस् ।**

३. **दिइएको अनुच्छेदमा प्रयोग भएका सर्वनाम पद टिपोट गर्नुहोस् :**

म इलाम जाँदै थिएँ। फुर्वा र नजिमा चारआलीमा भेटिए । उनीहरू पनि इलाम हिँडेका रहेछन् । अब हामी सँगै इलाम जाने भयौँ । हामीलाई बाटामा को को भेटिए, के के देखिए त्यो पत्तै भएन। हामी ११ बजेतिर इलाम पुग्यौँ । जो जो धेरै भोकाएका थिए, उनीहरू होटलतिर लागे । त्यहाँ कोही कोही खाजा खाँदै थिए । आफूले चाहिँ खाइएन ।

४. **म, हामी, उनी, त्यो, आफू, तिमी, उहाँ सर्वनाम पद प्रयोग गरी एक अनुच्छेदमा आफ्नो टोलको वर्णन गर्नुहोस् ।**

५. **दोहोरिएका नामका सट्टा उपयुक्त सर्वनाम पद राखी दिइएका वाक्य पुनर्लेखन गर्नुहोस् :**

(क) गोपी किसान हुन् । गोपी परिश्रमी छन् ।

(ख) काका सहरमा बस्नुहुन्छ । काका व्यापार गर्नुहुन्छ ।

(ग) हिरा, देवी र नरबहादुर मिल्ने साथी हुन् । हिरा, देवी र नरबहादुर आठ कक्षामा पढ्छन् ।

(घ) कालो कुकुर दगुर्दै छ । कालो कुकुरले टोक्न सक्छ ।

(ङ) बुबा हिजो विद्यालय आउनुभएको थियो । बुबाले मेरो नतिजा लिनुभएको थियो ।

६. **दिइएका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :**

(क) भाइ चित्र बनाउँछ । उनी चित्रकार हुन् ।

(ख) हजुरबुबाको स्वर मिठो छ । ऊ भजन गाउँछ ।

(ग) उमाकान्तका सन्तान विष्णु, डिल्ली र सम्झना हुन् । उहाँहरू असल हुनुहुन्छ ।

(घ) सुमित्रा सुनगाभा टोलमा बस्छिन् । उसलाई गाउँघर रमाइलो लाग्छ ।

(ङ) भूपी शेरचन प्रसिद्ध कवि हुन् । उहाँले राम्रा कविता रचना गर्नुभएको छ ।

७. **दिइएको अनुच्छेदबाट शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका तीन तीनओटा शब्द टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् :**

गत महिना कृतिले जिल्लास्तरीय कवि गोष्ठीमा सहभागी प्रतिस्पर्धीलाई पछाडि पार्दै प्रथम स्थान हासिल गरिन् । उनको 'सारथी' शीर्षकको कवितामा नेपालको प्रकृति, संस्कृति र समाजको चित्रण गरिएको थियो । नतिजा सार्वजनिक गर्ने क्रममा कृतिको प्रतिभालाई मुक्तकण्ठले प्रशंसा गरियो । अन्त्यमा कृतिले प्रमुख अतिथिबाट सिल्ड, प्रमाणपत्र र नगद पुरस्कारसमेत प्राप्त गरिन् ।

८. **दिइएका शब्द समूहबाट शुद्ध शब्द पहिचान गरी लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| (क) मिहीनेत | मिहिनेत | मीहीनेत | मीहिनेत |
| (ख) ऋषिमुनी | ऋषीमुनि | ऋषिमुनि | ऋषीमुनी |
| (ग) गतिवीधि | गतीविधि | गतिविधी | गतिविधि |
| (घ) परिधि | परीधी | परिधी | परीधि |

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) जगत्को गहना के हो ?

(ख) कसलाई शत्रु भनिएको छ ?

(ग) ज्यूँदै मरेको को हो ?

(घ) दरिद्र कसलाई भनिएको छ ?

२. **विद्याको महिमा कसरी गरिएको छ, सुनाइ पाठ १ का आधारमा भन्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **'हामी नेपाली' शीर्षकमा कविता रचना गर्नुहोस् ।**

२. **पुस्तकालय वा पत्रिकाबाट एउटा गीति कविता खोजी कक्षामा सुनाउनुहोस् ।**

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**

नेपालमा विभिन्न कालखण्डमा थुप्रै ऐतिहासिक घटना घटेका छन् । नेपालको एकीकरणपश्चात् राजनीतिक घटनाक्रमले नयाँ मोड लिँदै आयो । एकीकरणबाट मुलुकको क्षेत्र विस्तार भयो । नेपालले पूर्वदेखि पश्चिमसम्म हिमाल, पहाड र तराईको भूगोल समेट्यो । नेपाल र नेपालीलाई अनेकताभित्र एकतामा आबद्ध गरायो । जातजाति, भाषाभाषी तथा धर्मसंस्कृतिको विविधता नै हाम्रो पहिचान बन्यो । हाम्रो यही गौरवमय इतिहाससँग जोडिएका तलका तस्विर पहिचान गरी उनीहरूको योगदानका सन्दर्भमा छलफल गरौं ।









मूल पाठ

२

# साकार सपना

*गणेशप्रसाद भट्टराई*



गोरखाका राजा पृथ्वीनारायण शाह आफ्नो राज्यको सिमाना बढाउन चाहन्थे । उनले कीर्तिपुरमाथि तेस्रो प्रयासमा विजय प्राप्त गरे । कीर्तिपुर विजय गरेपछि लुटिकोट र मुडिखुकोटका गाउँ जितेर उनले कान्तिपुरका राजा जयप्रकाश मल्लको दिमागमा खतराको घन्टी बजाइदिए । जयप्रकाश मल्लले एक दिन भक्तपुरका राजा रणजित मल्ल र ललितपुरका मन्त्रीलाई गुह्येश्वरी मन्दिरमा बोलाए । उनले मन्दिरको पूर्वपट्टिको पाटीमा बसेर यसरी बोलाउनुको कारण खोल्दै भने, “गोरखाली राजाले कान्तिपुरमा आक्रमण गर्ने योजना बनाइरहेका छन् । तपाईंहरूले मलाई सहयोग गर्नुपर्‍यो । तपाईंहरूलाई पर्दा म सहयोग गर्ने छु ।” लामो छलफलपछि सबैले धर्म भाके ।

### शब्दार्थ

*पाटी* : *तीर्थव्रत गर्ने वा यात्रा गर्नेलाई निःशुल्क बास बस्न बनाइएको ठाउँ*

*आक्रमण* : *लडाइँ*

त्यस वेला नेपाल खाल्डामा केपुचिन पादरी बस्थे । गोरखालीको योजना थाहा पाएपछि जयप्रकाश मल्लले उनीसँग गोरखाली विरुद्ध युद्ध गर्ने र अगि बढ्न नदिनेबारे सल्लाह गरे । पादरीले अङ्ग्रेज वाणिज्यदूत गोल्डिङलाई कलकत्ता पठाउने र गोरखालीविरुद्ध अङ्ग्रेजसँग सहयोग माग्ने सल्लाह दिए । उनकै सल्लाहअनुसार जयप्रकाश मल्लले सैनिक सहयोग माग्दै कलकत्ताका अङ्ग्रेज गभर्नरलाई पत्र लेख्ने निर्णय गरे ।

गोल्डिङ भारतको बेतियामा बस्थे । जयप्रकाश मल्लले फकिर रामदास र उमदालाई पत्र दिएर बेतिया पठाए । बेतिया पुगेर उमदाले जयप्रकाशको पत्र दिँदै गोल्डिङलाई भने, "महाराजले यो पत्र पठाउनुभएको छ ।"

गोल्डिङले पत्र समाएर उनीहरूलाई अलिक पर भुइँमा बस्न लगाए । उनले पत्र खोले र चस्मालाई नाकेडाँडीमा राखेर हेरे तर पत्र राम्ररी बुझेनन् । आशय बुझ्ने सुरले उनले आफ्ना सेक्रेटरीलाई सोधे, "यसमा के के छ ? मलाई सबै बुझाऊ ।" सेक्रेटरीले पत्र पढेर सबै कुरा बुझाइदिए । गोल्डिङले बिच बिचमा टाउको हल्लाउँदै पत्रको आशय बुझेको भाव दर्साए ।

केही क्षणपछि गोल्डिङ जुरुक्क उठे र झयालको पर्दा अलिकति सारे । एक पल्ला झयाल खोले र फर्केर थचक्क कुर्सीमा बसे । टेबुलमा राखेको एक गिलास पानी स्वाट्टै पारे । उनी कुइनामा टाउको अड्याएर सोच्न थाले, "हैन यी गोरखाली त हाम्रै नजिक पो आइपुगेछन् । त्यो पृथ्वीनारायणलाई अङ्ग्रेजको शक्ति चखाउने वेला यही हो । यतिखेर मल्लहरूलाई सहयोग गर्न पाए उनीहरू हामीप्रति कृतज्ञ हुन्छन् । हामीलाई चीन पुगेर व्यापार गर्न पनि सजिलो हुन्छ ।" गोल्डिङले दाहिने हातले टेबुलमा ढक्क ठोके । गिलासको पानीसमेत छचल्किएर पोखियो । अलिक पर बसेका उमदा र रामदासको पनि सातोपुत्लो गयो ।

पानी निल्दै गोल्डिङले भने, "नडराओ म तिमीहरूकै पत्रका बारेमा सोच्दै छु ।" उनी फेरि सोच्न थाले, "यस वेला मल्लहरूलाई सहयोग गर्दा युद्धको खर्च उनीहरूले नै बेहोर्छन् । कम्पनीको केही खर्च हुँदैन । हामीलाई नै फाइदा हुन्छ । बरु गोरखाली बलिया

*वाणिज्यदूत* : *व्यापारसम्बन्धी सन्देश लिएर ओहोरदोहोर गर्ने व्यक्ति*

*पल्ला* : *झयालको एक पाटो*

*कृतज्ञ* : *गरेको उपकार देख्ने*

हुनुपूर्व नै हामीले मल्ललाई सहयोग गर्नुपर्छ ।" उनी जुरुक्क उठे र यताउति घुमे । उनले उमदातिर हेर्दै भने, "गोरखालीसँग कति सैनिक होलान् त ? अनि कति टाढा छ नेपाल ?"

उनीहरूले भने, "अनर ! गोरखाका सैनिक धेरै छैनन् । नेपाल खाल्डामा त २,००० जति होलान् । पटनाबाट नेपाल जान ९६ कोस जति छ र ११ ठाउँमा बास बस्नुपर्छ । खानेकुराको चाहिँ अभाव हुँदैन । अहिले वर्षामा त गोरखाका धेरै सैनिक उतै खेतीपाती गर्दै छन् ।"

उनीहरूबाट गोरखाका सैनिक, हातहतियार र आर्थिक स्थितिसमेत बुझेपछि गोल्डिङले भने, "ल जाओ तिमीहरू, तिमीहरूका राजालाई सहयोग आउँछ भनिदिनू ।" हस् अनर भन्दै उनीहरू निस्के ।

गोल्डिङले गोरखालीले उपत्यकामा आक्रमण गर्न लागेको र मल्लहरूलाई सहयोग नगरे कम्पनीलाई हानि हुने बेहोराको सिफारिस पत्र तयार पारे । उनले तिब्बत हुँदै चीनसम्म व्यापार बढाउने र यस क्षेत्रमा प्रभुत्व जमाउने राम्रो मौका आएको पनि वर्णन लेखे । बिस्तारै नेपाल खाल्डो नै आफ्नो पार्ने आशयको सिफारिस पत्र र जयप्रकाशको पत्रसहित उनी पटना पुगे र सबै बेलीबिस्तार लगाए ।

पत्र पाएको १० दिनपछि कलकत्ताको रिलेक्ट कमिटीले भौगोलिक स्थिति र शत्रुको शक्ति विचार गरेर जयप्रकाशलाई सहयोग गर्नू भनी पटनाका हाकिम रम्बोल्डलाई आदेश दियो ।

पृथ्वीनारायणले जासुसमार्फत यी सब कुरा बुझिरहेका थिए । अङ्ग्रेज नेपाल खाल्डामा आउँदा सिन्धुलीगढीको बाटो भएर आउनुपर्थ्यो । उनले त्यहाँ वंशु गुरुङ र वीरभद्र उपाध्यायलाई पहिले नै तैनाथ राखेका थिए । अङ्ग्रेजले जयप्रकाश मल्ललाई सहयोग गर्ने भएमा त्यहाँ वंशराज पाण्डे र श्रीहर्ष पन्तको नेतृत्वमा सेना पठाउन उनले भित्रभित्रै तयारी गरेका थिए ।

एक दिन बिहान चिया खाएर पृथ्वीनारायण कीर्तिपुरमा आफ्ना विश्वासपात्रसँग आफूले राम्रो सपना देखेको र आफ्नो सपना पुग्नेबारेमा गफ गर्दै थिए । त्यही बेलामा द्वारे आयो र भन्यो, "महाराज ! गौराङ्गको पत्र आएको छ ।" उसले राजालाई पत्र दियो र फर्क्यो । पृथ्वीनारायणले पत्र खोले र हेरे । त्यसमा लेखिएको थियो, "हाम्रा मित्र मल्ल राजालाई तिमीले लाएको नाकाबन्दी हटाऊ । हटाएनौ भने हामी तिमीलाई शत्रु घोषणा गर्छौं ।"

*तैनाथ* : *तयार*

*नाकाबन्दी* : *नाका वा सिमाना बन्द गर्ने र सामान रोक्का गर्ने काम*

रम्बोल्डले लेखेको यो पत्र पढ्नासाथ च्यातचुत पारेर उनले अँगेनामा हालिदिए र दाह्रा किट्दै भने, "गौराङ्ग ! मेरा फौजले तेरा फौजलाई सिन्धुलीमै सखाप पाऱ्यो छ । आगासँग खेल्न लागिस् !" यस वेला उनका दुवै हातका मुट्ठी कसिएका थिए ।

उता अङ्ग्रेजले कप्तान किनलकको नेतृत्वमा २,४०० जति हिन्दुस्तानी सिपाही र केही अङ्ग्रेज अफिसरसहित मध्य वर्षामै जयप्रकाशलाई सहयोग गर्न फौज पठायो । नेपाल खाल्डो पुग्ने बाटो देखाउने जिम्मा रामदास वैरागीले लिए ।

यो थाहा पाउनासाथ पृथ्वीनारायण शाहले आफ्ना सैनिकलाई सिन्धुलीको पौवागढी पठाए । गोरखाली सेनाले जनकपुर र सिन्धुलीगढीबाट सारा रसदपानी रित्याएर पौवागढी पुऱ्याए । सिन्धुलीगढीको नजिकै पर्ने मकवानपुरका राजाले पनि आफ्नो राज्यलाई शत्रुबाट सुरक्षित राखेका थिए । उनका राज्यमा शत्रुबाट बच्न सिमानामा सिस्नाको घारी लगाउने चलन थियो । शत्रुले आक्रमण गरेमा अरिङ्गाल र बच्छिउँका गोला बिच्काएर शत्रुतिर धपाइदिने पनि अनौठो चलन थियो । वंशु गुरुङ सिकारी पनि भएकाले उनले यी सबै अवस्थाको राम्रो अध्ययन गरेका थिए । गोरखाली फौज गौराङ्ग सेना कहिले आफ्नो अगि पर्ला र युद्धको धोको फेरौँला भनेर पौवागढीमा पर्खेर बसेको थियो ।

उता अङ्ग्रेजका भरिया बन्दुक र हतियार बोकी अगाडि हिँड्दै थिए । बिचमा सेना थिए । त्यसको पछि कप्तान किनलक र सहायक कप्तान हेयर से पौवागढीको उकालो चढ्दै थिए । रामदासले बाटो देखाइरहेको थियो । वर्षामा सिमसिम पानी परेको र कुहिरो लागेकाले बाटो हिँड्न सहज थिएन ।

अङ्ग्रेज सेना खानेकुरा, वर्षा र जङ्गली किराफट्याङ्ग्राको टोकाइसँग सङ्घर्ष गर्दै गढीनजिकै आइपुग्यो । यति वेलासम्म बाटामा गोरखाली नदेख्दा अङ्ग्रेज निस्फिक्री अगि बढिरहेका थिए । थाकेकाले चौतारीमा बसेर अङ्ग्रेज अफिसरले चिसो पानीको घुट्की लिए । साँझ पर्नै लागेको थियो । वंशु गुरुङ र वंशराज पाण्डेले ढुङ्ग्रेवासतिरबाट र वीरभद्रले पौवागढीतिरबाट अङ्ग्रेजमाथि आक्रमण गरे । रक्सीले अलि अलि मातेका हियर से तत्काल घाइते भए र ज्यान जोगाउन जङ्गलतिर भागे । हतियार बोकेका भरिया अगाडि भएकाले

*अँगेनो : आगो बालिने ठाउँ*

*रसदपानी : रासनपानी, खानेकुरा*

सैनिकले सबै हतियार झिकेर चलाउन पाएनन् । हिन्दुस्तानी सेनाको भागाभाग भयो । उनीहरू हतियार छाडेर ज्यान जोगाउनतिर लागे ।

हिन्दुस्तानी सेना र अङ्ग्रेज अफिसर भागेको देखेर वंशु गुरुङले आफ्ना सहयोगीलाई भने, "अर्ना छाड, गोला फोर !" वंशु गुरुङले जङ्गलबाट दुईओटा अर्ना पक्रेका रहेछन् । तिनलाई जाँड खुवाई मताएर राखिएको रहेछ । गोरखाली सेनाले तिनका सिङमा राँको बालेर जङ्गलमा छाडिदिए । अर्ना आत्तिएर जतातत्तै कुद्न थाले । यही वेलामा गोरखाली सेनाले अरिङ्गाल र बच्छिउँका गोला बिच्क्याइदिए । अर्नाले खेद्ने, अरिङ्गालले चिल्ने र सिस्नाले पोल्ने हुँदा अङ्ग्रेज ऐया र आत्था गर्दै भागाभाग भए ।

गोरखाली सेनाले रातभर अङ्ग्रेजलाई खेदिरहे । बिहान उज्यालो भएपछि उनीहरूले जङ्गलमा हतियार खोजे । जङ्गलमा भेटिएका ३०० जति राइफल गोरखालीले आफ्ना बनाए । आक्रमणमा १,७०० जति गौराङ्ग सेना हताहत भए ।

किनलक ज्यान जोगाएर लगभग ८०० सैनिकसहित जनकपुर पुगे । त्यहाँ पुगेर उनले रम्बोल्डलाई पत्र लेखे, "पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् । हामीले मल्ललाई सहयोग गर्न सकेनौँ, थप सेना पठाइदिनू ।" उनले स्थिति बुझेकाले थप सेना पठाएनन् ।

यता वंशु गुरुङलगायत गोरखाली सेना हतियारसहित पृथ्वीनारायण शाहकहाँ पुगे । उनले हातले केही हतियार सुमसुम्याए र वंशुलाई धाप मारेर प्रशंसा गर्दै भने, "मेरो सपना तिमीहरूले पूरा गर्‍यौ । यसको श्रेय तिमेकै हो ।" उनले सबैलाई विजयको प्रतीक रातो टीका लगाइदिए । सेना गोरखाको जय भन्दै ब्यारेकतिर लागे ।

*श्रेय* : *जस, हित*

*प्रतीक* : *चिह्न*

## शब्दभण्डार

१. **दिइएका पर्यायवाची शब्द पढ्नुहोस् र छलफल गर्नुहोस् :**

| | |
|---|---|
| अचानक | एक्कासि, अकस्मात् |
| आरम्भ | सुरु, प्रारम्भ |
| ईर्ष्या | ईख, डाह |
| ऋषि | मुनि, तपस्वी |
| जगत् | संसार, विश्व |
| उपहार | कोसेली, सौगात |
| ढोका | द्वार, दैलो |

२. **दिइएका पर्यायवाची शब्दबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| उचित | बगैँचा |
| सुनसान | बाठो |
| क्रोध | पहाड |
| उद्यान | रिस |
| चलाख | उपयुक्त |
| आभूषण | एकान्त |
| हावा | गहना |
| | पवन |

३. **दिइएका अर्थ आउने शब्द 'साकार सपना' कथाबाट खोजेर लेख्नुहोस् :**

(क) राय, सुझाव

(ख) होसहवास हराउनु

(ग) हैकम जमाउने काम

(घ) सत्यानास पार्नु

(ङ) बाटामा बरपिपलको वरिपरि बस्न हुने गरी बनाइएको ठाउँ

४. **'साकार सपना' कथाको अन्तिम अनुच्छेदबाट दिइएका शब्दको पर्यायवाची शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

सैनिक, हस्त, तारिफ, स्वप्न, जित, चिह्न, लाल

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

श्रेय, ढुङ्ग्रेबास, पौवागढी, निस्फिक्री, कप्तान, अङ्ग्रेज, सिन्धुली, कीर्तिपुर, च्यातचुत

२. **'साकार सपना' कथा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **'साकार सपना' कथा पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) कथाअनुसार नेपाल खाल्डामा को बस्थ्यो ?

(ख) नेपाल खाल्डो देखाउने जिम्मा कसले लियो ?

(ग) गोरखाली सेनाले अर्नालाई के गरेर जङ्गलमा छाडिदिए ?

(घ) किनलक ज्यान जोगाउन कतातिर लागे ?

(ङ) कथामा कतिओटा अनुच्छेद छन्, दोस्रो अनुच्छेदमा भएका वाक्य सङ्ख्यासमेत भन्नुहोस् ।

४. **'साकार सपना' कथाको 'साँझ पर्नै लागेको .... जोगाउनतिर लागे ।' कथांश शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

५. **दिइएका भनाइ 'साकार सपना' कथाका आधारमा कसले कसलाई भनेको हो, भन्नुहोस् :**

(क) यसमा के के छ ? मलाई सबै बुझाऊ ।

(ख) महाराज गौराङ्गको पत्र आएको छ ।

(ग) पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् ।

(घ) मेरो सपना तिमीहरूले पूरा गऱ्यौ ।

६. **'साकार सपना' कथाका आधारमा दिइएका घटनाको क्रम मिलाएर लेख्नुहोस् :**

(.......) गोरखाली सेनाले रातभरि अङ्ग्रेजलाई लखेटिरहेका

(.......) गोरखाली सेना हतियारसहित पृथ्वीनारायणकहाँ पुगेका

(.......) पादरीले अङ्ग्रेजसँग सहयोग माग्ने सल्लाह दिएको

(.......) जयप्रकाश मल्लको दिमागमा खतराको घन्टी बजेको

(.......) पृथ्वीनारायण शाहले पत्र खोलेर हेरेका

(.......) कुहिरो लागेकाले बाटो हिँड्न सहज नभएको

(.......) सेक्रेटरीले पत्र पढेर सुनाएका

(.......) तिब्बत हुँदै चीनसम्म व्यापार बढाउने सोचेका

(.......) गोल्डिङले दाहिने हातले टेबुलमा ठोकेको

७. **'साकार सपना' कथा पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) कथामा केपुचिन पादरीले जयप्रकाश मल्ललाई कस्तो सल्लाह दिए ?

(ख) पृथ्वीनारायण शाहले हेरेको पत्रमा के लेखिएको थियो ?

(ग) मकवानपुरका राजाले आफ्नो राज्यलाई शत्रुबाट कसरी सुरक्षित गरेका थिए ?

(घ) यस कथाबाट कस्तो शिक्षा पाइन्छ ?

८. **'साकार सपना' कथाको पात्र गोल्डिङको चरित्र चित्रण गर्नुहोस् ।**

९. **व्याख्या गर्नुहोस् :**

पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् ।

१०. 'साकार सपना' कथाको सार लेख्नुहोस् ।

११. 'साकार सपना' कथामा के पृथ्वीनारायण शाहको सपना पूरा भयो, समीक्षात्मक उत्तर लेख्नुहोस् ।

१२. दिइएको चित्र वर्णन गर्नुहोस् :



१३. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

विश्वम्भर लामिछाने सिन्धुली जिल्लाको कमलामाई नगरपालिकामा बसोबास गर्छन् । कलाकारिता क्षेत्रमा उनको नाम चर्चित छ । उनी रुखका जराबाट विभिन्न आकृति बनाउँछन् । जराको स्वरूपअनुसार उनले मानिस, जनावर, चरा आदिका ३५० भन्दा बढी मूर्ति तथा आकृति निर्माण गरिसकेका छन् । उनले ललितकला प्रज्ञा प्रतिष्ठानमा कला प्रदर्शन गरेर आफ्नो प्रतिभा देखाइसकेका छन् । उनी जराबुट्टा प्रशिक्षकका रूपमा समेत काम गरिरहेका छन् । उनको सक्रियतामा कमलामाईमा कला सङ्ग्रहालय भवन निर्माण भएको छ । उक्त सङ्ग्रहालयमा राखिएका जराबुट्टा कला अवलोकनका लागि टाढा टाढाबाट मानिस आउने गरेका छन् । ललितकलाका क्षेत्रमा विश्वम्भरको नाम पृथक् पहिचानका रूपमा स्थापित भएको छ ।

विश्वम्भर जस्तै तपाईं कुन क्षेत्रमा आफ्नो भविष्यको राम्रो सम्भावना देख्नुहुन्छ, कारणसहित कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र रातो रङ लगाइएका पद मिल्दो तालिकामा टिपोट गर्नुहोस् :**

फूलमाया रातो चोलो, खैरो सारी र पहेँलो कोट लगाएर प्रतीक्षालयमा उभिइन् । चार जना युवक दुईओटा मोटरसाइकलमा आएर उनका अगाडि रोकिए । नयाँ मोटरसाइकलमा बसेका युवकले धरान जाने बाटो सोधे । पुरानो मोटरसाइकलमा बसेका युवकले खाँदबारी पुग्न लाग्ने समय सोधे । त्यति बेला ठुलो बस हर्न बजाउँदै आयो । अचम्म ! त्यस बसमा त उनका मामा पो हुनुहुँदो रहेछ । फूलमाया आफ्ना सामान छतमा राखेर बसमा चढिन् । बसका धेरै सिट भरिएका थिए । अबको केही घण्टामा उनी मामाघर पुग्ने छिन् ।

| | |
|---|---|
| 'कस्तो' को उत्तरमा आउने पद | |
| 'कत्रो' को उत्तरमा आउने पद | |
| 'कति' को उत्तरमा आउने पद | |
| 'कुन' को उत्तरमा आउने पद | |
| 'कसका' को उत्तरमा आउने पद | |

२. **दिइएका विशेषण पदलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

अग्लो, नेपाली, अलिकति, प्रशस्त, पहिलो, हजारौँ, यो, त्यो, आफ्ना, मेरी

३. **दिइएको अनुच्छेद पढी भेदक र भेद्य पहिचान गर्नुहोस् :**

सुमनका दाजु भलादमी छन् । उनका साथीहरू पनि असल चरित्रका छन् । सुमनकी बहिनी पनि छन् । उनी आफ्नो काम आफैँ गर्न सक्ने भइसकिन् । उनी आफ्ना कपडा धुन्छिन् । सुमन आफ्नी बहिनीलाई माया गर्छन् । म पनि मेरो भाइ, मेरी बहिनी तथा मेरा साथीलाई माया गर्छु ।

४. **खाली ठाउँमा उपयुक्त विशेषण पद भर्नुहोस् :**

(क) चराले ................. रुखमा गुँड बनायो । (अग्लो, घरेलु, आधुनिक)

(ख) भाइसँग नयाँ ................ बक्स छ । (घर, ज्यामिती, गणित)

(ग) माली गाईले ................ बाछो पायो । (सुकिलो, भरिलो, कालो)

(घ) उहाँले ........ पत्रिकामा कविता छपाउनुभयो । (गोरखापत्र, कान्तिपुर, साप्ताहिक)

(ङ) हामीले ................ काम आफैँ गर्नुपर्छ । (बलियो, आफ्नो, अरूको)

५. **दिइएका शब्द पढी प्रेरणार्थक र नाम धातुका बारेमा छलफल गर्नुहोस् :**

| सामान्य धातु | प्रेरणार्थक धातु | नाम धातु |
|---|---|---|
| खा, राख्, भन्, लेख्, पढ्, जित्, बोक्, जोत्, डाक्, धु, पिट्, भन्, लि, हेर्, हाल्, सिउ, सह, सक्, भेट्, मिच्, किन्, बेर्, पिस्, सिक् | खुवाउ, भनाउ, लेखाउ, जिताउ, बोकाउ, जोताउ, किनाउ, बेराउ, फेराउ, पिसाउ, सिकाउ | रोगाउ, मट्याउ, पछ्याउ, लठ्याउ, पोक्याउ, नङ्ग्याउ, चोख्याउ, अग्ल्याउ, मोटाउ, दुब्लाउ, दोहोऱ्याउ |

६. **दिइएका धातु सामान्य, प्रेरणार्थक वा नाम धातु के हुन्, पहिचान गरी लेख्नुहोस् । प्रत्येक तीन तीनओटा धातुलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

बाट्, साट्, मोटाउ, बसाउ, सघाउ, दुहु, थिच्, दिलाउ, होच्याउ, पढाउ, तान्, फोर्, सुकाउ, बनाउ, तान्, बाफि, दि, पढ्, लजाउ, तताउ, बताउ, धुल्याउ

७. **दिइएको अनुच्छेद पढेर समापक र असमापक क्रिया पहिचान गर्नुहोस् :**

सिकर्मी दाइले किताब राख्ने दराज लिएर आउनुभयो । दराज चिटिक्क पारी ल्याइएको रहेछ । त्यसमा सानाठुला तखता पनि राखिएका रहेछन् । मैले कपडाको टुक्राले दराज पुछेँ । दिदीले गीत गुनगुनाउँदै किताब मिलाउनुभयो । बहिनीले मुसुमुसु हाँस्दै खेलौना सजाइन् । हेर्दाहेर्दै किताब, कापी र खेलौनाले दराज भरियो ।

८. **सुरु, बिच र अन्तिममा दीर्घ ईकार प्रयोग भएका शब्दलाई अलग अलग तालिका बनाई लेख्नुहोस् । त्यसपछि प्रत्येक तालिकाका दुई दुईओटा शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

ईश्वर, मीन, अङ्गीकृत, क्षीण, पीयूष, वीर, शीर्षक, शीत, स्वीकृति, कीर्तन, एकीकरण, समीकरण, एकीकृत, अङ्गीकार, बहिनी, स्वीकार, जेठी, क्रीडा, सरलीकरण, कीर्ति, सानी, जीर्ण, दीर्घ, केन्द्रीकरण, भान्जी, आइमाई, शीघ्र, ईश, रीति, भीष्म, नानी, भीम, तीव्र, छोरी, साली, पत्नी, भैँसी, बुहारी, काकी, शूल, दिदी, भीषण, कुमारी, चीर, गाई, निर्जीव, पोथी, केटी, जोई, वीणा, कान्छी, माइली, चरी, दीन, पाठी, दीप

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ २ सुन्नुहोस् र खाली ठाउँमा उपयुक्त शब्द राखी भन्नुहोस् :**

(क) सबै साथी .................. खान बाहिर निस्किए ।

(ख) नयनले ................... भित्र कलम लुकायो ।

(ग) आमाले नयनलाई .................. सम्म पुऱ्याइदिनुभयो ।

(घ) नयन ............... अनुहार लगाएर घरमा पुग्यो ।

२. **सुनाइ पाठ २ का आधारमा दिइएको प्रश्नको उत्तर भन्नुहोस् :**

(क) कसको कलम हराएको थियो ?

(ख) नयनलाई किन पछुतो लाग्यो ?

(ग) साथीहरूले कलम चोरलाई के भने ?

(घ) कस्तो साथीलाई धेरै राम्रो साथी भनिँदो रहेछ ?

## सिर्जना र परियोजना कार्य

१. **दिइएका सूचनाका आधारमा एउटा कथा लेख्नुहोस् :**

> कुनै एक ऋषि तपोवनमा जानु ..... ऋषि तपस्यामा लीन हुनु ...... केही डाँकाले एक जना व्यापारीलाई लखेट्दै ल्याउनु ..... व्यापारी भाग्दै ऋषिको आश्रममा आइपुग्नु ..... व्यापारी कुटीभित्र लुक्नु ..... ऋषिको कहिल्यै झुट नबोल्ने प्रतिज्ञा हुनु ..... डाँकाहरूले ऋषिसँग व्यापारीबारे सोध्नु ..... ऋषिले साँचो कुरा बताउनु .......... व्यापारीलाई डाँकाहरूले भेट्टाउनु ..... व्यापारी मारेको पाप ऋषिलाई पनि लाग्नु ..... ऋषि पश्चात्तापमा पर्नु ..... ।

२. **पुस्तकालयबाट ऐतिहासिक घटनासँग सम्बन्धित सामग्री अध्ययन गरी बुँदा टिप्नुहोस् र एउटा कथा रचना गरी कक्षामा सुनाउनुहोस् ।**

पाठ ३

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**

नेपालमा समय समयमा अनेकौँ महान् प्रतिभा जन्मिएका छन् । तीमध्ये कोही साहित्यकार छन् भने कोही कलाकार र सङ्गीतकार छन् । त्यस्तै कोही शिक्षक, चिकित्सक, वैज्ञानिक, कानुनविद् र खेलाडी छन् । कोही पर्वतारोहणका माध्यमबाट त कोही समाज सेवाका माध्यमबाट लोकप्रिय बनेका छन् । नेपालका विभिन्न क्षेत्रमा यस्तै विशिष्ट योगदान पुऱ्याउने राष्ट्रिय व्यक्तित्वका तस्बिर हेरी छलफल गरौँ ।









मूल पाठ

# ३ स्वामी प्रपन्नाचार्य



मानिसले जीवन रहुन्जेल केही न केही सिकिरहनुपर्छ। उसले आफ्नो चाहनाअनुसार आवश्यक शिक्षादीक्षा लिनुपर्छ । मानिसको पढाइ लेखाइलाई उमेरले कहिल्यै छेक्दैन। उमेरकै कारण उसले शिक्षा आर्जनलाई रोक्नुपर्ने बाध्यता पनि हुँदैन । मानिसको भित्री चाहना, अठोट र लगनशीलताका सामु अप्ठ्यारा चुनौती आफैँ हटेर जान्छन्। महान् व्यक्तिले जस्तोसुकै कठिन परिस्थितिलाई पनि अनुकूल बनाएर सफलताको शिखर चुम्न सक्छ। यस्तै अनेकौँ हन्डर खाएर जीवनलाई सार्थक बनाउने उदाहरणीय प्रतिभाका रूपमा चिनिन्छन्, स्वामी प्रपन्नाचार्य ।

स्वामी प्रपन्नाचार्यको जन्म पूर्वी नेपालको पाँचथर जिल्लाको फिदिम, बरडाँडामा भएको थियो । उनी आमा दिलमाया र बुबा धर्मदास राईका साहिँला सन्तानका रूपमा वि.सं. १९८० असोज ३ मा शुक्रबार बडादसैँका दिन जन्मिएका थिए । उनको न्वारनको नाम गीतानन्द भए पनि बाल्यकालमा बोलाउने नाम काले राई थियो ।

प्रपन्नाचार्यको परिवार किराँत धर्मको अनुयायी थियो । पारुहाङ र सुम्निमालाई इष्टदेव र देवीका रूपमा अर्चना तथा श्रद्धा गर्थ्यो । उनको परिवारले वैदिक धर्मसंस्कृतिको पालनामा विशेष जोड दिन्थ्यो । परिवारमा जोसमनी सम्प्रदायको प्रभाव पनि परिरहेको थियो । उनका घरभित्र सधैँ शुद्ध शाकाहारी भोजनको व्यवस्था हुन्थ्यो । फलस्वरूप प्रपन्नाचार्य आफू पनि बाल्यकालदेखि नै आध्यात्मिक चिन्तनतिर उन्मुख हुन थालेका थिए । प्रपन्नाचार्यको परिवार कृषि पेसामा आबद्ध थियो । जीवन गुजाराका लागि खेतीपातीमा दिनरात व्यस्त

### शब्दार्थ

*आर्जन : कमाउनु, सिक्नु वा लिनु*

*जोसमनी : नेपाली सन्त शशिधरले स्थापना गरेको धार्मिक मान्यता*

हुनुको विकल्प थिएन । घरमा हजुरआमा, हजुरबुबादेखि नातिनातिना सबैले खेतीपाती र गाईवस्तुको हेरचाह गर्नै पर्थ्यो । त्यसैकारण प्रपन्नाचार्यले बाल्यकालमा लामो समयसम्म गाउँमा पढ्न लेख्न पाएनन् । उनीभित्र केवल आध्यात्मिक ज्ञानको भोक मात्र जागिरह्यो ।

वि.सं. १९९४ तिर नेपालमा किराँतवंशका महागुरु फाल्गुनन्दको प्रत्यक्ष प्रभाव थियो । मानिस उनको उपदेशलाई ससम्मान ग्रहण गर्थे । प्रपन्नाचार्यका आमाबुबाले पनि फाल्गुनन्दको प्रवचन प्रत्यक्ष रूपमा पटक पटक सुनेका थिए । अध्यात्मका बारेमा केही न केही बुझ्ने कोसिस गरेका थिए । त्यसै क्रममा एक दिन आमाबुबासँगै आश्रममा पुगेका १४ वर्षीय प्रपन्नाचार्यले त्यहीँ बस्ने निधो गरे । कडा अनुशासनका बिच उनले आश्रमका नीति नियम पालन गर्न थाले । मुन्धुमको महत्त्वका बारेमा पनि उनी जानकार हुँदै गए । जब वि.सं. २००५ को चैत महिनामा अचानक फाल्गुनन्दको निधन भयो तबदेखि प्रपन्नाचार्यभित्र वैराग्यको अनुभूति हुन थाल्यो । त्यसपछि केही समय उनले आश्रम छोडेर गाउँमै सीतारामदिलका नामबाट विजुवाको काम गरे । त्यसमा उनी लामो समयसम्म अडिग रहन सकेनन् । त्यसपछि उनी कामको खोजी गर्दै भारतको दार्जिलिङतिर निस्किए । उनले त्यहाँका विभिन्न चियाकमानमा काम खोजे तर कहीँकतै काम पाउन सकेनन् । उनी पुनः नेपाल फर्किए । त्यसै बेला पण्डित दामोदर खतिवडासँग उनको भेट भयो । दामोदरलगायत केही व्यक्तिको एउटा समूह तीर्थाटनका लागि भारत जाँदै रहेछ । प्रपन्नाचार्य पनि तिनको साथ लागेर वि.सं. २०१० मा भारतको बनारस पुगे ।

प्रपन्नाचार्यले ३० वर्षको उमेरमा भारतका विभिन्न ठाउँमा अध्ययनका लागि आश्रमको खोजी गरे । उनलाई कुनै पनि आश्रमले राख्न मानिरहेको थिएन । कठिन अवस्थामा उनले एउटा होटलमा काम गर्नुपर्ने बाध्यता आइलाग्यो । त्यसै क्रममा त्यहाँ एक जना गोर्खा रेजिमेन्टका अवकाश प्राप्त व्यक्ति हीरावल्लभ थपलियाकी छोरी सरस्वतीसँग उनको भेट भयो । उनी शिक्षक थिइन् । त्यसपछि सरस्वतीले आफ्नो घरमा काम लगाउँदै प्रपन्नाचार्यलाई अक्षर चिनाउन थालिन् । एक महिनामा स्वर र तीन महिनामा व्यञ्जन वर्ण सिकेकाले प्रपन्नाचार्यलाई सरस्वतीले उमेर घटाएर आफ्नै विद्यालयमा एक कक्षामा भर्ना गरिदिइन् । त्यहाँ उनले पाँच कक्षासम्मको अध्ययन गरे । त्यसपछि वि.सं. २०१६ तिर उनी गढवालको रुद्रप्रयाग पुगेर अध्ययन गर्न थाले । पढाइका क्रममा उनले कहिले

*मुन्धुम* : *लिम्बू जातिको धर्मशास्त्र*
*वैराग्य* : *मनमा कसैका प्रति रागभाव पैदा नहुने अवस्था, विरक्ति*
*विजुवा* : *किराँत जातिको पुरोहित*
*रुद्रप्रयाग* : *गङ्गा, यमुना र सरस्वतीको सङ्गम रहेको ठाउँ*

हरिद्वार त कहिले बनारसलगायतका ठाउँमा सङ्घर्ष गर्नुपऱ्यो । वि.सं. २०२१ मा उनी संस्कृत विषयमा पूर्वमध्यमा उत्तीर्ण गर्न सफल भए । त्यसपछि उनले वि.सं. २०३० मा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट आचार्य तह उत्तीर्ण गरे । त्यसै गरी वि.सं. २०३६ मा उनले भारतको राष्ट्रिय संस्कृत संस्थानबाट वेदान्त विषयमा विद्यावारिधि तहको उपाधि प्राप्त गरे । यसरी ३० वर्षको उमेरमा काले राईका नामबाट कखरा सिक्न भारतको बनारस पुगेका प्रपन्नाचार्यले ५६ वर्षको उमेरमा आफूलाई डा.स्वामी प्रपन्नाचार्यका रूपमा स्थापित गराए ।

स्वामी प्रपन्नाचार्य वि.सं. २०३७ पछि प्रायः आफ्नो मातृभूमि नेपालमै बस्न थालेका थिए । उनलाई वि.सं. २०४५ देखि पशुपतिक्षेत्र विकास कोषमार्फत चन्द्रेश्वर सत्तलमा बस्ने व्यवस्था मिलाइएको थियो । उनी त्यहाँ बसेर अध्ययन, चिन्तन र धर्मदर्शनको व्याख्या गरिरहन्थे । वेद, वेदान्त, धर्मदर्शन तथा इतिहास आदि अनेकौँ पूर्वीय विषयवस्तुलाई युगसापेक्ष किसिमबाट सर्वसाधारणसम्म पुऱ्याउन कोसिस गर्थे । उनी जीवनलाई समतामूलक बनाउनुपर्ने कुरामा जोड दिन्थे । संस्कृतको महान् ग्रन्थ वेदलाई सबैले पढ्न र बुझ्न पाउनुपर्छ भन्ने उनको मान्यता थियो । उनी प्राचीनकालमा किराँतहरू नेपालको प्राचीनतम वंश मानेर हिन्दु समाजभित्र अभिन्न रहेको बताउँथे । मानिस मानिसबिच कहिल्यै कुनै भेदभाव छैन र हुनुहुँदैन भन्ने उनको स्पष्ट धारणा थियो । उनी भन्थे, "हरेकले सादा जीवन उच्च विचारका लागि प्रयास गर्नुपर्छ । साधुसन्त शिक्षा र साधनामा समर्पित हुनुपर्छ । हरेक मानिसमा सधैँ नैतिकता, इमानदारिता, जिम्मेवारीपन र असल चरित्रको आवश्यकता पर्छ ।" प्रपन्नाचार्यका यस्ता विचार मानव कल्याणका लागि महान् मानिन्छन् ।

प्रपन्नाचार्यले आजीवन वेदका दार्शनिक विचारको व्याख्या गरिरहे । उनले सबैलाई असल राष्ट्रभक्त भएर बाँचिरहन आग्रह गरे । नेपालको प्राचीनतम इतिहासलाई त झन् कहिल्यै कसैले पनि भुल्न नहुने उनको भनाइ थियो । उनका संस्कृत, नेपाली, हिन्दी र अङ्ग्रेजीमा लेखिएका झन्डै चार दर्जन जति पुस्तकसमेत प्रकाशित छन् । उनका अधिकांश पुस्तक मानवतामा आधारित छन् । 'सम्मार्ग दर्शन' (२०३३), 'प्राचीन हिन्दु विज्ञान' (२०३६), 'वेदमा के छ ?' (२०३७), 'किराँत मङ्गोलियाबाट आएका शरणार्थी होइनन्' (२०४७)

*पूर्वमध्यमा : एसइई वा सोसरहको शिक्षा*

*आचार्य : संस्कृत परीक्षाको स्नातकोत्तर तहको उपाधि*

*युगसापेक्ष : समयसित सम्बन्धित*

*समतामूलक : बराबरीको अवस्था*

आदि कृति चर्चित छन् । त्यसै गरी उनका 'काले राईका क्वाँटी कविता' (२०५०), 'प्राचीन किराँत इतिहास' (२०५१), 'मानव अधिकार हनन के हो ?' (२०५१), 'महागुरु फाल्गुनन्द सरस्वती सत्यहाङ्माको जीवनी' (२०५४), 'सङ्क्षेपमा मेरो जीवनयात्रा' (२०५९) लगायत कृति पनि उल्लेख्य छन् ।

प्रपन्नाचार्य बहुभाषी, सिर्जनशील, विनम्र, सन्त एवम् प्रकाण्ड विद्वान् थिए । उनी मानवतावादी चिन्तनका आदर्श धरोहर थिए । उनमा नेपाली, राई, संस्कृत, हिन्दी र अङ्ग्रेजी आदि अनेकौँ भाषा प्रयोग गर्न सक्ने क्षमता थियो । संस्कृत वाङ्मयभित्रका अथाह ज्ञानलाई व्यावहारिक रूपमा आत्मसात् गर्न सक्ने साधना थियो । आजीवन वेद, वेदान्त, साहित्य, इतिहासलगायत विषयमा केन्द्रित भई अध्ययन अनुसन्धान गर्न सक्ने सामर्थ्य थियो । उनी सङ्गीतमा समेत रुचि राख्थे । यस्ता विविध विषयमा भएको अटुट लगावका कारण उनले पाएको सिद्धि असाधारण मानिन्छ ।

मानव भ्रमणशील प्राणी भएकाले उसले पढेर जति सिक्छ त्यति नै त्यसलाई भ्रमण र प्रयोगबाट विस्तार गर्न सक्छ । त्यस्तै स्वामी प्रपन्नाचार्यले पढाइ र शास्त्रार्थसँगै संसारका विभिन्न देशको भ्रमण गर्ने अवसर पाए । त्यसै क्रममा उनले प्रवचन र व्याख्यानका माध्यमबाट शास्त्रीय ज्ञानको विस्तार गरिरहे । उनले आफ्नो अद्भुत बौद्धिक क्षमता र सन्त जीवनलाई लोकहितमा समर्पण गराइरहे । उनी जहाँ पुग्थे त्यहाँ पूर्वीय दर्शनका बारेमा प्रवचन दिन्थे । उनी संस्कृत वाङ्मयका ग्रन्थलाई सबैले बुझ्ने गरी बताउँथे । त्यसैले उनको प्रवचनमा सबैको रुचि र आकर्षण हुन्थ्यो । उनले आफ्नो जीवनकालमा नेपाल र भारतका अतिरिक्त युरोप, इङल्यान्ड, फ्रान्स, बेल्जियम, हल्यान्ड, स्विजरल्यान्ड, इटाली, अस्ट्रेलिया, जर्मनी तथा अरबलगायत देशको भ्रमण गरेका थिए ।

आजीवन लोकहितमा समर्पित वैदिक वाङ्मयका प्रखर व्याख्याता प्रपन्नाचार्यलाई देशविदेशबाट अनेकौँ पुरस्कार तथा सम्मान अर्पण गरिएको पाइन्छ । उनले आदिकवि भानुभक्त, गुणराज, पाणिनि, शङ्कराचार्य आदि विशिष्ट पुरस्कार प्राप्त गरेका थिए । उनलाई राजपरिषद् स्थायी समिति सदस्यका रूपमा समेत मनोनित गरिएको थियो । उनी वि. सं. २०७१ मा नेपाल संस्कृत विश्वविद्यालयद्वारा महाविद्यावारिधिको मानार्थ उपाधिबाट पनि विभूषित भएका थिए ।

*प्रकाण्ड* : *कुनै विषयमा पूरा ज्ञान भएको*

*धरोहर* : *व्यवहार र योगदानबाट योग्य ठहरिएका आदर्श व्यक्ति*

*वाङ्मय* : *भाषाबद्ध रचनाको समूह, ग्रन्थ*

*शास्त्रार्थ* : *शास्त्रसम्बन्धी विषयमा गरिने छलफल*

जीवनको उत्तरार्धसम्म आइपुग्दा स्वामी प्रपन्नाचार्यलाई नेपाल सरकार, पशुपतिक्षेत्र विकास कोष, नेपाल प्रज्ञा प्रतिष्ठान र अन्य समूहबाट मासिक रूपमा आर्थिक सहयोग प्राप्त भइरहेको थियो । उनी पिसाब र श्वासप्रश्वाससम्बन्धी रोगबाट पीडित थिए । त्यसै कारण वि.सं. २०७२ भदौ ४ बिहीबार राती ३:३० बजे काठमाडौँको पशुपति मृगस्थलीस्थित आश्रममा उनको देहावसान भयो । उनको भौतिक शरीर संसारबाट बिदा भयो तर उनका महान् योगदान सधैँ हामीसँगै रहिरहेका छन् ।

वास्तवमा स्वामी प्रपन्नाचार्य अध्ययनलाई उमेरले कहिल्यै छेक्दैन भन्ने विचारका दृष्टान्त हुन् । उनी पढ्न चाहनेले बितेको समयप्रति पछुतो गरिरहनुभन्दा बाँकी समयको सदुपयोग गर्नुपर्छ भन्ने कुराका उदाहरण हुन् । उनले स्वयम् ३० वर्षको उमेरमा अक्षर चिनेर आफूलाई प्रकाण्ड विद्वान्का रूपमा स्थापित गराए । आफ्ना दिव्य प्रेरणा र दार्शनिक विचारका माध्यमबाट लाखौँलाख मानिसलाई सचेत तुल्याए । उनले समग्र मानवहितलाई ध्यानमा राखेर मात्र आजीवन हिन्दु धर्मको व्याख्या गरिरहे । नेपालका विभिन्न जातजातिबिच आत्मीयता र समानताको भावना फैलाइरहने कुरामा समेत उनका पक्षबाट कहिल्यै कुनै कमी रहेन । यसरी स्वामी प्रपन्नाचार्य महान् सन्त, संस्कृत वाङ्मयका विशिष्ट अनुसन्धाता तथा व्याख्याताका रूपमा अमर बन्न पुगे ।

*उत्तरार्ध* — *पछिल्लो आधा भाग*

*दृष्टान्त* — *उदाहरण*

## शब्दभण्डार

१. **दिइएका विपरीतार्थी शब्दबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| उत्थान | परतन्त्र |
| सुलभ | निरपेक्ष |
| स्वतन्त्र | पाश्चात्य |
| सापेक्ष | उत्पत्ति |
| पूर्वीय | पतन |
| | दुर्लभ |

२. **साथीसँग छलफल गरी दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

चुनौती, न्वारन, शाकाहारी, प्रवचन, धारणा, व्यावहारिक, लोकहित, प्रेरणा, आजीवन, अमर

३. **'स्वामी प्रपन्नाचार्य' जीवनीको पहिलो अनुच्छेदबाट दिइएका शब्दको विपरीत अर्थ खोजेर लेख्नुहोस् :**

मरण, अनावश्यक, बाहिरी, सरल, प्रतिकूल, फेदी, असफलता

४. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

भजनकीर्तन, दर्शन, किराँतवंश, अध्यात्म, अनुशासन, आश्रम, इतिहास, वाङ्मय

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

दृष्टान्त, शास्त्रार्थ, श्रद्धा, आश्रम, तीर्थाटन, किराँत, पूर्वीय, व्याख्यान, शरणार्थी

२. **शिक्षकले तोकेको समयमा 'स्वामी प्रपन्नाचार्य' जीवनी सस्वर पठन गर्नुहोस् ।**

३. **'स्वामी प्रपन्नाचार्य' जीवनीका आधारमा ठिक बेठिक छुट्याउनुहोस् :**

(क) स्वामी प्रपन्नाचार्य मानव हितमा जोड दिन्थे ।

(ख) स्वामी प्रपन्नाचार्य महान् सन्त, संस्कृत वाङ्मयका विशिष्ट अनुसन्धाता तथा व्याख्याताका रूपमा अमर बने ।

(ग) स्वामी प्रपन्नाचार्यले पढाइ र शास्त्रार्थ गर्दा विभिन्न देशको भ्रमण गर्ने अवसर पाएनन् ।

(घ) उनी संस्कृत वाङ्मयका ग्रन्थलाई सबैले बुझ्ने गरी बताउँथे ।

४. **'स्वामी प्रपन्नाचार्य' जीवनी पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) स्वामी प्रपन्नाचार्यको न्वारानको नाम के थियो ?

(ख) प्रपन्नाचार्यका पुर्खा कुन धर्मका अनुयायी थिए ?

(ग) प्रपन्नाचार्यले कति वर्षको उमेरमा कखरा सिके ?

(घ) प्रपन्नाचार्यलाई कसले मुन्धुमको महत्त्व बताए ?

(ङ) प्रपन्नाचार्यको बाल्यकालको प्रसङ्ग कुन अनुच्छेदमा आएको छ ?

५. **'प्रपन्नाचार्यको परिवार .... भोक मात्र जागिरह्यो ।' जीवनीको अंश मनमनै पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) स्वामी प्रपन्नाचार्यको परिवारमा कस्तो भोजनको व्यवस्था हुन्थ्यो ?

(ख) प्रपन्नाचार्य कहिलेदेखि आध्यात्मिक चिन्तनतर्फ उन्मुख भए ?

(ग) प्रपन्नाचार्यको परिवारले कसरी जीवन गुजारा गर्नुपर्थ्यो ?

(घ) प्रपन्नाचार्यले किन बाल्यबालमा पढ्न पाएनन् ?

६. **दिइएका घटना कुन कुन सालका हुन्, 'स्वामी प्रपन्नाचार्य' जीवनीका आधारमा पहिचान गरी लेख्नुहोस् :**

(क) संस्कृत विषय लिई पूर्वमध्यमा तह उत्तीर्ण

(ख) तीर्थाटनका लागि भारतको बनारस यात्रा

(ग) पशुपति मृगस्थलीस्थित आश्रममा देहावसान

(घ) विद्यावारिधि उपाधिको प्राप्ति

(ङ) स्वामी प्रपन्नाचार्यको जन्म

(च) चन्द्रेश्वर सत्तलमा बस्ने व्यवस्था

(छ) 'सङ्क्षेपमा मेरो जीवन यात्रा' कृति प्रकाशन

(ज) किराँतवंशका महागुरु फाल्गुनन्दको प्रत्यक्ष प्रभाव

७. **'स्वामी प्रपन्नाचार्य' जीवनी पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) स्वामी प्रपन्नाचार्यको बाल्यकाल कसरी बित्यो ?

(ख) स्वामी प्रपन्नाचार्यका कृति कुन कुन हुन् ?

(ग) स्वामी प्रपन्नाचार्य किन अध्यात्मतर्फ लागे ?

(घ) स्वामी प्रपन्नाचार्यको जीवनीबाट के प्रेरणा पाइन्छ ?

८. **भाव विस्तार गर्नुहोस् :**

स्वामी प्रपन्नाचार्य अध्ययनलाई उमेरले कहिल्यै छेक्दैन भन्ने विचारका दृष्टान्त हुन् ।

९. **तपाईँ भविष्यमा आफ्नो जन्मभूमिको सेवा कसरी गर्न चाहनुहुन्छ, कक्षामा सुनाउनुहोस् ।**

१०. **'स्वामी प्रपन्नाचार्य' जीवनीको सार लेख्नुहोस् ।**

११. **स्वामी प्रपन्नाचार्यले वैदिक वाङ्मयका क्षेत्रमा पुऱ्याएका योगदानको चर्चा गर्नुहोस् ।**

१२. **दिइएको अनुच्छेद पढेर चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :**

नेपाल प्राकृतिक दृष्टिकोणले सम्पन्न मुलुक हो । हावापानी, उचाइ र धरातलीय विविधताले यहाँ प्राकृतिक विविधता सिर्जना गरेको छ । यसलाई जैविक विविधता पनि भनिन्छ । आजभोलि संसारभरका मुलुक जैविक विविधताको मामिलामा सचेत देखिन थालेका छन् । जैविक विविधताका विभिन्न पक्षमध्ये हाम्रो देशमा रहेका महत्त्वपूर्ण र दुर्लभ जडीबुटी पनि पर्छन् । चाँप, जटामसी, सर्पगन्धा, लोठ सल्ला, पाँचऔँले, यार्चागुम्बा आदि बोटबिरुवा एवम् जडीबुटी हाम्रा बहुमूल्य सम्पत्ति हुन् । नेपालमा ६०० मिटरको उचाइदेखि १,५०० मिटरको उचाइसम्म पाइने चाँपको बोट ३० मिटरसम्म अग्लो हुन्छ । चाँपको फूलबाट बनाइने तेल आँखा र बाथ रोगका निम्ति उपयोगी हुन्छ भने फूल, फल शक्तिवर्धक औषधीका रूपमा पनि प्रयोग हुन्छ । ३,००० देखि ५,००० मिटरको उचाइमा पाइने सानो सुगन्धित बिरुवा जटामसी पनि अत्यन्त महत्त्वपूर्ण जडीबुटी हो । यो जडीबुटी छारेरोग र मुटुरोग आदिका निम्ति औषधीका रूपमा प्रयोग गरिन्छ ।

१३. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

नेपाली खेलकुदको क्षेत्रमा सङ्गिना वैद्य चर्चित नाम हो । उनी तेक्वान्दो मार्सल आर्ट खेलाडी हुन् । उनी मार्सल आर्ट सिक्नका लागि नुवाकोटबाट काठमाडौँ आइन् । मार्सल

आर्ट सिक्न थालेको तीन महिनामा नै राष्ट्रिय खेलाडी बनेर उनले आफ्नो विलक्षण प्रतिभा सार्वजनिक गरिन्। उनले सन् २००४ मा भएको एथेन्स ओलम्पिकमा सहभागिता जनाइन्। उनले राष्ट्रलाई दक्षिण एसियाली खेलमा सहभागिता जनाएर दुई पटक स्वर्णपदक र एक पटक कास्यपदक दिलाइन्। अन्तर्राष्ट्रिय खेलमा स्वर्णपदक प्राप्त गर्ने उनी पहिलो नेपाली महिला हुन्। सङ्गिनाले आफ्नो खेल जीवनमा हालसम्म २० ओटा स्वर्णपदक प्राप्त गरेकी छन् । उनले खेलका माध्यमबाट नेपाल र नेपालीलाई चिनाएकी छन् ।

**तपाईँको विद्यालयका साथीले कुनै प्रतिस्पर्धामा सहभागी भएर प्राप्त गरेको सफलताको मूल्याङ्कन गरी त्यसको विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको कथांश पढ्नुहोस् र त्यहाँ प्रयोग भएका लेख्य चिह्न पहिचान गरी तिनको नामसमेत लेख्नुहोस् :**

स्यालको जिउँदो बच्चो देखेर पोथी सिंह आश्चर्यचकित भयो । "आज किन स्यालको जिउँदो बच्चो ल्याएको ?" पोथी सिंहले प्रश्न सोध्यो । उसका कुरा सुनेर भाले सिंहले भन्यो, "हेर प्रिया ! आज यो स्यालको बच्चाबाहेक अरू कुनै प्राणी फेला परे न । शास्त्रमा पनि विद्वान्, विदुषी, ब्रह्मचारी र बालकलाई कहिल्यै मार्नुहुँदैन; कसैको हत्या गर्नुहुँदैन भनिएको छ ।" भाले सिंहको भनाइले पोथी सिंहको चित्त बुझ्यो । "आहा ! क्या राम्रो स्यालको बच्चो ।" पोथी सिंह स्यालको बच्चासँग खेल्न थाल्यो ।

२. **दिइएका लेख्य चिह्न र शब्दबिच जोडा मिलाउनुहोस् :**

| लेख्य चिह्न | शब्द |
| --- | --- |
| ? | कोष्ठक |
| ! | तिर्यक् |
| - | प्रश्नवाचक |
| ( ) | अल्पविराम |
| ' ' | उद्गार |
| , | उद्धरण |
| / | योजक |

३. **उपयुक्त लेख्य चिह्न प्रयोग गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

स्याबास तिमी त खेलकुद प्रतियोगितामा प्रथम भएछौ । तिम्रो सफलता साँच्चिकै देवकोटाले भने झैं उद्देश्य के लिनु उडी छुनु चन्द्र एक जस्तै भएको छ। यसपछि पनि तिमीले खेलभित्रका तेक्वान्दो बास्केटबल र पौडीमा सफलता पाउनुपर्छ है अब फुर्सदमा देवकोटाको मुनामदन पनि पढ्नू ल ।

४. **पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, अर्धविराम र उद्धरण चिह्नको प्रयोग गरी आफू घुमेको ठाउँको वर्णन गर्नुहोस् ।**

५. **शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार प्रयोग भएका शब्द अलग अलग तालिका बनाई लेख्नुहोस् :**

बिजुली, दुधिलो, मायालु, जुनेली, बकुल्लो, बिखालु, भिनाजु, अदुवा, जलवायु, कुबेला, खुकुरी, लसुन, सुरिलो, पुराण, हलुका, पुदिना, बाटुलो, सुमार्ग, उपकार, खान्छु, केराउ, मुनि, सुहाउँछ, घरेलु, गाउँ, दतिउन, भावुक, घाउ, कुलो

६. **दिइएको अनुच्छेद शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

अदिति सूकुल बून्दै थिइन् । ऊनका हजूरबुवा लरूलुरु आउनूभयो । नातिनीको सिप टुलुटुलू हेर्नुभयो । ऊहाँ मुसूक्क हाँस्नूभयो । आफ्नी सिकारू नातिनीले घरेलू काममा जाँगर चलाएको देखेर खूसी हुनुभयो । त्यसपछि गाईभैंसीलाई कूँडो दिन जानुभयो ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ३ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) क्षेत्रप्रताप अधिकारीको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) क्षेत्रप्रताप अधिकारीले साहित्यका कुन कुन विधामा कलम चलाए ?

(ग) क्षेत्रप्रताप अधिकारीका महत्त्वपूर्ण साहित्यिक कृति के के हुन् ?

(घ) क्षेत्रप्रताप अधिकारीलाई कुन कुन पुरस्कारबाट सम्मान गरिएको थियो ?

२. **क्षेत्रप्रताप अधिकारीका साहित्यमा कस्ता विशेषता पाइन्छन्, सुनाइ पाठ ३ का आधारमा भन्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **दिइएका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :**

**नाम** : सन्दुक रुइत

**जन्म** : वि.सं. २०११ भदौ १९

**जन्मस्थान** : ताप्लेजुङ जिल्लाको ओलाङचुङगोला

**मातापिता** : केसाङ रुइत र सोनाम रुइत

**शिक्षा**

- गाउँमा विद्यालय नभएकाले सात वर्षको उमेरमा अध्ययनका लागि भारतको दार्जिलिङ लगिएका
- वि.सं. २०२५ मा प्रवेशिका परीक्षा उत्तीर्ण र त्रिचन्द्र कलेजमा आइएस्सीमा भर्ना
- वि.सं. २०२९ मा भारतमा एमबिबिएस अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरेका
- वि.सं. २०४३ मा डा.फ्रेड हलोजको आमन्त्रणमा अस्ट्रेलिया गई आँखाको शल्यक्रियाका क्षेत्रमा विशेष दक्षता हासिल

**योगदान**

- मोतीबिन्दुको सरल र कम खर्च लाग्ने चिकित्सा पद्धति रुइतेक्टोमीका आविष्कारक
- वि.सं. २०५१ मा काठमाडौँको तिलगङ्गामा आँखा अस्पतालको स्थापनामा योगदान
- लामो समयको खोज र अनुसन्धानबाट इन्ट्राओकुर लेन्स बनाएका
- इन्ट्राओकुर लेन्स लगाएर आँखाका बिरामीले संसार देख्न पाएका
- अहिले विश्वका अधिकांश मुलुकमा इन्ट्राओकुर लेन्स प्रयोग हुने गरेको


**सम्मान**

- उनको नामबाट अन्तरिक्षमा पत्ता लागेको उल्काको नाम राखिएको
- उनको जीवनीमा आधारित 'आउट अफ डार्कनेस' नामको वृत्तचित्र बनेको
- वि.सं. २०६३ मा विश्व प्रसिद्ध 'म्यागासेसे' पुरस्कार पाएका
- अस्ट्रेलियन सरकारद्वारा 'अर्डर अफ द अस्ट्रेलिया' प्रदान
- वि.सं. २०६९ मा नेपाल सरकारद्वारा 'राष्ट्रदीप' पदकबाट विभूषित
- वि.सं. २०७९ मा 'इसा अवार्ड' बाट सम्मानित

२. **आफ्ना परिवारका कुनै एक जना सदस्यको व्यक्तिगत विवरण तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**





मानिसले जीवन निर्वाहका क्रममा विभिन्न किसिमका व्यापार व्यवसाय सञ्चालन गर्छन् । त्यस्ता व्यवसायभित्र स्वदेशी तथा विदेशी वस्तुको आयात निर्यात पनि हुन सक्छ । त्यसमा पनि स्वदेशी वस्तुको उत्पादन र प्रवर्धनमा आधारित व्यवसायले हरेक देशमा प्राथमिकता पाउँदै आएको देखिन्छ । नेपालमा समेत अल्लो, सिस्नो आदि विभिन्न वनस्पतिबाट उत्पादिन वस्तुको व्यवसाय फस्टाउँदो क्रममा रहेको पाइन्छ । त्यस्तै अल्लोजन्य वस्तुको उत्पादन, प्रवर्धन र व्यवसायमा आधारित व्यावसायिक चिठीबारे जानकारी लिन तलका चित्र हेरौँ र दिइएको पाठ पढौँ ।

मूल पाठ

४

# व्यावसायिक चिठी

**हाम्रो तयारी पोसाक बिक्री केन्द्र**
**ललितपुर उपमहानगरपालिका ३**
**बागमती प्रदेश**

मिति : २०८०/०३/१५

श्री व्यवस्थापकज्यू,
सौगात अल्लो कपडा उद्योग,
खाँडाचक्र नगरपालिका २
कालीकोट, कर्णाली प्रदेश ।

विषय : **अल्लोबाट निर्मित तयारी वस्तु पठाइदिने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा त्यस उद्योगबाट प्रकाशित परिचय पुस्तिका पढ्ने अवसर पाएँ । वास्तवमा अल्लो बहुउपयोगी वनस्पति भएकाले यसका मुन्टा, पात, बोक्रा र जरा निकै उपयोगी हुन्छन् । यसबाट धागो तयार गरी झोला, गलबन्दी, कोट, पाइन्ट, बर्को जस्ता उपभोग्य सामग्री उत्पादन, उपभोग र निर्यात गर्ने क्रम बढ्दै गएको छ । नेपालका विभिन्न क्षेत्रमा उत्पादन हुने अल्लोको उपयोगबाट आर्थिक उपार्जनका साथै स्थानीय स्तरमै स्वरोजगार प्रवर्धन गर्न सकिने हुँदा यसको व्यवसायीकरण गर्न आवश्यक देखिएको छ । विदेशमा समेत निर्यात हुने यस्ता सामग्री उत्पादन गर्ने उद्योगको संवर्धन गर्ने मुख्य उद्देश्यका साथ हाम्रो संस्था स्थापना भएको हो ।

हाम्रो तयारी पोसाक बिक्री केन्द्रले विगत लामो समयदेखि तपाईंको उद्योगमा उत्पादित सामान तथा कपडा झिकाई बेचबिखन गर्दै आएको कुरा यहाँलाई अवगत नै छ । अहिले बजारमा अल्लोबाट निर्मित कपडाको माग बढिरहेको छ । तसर्थ तपसिलमा उल्लिखित वस्तु अविलम्ब पठाइदिनुहुन अनुरोध छ ।

### शब्दार्थ

*अवगत : थाहा पाएको*
*तपसिल : तल लेखिएको*
*अविलम्ब : ढिला नगरी*

तपसिल

| क्र.स. | वस्तुका नाम | आवश्यक थान |
|---|---|---|
| १. | झोला | २५० थान |
| २. | दरी | १५० थान |
| ३. | नाम्लो | १७५ थान |
| ४. | डोरी | ३०० थान |
| ५. | कोट | १५० थान |
| ६. | ज्वारीकोट | १२५ थान |
| ७. | गलबन्दी | ३५० थान |
| ८. | बर्को | २२५ थान |
| ९. | टोपी | ५५५ थान |
| | **जम्मा** | **२,२८० थान** |

उल्लिखित वस्तुको भुक्तानीका लागि त्यस उद्योगको नाममा रहेको नेपाल बैङ्क लिमिटेडको चल्ती हिसाब न. १०००००००००००००० मा पेस्कीस्वरूप रु. ५०,००० (अक्षरेपि पचास हजार रुपियाँ मात्र) अनलाइनमार्फत जम्मा गरिएको छ । उक्त बैङ्क भौचर यसैसाथ संलग्न गरी पठाइएको छ । बाँकी रकम सामान प्राप्त भएपछि शीघ्रातिशीघ्र भुक्तानी गरिने बेहोरा अनुरोध छ ।

भवदीय

..........................

सजना गुरुङ

(संस्थापक)

हाम्रो तयारी पोसाक बिक्री केन्द्र

ललितपुर उपमहानगरपालिका ३

*पेस्की : बैना*

*अक्षरेपि : लेनदेनका कागतमा रकमलाई अक्षरमा जनाउनु*

*शीघ्रातिशीघ्र : जतिसक्दो चाँडो*

## शब्दभण्डार

१. **दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

व्यवस्थापक, बहुउपयोगी, उद्योग, निर्मित, भौचर, संलग्न, अनुरोध

२. **दिइएको अनुच्छेदमा प्रयोग भएका समूहवाची शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

मेरी दिदी सैनिक अस्पतालमा नर्स हुनुहुन्छ। यसपालि भएको उहाँको बिहेमा सैनिकको एउटा फौज नै जन्तीका रूपमा आएको थियो । जन्तीको लस्कर हेर्न कमिलाका ताँती झैँ मानिसको भिड लागेको थियो । जन्तीले बाजा बजाएको सुनेर बाटामा चरिरहेका गाईवस्तुका बथानसमेत तितरबितर भएका थिए । जन्तीलाई सगुनका रूपमा केराको काँगियो, अङ्गुरको झुप्पा र मिठाई दिइएको थियो ।

३. **दिइएका वाक्यमा भएका उस्तै सुनिने तर फरक अर्थ दिने शब्द टिपोट गर्नुहोस् :**

(क) सीताले छोरालाई भनिन्, भातका सिता नपोखी खाऊ ।

(ख) कक्षामा विभिन्न जातिका विद्यार्थी छन् तर सबै जना जाती छन् ।

(ग) श्याम दिनभरि ज्यालामा काम गर्छ र त्यसबाट आएको पैसाले दीनदुःखीको सेवा गर्छ ।

(घ) दोर्जेले बगैँचाबाट फूल टिपेर बजारमा बेच्यो र कुखुराका फुल किनेर ल्यायो ।

(ङ) घरमा गाग्री खाली छ, खालि कुरा मात्र गरेर पानी कहाँ आउँछ र ?

४. **दिइएका उस्तै सुनिने तर फरक अर्थ दिने शब्दजोडीलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

विष बीस, तिर  तीर, जुन  जून, शीत  सित, यस  यश, गर्व  गर्भ

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

वनस्पति, उपभोग्य, स्वरोजगार, उद्देश्य, प्रवर्धन, प्रकाशित, उत्पादन, बैङ्क, शीघ्रातिशीघ्र, सङ्घर्ष, कल्याण

२. 'व्यावसायिक चिठी' पाठ पालैपालो सस्वरवाचन गरी कक्षामा सुनाउनुहोस् ।

३. 'व्यावसायिक चिठी' को संरचना पढ्नुहोस् र छलफल गर्नुहोस् :

(क) प्रारम्भ भाग : मिति, पठाउने संस्था, पठाउनेको ठेगाना, सम्बोधन, चिठी पाउने संस्थाको नाम र ठेगाना, विषय

(ख) मध्य भाग : चिठीको मुख्य विषयवस्तु

(ग) अन्त्य भाग : चिठी पठाउने व्यापारिक संस्थाको प्रतिनिधि, संस्थाको नाम, ठेगाना र खामको नमुना

४. 'व्यावसायिक चिठी' पाठ पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) चिठी लेख्ने संस्थाको नाम के हो ?

(ख) सौगात अल्लो कपडा उद्योग कहाँ छ ?

(ग) हाम्रो तयारी पोसाक बिक्री केन्द्रका संस्थापक को हुन् ?

(घ) चिठीमा पेस्की रकम कसरी भुक्तानी गरिएको कुरा उल्लेख छ ?

५. घरेलु उद्योगको प्रवर्धनका लागि के गर्नुपर्ला, प्रतिक्रिया दिनुहोस् ।

६. सौगात अल्लो कपडा उद्योगका तर्फबाट हाम्रो तयारी पोसाक बिक्री केन्द्रलाई प्रत्युत्तर लेख्नुहोस् ।

७. धूम्रपानले मानव स्वास्थ्यमा नकारात्मक असर पार्छ । धूम्रपानका कारण घाँटी, फोक्सो, मुटुलगायत अङ्गमा समस्या हुन्छ । यसका कारण क्यान्सर, उच्च रक्तचाप जस्ता स्वास्थ्य समस्या हुन सक्छ । विश्वमा धूम्रपानका कारण वार्षिक रूपमा लाखौँ मानिसको मृत्यु भएको तथ्याङ्क सार्वजनिक हुने गरेको छ । यस्तो तथ्यलाई ध्यान दिँदै 'धूम्रपानले लिन्छ ज्यान' शीर्षकमा सन्देशमूलक लेख तयार पार्नुहोस् ।

८. दिइएको शुभकामनाको ढाँचामा महान् पर्व दसैँका अवसरमा आफ्नो विद्यालयका तर्फबाट लेखिने शुभकामना पत्र तयार पार्नुहोस् :

## शुभकामना पत्र

नव वर्ष २०८० को सुखद अवसरमा यस गाउँपालिका निवासी समस्त आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिका साथै उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

गाउँपालिका प्रमुख तथा दुधपोखरी गाउँपालिका परिवार
लमजुङ जिल्ला, गण्डकी प्रदेश

९. **दिइएको श्रद्धाञ्जली र समवेदनाको ढाँचा अध्ययन गरी एउटा नमुना तयार पार्नुहोस् :**

## श्रद्धाञ्जली एवम् समवेदना

| जन्म | मृत्यु |
|---|---|
| वि.सं. १९८० जेठ ४ | वि.सं. २०८१ असार १७ |

### स्व.ममता नेपाली

यस विद्यालयकी संस्थापक अध्यक्ष एवम् हाम्रा परम मित्र मिलन नेपालीकी हजुरआमा ममता नेपालीको वि.सं. २०८१ असार १ मा १०१ वर्षको उमेरमा असामयिक निधनको खबरले हामी अत्यन्त मर्माहित भएका छौँ । यस दुःखद घडीमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मित्र मिलन नेपाली र उहाँका सम्पूर्ण शोकसन्तप्त परिवार तथा आफन्तजनमा शोकलाई सहन सक्ने शक्ति प्राप्त होस् भन्ने कामनासहित हार्दिक समवेदना प्रकट गर्दछौँ ।

अध्यक्ष
**भगवती माध्यमिक विद्यालय**
सन्धिखर्क नगरपालिका २
लुम्बिनी प्रदेश

१०. **दिइएको अनुच्छेद मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

सरकारी कार्यालयमा आम्दानी र खर्चलाई समेटेर आर्थिक अभिलेख राखिन्छ । उक्त आर्थिक अभिलेखका आधारमा आवश्यक प्रतिवेदनसमेत तयार पारिन्छ । अतः सरकारी कार्यालयमा राखिने आर्थिक अभिलेख तथा प्रतिवेदनलाई सरकारी लेखा प्रणाली भनिन्छ । यसबाट वार्षिक रूपमा छुट्याइएको रकम खर्च भए नभएको थाहा पाउन सकिन्छ । त्यसै गरी व्यापारिक क्षेत्रमा पनि लेनदेन, बिक्री, वितरण, नाफा, नोक्सान आदिलाई पारदर्शी बनाउन लेखा प्रणालीलाई आधार मान्ने गरिन्छ । खासगरी सरकारी लेखा प्रणाली जनताप्रति उत्तरदायी हुन्छ भने व्यावसायिक लेखा प्रणाली लगानीकर्ताप्रति उत्तरदायी हुन्छ । सरकारी र व्यापारिक लेखा प्रणालीबिच केही समानता र केही भिन्नता छन् । ती दुवै दोहोरो लेखा प्रणालीमा आधारित हुन्छन् ।

**प्रश्नहरू**

(क) सरकारी लेखा प्रणाली भन्नाले के बुझिन्छ ?

(ख) आर्थिक प्रतिवेदन किन तयार पारिन्छ ?

(ग) जनताप्रति कुन लेखा प्रणाली उत्तरदायी हुन्छ ?

(घ) व्यावसायिक लेखा प्रणाली कोप्रति उत्तरदायी हुन्छ ?

११. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

(बाबुछोरी काठमाडौँको सहिदगेटतिर घुमघाम गर्दै हुन्छन् ।)

छोरी : बुवा ! उः त्यता चउरमा हेर्नुहोस् न कति धेरै सैनिक उभिएका छन् ।

बुवा : (हाँस्दै) नानी ! त्यो चउर होइन, त्यसलाई टुँडिखेल भन्छन् । तिमीलाई थाहा छ, आज शिवरात्रिको दिन हो । हरेक शिवरात्रिका दिन नेपाली सेनाले टुँडिखेलमा सैनिक दिवस मनाउँछ ।

छोरी : ओहो ! कति धेरै सैनिक, त्यो परको स्टेजमा को को बसेका हुन् नि बुवा ?

बुवा : त्यहाँ राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, नेपाली सेनाका प्रमुखहरू हुनुहुन्छ ।

छोरी : बुवा ! आकाशमा हेर्नुहोस् त हेलिकोप्टर। सैनिक दिवस लेखिएको ब्यानर पनि रहेछ। (आश्चर्य मान्दै) ओहो ! झ्यालबाट त्यो रङ्गीचङ्गी छाता जस्तै के खसालेको नि बुवा ?

बुवा : (कुरा बुझाउँदै) त्यो छाता होइन छोरी। प्यारासुटबाट झर्दै गरेका सैनिक हुन् । बिस्तारै तिनीहरू यही चउरमा झर्छन् ।

छोरी : (औँलाले देखाउँदै) ए ... हो त रहेछ ! बल्ल चिनियो । तिनीहरू सैनिक पोसाकमा नै रहेछन् । तिनीहरूले कसरी यस्तो जोखिम काम सिकेका होलान् ?

बुवा : तिनीहरूले धेरै पटक अभ्यास गरेपछि मात्र यसरी उचाइबाट हाम फाल्न सकेका हुन् । अर्को कुरा तिनीहरूले प्यारासुटका सहायताले आफूलाई नियन्त्रण गरेका हुन्छन् ।

छोरी : बुवा सुन्नुहोस् त ! प्यारासुटमा प्रथम हुने सैनिकको नाम उद्घोष हुँदै छ ।

(परर ताली बजेको आवाज आउँछ ।)

माथिको कुराकानीमा जस्तै तपाईंलाई आश्चर्य लागेको कुनै घटना कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना वर्णविन्यास

१. **तालिकामा दिइएका वाक्य पढ्नुहोस् र वाक्य सङ्गतिका सन्दर्भमा छलफल गर्नुहोस् :**

| सङ्गति नमिलेका वाक्य | सङ्गति मिलेका वाक्य |
|---|---|
| (क) पूर्णकलाले चुट्किला सुनायो । | (क) पूर्णकलाले चुट्किला सुनाइन् । |
| (ख) बाख्रो पाखामा चर्दै छे । | (ख) बाख्रो पाखामा चर्दै छ । |
| (ग) हामी क्रिकेट खेल्न जान्छु । | (ग) हामी क्रिकेट खेल्न जान्छौँ । |
| (घ) परेवाहरू आकाशमा उड्यो । | (घ) परेवाहरू आकाशमा उडे । |
| (ङ) तपाईं कुन गीत गाउँछ ? | (ङ) तपाईं कुन गीत गाउनुहुन्छ ? |

२. **दिइएका वाक्यलाई सङ्गति मिलाएर लेख्नुहोस् :**

(क) प्रभा कथाका किताब पढ्छ ।

(ख) भाइ बहिनीलाई पढाउँछिन् ।

(ग) दिदी र दाइ घर आयो ।

(घ) सुनिता र गोपाल काठमाडौँ जान्छ ।

(ङ) गोठमा गाई कराउनुभयो ।

(च) आमाले कसौँडीमा भात पकायो ।

(छ) तिमी साथीलाई चिठी लेख्छस् ।

(ज) हामी बिदामा घुम्न जान्छु ।

३. **दिइएका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :**

उहाँले पुस्तक पसल गएर छोराछोरीका लागि कथा र कविताका किताब किन्यो । छोरीले कथाको किताब मन परायो । छोराले कविताको किताब मन पराउनुभयो । छोराछोरी दुवै जनाले बुबालाई चित्रकलाका सामान ल्याइदिन आग्रह गऱ्यो । उनीहरू अहिले आठ कक्षामा पढ्छ ।

४. **दिइएको अनुच्छेद पढी शब्दका सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका शब्द पहिचान गरी टिपोट गर्नुहोस् :**

सूर्यबाट उज्यालो र तातो मात्र होइन ऊर्जा पनि पाइँदो रहेछ । सौर्य ऊर्जाले वातावरण अनुकूल बन्दो रहेछ । पूजा, भूमिका र अपूर्व यस्तै विषयमा कुराकानी गर्दै हिँडिरहेका थिए । उनीहरू मन्दिर परिसरमा पुगे । त्यहाँ समूहमा बसेर भक्तजन अपूर्व आनन्दका साथ कीर्तन गाइरहेका थिए । एक जना साधुबाबा हातमा त्रिशूल लिएर नाचिरहेका थिए । भाउजू, माइजू र फुपूहरू पनि त्यहीँ आउनुभयो ।

५. **दिइएका शब्द शुद्ध गरी लेख्नुहोस् :**

शुन्य, मयुर, मुल, वधु, आफु, सुची, अपुर्ण, सुचना, भुमिका

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ४ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) एटिएम कार्ड कार्यालय समयमा मात्र प्रयोग गर्न सकिन्छ ।

(ख) एटिएम कार्ड प्राप्त गर्न निश्चित प्रक्रिया पूरा गर्नुपर्छ ।

(ग) ग्राहकले आफ्नो पिन नम्बर गोप्य राख्नुपर्छ ।

(घ) एटिएम कार्ड तीन किसिमका हुन्छन् ।

२. **सुनाइ पाठ ४ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) एटिएम कार्ड कस्तो साधन हो ?

(ख) एटिएम कार्ड कहाँबाट उपलब्ध हुन्छ ?

(ग) एटिएमबाट रकम निकाल्न के के गर्नुपर्छ ?

(घ) एटिएम कार्डको प्रयोग किन सावधानीपूर्वक गर्नुपर्छ ?

## सिर्जना र परियोजना कार्य

१. **आफ्नो पुस्तक पसलका लागि देहायबमोजिमका पुस्तकको माग गर्दै जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई व्यापारिक चिठी लेख्नुहोस् :**

| क्र.स. | पुस्तकको नाम | लेखक/प्रकाशक | कक्षा | आवश्यक प्रति |
|---|---|---|---|---|
| १. | नेपाली | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर | ६ | १७५ थान |
| २. | अङ्ग्रेजी | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर | ७ | १५० थान |
| ३. | विज्ञान तथा प्रविधि | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर | ८ | १५० थान |
| ४. | गणित | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर | ९ | २०० थान |

| | | | | |
|---|---|---|---|---|
| ५. | सामाजिक अध्ययन | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर | १० | १२५ थान |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर | ८ | १०० थान |
| ७. | ऐच्छिक गणित | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर | १० | १०० थान |

२. **आफ्नो वरिपरि रहेका कुनै घरेलु उद्योग वा बिक्री केन्द्रमा गएर त्यहाँ पाइने वस्तु तथा सामानको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ५

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**










मानिस विवेकशील प्राणी भएकाले उसले कुनै नीति नियमभित्र रहेर आफ्ना हक अधिकार प्रयोग गर्छ । उसले आफू, आफ्नो समाज वा देशप्रति गर्नुपर्ने कर्तव्यलाई पनि भुल्दैन । त्यसैले विभिन्न पक्षबाट मानिसको जीवन भोगाइका क्रममा अप्ठ्यारा परिस्थिति निर्माण नहोउन् भन्ने प्रयास भइरहन्छ । सकेसम्म हरेक मानिसको रोजगारी, पेसा वा व्यवसायमा सजिलो हुँदै जाओस् र उसका अधिकारसमेत कहीँकतै नखोसिउन् भन्ने कुरामा सतर्कता अपनाइन्छ । अत: दिइएका चित्र हेरेर मानिसका कतिपय अधिकार र कर्तव्यका विषयमा छलफल गरौँ ।

मूल पाठ

५

# मानव अधिकार



म मानव हुँ । मैले अनेकौं वसन्त पार गरिसकेको छु । मैले बाल्यकालमा अभिभावकको कुशल संरक्षण पाएको थिएँ । हाँस्दैखेल्दै दिन बिताएको थिएँ । कति चाँडै मेरा बाल्यकालीन क्षण बिते भन्ने कुराको पत्तै भएन । अब त मैले आफ्नो मानव अधिकारबारे बुझ्न थालेको छु । मलाई घर, परिवार र समाजले धेरै कुरा सिकाएका रहेछन् । त्यसैले मलाई मान्यजन र अग्रजप्रति गर्नुपर्ने आदर तथा सद्भावपूर्ण व्यवहार सिक्न कुनै गाह्रो भएको छैन । आफ्नो मानव अधिकार, कर्तव्य र दायित्वका बारेमा पनि बुझिरहेको छु । म बिस्तारै बिस्तारै सामाजिक दायित्व पूरा गर्ने मार्गमा लम्किरहेको छु ।

मलाई आफ्ना अभिभावकप्रति असाध्यै श्रद्धा छ । म उहाँहरूको उपदेशलाई ध्यान दिएर सुन्छु र मनन पनि गर्छु । उहाँहरूले नै जन्मिनासाथ मेरो जन्मदर्ता गराउनुभएको थियो । बिस्तारै मेरो पढाइ लेखाइको प्रबन्ध मिलाउनुभएको थियो । उहाँहरूकै पहलमा

### शब्दार्थ

*अग्रज* : *आफूभन्दा ठुला*

*प्रबन्ध* : *कुनै काम राम्ररी सम्पन्न गर्न मिलाइने व्यवस्था*

१६ वर्ष पुगेपछि मेरो नागरिकता बनेको थियो । मैले नागरिकता पाउनु भनेको नेपालको राष्ट्रिय पहिचान धारण गर्नुथियो । आफूलाई असल नागरिकका रूपमा चिनाउनुथियो । सम्झिन्छु, नागरिकता पाएको क्षणमा मभित्र कति धेरै राष्ट्रियताको भावना उर्लिएर आएको थियो । मैले खुसीका साथ गद्‌गद हुँदै नेपाली धर्तीलाई ढोगेको थिएँ । भनिन्छ, हरेक नागरिकले आफ्नो नागरिकता हातमा लिएपछि एक पटक प्यारो जन्मभूमिलाई प्रणाम गर्छ। देशप्रतिको आफ्नो कर्तव्य सम्झिन्छ र कहिल्यै पनि देशलाई बिर्सिँदैन ।

हिजोआज म असल नागरिकको कर्तव्य पूरा गरिरहेको हुन्छु । आफूलाई स्वयंसेवीका रूपमा रूपान्तरित गर्दै आएको छु । हुन त सानो छँदा पनि मैले कैयौँ पटक वृद्धवृद्धा, अपाङ्गता भएका र असहायलाई आफूले सक्दो सेवा गरेको थिएँ। यतिखेर चाहिँ मैले राम्ररी नै बुझेँ, 'असहाय, वृद्धवृद्धा, अपाङ्गता भएका र दीनदुःखीले सेवा पाउनु उनीहरूको अधिकार हो ।' आफूसँग नागरिकता हुनु र नहुनुमा पनि निकै फरक पर्दो रहेछ। नागरिकता भएपछि सरकारबाट धेरै सुविधा पाइँदो रहेछ । त्यसैले मलाई असल नागरिकका रूपमा आफ्नो कर्तव्य र दायित्व निर्वाह गर्न कुनै अप्ठ्यारो परेको छैन । हरेक बिहानीको सूर्योदयसँगै राष्ट्रभक्ति भावनाका साथ राष्ट्रप्रति केही गरूँ भन्ने चेतना ममा जाग्छ । मध्यरातको सपनामा समेत राष्ट्रहितकै भावनामा हराउने गर्छु ।

'संविधान मुलुकको सर्वोच्च कानुन हो' भन्ने कुरा मैले राम्ररी बुझेको छु । संविधानकै आधारमा नेपालभित्र मानव अधिकारका कुरा व्यवहारमा रहेको अनुभूति गरेको छु । मानव अधिकारका सम्बन्धमा मलाई गुरुहरूले समेत निकै कुरा बुझाउनुभएको थियो । यद्यपि अहिले मलाई संविधानभित्रका ती धेरै विषय थाहा छैनन् । मैले जानेका कुरा चाहिँ यत्ति हुन्, 'संविधानको भाग ३ ले मानव अधिकार र बाल अधिकारका बारेमा व्यवस्था गरेको छ । संविधानकै धारा ३९ मा बालबालिकाको हकका बारेमा उल्लेख भएको छ । त्यस्तै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ (च) ले मानव अधिकारको परिभाषासमेत प्रस्तुत गरेको छ । सोही ऐनमा मानवको जीवन, स्वतन्त्रता, समानता र मर्यादाका विषय समेटिएका

*रूपान्तरित : अर्को रूपमा परिवर्तन भएको*

*अपाङ्गता : शरीरको अङ्गभङ्ग भएको अवस्था*

*धारा : ऐन, कानुन आदिको दफा*

*दफा : ऐन, विधान आदिको धारा*

*ऐन : संसद्‌बाट बनेको सरकारी कानुन*

छन् ।' हुन त नेपालद्वारा मानव अधिकारबारे अनुमोदन गरिएका तथा अन्तर्राष्ट्रिय कानुनमा उल्लिखित सबै विषय मानव अधिकारभित्रै पर्छन् रे ! यस्ता धेरै कुरा नबुझे पनि मैले जानेको के हो भने म मानव हुँ र मैले स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ । मैले आफ्नो मानव अधिकार र त्यसमा पनि विशेष गरी बाल अधिकारबारे थाहा पाउनुपर्छ । मलाई स्वतन्त्र भएर हिँडडुल गर्न तथा आफ्ना असल विचार व्यक्त गर्न कुनै रोकावट हुनुहुँदैन । आफूले चाहे जति पढ्न, बिरामी हुँदा स्वास्थ्योपचार पाउन र सुरक्षित आवासमा बस्नबाट कहिल्यै वञ्चित गरिनुहुँदैन । मेरो रीतिरिवाज र पेसा व्यवसायमाथि कसैबाट हस्तक्षेप हुनुहुँदैन ।

मैले बुझेसम्म हरेक नागरिकलाई संविधानबमोजिम मानव अधिकार सुनिश्चित गरिएको हुन्छ नै । कसैको स्वतन्त्रतामाथि कसैको दबाब हुनुहुँदैन । प्रत्येक व्यक्तिले स्वतन्त्र भएर वैध सम्पत्ति जोड्न र प्रयोग गर्न पाउँछ । सबैले आआफ्ना रीतिरिवाज र परम्पराअनुसार सांस्कृतिक कार्यक्रममा सहभागिता जनाउन सक्छन् । स्वतन्त्र रूपले आफ्नो भाषा, संस्कृति, सभ्यता र लिपिको संरक्षण गर्न पाउँछन् । मैले त मतदाता परिचय पत्र बनाएर अमूल्य मतदान पनि गरिसकेको छु । आफ्नो गाउँठाउँ वा राष्ट्रको समुन्नति गर्न सक्ने नेतृत्वको चयनका लागि सहभागिता जनाएको छु । मानव अधिकारका यस्ता धेरै विषय मेरा लागि स्वाभाविक रहँदै आएका छन् । यिनमा पनि मैले कहिल्यै नबिर्सने कुरा चाहिँ बाल अधिकारका चारओटा प्रमुख खम्बा नै हुन् । बालबालिकाको सहभागिता, विकास, संरक्षण र बाँच्न पाउने जस्ता चारओटा बाल अधिकारका खम्बाबारे म कहिल्यै भुल्ने छैनँ । यस्ता कुराको सुनिश्चितता नभएसम्म कसैलाई बाल अधिकारको प्रत्याभूति हुनै सक्दैन । त्यसैले तिनको कार्यान्वयनका लागि पनि म हरेक दिन सतर्कता अपनाइरहन्छु । म त भन्छु, "कसैले पनि बाल अधिकारका सन्दर्भमा खबरदारी, असल नेतृत्वको छनोट र कर्तव्य पालना जस्ता कुराबाट कहिल्यै पछि हट्नुहुँदैन ।"

नेपाल एउटा बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक विशेषता भएको मुलुक हो । म स्वाभिमानसाथ आफूलाई यस्तै देशको नागरिक भन्न रुचाउँछु । यहाँ हरेक मानव

*अनुमोदन : स्वीकृति*

*वञ्चित : ठगिएको*

*मतदाता परिचय पत्र : मतदान गर्नका लागि बनाइको परिचय पत्र*

*चयन : छनोट*

*प्रत्याभूति : अनुभव*

*कार्यान्वयन : लागु गर्नु*

स्वतन्त्र छन् । मानव मानवबिच सधैँ समानता रहँदै आएको छ । आआफ्ना ठाउँमा सबै को उच्च मर्यादा छ । कसैले कसैसँग भेदभाव नगरी सबै आपसमा मिलेर बसेका छौँ । उदाहरणका लागि म पुरुष हुँ तर महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मानिसको व्यवहारभन्दा मेरो व्यवहारमा कुनै फरक छैन । म तराईको हुँ तर पहाड र हिमालमा बसोबास गर्ने व्यक्ति पनि म जस्तै समान छन् । यसकारण म एउटा नेपाली मानव हुँ र अरू मानव पनि मभन्दा कुनै कुरामा फरक छैनन् । भोक, निद्रा जस्ता जैविक पक्ष म जस्ता सबै मानवमा समान छन् । विविधताभित्रको एकता र सहिष्णुताका कारण नै म जस्ता तमाम नेपाली मानव विश्वमा उदाहरणीय बन्ने गरेका छौँ । सम्भवतः यही नै मानव अधिकारको सही सदुपयोग पनि हो ।

हुन त म वा हामी जस्तै मानव नै बालबालिका, पुरुष, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका आदि अनेक किसिमबाट चिनिने गर्छौं । हामी सबैलाई मानव अधिकारका बारेमा धेरै नीतिगत कुरा थाहा नहुन सक्छ । सुनिन्छ, संयुक्त राष्ट्रसङ्घले मानव अधिकारका क्षेत्रमा विशेष अधिकार निर्धारण गरेको छ रे ! मानवका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकार हुन्छन् रे ! सन् १९८९ मा बाल अधिकारसम्बन्धी महासन्धि पनि जारी गरेको छ रे ! जे होस्, नेपालले हामीलाई यस्ता अनेकौँ अधिकारको सुनिश्चितता गरेको छ । सङ्घ, प्रदेश र स्थानीय तहबाट हाम्रा अधिकार सुनिश्चित गरिन्छन् र गरिनुपर्छ ।

म जस्ता हरेक व्यक्तिले आफू मानव भएका कारण मानव अधिकारबारे चासो राख्नु स्वाभाविकै हो । अधिकारका कुरा गरिरहँदा कहिलेकाहीँ जान अनजानमा आफूबाटै गल्ती पनि हुन सक्ला । त्यस वेला 'गल्ती गर्नेलाई दण्डसजाय दिनुपर्छ' भन्ने मान्यता अगि सारिएला । आवश्यक परे प्रहरीले पक्राउ गर्न र थुन्न पनि आउलान् । गल्ती नै हो कि होइन भन्ने कुराको निक्र्योल न्यायालयबाट पनि हुँदै जाला । यस्तो अवस्थामा मलाई चाहिँ भरसक कसैबाट गल्ती नै नगरियोस् भन्ने चाहना हुन्छ । यदि जानी नजानी गल्ती भइहाले कस्तो कानुन लागु होला भन्ने चिन्ता लाग्छ । पक्राउ परिरहँदा पक्राउ गर्नुको कारण खुलाइन्छ कि खुलाइँदैन होला भन्ने खुलदुली हुन्छ । पक्राउ नै गरेर शारीरिक तथा मानसिक यातना दिन थालियो भने त्यस वेला के गर्ने होला ? पक्राउ गरेका व्यक्तिलाई

*अल्पसङ्ख्यक : थोरै सङ्ख्या भएको*

*सहिष्णुता : सहन सक्ने क्षमता*

*महासन्धि : विभिन्न राष्ट्र मिलेर गरिएको सन्धि*

*निक्र्योल : निश्चय*

अपमानजनक, अमानवीय र निर्मम व्यवहार गर्न थालियो भने के गर्नुपर्ला ? के न्यायालयले दोषी नठहऱ्याएसम्म कसैलाई दोषी भन्न पाइएला त ? मभित्र यस्ता अनेकौं विचार आइरहन्छन् । पक्कै पनि यस्ता समस्यामा मानव अधिकारका धेरै विषय लागु हुने नै छन् ।

नागरिकता पाएसँगै ठुलो भएपछि मलाई स्वतन्त्र भएर लेख्ने इच्छा थियो । आफूलाई सधैँजसो पत्रपत्रिकामा लेखिरहन सक्ने लेखकका रूपमा चिनाउने धोको थियो । देशभित्रका तमाम मानवीय समस्या पहिचान गर्दै तिनमा कलम चलाउने चाहना थियो । मलाई आवश्यकताअनुसार पर्चा पम्प्लेट छापेर तथा सामाजिक सञ्जालमा लेखरचना सेयर गरेर चेतना फैलाउने रहर थियो । त्यसैले अब चाहिँ म यस्ता विषयमाथि कलम चलाउने सोचमा छु । सच्चा मानव अधिकारका पक्षमा लागिरहने मानव अधिकारवादी बन्ने अठोटमा छु । अधिकार नपाउनेलाई नेपालको राष्ट्रिय मानव अधिकार आयोगमार्फत भए पनि अधिकारका लागि पहल गर्ने पक्षमा छु । अधिकारका लागि पहल गरिरहँदा कसैको चरित्रहत्या गर्नुहुँदैन र सबैको गोपनीयता कायम राख्नुपर्छ भन्ने कुरा मैले बुझिसकेको छु । मैले सधैँ सधैँ मानव अधिकारका पक्षमा लागिरहने प्रतिबद्धता जनाएको छु ।

*निर्मम* : *मायारहित*

*अठोट* : *प्रतिज्ञा*

## शब्दभण्डार

१. **'मानव अधिकार' निबन्धबाट दिइएका अर्थ बुझाउने शब्द खोजेर लेख्नुहोस् :**

(क) आफूले पूरा गर्नुपर्ने जिम्मेवारी

(ख) आफू जन्मिएको ठाउँ

(ग) आफ्नो प्रतिष्ठा र महत्त्वमाथिको गरिमा

(घ) धेरै उमेर भएका नागरिक

(ङ) न्याय दिलाउने ठाउँ

२. **दिइएका शब्द पढी समावेशक र समावेश्य शब्दबारे छलफल गर्नुहोस् :**

| | | |
|---|---|---|
| (क) अन्न | : | चामल, दाल, मकै, कोदो, भटमास |
| (ख) तरकारी | : | साग, सिमी, बोडी, करेला, काउली |
| (ग) फूल | : | सयपत्री, मखमली, लालीगुराँस, बाबरी, गुलाफ |
| (घ) कपडा | : | साडी, चोलो, सर्ट, पाइन्ट, कोट |
| (ङ) भाँडा | : | कुकर, डाडु, पन्यु, कराही, थाल |
| (च) भाषा | : | नेपाली, मैथिली, गुरुङ, राई, चेपाङ |
| (छ) किताब | : | मुनामदन, महाभारत, रामायण, शाकुन्तल, गौरी |
| (ज) पुरुष | : | हरि, श्याम, विनोद, सुजित, शाश्वत |
| (झ) महिला | : | रिता, लाक्पा, अङ्किता, रिहाना, सञ्चिता |
| (ञ) महादेश | : | एसिया, युरोप, अफ्रिका, उत्तर अमेरिका, अन्टार्टिका |

३. **उपयुक्त समावेशक र समावेश्य शब्दका बिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| विषय | नेपाल |
| चरो | फुटबल |
| धातु | चाँदी |
| देश | गणित |
| खेल | सगरमाथा |
| ऋतु | डाँफे |
| हिमाल | हेमन्त |
| | सयपत्री |

४. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

बाल्यकालीन, प्रणाम, दायित्व, आभास, रीतिरिवाज, मर्यादा, बहुभाषिक, विकृति

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

उपदेश, कर्तव्य, राष्ट्रिय, स्वास्थ्योपचार, अधिकारकर्मी, बहुसांस्कृतिक, राष्ट्रसङ्घ

२. **'मानव अधिकार' निबन्ध पालैपालो सस्वर पठन गर्नुहोस् ।**

३. **'मानव अधिकार' निबन्ध पढी सोधिएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) मुलुकको सर्वोच्च कानुन कुन हो ?

(ख) असल नागरिकको कर्तव्य के हो ?

(ग) मानव अधिकारका बारेमा कसले कुरा बुझाउनुभएको थियो ?

(घ) नेपाली विश्वमा कसरी उदाहरणीय बन्ने गरेका छन् ?

(ङ) निबन्धको अन्तिम अनुच्छेदमा कुन कुन विषयवस्तु समेटिएको छ ?

४. **'मानव अधिकार' निबन्धको 'मलाई आफ्ना अभिभावकप्रति .... कहिल्यै पनि देशलाई बिर्सिँदैन ।' अनुच्छेद मौन पठन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) म पात्रको जन्मदर्ता कसले गर्नुभएको थियो ?

(ख) म पात्रको नागरिकता कति वर्षको हुँदा बनाइएको थियो ?

(ग) म पात्रका लागि नागरिकता पाउनु भनेको के के पाउनु जस्तै थियो ?

(घ) म पात्र किन खुसीले गद्गद भएका थिए ?

५. **'मानव अधिकार' निबन्धका आधारमा दिइएका विषयवस्तुको क्रम मिलाएर कापीमा लेख्नुहोस् :**

(.......) पक्राउ परिरहँदा पक्राउ गर्नुको कारण खुलाइन्छ कि खुलाइँदैन भन्ने खुलदुली हुनु

(.......) नागरिकता भएपछि सरकारबाट पाउने धेरै सुविधा पाउनु

(.......) स्वतन्त्र भएर हिँडडुल गर्न तथा आफ्ना असल विचार व्यक्त गर्न रोकावट नहुनु

(.......) सच्चा मानव अधिकारका पक्षमा लागिरहने मानव अधिकारवादी बन्ने अठोट गर्नु

(.......) १६ वर्ष पुगेपछि मेरो नागरिकता बन्नु

(.......) संयुक्त राष्ट्रसङ्घले मानव अधिकारका क्षेत्रमा विशेष अधिकार निर्धारण गर्नु

(.......) मलाई घर, परिवार र समाजले धेरै कुरा सिकाउनु

६. **'मानव अधिकार' निबन्ध पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) नागरिकता पाएपछि म पात्रमा कस्तो प्रभाव परेको थियो ?

(ख) मानिसले स्वतन्त्र भएर गर्न पाउने कुरा के के हुन् ?

(ग) हामीले कसरी मानव अधिकारको प्रयोग गरिरहेका छौँ ?

(घ) दण्डसजाय भोग्नुपर्दा कुन कुन कुरामा सचेत हुनु आवश्यक छ ?

(ङ) संयुक्त राष्ट्रसङ्घले मानव अधिकारका बारेमा कस्ता अधिकार निर्धारण गरेको छ ?

७. **'मानव अधिकार' निबन्धको अन्तिम अनुच्छेदबाट चारओटा प्रश्न बनाउनुहोस् ।**

८. **व्याख्या गर्नुहोस् :**

मानवका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकार हुन्छन् ।

९. **'मेरो रीतिरिवाज र पेसा व्यवसायमाथि कसैबाट हस्तक्षेप हुनुहुँदैन ।' यस भनाइलाई निबन्धका आधारमा प्रस्ट पार्नुहोस् ।**

१०. **'नेपाल एउटा बहुभाषिक .... सदुपयोग पनि हो ।' निबन्धांशबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्नुहोस् र सारांश लेख्नुहोस् ।**

११. **'मानव अधिकार' निबन्धको सार लेख्नुहोस् ।**

१२. **'मानव अधिकार' निबन्धका आधारमा मानव अधिकारका विषयक्षेत्रको कसरी उपयोग भएको पाउनुभएको छ, समीक्षा गर्नुहोस् ।**

१३. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

दयावीर सधैँ अस्पताल जान्छन् । त्यहाँ पैसाको अभावका कारण उपचार गर्न नसकिरहेका व्यक्तिको पहिचान गर्छन् । तिनका लागि आवश्यक औषधी र खानेकुरा किनेर दिन्छन् । जबसम्म त्यस्ता व्यक्तिको उपचार हुँदैन तबसम्म दयावीर तिनको रेखदेखमा खटिरहन्छन् ।

त्यस्तै तपाईँलाई पनि कोही कसैप्रति सेवा गर्ने इच्छा जाग्छ होला, किन र कुन कारणले त्यस्तो इच्छा जागेको हो भन्ने कारणसहित कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र रेखाङ्कित शब्दबारे छलफल गर्नुहोस् :**

दातारामले व्यावसायिक रूपमा खेती गर्ने निर्णय लिनुभयो । उहाँले खेतीसम्बन्धी तालिम पनि पाउनुभयो । त्यसपछि गाउँले सबैलाई आधुनिक खेतीसम्बन्धी जानकारी गराउन थाल्नुभयो । अहिले उहाँका परिवारका सबै जना खेतबारीमा देखिन थालेका छन् । सबै जना विहानै उठेर कुटो कोदालो बोक्छन् अनि खेतबारीमा जान्छन् । उनीहरू दिनभरि गोडमेल गरिरहन्छन् । आफ्नो मिहिनेतबाट अन्नबाली राम्ररी उब्जाउँछन् । सबैले यसै गर्दै जाने हो भने सबैका खेतबारीमा अन्न फल्ने छ । सबैले खान पाउने छन् । जीविका चलाउन युवा विदेश जानुपर्ने छैन । आफ्नै देशमा पसिना पोख्ने छन् । नेपाली भूमि ऊर्वर हुने छ । देशले विकासको गति लिने छ ।

२. **दिइएका भूत, वर्तमान तथा भविष्यत् कालका क्रियापद पहिचान गरी अलग अलग तालिका बनाई कापीमा लेख्नुहोस् :**

खायो, भयो, आएँ, बसी, हिँड्यौँ, बस्छ, हिँड्छु, खान्छौ, पढ्छे, लेन्छन्, पढ्ने छु, जाने छौँ, आउने छस्, लेख्ने छौ, सुत्ने छ, भन्नु हुने छ, दिन्छे, लिन्छु, आउँछयौ, हुन्छ, बस्छिन्, भए, आए, लेख्यौँ, पढ्यौ, भनिन्, हेरी

३. **उठ्छु, धुन्छु, खान्छु, जान्छु, पढ्छु, खेल्छु, फर्किन्छु जस्ता वर्तमान कालका क्रियापद प्रयोग गरी एउटा अनुच्छेद लेख्नुहोस् ।**

४. **कोष्ठकमा दिइएका निर्देशनअनुसार तलका वाक्य परिवर्तन गर्नुहोस् :**

(क) सरिता कम्प्युटर सिक्दै छन् । (भूत काल)

(ख) म दिनभरि गृहकार्यमा व्यस्त रहन्छु । (भविष्यत् काल)

(ग) तपाईंले हामीलाई नृत्य सिकाउनुभयो । (वर्तमान काल)

(घ) तिमी पोखरीका माछालाई चारो हाल्ने छौ । (भूत काल)

(ङ) उनीहरू फुटबल खेलेर विश्वप्रसिद्ध भए । (भविष्यत् काल)

५. **'मानव अधिकार' निबन्धबाट 'ब', 'व', 'ओ' प्रयोग भएका पाँच पाँचओटा शब्द खोजेर लेख्नुहोस् ।**

६. **दिइएका शब्द शिक्षकबाट सुनेर लेख्नुहोस् :**

ओखती, बतास, बारुलो, बिजुली, बेस, ओखल, बोक्रो, बोसो, बहुव्रीहि, विराम, ओथारो, वैदिक, वैज्ञानिक, ओखलढुङ्गा, वैभव, वैर, वैश्य, वर्ष, वार्ता, वार्षिक, वृक्ष, वृत्ति, बृहत्, बाहु, ओखर, ब्रह्मचारी, ब्राह्मण, ब्रह्मर्षि, ब्रह्मा, ओदान, वकिल, वारिस, वास्ता, वडा, वकालत, आवाज, फेवा, खुवा, चुवा, ओलाङचुङगोला, तौलिहवा, धुवाँ, ब्राह्मी, बहुमत, ओभानो, बोधार्थ, बधू, बटुवा, बाक्लो, बुच्चो, बिखालु, बराजु, वर्तमान, बाह्य, ब्रह्म, वैष्णव, वर्ग, ब्रह्माण्ड

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ५ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) केरा विश्वको दुर्लभ फल हो ।

(ख) केरा पाक्दा फरक फरक रङका पनि देखिन सक्छन् ।

(ग) केरा स्वादिलो वस्तु हो यसमा प्रशस्त पौष्टिक गुण पाइन्छ ।

(घ) केरामा कुनै रोग लाग्दैन ।

२. **सुनाइ पाठ ५ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) केरामा कस्ता पौष्टिक तत्त्व पाइन्छन् ?

(ख) केराका प्रजातिलाई कसरी छुट्याउन सकिन्छ ?

(ग) नेपालका कुन कुन ठाउँमा केरा खेती राम्रो हुन्छ ?

(घ) केरा कसरी रोपिन्छ ?

## सिर्जना र परियोजना कार्य

१. **'देशप्रति मेरो कर्तव्य' शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।**

२. **पत्रपत्रिका वा सामाजिक सञ्जालबाट मानव अधिकारसम्बन्धी विषयवस्तुमा आधारित कुनै एउटा लेख खोजेर त्यसको मुख्य मुख्य विषयवस्तु कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ६

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**



कला जीवन्त र अमर हुन्छ । कलाले मानिसको मन लोभ्याउँछ र पगाल्छ पनि । कलाकै कारण मानव सभ्यता र इतिहास सुरक्षित रहन पुग्छ । जहाँ जीवन्त वा स्वाभाविक कलाको आकर्षण छ त्यहाँ कलाकारिताको महत्त्व आफैँ बढेको हुन्छ । त्यस्तै सङ्गमरमरलाई कुँदेर कलाको जीवन्तता दर्साउने एक कलाकारको अमरतालाई बुझ्न तलको कथा पढौँ ।

मूल पाठ

# ६ अमर पुत्र

*भीमनिधि तिवारी*



"के गर्न लाग्नुभयो भाजुलाल दाजु ?"

"यसै बसिराख्या ।"

"आज कति दिन भयो ?"

"१९, हैन हैन, २० दिन भयो ।"

"कर्मको लेखा ।"

"के गर्नु ! देउतालाई उही चाहियो !"

हुन पनि भाजुलालको सर्वनाश नै भएको थियो । अपर्झटको व्यथाले एउटा मात्र छोरो जुजुलाल खस्यो । बुढी जहान र भर्खरकी बुहारीलाई लिएर उनले हृदयमा पिर, चिन्ता र तापको बोझ बोकेर बाँच्नुपरेको थियो । शरीरका अङ्गप्रत्यङ्ग सबै सुकिसकेका थिए । पहेँलो चेहरा, फुस्रा आँखा, हातभरि मोटा मोटा नागबेली नसाले नागले झैँ उनलाई बेरेर राखिछाडेका थिए ।

लामो प्रश्वासपछि उनले भने, "मलाई छोरो गएको भन्दा पनि मेरो शिल्पकारी लोप हुने भयो भन्ने चिन्ता छ । म मरेपछि कसले शिल्पकारी सम्हाल्ला ? छोरो सिपालु भइसकेको थियो ।" भाजुलालका विरहका कहानी सुनेर सानुमानमा वेदना भरिएर आयो ।

चैतको महिना, उराठिलो घाम लागिरहेको थियो । नजिकैबाट टमौटेहरूले भाँडा बनाइरहेको आवाज लगातार टङटङ आइरहेको थियो । यस बखतमा भाजुलालको भित्री दिलले पनि एक आवाज दियो, "नबाँच् ! अब कसका निम्ति बाँच्छस् ?"

हरेक दिन बिहानबेलुकी एकान्तमा बसेर बुढीले बहाएका आँसु, बुहारीको हुँक्क हुँक्कको वेदनाले उनलाई बाधामाथि अतिशय बाधा थपिदिन्थ्यो । कलाकारमाथि पर्ने कालको कुदृष्टि बालिस्टमा लेटी लेटी खाने समाजका कीटाणुमाथि किन नपरेको होला ?

झ्यालबाट एक बोलाहटको आवाज आयो, "भाजुलाल दाजु !"

"हजुर ! किन ?" भाजुलाल बोले ।

"तपाईँलाई खोज्न कोही तल आएको छ ।"

चिन्ताले खाइसकेको कमजोर जिउ बिस्तारै उठाएर बार्दलीमा उभिएर उनले सोधे, "को हौ ? ए, सरासर माथि आउनोस् ।" ती आगन्तुक भक्त थिए किनभने उनको वेशभूषा र तिलक आदिबाट जसले पनि उनी वैष्णव भएको कुरा बताउन सक्थ्यो । ती भक्तले भाजुलाललाई घुँगुरिएका रौँ, मयूर मुकुट, बाहुमा बाजु, लामो वनमाला, हातमा मुरली लिएर मोहनी अवतारमा उभिएका श्रीकृष्णको चित्र देखाएर भने, "मलाई यस्तै मूर्ति बनाइदिनुपर्‍यो । सफा, सेतो, दुध जस्तो सङ्गमरमरको ।" भाजुलालले हुन्छ भन्न पनि सकेनन्, हुन्न भन्न पनि सकेनन् । हुन्छ भनूँ नैराश्यपूर्ण अन्धकारमा रुमलिएको जीवनले अब के काम गर्न सक्ला जस्तो उनलाई लाग्यो । हुन्न भनूँ आफ्नो सिपको प्रख्यातिले आफ्नो नाम सोधी सोधी घरको द्वारसम्म आएर आग्रह गरेका एक भक्तलाई विमुख पठाउन उनको भावुक दिल

## शब्दार्थ

*शिल्पकारी : शिल्पकारको काम वा कौशल*

*टमौटे : तामाका भाँडा बनाउने काम*

*बालिस्ट : अडेस लाग्न बनाइएको ठुलो तकिया*

*वैष्णव : विष्णु भगवान्का भक्त*

*बाजु : पाखुरामा बाँधिने एक प्रकारको बाली*

*सङ्गमरमर : चिप्लो, टल्कने असल पत्थर*

र पेसाले दिँदैनथ्यो, मान्दैनथ्यो । उनले अक्क न बक्क परेर शून्य मस्तिष्कले ती भक्तको चेहरामा हेरि मात्र रहे । "बनाउन सक्नुहुन्न कि !" भक्तले सोधे ।

यस्तो वाक्य सुनेपछि भाजुलालले अनुहार लाल पारेर अभिमानयुक्त वाणी बोले, "नसक्ने होइन, कस्तो कस्तो सिपको काम गरिराख्या मान्छे म । डेढ डेढ हात, दुई दुई हात अग्लो पशुपतिनाथ, मच्छिन्द्रनाथ, श्रीकृष्णका कति कति मूर्ति बनाइसकेँ यिनै हातले । जस्ताको त्यस्तै, फोटो खिचेको जस्तो । सिङ्गा सिङ्गा सङ्गमरमरमा जालीदार बुट्टा, रामायणको कथा, बुद्धचरित्रको कथा, कस्तो कस्तो काम गरियो । अरू सानातिना पानबुट्टा, किस्ती, फूलदान त्यस्ता त कति कति ।"

भाजुलालको गर्जन सुनेर ती भक्तले केही उत्तर नदिई गम्भीर भएर एकोहोरो सुनि मात्र रहे । अन्त्यमा शान्त र नरम शब्दमा बोले, "नसक्ने भनेको होइन मैले । तपाईंको सर्वैतिर ख्याति छ । थाहा छ मलाई । तपाईंको यही सानो कोठामा तयार भएर निस्केका कलात्मक कृतिले नेपालको नाम उज्ज्वल पारिदिएको छ, गौरव बढाइदिएको छ ।"

"थाहा रहेछ नि ।" सरल र निष्पाप दिलबाट मुस्कुराहटसहित आवाज निस्कियो ।

"अगि बनाउन सक्नहुन्न कि भनी किन होच्याएको त ? कति दिनमा तयार पार्नुपर्ने ?"

"जति सक्दो चाँडो । सङ्गमरमरलाई साकार सुन्दर मूर्ति बनाउन कति दिन लाग्छ मलाई थाहा छैन । म के भनूँ ।" भक्तले घाँटीमा लट्केको तुलसीको मालाको एक एक दाना अनायास चलाउँदै भने ।

"हुन्छ, म बनाइदिन्छु । बैना छाड्नोस् । मूर्ति तयार भएपछि तपाईँलाई खुसी तुल्याएर दिएको लिने । तपाईं ईश्वरको भक्तसित केको मोलतोल ।" यति भनिसक्नासाथ भक्त १० रुपियाँ गन्दै थिए । बिचैमा करुण स्वरले भाजुलालले भने, "के गर्नु मेरो छोरो खस्यो ! म बौलाहा जस्तो भएको छु । होस ठेगानमा छैन ।"

"ज्या ! नाश भएछ ।" सहानुभूति दिएर ती भक्तले उठेर सोधे, "म कहिले लिन आऊँ त ? १५ दिनपछि ?"

*अभिमानयुक्त* : *आत्मप्रशंसा भरिएको*
*निष्पाप* : *पाप नभएको*
*बैना* : *विश्वासका निम्ति पहिले नै दिइने रकम, पेस्की*
*सहानुभूति* : *अरूको दुःख देखेर वा सुनेर मनमा हुने भाव*

सेतो सङ्गमरमरमा प्रातःदेखि सन्ध्यासम्म भाजुलालका हात चलिरहन्थे कुटकुट कुटकुट । उनका वरिपरि अनेक आकारप्रकारका करिब सवा सय जति ज्यावल उनैलाई हेरेर सुतिरहेका हुन्थे, कहिले मलाई उचाल्लान् र म पनि भगवान्को मूर्ति बनाउने काममा सरिक हुन पाउँला भनेर । जुन वेला जुन ज्यावल आवश्यक पर्थ्यो उनी त्यही प्रयोग गर्थे । आश्चर्यको कुरा, उनलाई ती अमुक ज्यावलको नाम के हो भन्नेसमेत थाहा थिएन ।

सङ्गमरमरको धुलो जस्तै सेतै फुलेका कपालदारी । नाकको टुप्पामा अडेको मामुली तारको फ्रेमवाल चस्मा, टालेका भोटो र सुरुवाल । विश्वविख्यात शिल्पकार भाजुलाल यिनै हुन् भन्ने कुरा कतिलाई थाहा होला ? उनका कलाकृति युरोप, अमेरिकाका सङ्ग्रहालयसम्म पुगेका थिए । कलापारखी यो सुनेपछि आश्चर्यले औँला टोक्थे ।

आज पनि भोलि पनि पर्सि पनि त्यही श्रीकृष्णको मूर्तिको खस्रो खाकामाथि ज्यावलले कुटकुट कुटकुट । केही दिनपछि मूर्ति तयार भयो । अन्त्यमा उनले जब आँखा बनाए, मूर्ति हाँस्यो । मूर्तिसँगै उनको रोएको दिल पनि हाँस्यो । उनले त्यसलाई भावुक आँखाले धेरै बेरसम्म हेरिरहे । जति हेरे पनि उनका आँखा अघाएनन्, दिल अघाएन । उनले त्यस नवनिर्मित श्रीकृष्णको मूर्तिमा त्यस्तो के देखे ?

प्रातःकालको समय, केही परेवा छानामा झुल्के घाम तापिरहेका थिए । छिन छिनमा चोकको बिचमा उभिएको भोगटेको फूलको बास्ना हरर आइरहेको थियो । भाजुलालको घर तडकभडकरहित उनको जीवन जस्तै सादा थियो । पुरानो कलात्मक एउटा खटियामाथि उही मूर्तिलाई राखेर उनी टुलुटुलु हेरिरहेका थिए, एक मन, एक बुद्धि, एक चित्तले । यत्तिकैमा तल्लो भऱ्याङबाट आवाज आयो, "शिल्पकार कहाँ हुनुहुन्छ ?" भाजुलालले भक्तको स्वरले चिने । मुखले चाहिँ माथि पाल्नोस् भने, हातले चाहिँ हत्तपत्त त्यस मूर्तिलाई सिरानमुनि लुकाए । भक्तले माथि आइपुग्नासाथ शिल्पकारको अनुहार हेर्दै उत्सुकताले भरिएको वाणीमा सोधे, "मूर्ति बनाइसकियो ?" भाजुलालको हृदयमा द्वन्द्व चल्यो । सकियो भनूँ, खै लेऊ भन्छन् । दिऊँ, कसरी दिऊँ ? सकिएको छैन भनूँ, झुटो कसरी बोलूँ ? सोचविचार गरेर उनले भने, "१५ दिनपछि आउनोस् भनेको १० दिन पनि पुगेको छैन ।"

*ज्यावल : कालिगढले काम गर्ने औजार*

*अमुक : खास, तोकिएको, फलानो*

*खाका : रेखाहरूबाट निर्मित आकृति*

*खटिया : सानो खाट*

"तयार नभए पनि कति सकियो ? हेरौं न ।" उत्सुकतापूर्ण वाणीमा भक्तले सोधे ।

"१५ दिनपछि आउनोस् ।"

"अहिलेसम्म थालेको पनि छैन ?" आँखाका दुवै पुतली फैलाएर उनले सोधे ।

"१५ दिनपछि आउनोस् ।" भाजुलालले फेरि उही जवाफ दिए ।

"आजको छ दिनपछि त १५ दिन पनि पुग्छ । त्यो वेला म खाली हात फर्कन नपरोस् ।" भक्तले उठेर जाँदै गर्दा भने ।

तल्लो भऱ्याङबाट भक्त ओर्लेको आवाज आएपछि भाजुलालले सिरानमुनिबाट मूर्ति झिकेर खटियामाथि राखे अनि शान्तपूर्वक टुलुटुलु हेरे । हेर्दाहेर्दै परेलासमेत फुलेका उनका आँखाका डिलमा आँसुका दाना टलपल छचल्कन थाले । १५ औँ दिनको तेस्रो प्रहरमा ती भक्त आशापूर्ण हृदयले शिल्पकारको कोठामा आइपुगे । उनले श्रीकृष्णको मूर्तिलाई सानो खटियामाथि अड्याएर राखेको देखे । देख्नासाथ लोभिएर आफ्नै हातमा लिई गहिरोसित हेर्न थाले । हेर्दाहेर्दै भित्री आत्माबाट एक उद्गार निस्कियो, "आहा ! क्या मनोहर मूर्ति ! कति लिनुहुन्छ यो मूर्तिको ? अब कति दिनुपऱ्यो मैले ?" भाजुलाल बोलेनन्, केही बोलेनन् । मानौँ, उनका गलामा सारा व्यथा थुप्रिएका थिए ।

"भन्नुस् न त कति दिनुपऱ्यो मैले ?" भक्तले मूर्तिलाई ढोगेर त्यही खटियामाथि राख्दै भावुक नयनले हेरिरहे र फेरि सोधे । भाजुलाल तैपनि बोलेनन् । उनको वाक्शक्ति नै लोप भएको थियो । ती दुवै जना त्यही मूर्तिलाई निर्निमेष दृष्टिले हेरिरहेका थिए । ककसले के के देखे उनै जानुन् । भक्तको हृदय फेरि बोल्यो, "क्या सुन्दर मूर्ति ! भन्नुहोस् त कति लिने हो ?" अनि भाजुलालले जीर्ण स्वरमा भने, "यो मूर्ति तपाईँलाई दिने होइन ।"

"मेरो अर्डरमा बनाएको होइन र ?"

"हो ।"

"अनि ?"

"नदिने ।"

*उद्गार* : *बोली, भनाइ*

*वाक्शक्ति* : *बोल्ने शक्ति*

*निर्निमेष* : *हेरेको हेऱ्यै गर्ने, आँखा नझिम्क्याउने*

"किन ?" उत्तर नास्ति ।

"मोल भन्नुहोस् न, जति पर्ने हो म त्यति नै दिन्छु । मलाई धन चाहिएको छैन, मलाई भगवान्‌को मोहनी मूर्ति चाहिएको छ ।" ती भक्तले उदार दिलको परिचय दिँदै भने ।

"जति दिए पनि नदिने ।" भाजुलाल बोले, "मलाई पनि यही मूर्ति चाहिएको छ । "अब १० दिनपछि आउनोस् । तपाईँलाई अर्को मूर्ति बनाइदिन्छु ।"

आफ्नो अर्डरमा तयार भएको, आफूलाई असाध्यै मन परेको मूर्ति नदिएर फेरि १० दिनपछि आउनू अर्को बनाइदिउँला भनेको सुन्दा ती भक्तलाई केही क्षोभ भयो । के छाँटको बौलट्ठी बुढोकहाँ आइपुगेछु भन्ने ठानेर उनले एक आवेशमा भने, "ओमबहालमा तपाईं मात्र शिल्पकार हुनुहुन्न । अरू पनि काम नपाएर त्यसै बसिरहेका छन् । फिर्ता गर्नुस् मेरो बैना । अन्तै बनाउन लाउँछु ।"

"नरिसाउनोस् न त्यसरी । मै बनाइदिउँला ।" करुण स्वरमा भाजुलाल बोले ।

"भो पर्दैन, दिनुस् बैना ।"

त्यसपछि भाजुलाल जुरुक्क उठे । आफूसित रहेको साढे पाँच रुपियाँ कन्तुरबाट झिके । नपुग रुपियाँ स्वास्नी र बुहारीसित मागे अनि १० रुपियाँ भक्तको अगाडि सुरुक्क राखिदिए । रिसको रन्कामा रुपियाँ सोहोरेर भक्त पनि केही नबोली जुरुक्क उठेर गए । बुढाको यस्तो चाला देखेर बुढीले भनिन्, "बनिसकेको मूर्ति नदिएर झन् बैनासमेत फिर्ता गर्नुभयो । दिएको भए अरू रुपियाँ पनि आउँथ्यो । के खर्च गर्ने अब ? घरमा चामलको गेडो छैन ।" सासूका कुरामा बुहारीले पनि थपथाप गरिन् । घरको सुखदुःख सबैको साझा हो । दुईतिरबाट दुई जनाको निरन्तर करकरले भाजुलालका दुई कानका जाली नै फुट्लान् जस्ता भए । क्षीण स्वरमा त्यो मूर्ति नदिनाको कारण बताए, "म कसरी दिन सक्छु यो मूर्ति ? प्राणभन्दा प्यारो यो मूर्ति । श्रीकृष्णको मुकुट लाएर हातमा मुरली लिएको मेरो छोरो । मैले शङ्खमूलको चितामा खरानी पारिसकेको छोरो फेरि यहाँ आएको छ । हेर, गडेर हेर, मुसुमसु हाँसेर कुरा गर्ला जस्तो गरेर उभिएको छ ।"

*नास्ति : बिल्कुल नभएको, छैन भन्ने बुझाउने शब्द*

*क्षोभ : मनको हलचल, असन्तोष*

*कन्तुर : धातु वा काठको सानो बाकस*

*क्षीण : अवस्था बिग्रेको*

लोग्नेका कुरा सुनेपछि बुढीले त्यस मूर्तिलाई हातमा लिएर गहिरोसित हेरिन् । हेर्दाहेर्दै उनलाई भक्कानो छुट्यो अनि मूर्तिलाई छातीमा राखेर रुन थालिन्, "मेरो प्यारो छोरा ! मेरो जुजु !" बुहारीले पनि आफ्नो दिल थाम्न सकिनन् र सासूको हातबाट त्यो मूर्ति खोसेर हेरिन् । नभन्दै सम्पूर्ण भाव र झल्को आफ्नै स्वर्गवासी लोग्नेको ! उनी पनि त्यस मूर्तिलाई आफ्नो छातीमा टाँसेर घुँक्कघुँक्क गर्दै वेदनापूर्ण पुकारमा विलाप गर्न थालिन् । सासूबुहारी दुवैका आँसुका बलिन्द्र धाराबाट एउटा संयुक्त वाक्य निस्कियो, "वेच्नुहुँदैन, यो मूर्ति बेच्नुहुँदैन ।"

जुजुलालको मानव देह चिताको खरानी भएर नाश भए पनि सङ्गमरमरको आकर्षक मूर्तिका रूपमा कृष्णावतार छोरो त कालान्तरसम्म संसारमा रहिरहला । अब यही मूर्ति भाजुलालको अमर पुत्र हुने छ ।

*कालान्तर* *पछिसम्म*

## शब्दभण्डार

१. **दिइएका अनुकरणात्मक शब्दलाई मिल्दो क्रियासँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| कपाकप | बल्नु |
| गजधुम्म | गनाउनु |
| दन्दन्ती | भिज्नु |
| निथ्रुक्क | थुक्नु |
| डुङडुङ्ती | खानु |
| ट्वाल्ल | बस्नु |
| पिच्च | डुब्नु |
| चुर्लुम्म | पर्नु |
| | हेर्नु |

२. **दिइएका अर्थ आउने शब्द 'अमर पुत्र' कथाबाट खोजेर लेख्नुहोस् :**

(क) अचानक, एक्कासि

(ख) पेस्की

(ग) भर्खरै बनेको

(घ) बोली नफुट्ने अवस्था

(ङ) मिसिएको, मिलेको

३. **'अमर पुत्र' कथाबाट सातओटा अनुकरणात्मक शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

४. **दिइएका अनुकरणात्मक शब्द प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् :**

च्वाम्म, अकमक्क, ह्वाँह्वाँ, जऱ्याकजुरुक, ह्वालह्वाली, थचक्क, लुसुक्क, सरासर, टुप्लुक्क, चिटचिट

५. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

वेदना, कुदृष्टि, बार्दली, गर्जन, अनायास, तडकभडक, सोचविचार, कालान्तर

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

अपभ्रंट, अङ्गप्रत्यङ्ग, शिल्पकारी, मस्तिष्क, सङ्गमरमर, विश्वविख्यात, उद्गार

२. **'अमर पुत्र' कथा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **'अमर पुत्र' कथा पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) कुन सन्दर्भबाट कथा प्रारम्भ भएको छ ?

(ख) कथामा कति जना पात्रबिच कुराकानी भएको छ ?

(ग) कथामा मूर्ति बनाउनका लागि कति रकम पेस्की दिइएको छ ?

(घ) कुन घटनामा कथा समाप्त भएको छ ?

(ङ) 'अब यही मूर्ति भाजुलालको अमर पुत्र हुने छ ।' भन्ने प्रसङ्ग कथाको कुन अनुच्छेदमा छ ?

४. **'अमर पुत्र' कथा पढी दिइएका संवाद कसले कोसँग भनेका हुन्, भन्नुहोस् :**

(क) के गर्न लाग्नुभयो भाजुलाल दाजु ?

(ख) अगि बनाउन सक्नुहुन्न कि भनी किन होच्याएको त ?

(ग) म कहिले लिन आऊँ त ? १५ दिनपछि ?

(घ) बनिसकेको मूर्ति नदिएर झन् बैनासमेत फिर्ता गर्नुभयो ।

(ङ) बेच्नुहुँदैन । यो मूर्ति बेच्नुहुँदैन ।

५. **'अमर पुत्र' कथाको 'तल्लो भऱ्याङबाट .... तपाईँलाई दिने होइन ।' कथांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) श्रीकृष्णको मूर्ति कहाँ राखिएको थियो ?

(ख) भक्तको आत्माबाट के उद्गार निस्कियो ?

(ग) कसका गलामा व्यथा थुप्रिएका थिए ?

(घ) भाजुलालले कसलाई मूर्ति दिन चाहेनन् ?

६. **दिइएका घटनालाई 'अमर पुत्र' कथाअनुसार क्रम मिलाएर लेख्नुहोस् :**

(क) झ्यालबाट बोलाहटको आवाज आउनु

(ख) भाजुलालले अभिमानयुक्त वाणीमा आफ्नो पहिचान बताउनु

(ग) भाजुलाल र सानुमानबिच जुजुलालको मृत्युका विषयमा कुराकानी हुनु

(घ) मनोहर मूर्ति देखेर भक्त खुसी हुनु

(ङ) भाजुलालले भक्तलाई बैना फिर्ता दिनु

(च) भक्तले भाजुलाललाई श्रीकृष्णको मूर्ति देखाएर नमुना बताउनु

(छ) भाजुलालको छोरो मूर्तिका स्वरूपमा अमर बन्नु

(ज) भाजुलालले भक्तलाई मूर्ति नदिनाको कारणबारे श्रीमती र बुहारीलाई स्पष्ट पार्नु

७. **'अमर पुत्र' कथा पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) भाजुलाललाई केको चिन्ता पऱ्यो ?

(ख) भक्तलाई भाजुलाले किन मूर्ति दिन सकेनन् ?

(ग) भाजुलालले परिवारलाई कसरी सम्झाए ?

(घ) कथाको मुख्य सन्देश के हो ?

८. **व्याख्या गर्नुहोस् :**

जुजुलालको मानव देह चिताको खरानी भएर नाश भए पनि सङ्गमरमरको आकर्षक मूर्तिका रूपमा कृष्णावतार छोरो त कालान्तरसम्म रहिरहला ।

९. **भाजुलालले बनिसकेको मूर्ति भक्तलाई नदिनु उपयुक्त थियो वा थिएन, तर्क दिनुहोस् ।**

१०. **'अमर पुत्र' कथाका प्रमुख पात्र भाजुलाल र भक्तको चरित्रको तुलना एक अनुच्छेदमा लेख्नुहोस् ।**

११. **'अमर पुत्र' कथाको सार लेख्नुहोस् ।**

१२. **'अमर पुत्र' कथाका आधारमा मानिस मरेर गए पनि कला अमर रहन्छ भन्ने कुरालाई पुष्टि गरी समीक्षात्मक उत्तर लेख्नुहोस् ।**

१३. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

विनायकलाई विद्यालय जान हतार भइरहेको थियो । उनी स्वाँस्वाँ गर्दै झोला भिरेर घरबाट निक्लँदै थिए। उनका हजुरबुबाले एक्कासि बोलाउनुभयो, "बाबु विनायक !" विनायक आँगनमा टक्क उभिएर बोले, "हजुर, किन बोलाउनुभएको ?" हजुरबुबाले भन्नुभयो, "मेरो औषधीको पुर्जी र पैसा लिएर जाऊ न बाबु। विद्यालयबाट फर्कंदा औषधी पसलबाट औषधी ल्याइदेऊ ।" मलाई हतार भयो । म सक्दिनँ । विनायकले झर्केर यत्ति बोले अनि खुरुरु दगुरे । एकछिन त उनले केही पनि सोचेनन् । अलिक पर पुगेपछि उनलाई खल्लो लाग्यो । उनका कानमा हजुरबुबाका कम्पित ध्वनि गुन्जिरहे । हजुरबुबाले अह्राएको सानो काम गर्न पनि अस्वीकार गरेकामा विनायकलाई पश्चात्ताप लाग्यो । अब बिच बाटाबाट फर्किएर घर जाने समय पनि छैन । विद्यालय छुटाउनु पनि भएन । उनले सोचे, "विद्यालय छुट्टी भएपछि सरासर घर जान्छु । हजुरबुबासँग माफी माग्छु र औषधी किनेर ल्याउँछु ।"

विनायकले जस्तै तपाईंले पनि कहिलेकाहीँ पश्चात्ताप बोध गर्नुभएको होला, आफूले पश्चात्ताप गरेको कुनै घटना कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढी कालका अपूर्ण पक्षका क्रियापद टिपोट गर्नुहोस् :**

हिजो साथीहरू भलिबल खेल्दै थिए । प्रतिस्पर्धा कडा हुँदै थियो । शिवानी सट्टा खेलाडीका रूपमा मैदानमा प्रवेश गर्दै थिइन् । आज पनि खेल रोचक हुँदै छ । दर्शक ताली बजाएर हौसला प्रदान गर्दै छन् । सूर्य काका सिट्ठी बजाउँदै हुनुहुन्छ । सुस्मिता चिच्याउँदै छिन् । भोलि खेल सकिँदै हुने छ । प्रदेश सरकारका मुख्यमन्त्री आउँदै हुनुहुने छ । हामी उहाँलाई स्वागत गर्दै हुने छौँ । विजयी खेलाडीले पुरस्कार पाउँदै हुने छन् ।

२. **कोष्ठकमा दिइएका धातुका आधारमा खाली ठाउँमा क्रियापद भरेर वाक्य पूरा गर्नुहोस् :**

(क) हाम्रो विद्यालयमा नयाँ भवन ........... । (बन् : वर्तमान, अपूर्ण पक्ष)

(ख) सूचना प्रविधिमा दक्ष शिक्षक .......... । (आउ : भूत, अपूर्ण पक्ष)

(ग) विद्यालयमा इन्टरनेट पनि ............ । (राख् : वर्तमान, अपूर्ण पक्ष)

(घ) विद्यार्थी पढाइ लेखाइमा आकर्षित ............... । (हु : भविष्यत्, अपूर्ण पक्ष)

(ङ) विद्यालयलको शैक्षिक उपलब्धि ............. । (बढ् : भूत, अपूर्ण पक्ष)

(च) विद्यालयले प्रगति ............. । (गर् : भविष्यत्, अपूर्ण पक्ष)

३. **दिइएका धातुबाट बन्ने भविष्यत् कालका अपूर्ण पक्षका क्रियापद प्रयोग गरी अनुच्छेद लेख्नुहोस् :**

पुग्, गर्, बढाउ, सिकाउ, सक्, पाउ, भन्, जान्, चढ्, रमाउ

४. **दिइएको अनुच्छेद पढी रातो रङ लागेका शब्दको बनोट प्रक्रिया देखाउनुहोस् :**

अब त गाउँ गाउँमा बिजुली बत्ती पुगिसकेको छ । बाटोघाटोको पनि राम्रो सुविधा छ । बिरामी पर्दा उपचारका लागि खर्चबर्च बोकेर सहर धाउनुपर्दैन । सबैले आआफ्ना काम गरेर जीविका चलाएका छन् । खनखाँचोमा ऐंचोपैंचो चल्छ । छरछिमेकमा भारोपर्म चल्छ । सहरमा जस्तो तरकारीसरकारी, पानीसानीमा त एक पैसा पनि खर्च हुँदैन ।

५. **'अमर पुत्र' कथाबाट पाँचओटा द्वित्व प्रक्रियाबाट बनेका शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

६. **'अमर पुत्र' कथाबाट 'य', 'ए' प्रयोग भएका पाँच पाँचओटा शब्द खोजेर लेख्नुहोस् ।**

७. **दिइएका वाक्य शुद्ध पारी लेख्नुहोस् :**

(क) एथार्थ, यकराज र गाएत्रीलगाएत पाँच जना गाएक रेडियो नेपालद्वारा आयोजित गाएन प्रतियोगितामा सहभागी भये ।

(ख) आमाले ल्याइदिनुभयको यउटा यकाङ्कीको किताब मैले यघार दिनमा पढेर सिध्यायेँ ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ६ सुन्नुहोस् र खाली ठाउँमा मिल्दो शब्द राखी भन्नुहोस् :**

(क) तिमी त पाण्डु र ...........का जेष्ठ सुपुत्र हौ ।

(ख) पाण्डवहरू नै .............. हुने छन् ।

(ग) कर्णको प्रश्नले श्रीकृष्ण ............... भए ।

(घ) कर्तव्यको निष्ठाले व्यक्तिको.............लाई अझ दृढ बनाउँछ ।

२. सुनाइ पाठ ६ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :

(क) श्रीकृष्ण किन हस्तिनापुरबाट फर्कन लागे ?

(ख) कर्णको कुन प्रश्नले श्रीकृष्णलाई निरुत्तर बनायो ?

(ग) श्रीकृष्णले कर्णलाई के भनेर सम्झाए ?

(घ) 'कर्तव्यप्रति कर्णको निष्ठा' कथाबाट के शिक्षा पाइन्छ ?

## सिर्जना र परियोजना कार्य

१. 'साइबर अपराध' शीर्षकमा कथा लेख्नुहोस् ।

२. आफूलाई मन परेको कथाबाट विषयवस्तु, पात्र र परिवेश टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**




हरेक मानिसका लागि भ्रमण वा पदयात्रा रुचिको विषय हो। यसबाट मानिसले आनन्दको अनुभूति गर्नुका साथै नयाँ नयाँ किसिमका ज्ञान पाउँछ। भ्रमणका दृष्टिले नेपाल विश्वकै लोकप्रिय गन्तव्य मुलुक पनि हो। यहाँ हिमाल, पहाड र तराईका सबैजसो क्षेत्र भ्रमणयोग्य रहेका छन्। जो जहाँ पुगे पनि त्यहाँको नौलोपन देखेर मक्ख पर्छौं र केही न केही नयाँ कुरा सिक्न सक्छौँ। त्यस्तै नेपालका विभिन्न क्षेत्रको पदमार्ग यात्राबाट प्राप्त भएका केही अविस्मरणीय अनुभूति र नौला जानकारीबारे बुझ्न तलको संवाद पढौँ।

मूल पाठ

७

# पदमार्ग



(आङरिता शेर्पा नाम्चे बजारमा बस्छन् । उनी पर्यटन व्यवसायी हुन् । फातिमा खातुन जनकपुरमा बस्छिन् । उनी खाद्यान्न व्यापारी हुन् । ईश्वर राजवंशी झापामा बस्छन् । उनी पत्रकार हुन् । सुप्रभा शाही कालीकोटमा बस्छिन् । उनी बैङ्कमा कार्यरत छन् । काठमाडौँको एउटै विद्यालयबाट माध्यमिक शिक्षा पूरा गरेका उनीहरू सबै जना बिदाको समय मिलाएर भेटघाट गर्छन् ।)

सुप्रभा : साथीहरू ! धेरै लामो समयको अन्तरालपछि बल्लतल्ल हाम्रो भेटघाटको साइत जुऱ्यो । वर्षको एक पटक हामी एकअर्काको घरमा पुग्ने गरौँ । यसै वर्षबाट यो कामको थालनी गरौँ न साथीहरू ।

आङरिता : आहा ! सुप्रभाले कस्तो राम्रो प्रस्ताव सुनाइन् । यिनको विचारलाई मान्नै पर्छ । बरु यसपल्ट सगरमाथा आधार शिविरसम्मको पदयात्रा गरेर

हाम्रो अभियान शुभारम्भ गरौँ न । त्यसपछि केही दिन मेरो घरमा पनि बसौँला ।

ईश्वर : समूहमा शक्ति हुन्छ भनेर त्यसै कहाँ भनिएको हो र ? सामान्य भेटघाटका लागि जम्मा भएका हामीहरू निकै महत्त्वपूर्ण छलफलमा पो प्रवेश गऱ्यौँ त !

फातिमा: पक्कै पनि आजको छलफल सामान्य भेटघाट र समय बिताउने मेसोमा मात्र केन्द्रित हुने छैन ।

सुप्रभा : संयोगले हामी दौँतरी मुलुकको पूर्व, पश्चिम, उत्तर र दक्षिणका परेछौँ । कम्तीमा वर्षको एकपल्ट साथीको घरमा जाँदा त्यहाँका सामाजिक, सांस्कृतिक, भौगोलिक, भाषिक, जातीय आदि विभिन्न पक्षसँग साक्षात्कार गर्ने अवसर मिल्छ नि होइन र ?

ईश्वर : हो नि साथीहरू, यस्तो कार्यबाट परस्परमा हार्दिकता र घनिष्ठता बढ्छ । आङरिताले पदयात्राको प्रस्ताव पनि राखिसके ।

आङरिता : (गम्भीर हुँदै) जे होस् सुप्रभाको विचार र मेरो प्रस्तावमा साथीहरूको सहमति जुट्यो । यो नै खुसीको कुरा हो ।

फातिमा : होइन, साथीहरूबाट कुरा त राम्रै आए । खासमा मैले चाहिँ यो पदयात्राका विषयमा राम्ररी कुरा बुझेकै छैन ।

ईश्वर : (चस्मा मिलाउँदै) यस्तो विषयमा राम्रोसँग जानकारी लिँदा सबैलाई फाइदा हुन्छ । आङरिता छँदाछँदै मैले बोल्नु भनेको इन्द्रका अगाडि स्वर्गको बयान जस्तो होला ।

## शब्दार्थ

*शुभारम्भ* : *असल कामको थालनी*

*हार्दिकता* : *हार्दिक हुनाको भाव, मित्रता*

*घनिष्ठता* : *सामीप्य, निकटता*

सुप्रभा : त्यही त, आङरिताको घर पनि पदमार्ग क्षेत्रतिर अनि पेसा पनि पर्यटन क्षेत्रसँग सम्बन्धित पऱ्यो । यस विषयमा उनीबाट आधिकारिक कुरा सुनौँ न ।

आङरिता : ल, सुनौँ है त साथीहरू ! प्राकृतिक वातावरणमा रमाउँदै, गाउँघरमा बास बस्दै, पैदल यात्रासहितको घुमफिर नै पदयात्रा हो । यसलाई ट्रेकिङ पनि भन्ने गरिन्छ । विशेष गरी यात्राका क्रममा प्राकृतिक, धार्मिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक आदि पक्षको जानकारी हासिल हुन्छ ।

फातिमा : भनेपछि ...... ! पदयात्रामा प्रकृति, धर्मसंस्कृति, समाज, इतिहास आदिलाई नजिकैबाट जान्ने, बुझ्ने र अनुभव गर्ने अवसर प्राप्त हुँदोरहेछ ।

ईश्वर : त्यसो त स्थानीय परिवेशमा बास बस्दा, भलाकुसारी गर्दा सम्बन्धित क्षेत्रको जनजीवनलाई प्रत्यक्ष रूपमा अनुभूत गर्न पनि पाइन्छ ।

आङरिता : हो त नि, पदयात्राका क्रममा लेकबेँसी, गाउँघर, भन्ज्याङ्चौतारी, छाँगाछहरा, वनपाखा, हिमाल आदिका मनमोहक दृश्य अवलोकन गर्न पाइन्छ । दिनभरि पैदल यात्रा गऱ्यो । साँझ परेपछि पदमार्ग क्षेत्रका होमस्टेमा बास बस्यो । स्थानीय परिकार चाख्दै थकाइ माऱ्यो । फेरि भोलिपल्ट यात्रा सुरु गऱ्यो ।

सुप्रभा : आहा ! कति रोचक शैलीमा कुरा बुझायौ अनि पदयात्राको अवधि कति दिनको हुन्छ नि आङरिता ?

आङरिता : त्यो त कहाँदेखि कहाँसम्मको पदयात्रा गर्ने भन्ने कुरामा निर्भर हुन्छ । अन्नपूर्ण, लाङटाङ, माथिल्लो डोल्पा, मनास्लु, सगरमाथा आधार शिविर जस्ता उच्च हिमाली क्षेत्रका पदयात्रा दुई तीन हप्तासम्मका हुन्छन् । बडिमालिका, चिसापानी, धुन्चे, शिवपुरी, बेथान, घान्द्रुक, जिरी, सिन्धुलीगढी, मुन्धुम जस्ता पहाडी तथा उच्च पहाडी क्षेत्रका पदयात्रा दुईचार दिनदेखि पाँचसात दिनसम्मका हुन्छन् ।

*आधिकारिक : अधिकारयुक्त, वास्तविक*

*ऐतिहासिक : इतिहाससँग सम्बन्धित*

*अनुभूत : अनुभव गरिएको*

*मनमोहक : सुन्दर, मनलाई मोहित पार्ने*

फातिमा : अन्नपूर्ण पदमार्ग विश्वप्रसिद्ध पदमार्गअन्तर्गत पर्छ भन्ने सुनेकी थिएँ । त्यसका बारेमा पनि केही जानकारी लिन मन लागेको थियो ।

ईश्वर : मैले पोहोर साल अन्नपूर्ण आधार शिविरसम्मको पदयात्रा गरेको थिएँ । यो पदमार्ग लमजुङको बेँसीसहरबाट सुरु हुन्छ । त्यसपछि म खुदी, बाहुनडाँडा, धारापानी, चामे, पिसाङ, मनाङ, थोराङ ला पास हुँदै मुक्तिनाथ भएर फर्किएको थिएँ । फर्किने क्रममा मार्फा, लेते, तातोपानी जस्ता मनमोहक प्राकृतिक दृश्य हेर्ने सौभाग्य मिलेको थियो । आँखैअगाडि देखिने अन्नपूर्ण, धौलागिरि, माछापुच्छ्रे हिमालको वर्णन कुन शब्दमा गरौँ ? साँच्चै त्यहाँ पुग्दा मलाई भूस्वर्गको अनुभूति भयो ।

आङरिता : ओहो ! ईश्वर त पदयात्राका पारखी नै रहेछन् । निकै रोमाञ्चक ढङ्गमा यात्राको सार सुनाए । अन्नपूर्ण पदमार्ग विश्वका चर्चित पदमार्गमध्ये पाँचौँ स्थानमा पर्छ । नेपालका कैयौँ पदमार्ग प्राकृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण छन् । देशविदेशमा तिनको प्रचारप्रसार हुनु अपरिहार्य छ ।

सुप्रभा : ए ! मैले पनि दुई वर्ष पहिले बडिमालिकाको भ्रमण गरेकी थिएँ । त्यो धार्मिक पदयात्रा रहेछ । अहिले पो बल्ल कुरा बुझ्दै छु ।

फातिमा : (उत्साही हुँदै) मलाई पनि त्यस्तै लाग्दै छ । नेपाली जनजीवन नै पदयात्रामैत्री छ । अब सुप्रभाबाट बडिमालिका क्षेत्रको वर्णन सुनौँ न ।

सुप्रभा : बडिमालिका बाजुरा जिल्लामा अवस्थित धार्मिक तथा प्राकृतिक दुवै हिसाबले चर्चित स्थल हो । बाजुरा जिल्लाको सदरमुकाम मार्तडीबाट तीनचार दिनको पैदल यात्रापश्चात् त्यहाँ पुग्न सकिन्छ । बडिमालिका प्रसिद्ध शक्तिपीठ हो । बडिमालिकाको दर्शन गर्नाले मनोकामना पूरा हुने जनविश्वास छ । त्यहाँबाट अपिसैपाल हिमशृङ्खलाको सुन्दर दृश्यका साथै कालीकोट, मुगु, अछाम, जुम्ला, हुम्ला आदि क्षेत्रका अग्ला पहाड पनि देख्न सकिन्छ ।

*भूस्वर्ग* : *संसाररूपी स्वर्ग*

*पदयात्रामैत्री* : *पदयात्राका लागि उपयुक्त*

*मनोकामना* : *मनको इच्छा*

ईश्वर : वास्तवमा सुप्रभाले पनि आफ्नो अविस्मरणीय पदयात्रा अनुभव सुनाइन् । फातिमाले पनि कुनै न कुनै पदयात्रा गरेकै होलिन् । उनको अनुभव पनि सुन्न पाए सुनमा सुगन्ध हुन्थ्यो कि !

फातिमा : (हाँस्दै) ईश्वरले भने जस्तै मैले पनि केही दिनको यात्रा गरेकी थिएँ । त्यो पदयात्रा रहेछ । कुरा अहिले बुझ्दै छु ।

आङरिता : मलाई त हाम्रो आजको भेटघाट नै रोचक लाग्यो । ल ल फातिमा, तिम्रो पदयात्रा वर्णन सुनौँ अब ।

फातिमा : मैले केही महिनाअगाडि सिम्रौनगढको सफर गरेकी थिएँ । सिम्रौनगढ बारा जिल्लाको सिम्रौनगढ नगरपालिकामा पर्छ । वीरगन्जबाट सिम्रौनगढको पैदल यात्रा गर्ने हो भने एक दिन हिँड्नुपर्छ । प्राचीन तिरहुत क्षेत्रमा अवस्थित यो राज्य नान्यदेवले स्थापना गरेका रहेछन् । सिम्रौनगढको गढ परिसरमा कङ्काली माई, शिवलिङ्ग, रानीबास, विष्णु मन्दिर, मन्साराम बाबाको समाधि आदि दर्शनीय कुरा छन् । त्यहाँको रानीबास मन्दिर त जङ्गबहादुरका छोरा जितजङले आफ्ना पिताको स्मृतिमा निर्माण गरेका रहेछन् । सिम्रौनगढमा पुरातात्त्विक वस्तुको संरक्षण नभएको देख्दा मन नै कटक्क भयो ।

सुप्रभा : आखिर सबैसँग पदयात्राको अनुभव रहेछ । त्यसमा पनि आङरिता त पर्यटन व्यवसायी पनि हुन् । आङरिता ! हामीले पदयात्राको अनुभव साट्यौँ । मलाई लाग्छ, पदमार्ग तथा पदयात्रासम्बन्धी थुप्रै कुरामा हामी बेखबर छौँ । हामीलाई अझै स्पष्ट पारिदेऊ न ।

आङरिता : साथीहरूका पदयात्रा वर्णनका क्रममा धेरै कुरा आइसके । पदयात्रा हिमाल, पहाड, तराई सबैतिर गर्न सकिन्छ । खास गरी नेपाल पर्वतीय पदमार्गका दृष्टिले विश्वमा परिचित छ । विदेशी पर्यटक नेपालको पर्वतीय पदयात्राप्रति आकर्षित छन् । हामीले पदमार्गलाई व्यवस्थित गरी पर्यटन व्यवसायलाई प्रवर्धन गर्नुपर्छ ।

*दर्शनीय : हेर्न लायक*

*स्मृति : सम्झना*

ईश्वर : ओहो ! आङरिताले नौलो कुरा पो गरे । पदमार्गबाट कसरी पर्यटन क्षेत्रमा व्यवसायीकरण गर्न सकिएला त ?

आङरिता : सकिन्छ नि । त्यसका लागि पदमार्ग क्षेत्रमा होमस्टे सञ्चालन गर्नुपर्छ । होमस्टे सञ्चालनका लागि स्थानीय व्यक्तिलाई तालिम दिनुपर्छ । पर्यटकका लागि स्थानीय जातजातिका रीतिरिवाजअनुसार आतिथ्य सत्कारको वातावरण तयार पार्नुपर्छ । यसो गर्दा एकातिर हाम्रो कला, सभ्यता, चालचलन, वेशभूषा परम्परागत पेसा आदिको संरक्षण हुन्छ । अर्कातिर व्यवसायको संवर्धन पनि हुन्छ । विदेशी मुद्रा आर्जन हुन्छ । त्यति मात्र हो र ! पर्यटन व्यवसायमा रोजगारीको सम्भावना पनि व्यापक हुन्छ ।

फातिमा : पदमार्ग क्षेत्रमा खोलिने होमस्टेले मात्र खासै रोजगारी नबढ्ला नि आङरिता ?

आङरिता : (अलिक गम्भीर हुँदै) हो, हामीले यही कुरा बुझ्नु र बुझाउनु जरुरी छ । कसैले होमस्टेमा खपत हुने खाद्यान्न उत्पादन गर्ने, कसैले पथप्रदर्शक तालिम सञ्चालन गर्ने, कसैले पदयात्रीका लागि झोला, जुत्ता, टोपी, चस्मा, लट्ठी आदिको पसल सञ्चालन गर्ने जस्ता कैयौँ काम गर्न सकिन्छ । होइन ईश्वर ! चुपचाप छौ त, किन ?

ईश्वर : (हडबडाउँदै) मलाई आङरिताको विचार निकै दूरदर्शी लाग्यो । त्यसो त पदयात्रीले नौला सामान र खानेकुरा पनि खरिद गर्न सक्छन् । ठाउँअनुसार उपहार सामग्री, राडीपाखी, भाँडाकुँडा तथा छुर्पी, चिज, खुवा जस्ता खानेकुरासम्बन्धी घरेलु उद्योग पनि सञ्चालन गर्न सकिन्छ ।

फातिमा : बल्ल घैँटामा घाम लाग्यो । साँच्चै 'पदमार्ग' पैदल यात्राको मात्र मार्ग नभएर ज्ञान आर्जन, पेसाव्यवसाय विस्तार, विदेशी मुद्रा आर्जन, संस्कृतिको आदानप्रदान जस्ता बहुआयामिक पक्षको मार्ग रहेछ ।

*सत्कार : मानमनितो, अतिथि सम्मान*

*संवर्धन : राम्ररी बढाउने काम*

*पथप्रदर्शक : बाटो देखाउने व्यक्ति*

*दूरदर्शी : धेरै पछिसम्म हुने कुरामा विचार पुऱ्याउने*

सुप्रभा : हामीले पदमार्गका माध्यमबाट आर्थिक समृद्धिको नयाँ मार्ग खोल्न सक्ने रहेछौँ । यसका लागि मस्तिष्कमा नयाँ सोचविचार र पाखुरीमा काम गर्ने जाँगर भए पुगिहाल्यो ।

ईश्वर : हाम्रो भेटघाट असाध्यै फलदायी भयो । बरु आङरिताको निम्तामा हामीले कहिले आतिथ्य ग्रहण गर्ने होला ?

फातिमा : आङरिताको निम्ता मान्न हामीले दुईओटा पक्षमा ध्यान दिनुपर्ने देखियो । पहिलो कुरा सगरमाथा आधार शिविर जानका लागि अनुकूल मौसम र आठदश दिनको छुट्टी पनि चाहिन्छ ।

आङरिता : फातिमाको कुरा उपयुक्त छ । उनका कुरालाई ध्यान दिएर आउँदो नयाँ वर्षमा सगरमाथा आधार शिविरको पदयात्रा गरौँ न । (एकछिन कोही पनि बोल्दैनन् ।)

सुप्रभा : अब सोच्नेभन्दा पनि समय मिलाउने हो, कि कसो साथीहरू ? (हाँस्दै) मौनता स्वीकृतिको लक्षण हो ।

ईश्वर : कसैबाट पनि असमर्थ हुने कुरा आएन त । त्यसै गरौँ । हुन्न र ?

(सबै जनाबाट एकै पटक हुन्छ, हुन्छ, किन नहुनु, स्वर गुन्जन्छ ।)

फातिमा : (घडी हेर्दै) ओहो ! ११ बजिसकेछ । ल साथीहरू ! अब खाना खाऔँ । भोक लागिसक्यो । (सबै जना हात धोएर खाना खान थाल्छन् ।)

*आतिथ्य ग्रहण : अतिथिका रूपमा गरिएको निम्ता स्वीकार गर्ने काम*

*अनुकूल : समय तथा वातावरणका दृष्टिले उपयुक्त*

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| साँचो | पराजय, माला |
| नगर | दालको एक प्रकार, महिना |
| हार | रसिलो, ताजा |
| कलम | धन, मतलब |
| अर्थ | झेल, पासो |
| गोल | निषेध, सहर |
| मास | बाटुलो, अँगार |
| जाल | सत्य, ताल्चा खोल्ने साधन |
| | लेख्ने साधन, कलमी |

२. **दिइएका शब्दको अर्थ साथीसँग छलफल गरी लेख्नुहोस् :**

संयोग, पैदल, अपरिहार्य, वर्णन, जनविश्वास, समाधि, व्यापक, खाद्यान्न, खरिद

३. **दिइएका शब्दको एकभन्दा बढी अर्थ खोजी लेख्नुहोस् :**

असार, हात, कल, खरी, ताल, दर, उत्तर

४. **शब्दकोशबाट पाँचओटा अनेकार्थी शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

५. **दिइएका शब्द प्रयोग गरी 'परिश्रम' शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् :**

माध्यम, व्यवसाय, प्रस्ताव, पर्यावरण, स्थानीय, अनुभूति, सङ्घर्ष, परिसर, परिचित

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

व्यवसायी, बेलाबखत, शुभारम्भ, दौँतरी, भौगोलिक, छाँगाछहरा, भूस्वर्ग, हिमशृङ्खला, रीतिरिवाज, लेकबेँसी, अविस्मरणीय

२. **'पदमार्ग' संवाद अभिनयसहित सस्वरवाचन गर्नुहोस् ।**

३. **'पदमार्ग' संवाद पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) पदयात्रामा कुन कुन पक्षको जानकारी पाउन सकिन्छ ?

(ख) पदयात्रामा सिम्रौनगढको परिवेश कस्तो छ ?

(ग) बडिमालिका कहाँ पर्छ ?

(घ) साथीबिच कसरी घनिष्ठता बढ्छ ?

(ङ) 'सगरमाथा आधार शिविरसम्मको पदयात्रा गरेर हाम्रो अभियान शुभारम्भ गरौँ' भनाइ कसले भनेको अनुच्छेदमा छ ?

४. **'पदमार्ग' संवाद पढी दिइएका भनाइ कुन कुन पात्रका हुन्, भन्नुहोस् :**

(क) घरपरिवारलाई पनि समय दिनैपर्‍यो ।

(ख) संयोगले हामी दौँतरी मुलुकको पूर्व, पश्चिम, उत्तर र दक्षिणका परेछौँ ।

(ग) मैले पोहोर साल अन्नपूर्ण आधार शिविरसम्मको भ्रमण गरेको थिएँ ।

(घ) होमस्टे सञ्चालनका लागि स्थानीय व्यक्तिलाई तालिम दिनुपर्छ ।

(ङ) अब सोच्नेभन्दा पनि समय मिलाउने हो ।

५. **'पदमार्ग' संवादको 'मैले केही महिनाअगाडि .... मन नै कटक्क भयो ।' संवादांश जस्ताको त्यस्तै लेख्नुहोस् ।**

६. **'पदमार्ग' संवाद पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) कस्ता स्थानमा पदयात्रा गर्न सकिन्छ ?

(ख) अन्नपूर्ण पदमार्गका विशेषता के के हुन् ?

(ग) विदेशी किन नेपालको पर्वतीय पदयात्राप्रति आकर्षित छन् ?

(घ) पर्यटन व्यवसायका माध्यमबाट कसरी रोजगारी बढाउन सकिन्छ ?

७. **व्याख्या गर्नुहोस् :**

नेपालका कैयौँ पदमार्ग प्राकृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण छन् ।

८. **'पदमार्ग' संवादमा प्रयुक्त हिमाली परिवेशको वर्णन गर्नुहोस् ।**

९. **'पदमार्ग विदेशी मुद्रा आर्जनको भरपर्दो माध्यम हो ।' यो भनाइलाई पुष्टि गर्नुहोस् ।**

१०. **'पदमार्ग' संवादको मुख्य सार लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

११. **दिइएको अनुच्छेद मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

कुनै निश्चित विषयमा केन्द्रित भएर दुई वा दुईभन्दा बढी पात्रबिच गरिने छलफल नै संवाद हो । संवादमा पात्र लगातार बोलिरहने क्रम मात्र नदेखाई कार्य तथा हाउभाउलाई पनि सङ्केत गर्नुपर्छ । विशेषत: संवाद लेख्दा पात्रको हाउभाउलाई कोष्ठकभित्र राख्नुपर्छ । संवादको पृष्ठभूमिमा स्थान, समय र वातावरणलाई पनि कोष्ठकभित्र राख्नुपर्छ । यसो गर्दा संवाद यथार्थपरक र जीवन्त बन्न पुग्छ । पात्रद्वारा सम्बन्धित विषयमा तर्कवितर्क गराई संवादलाई रोचक बनाउनुपर्छ । संवादमा पात्रका माध्यमबाट भन्नुपर्ने कुरा समेट्नुपर्छ । संवादमा पात्रको स्तरअनुसारको भाषाशैली प्रयोग गर्नुपर्छ । एउटै पात्रका माध्यमबाट लामो अभिव्यक्ति दिइरहनु उपयुक्त हुँदैन । संवादका पात्रका छलफलबाट विषयवस्तुको निष्कर्ष झल्किनुपर्छ ।

**प्रश्नहरू**

(क) संवादमा पात्रको हाउभाउलाई कहाँ राख्नुपर्छ ?

(ख) संवादलाई रोचक बनाउन के गर्नुपर्छ ?

(ग) संवादमा कस्तो भाषाशैली प्रयोग गर्नुपर्छ ?

(घ) संवादमा के कुरालाई ध्यान दिनुपर्छ ?

१२. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

(अतुल र स्वस्तिका विद्यालयबाट घर फर्किँदै छन् ।)

अतुल : स्वस्तिका, मलाई एउटा कुरा बुझाइदेऊ न ।

स्वस्तिका : पहिला तिमीले के कुरा बुझेनौ । त्यो भन न ।

अतुल : मैले पुस्तकालयबाट एउटा किताब घरमा लगेर पढेँ । त्यो किताबमा भएको 'मानिसले प्रकृतिबाट धेरै कुरा सिक्छ' भन्ने कुरा बुझ्न कति कोसिस गरेँ तर सकिनँ ।

स्वस्तिका : (हाँस्दै) कुरा त ठिकै त हो । मानिसले कैयौँ कुरा प्रकृतिबाट नै सिकिरहेको हुन्छ ।

अतुल : (स्पष्ट हुन खोज्दै) सुन न । कुनै पनि कुरा भन्नका लागि भन्नु बेग्लै हो तर मलाई यस विषयमा उदारहणसहित पुष्टि गरिदेऊ न ।

स्वस्तिका : ल सुन, मानिसले प्रकृतिबाट सिकेर काम गरेका धेरै उदाहरण छन् । जस्तै : चरा उडेको देखेर हवाइजहाज उडाउनु, रुखबाट स्याउ जमिनतिर झरेको देखेर गुरुत्वाकर्षण नियम पत्ता लगाउनु । माछा पानीमा पौडेको देखेर मानिसले पौडी खेल्न सिक्नु ।

अतुल : ओहो ! तिम्रो दिमागलाई मान्नैपर्छ । तिमीले मेरो जिज्ञासालाई उदाहरणसहित पुष्टि गरिदियौ ।

माथिको कुराकानीमा अतुलको जिज्ञासालाई स्वस्तिकाले उदाहरणसहित पुष्टि गरेकी छन् । कसैले जिज्ञासा राख्दा तपाईं कसरी स्पष्ट पार्नुहुन्छ, कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेदबाट पूर्ण पक्षका क्रियापद पहिचान गरी छलफल गर्नुहोस् :**

बुबा हिजो फलफूल बेच्न बजार जानुभएको थियो । बुबासँग बहिनी पनि बजार गएकी थिइन् । म चाहिँ दिनभर घरमा बसेको थिएँ । आज आमा बैठकमा जानुभएको छ । आमासँग भाइ पनि हिँडेका छन् । भोलि १० बजे हजुरआमा अस्पताल पुग्नुभएको हुने छ । उहाँ अस्पतालमा आँखा जँचाएर दिउँसो घर फर्कनुभएको हुने छ । हजुरआमासँग म पनि हिँडेको हुने छु ।

२. **दिइएको अनुच्छेद पढी अज्ञात र अभ्यस्त पक्षका क्रियापद पहिचान गरी लेख्नुहोस् :**

हिजो चौतारामा एक जना दाइ आउनुभएछ । उहाँसँग सारङ्गी पनि रहेछ । उहाँले सारङ्गी रेट्दै गीत गाउनुभएछ । उहाँले उहिलेका कुरा सुनाउनुभएछ । पहिले गाउँघरको जनजीवन कष्टकर हुन्थ्यो । गाउँघरका उत्पादनलाई बोकेर बजारसम्म पुऱ्याउनुपर्थ्यो । नुनतेल, कपडा जस्ता वस्तु बोकेर घरसम्म ल्याउनुपर्थ्यो । हाम्रा हजुरबुबा पनि यस्ता कुरा सुनाउनुहुन्थ्यो । भाइबहिनीहरू पुराना जमानाका कुरा सुनेर छक्क परेछन् ।

३. **कोष्ठकमा दिइएका सङ्केतमा आधारमा खाली ठाउँ भर्नुहोस् :**

(क) उनीहरूले नेपाली चलचित्र .......... । (हेर् : वर्तमान काल, पूर्ण पक्ष)

(ख) सुजनले भलिबल खेल ................. । (जित् : भूतकाल, पूर्ण पक्ष)

(ग) मनिषा परियोजना कार्य ................ । (गर् : भविष्यत् काल, पूर्ण पक्ष)

(घ) म कविता प्रतियोगितामा प्रथम .................. । (हु : अज्ञात पक्ष)

(ङ) मौरीले घरका खोपामा मह .................. । (बनाउ : अभ्यस्त पक्ष)

(च) फुपूले मलाई उपहार .................. । (ल्याउ : अज्ञात पक्ष)

(छ) तिमी राम्रो कविता .................. । (लेख् : अभ्यस्त पक्ष)

४. **अज्ञात पक्ष जनाउने फरक फरक क्रियापदको प्रयोग गरी १० वाक्यमा आफ्नो समुदायमा भएको परिवर्तनबारे वर्णन गर्नुहोस् ।**

५. **दिइएको अनुच्छेद पढी 'ऋ', 'रि' प्रयोग भएका शब्द टिपोट गर्नुहोस् :**

ऋषिराम र ऋषभीले बैङ्कबाट ऋण लिए । उनीहरू रिडीमा हस्तकलामा सामान बिक्री कक्ष खोल्दै छन् । भोलि समुदायका जेष्ठ सदस्यबाट रिबन काटेर उक्त कक्ष उद्घाटन हुने छ । रिमा र ऋषभले रित पुऱ्याएर भोलिको कार्यक्रम सञ्चालन गर्ने छन् ।

६. **'ऋ', 'रि' प्रयोग भएका पाँच पाँचओटा शब्द सङ्कलन गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ७ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) महिलाले लेखकलाई आश्चर्य चकित भएर हेरिन् ।

(ख) मृत्युसहित हरेक रोगको ओखती हुन्छ ।

(ग) लेखकका लागि सङ्गीत पुरातन कला हो ।

(घ) लेखकसँग प्रकृति र सङ्गीत दुवै बुझ्ने थुप्रै साथी थिए ।

२. **सुनाइ पाठ ७ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) सफलताको आधारभन्दा बढी श्रेय केलाई दिनुपर्छ ?

(ख) लेखक कुन विषयलाई गर्व मान्थे ?

(ग) सङगीत कसरी सर्वप्रिय छ ?

(घ) कसले लेखकलाई सङ्गीत नछाड्नु भनेका थिए ?

## सिर्जना र परियोजना कार्य


१. **'हाम्रो संस्कृति' शीर्षकमा छोटो संवाद लेख्नुहोस् ।**

२. **तपाईँलाई मन पर्ने कुनै रेडियो कार्यक्रम सुन्नुहोस् र त्यसका मुख्य मुख्य विषयवस्तु टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ८

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**



कवि स्रष्टा हो र उसले भाषाका माध्यमबाट कविताको सिर्जना गर्छ । त्यस्तो सिर्जना जसले पाठकलाई लोभ्याउँदै कुनै सन्देश प्रवाहित गरेको हुन्छ । कविता आफैँमा भाव वा विचार, भाषा र लयको संयुक्त स्वरूप भएकाले पनि यो सबैका लागि रुचिको विषय मानिन्छ । यसलाई लयबद्ध संरचनाका कारण विभिन्न किसिमबाट मिठासपूर्ण तरिकाले वाचन गर्न सकिन्छ । त्यस्तै देशको विकासका लागि विभिन्न योजना र प्रतिबद्धताका साथ देशभक्तिलाई दर्साउँदै तयार पारिएको तलको कविता पढौँ ।

मूल पाठ

८

# फर्क आफ्नै देश

*विक्रमपवन परियार*



हिमाल जस्तो स्वाभिमान भएको
बुद्धको जस्तो विचार भएको
म एक वीर गोर्खाली हुँ
म स्वाभिमानी श्रमशील नेपाली हुँ ।

अदम्य साहस बोकेर हिँडेका पैतालामा
र तराईको फाँट जस्तो फराकिलो छातीमा
आफ्नै माटाको रङ टाँसेर निधारभरि
पाइला चाल्नु छ
देश बनाउने अभियानमा ।

## शब्दार्थ

*स्वाभिमान* : *आफ्नो प्रतिष्ठा र महत्त्वमाथिको गरिमा*
*अदम्य* : *कुनै पनि किसिमले दबाउन नसकिने*
*अभियान* : *निश्चित उद्देश्य प्राप्तिका लागि गरिने प्रयास*

छोडेर परदेशमै हरियो पासपोर्ट
फर्किनु छ आफ्नै घर आँगनमा
र आफ्नै पसिनाले सिँचाइ गरेर
उर्वर बनाउनु छ अबको बाँकी युग ।

गाउँमा चर्किएका घरका भित्ताहरू
माटाले टालेर सुन्दर बनाउनु छ
खेतमा चिरा परेका गराहरू
आफ्नै पसिनाले ओसिलो बनाउनु छ
फुलाउनु छ पहाडहरूमा रातो गुँरास
जब देश स्वतन्त्र भएर बाँच्छ
तब पो यो निश्चल आँखामा हिमाल हाँस्छ
डाँफे चरीका रङ्गीन प्वाँख जस्तै
रङ्ग्याउन बाँकी छ मेरो देशको सपना
र देशको खम्बा भएर बाँच्नु छ मलाई ।

लालुपाते जस्तो रातो सपना बोकेर
अक्करे भिरमा मुस्कुराइरहेको गुँरास झैँ
सगरमाथा चढ्ने आरोहीका पैताला झैँ
हामीले यसै युगका गीत लेखौँ
दृढ अठोटका साथ
श्रम पसिना र विकासको सङ्गीत लेखौँ ।

*पासपोर्ट : राहदानी*
*उर्वर : धेरै उब्जनी हुने*
*ओसिलो : अलि अलि चिसो, सेपिलो*
*निश्चल : स्थिर, परिवर्तन नहुने*
*आरोही : हिमाल, पहाड आदिमा चढ्ने वा उक्लने*

अब खनौँ आफ्नै बाटो कोदाली भएर
अब जोडौँ हजार सपनाहरू पुल भएर
फर्क युवा हो फर्क
यो देशको इतिहास हामी आफैँले लेख्नुपर्छ ।

युग बदल्ने जोसिला पाइलाहरू
ऊर्जाशील मुट्ठीहरू
गोलीले छेड्न नसक्ने छातीहरू
आऊ परिवर्तनको एउटा युगान्तकारी नक्सा कोरौँ
अनि पो देश बाँच्न सक्छ
फर्क युवा हो देश फर्क
हामी हाम्रो पिँढीका लागि देश भएर बाँचौँ
सन्देश दिएर बाँचौँ ।

*ऊर्जाशील : शक्ति वा उत्साहले भरिपूर्ण*

*युगान्तकारी : एक युग समाप्त गरी अर्को युग ल्याउने*

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| साहस | जमाना |
| परदेश | खाँबो, थाम |
| प्वाँख | प्रचलन |
| खम्बा | कठिन अवस्थामा पनि काम गर्ने आँट |
| अक्कर | चराको भुत्ला |
| युग | विगतका घटनाको वर्णन |
| इतिहास | यताउति जान नसकिने अप्ठ्यारो स्थिति |
| | विदेश |

२. दिइएको अनुच्छेद पढी लघुतावाची शब्द टिपोट गर्नुहोस् :

आमाले काँक्रो चिर्नुभयो । मैले एक चिम्टी नुन र एक ढिँडी खुर्सानी पिसेँ । भाइले सबै जनालाई काँक्राका एक एकओटा चिरा बाँढ्यो । सुवानी सानो लौरी टेकेर टुप्लुक्क आइपुगिन् । उनले कम्मरमा पटुकी, निधारमा टिकी र नाकमा फूली लगाएकी रहिछन् । उनी तिर्खाएकी हुनाले पहिले एक अम्खोरी पानी पिइन् त्यसपछि एक चिरो काँक्रो खाइन् ।

३. दिइएका लघुतावाची शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

पोटी, पोथ्रो, त्यान्द्रो, चोइटो, पित्को, कर्द, ठेकी

४. दिइएका शब्द प्रयोग गरी अनुच्छेद लेख्नुहोस् :

स्वाभिमान, पसिना, परदेश, सपना, आरोही, ओसिलो, ऊर्जाशील, उर्वर

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

हिमाल, गोर्खाली, अदम्य, पहाड, सगरमाथा, इतिहास, पाइला, कोदाली

२. **'फर्क आफ्नै देश' कविता गति, यति, लय मिलाई लयबद्ध वाचन गर्नुहोस् ।**

३. **'फर्क आफ्नै देश' कविता पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) हाम्रा पैताला के बोकेर हिँडेका छन् ?

(ख) हामीले बाँकी युगलाई कस्तो बनाउनुपर्छ ?

(ग) देशको सपनालाई कसरी रङ्ग्याउन बाँकी छ ?

(घ) हामी कसका लागि देश भएर बाँच्नुपर्छ ?

(ङ) देश बनाउने अभियानको सन्दर्भ कुन अनुच्छेदमा आएको छ ?

४. **'फर्क आफ्नै देश' कविताको 'गाउँमा चर्किएका .... बाँच्नु छ मलाई' कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) खेतमा चिरा परेका गरालाई कसरी ओसिलो बनाउनुपर्छ ?

(ख) 'देशको खम्बा भएर बाँच्नु छ मलाई' भन्नुको तात्पर्य के हो ?

५. **'फर्क आफ्नै देश' कविता पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) हामी कस्तो अभियानमा हिँड्नुपर्छ ?

(ख) कुन अवस्थामा कविका आँखामा हिमाल हाँस्छ ?

(ग) हामीले किन यो युगको गीत लेख्नुपर्छ ?

(घ) अबको युगलाई कसरी उर्वर बनाउनुपर्छ ?

६. **व्याख्या गर्नुहोस् :**

हामी हाम्रो पिँढीका लागि देश भएर बाँचौँ ।

७. 'फर्क आफ्नै देश' कवितामा नेपाली युवालाई किन स्वदेश फर्किन आह्वान गरिएको छ, चर्चा गर्नुहोस् ।

८. 'फर्क आफ्नै देश' कविताको मूल सन्देश लेख्नुहोस् ।

९. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

घाटु लोकगाथामा आधारित एक प्रकारको गीतिनाटक भए पनि मुख्यतः यसलाई नाचकै रूपमा लिइन्छ । यसलाई गीतका रूपमा समेत व्याख्या गरिएको पाइन्छ । यसका लेखक को हुन् भन्ने अहिलेसम्म कुनै आधार भेटिएको छैन । यो एक प्रकारको मिथक हो र यसका पात्र सबै काल्पनिक हुन्छन् । यसका मुख्य पात्रमा राजा परशुराम र रानी यम्फावती छन् । राजा परशुरामले सिकार खेल्ने क्रममा नवलपुर भन्ने ठाउँमा यम्फावतीलाई भेट्छन् । त्यसपछि उनीहरू एकअर्कालाई मन पराएर विवाह बन्धनमा बँधिन्छन् । उनीहरू खुसीसाथ जीवन बिताउँदै गर्दा उनीहरूलाई अकस्मात् एउटा आपत् आइपर्छ । त्यो भनेको उनीहरूको इच्छा विपरीत युद्धमा होमिनुपर्ने बाध्यकारी अवस्था हो । राजा अलि हठी स्वभावका भएकाले आत्मसमर्पण नगरी उनी युद्धमा होमिन्छन् । बहादुरीपूर्ण लडाइँ लड्दालड्दै उनको युद्धस्थलमै मृत्यु हुन्छ । त्यसपछि रानी यम्फावती सती जाने तयारी गर्छिन् । त्यस वेला सती जानैपर्ने कुप्रथा कायमै थियो । सती जानुभन्दा पहिले उनले दरबारका आफ्ना आफन्त सबैसँग बिदा माग्छिन् । कामदारलाई अलिकति पनि विचिलत नभईकन अहराइपराइ गर्छिन् । धाईआमालाई आफ्नो नाबालक छोरालाई राम्ररी हेरचाह गर्नू है भनी अह्राउँछिन् र सम्पूर्ण व्यवस्था मिलाउँछिन् । त्यसपछि आफ्नो नाबालक छोरालाई अँगाल्छिन् । चुम्बन गर्दै डाँको छाडेर रुन्छिन् । यस वेला दरबारमा आँसु नझार्ने र नरुने भन्ने कोही हुँदैन ।

(घाटुनाच : राजकुमार गुरुङ)

प्रश्नहरू

(क) घाटुनाच केमा आधारित हुन्छ ?

(ख) घाटुनाचका नायक र नायिका को को हुन् ?

(ग) राजको स्वभाव कस्तो थियो ?

(घ) रानी यम्फावती किन डाँको छोडेर रुन्छिन् ?

१०. **प्रश्न नम्बर ९ मा दिइएको अनुच्छेद पढी सारांश लेख्नुहोस् ।**

११. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

धादिङ जिल्लाको सिम्ले गाउँमा बस्ने रुक्सा थापाले सडक दुर्घटनामा परेर एउटा हात र एउटा खुट्टा गुमाउनुपर्‍यो । उनी गुमेका हातखुट्टाको चिन्ता लिएर बसेकी छैनन् । उनी दिनहुँ नृत्य साधना गर्छिन् । उनको भविष्यमा सफल नर्तकी बन्ने सपना छ । उनको नृत्य हेर्ने सबैले ताली बजाएर स्याबासी दिएर मुक्तकण्ठले प्रशंसा गर्छन् ।

तपाईं अरूले गरेका राम्रा कामको प्रशंसा कसरी गर्नुहुन्छ, अभिनयसहित कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएका विषयवस्तु पढ्नुहोस् र छलफल गर्नुहोस् :**

| क्र.स. | कारक | अर्थ वा कार्य | विभक्ति | विभक्ति चिह्न |
|---|---|---|---|---|
| १. | कर्ता | काम गर्ने वाला | प्रथमा | ले/बाट/द्वारा |
| २. | कर्म | गरिने कार्य/फल भोग्ने | द्वितीया | लाई |
| ३. | करण | साधन | तृतीया | ले/बाट/द्वारा |
| ४. | सम्प्रदान | दान/प्रदान | चतुर्थी | लाई/लागि/निम्ति |
| ५. | अपादान | छुट्टिने बिन्दु | पञ्चमी | देखि/बाट |
| ६. | - | - | षष्ठी | को/का/की, रो/रा/री, नो/ना/नी |
| ७. | अधिकरण | आधार/रहने स्थान | सप्तमी | मा |

२. **दिइएका वाक्यमा रेखाङ्कित पदको कारक पहिचान गर्नुहोस् :**

(क) अर्जेन्टिनाका खेलाडीले सन् २०२२ को विश्वकपको उपाधि जिते ।

(ख) हामीले नयाँ कलमले लेख्यौँ ।

(ग) वैतरणी धाममा पर्यटकका लागि आवासको व्यवस्था छ ।

(घ) उहाँको खल्तीबाट मोबाइल खसेछ ।

(ङ) टेबुलमा छरिएका किताब मिलाउनुहोस् ।

३. **दिइएका वाक्यमा रेखाङ्कित पदमा लागेका विभक्तिका नाम लेख्नुहोस् :**

(क) झुमाले चित्र बनाउन सकिन् ।

(ख) मैले हातले भात खाएँ ।

(ग) छेदेन रसुवाबाट काठमाडौँ हिँडे ।

(घ) स्वयम्सेवकले मेलामा सबैलाई पानीको बोतल दिए ।

(ङ) आमाबुबालाई सम्मान गर्नुहोस् ।

४. **ले, लाई, देखि, नो, बाट, रा, मा विभक्ति प्रयोग गरी 'अनुशासन' शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।**

५. **दिइएका शब्द शिक्षकबाट सुनेर लेख्नुहोस् :**

छाता, क्षमा, ओछ्यान, क्षति, छेपारो, क्षण, अक्षर, क्षत्रीय, छवि, राक्षस, क्षितिज, छुचुन्द्रो, भिक्षु, साक्षर, अध्यक्ष, छुच्चो, कक्षा, पक्ष, छ्वास्स, लक्षण, छल्याङ, क्षेप्यास्त्र, लक्ष्य, परिप्रेक्ष्य, आरक्षण, छेस्को, उपलक्ष्य, छुल्याहा, परिच्छेद, अनुच्छेद, चक्षु, छिचिमिरो

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ८ सुन्नुहोस् र सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) कविलाई रुखमुनि ध्यानस्थ हुँदा कस्तो अनुभूति हुन्छ ?

(ख) कविलाई रुखले के के दियो ?

(ग) कविले किन रुखलाई अदृश्य भगवान् जस्तै ठाने ?

(घ) यस कविताको सार के हो ?

२. **कविले रुखको महत्त्व कसरी दर्साएका छन्, कविताका आधारमा भन्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **दिइएका शीर्षकमा गद्य कविता रचना गर्नुहोस् :**

(क) किसान (ख) वसन्त ऋतु

२. **कुनै साहित्यिक पत्रिकामा प्रकाशित गद्य कविता खोजी कक्षामा सुनाउनुहोस् ।**

## पूर्व पठन

१. **दिइएका प्रश्न र चित्रका बारेमा छलफल गर्नुहोस् :**







(क) तपाइँको परिवारको आम्दानीका स्रोत के के हुन् ?

(ख) तपाइँको समुदायमा आम्दानीका लागि गरिने मुख्य पेसा व्यवसाय के हो ?

(ग) समाजमा आम्दानीका परम्परागत माध्यम के के छन् ?

(घ) आम्दानीका परम्परागत माध्यमबाट कसरी बढी आम्दानी गर्न सकिएला ?

मूल पाठ

# ९ नेपालको वैदेशिक व्यापार



कुनै पनि वस्तु वा मालसामान खरिद अथवा उत्पादन गरेर बिक्रीवितरण गर्ने कार्यलाई व्यापार भनिन्छ । व्यापारको सामान्य उद्देश्य नाफा कमाउनु हो तथापि यसलाई नाफामूलक र सेवामूलक व्यवसाय मान्ने गरिन्छ । वस्तु वा मालसामानको प्रकृतिअनुसार व्यापारलाई सामान्यतः स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी तीन भागमा वर्गीकरण गर्ने गरिन्छ । स्थानीय व्यापार भन्नाले स्थानीय स्तरमा उत्पादित वस्तु वा मालसामान त्यहीँ बेचबिखन गर्ने भन्ने बुझिन्छ । राष्ट्रिय व्यापारअन्तर्गत देशका कुनै भूभागमा वस्तु वा मालसामान उत्पादन गरी देशभित्रकै अर्को स्थानमा किनबेच गरिन्छ । यदि अर्को मुलुकमा वस्तु वा मालसामान किनबेच हुन्छ भने त्यसलाई अन्तर्राष्ट्रिय व्यापार भनिन्छ ।

मानिसले मुद्राको प्रचलन हुनुभन्दा अगाडि अन्न, वस्तुभाउ, सामान आदि साटासाट गरेर आवश्यकता पूरा गर्थे । यस्तो तरिकालाई वस्तु विनिमय भनिन्छ । वस्तु विनिमय प्रथामा तत्कालको खाँचो टरे पनि धेरै समस्या हुन्थे । वस्तुको स्तर मापनको अभाव, वस्तु विभाजन गर्न कठिनाइ, भण्डारण गर्ने समस्या तथा साटिने दुई फरक वस्तुबिचको मात्रा निर्धारणमा समस्या वस्तु विनिमय प्रणालीका प्रमुख समस्या हुन् । मुद्राको प्रचलन भएपछि व्यापार व्यवसायमा सहज भएको देखिन्छ । स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तीनै किसिमका व्यापारको आधार मुद्रा हो ।

नेपाल प्राचीन कालदेखि नै व्यापार व्यवसायमा समृद्ध रहेको कुरा विदेशी यात्रीका पुस्तक तथा ऐतिहासिक सामग्रीमा उल्लेख छ । लिच्छविकालमा नेपालमा कृषि र पशुपालनका साथै मूर्ति उद्योग, धातु उद्योग, तेल उद्योग आदिसँग सम्बन्धित व्यवसाय अर्थतन्त्रका प्रमुख आधार थिए । नेपालमा त्यस बखत बाह्य व्यापार विशेषत: तिब्बत र भारतसँग हुने गर्थ्यो । व्यापारलाई सहज बनाउन सुन, चाँदी तथा तामाका मुद्रा प्रचलनमा ल्याइएका थिए । सेनवंशीका पालामा कृषि तथा घरेलु उद्योगको राम्रो विकास भएको थियो । त्यस वेलामा चर्मकार, लौहकार, सुवर्णकार, ताम्रकार जस्ता व्यावसायिक वर्ग विभाजन गरिएको थियो । सेनवंशीका पालामा पाल्पा राज्य भारत र तिब्बतको प्रमुख व्यापारिक केन्द्र थियो । यही व्यापारिक केन्द्रबाट जुहारत, कपास, ऊन, धागो, जडीबुटी, घोडा, हात्ती, खाद्यान्न तथा फलाम निर्यात गरिन्थ्यो । पाल्पा राज्यले व्यापारिक विकासका लागि सामाकोट थुम्कामा टकसार कार्यालय स्थापना गरेको थियो । यही टकसारमा विभिन्न मुद्रा बनाइन्थे ।

### शब्दार्थ

*विनिमय* : *एउटा वस्तु दिएर अर्को वस्तु लिने काम*

*मापन* : *नाप्ने काम, माप*

*प्रणाली* : *कुनै काम गर्ने विधि, पद्धति*

*अर्थतन्त्र* : *सरकारको रुपियाँपैसासम्बन्धी काम गर्ने प्रणाली*

*चर्मकार* : *छालाको काम गर्ने मानिस*

*लौहकार* : *फलामको काम गर्ने मानिस*

*सुवर्णकार* : *सुनको काम गर्ने मानिस*

*ताम्रकार* : *तामाको काम गर्ने मानिस*

*टकसार* : *धातुबाट सिक्का बनाउने सरकारी कार्यालय*

मल्लकालीन नेपाललाई अर्थतन्त्रको स्वर्णकाल मानिन्छ । यस बखतमा उद्योगधन्दा तथा व्यापारिक समृद्धिले नै सबल अर्थतन्त्रको आधारशीला निर्माण भएको पाइन्छ । मल्लकालमा काष्ठकला, वास्तुकला, मूर्तिकला तथा धातुकलाको अत्यधिक विकास भएको थियो । घर घरमा तान राखेर कपडा बुनिन्थ्यो । तामा, पित्तल र फलामका भाँडाकुँडा उल्लेख्य मात्रामा उत्पादन गरिन्थ्यो । तेल पेल्ने उद्योग पनि फस्टाएका थिए । सुनचाँदीका गहना पनि विदेशी बजारसम्म पुग्थे । मल्लकालीन समयमा आन्तरिक तथा बाह्य दुवै किसिमका व्यापार सञ्चालित थिए । तिब्बतको राजधानी ल्हासामा नेपाली वाणिज्य दूतावास स्थापना गरिएको थियो । नेपालले तिब्बतमा झैँ भारतमा पनि निर्वाध रूपमा व्यापार गर्ने गर्थ्यो । सुनौली, पटना, बनारस जस्ता भारतका प्रमुख व्यापारिक केन्द्रमा नेपाली व्यापारिक कोठी खोलिएका थिए । उति बेला नेपालले भारतमा खाद्यान्न, औषधीजन्य जडीबुटी, धातुका सामान, धूप, रङ, हाड, छाला आदि निर्यात गर्थ्यो भने मसला, नुन, रेसमी कपडा आदि आयात गर्थ्यो । मल्ल राजामध्ये महेन्द्र मल्ल, प्रताप मल्ल र सिद्धिनरसिंह मल्लले व्यापारको विकास तथा विस्तारमा विशेष योगदान दिएको पाइन्छ । महीन्द्र मल्लले महेन्द्रमल्ली नामक मुद्रा प्रचलनमा ल्याएका थिए । प्रताप मल्लले तिब्बतसँग व्यापार सञ्चालन गरेका थिए । सिद्धिनरसिंह मल्लले गोरखासँग व्यापारिक सम्बन्ध विकास गरेका थिए ।

शाहवंशीय राजा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाका राज्य एकीकरण गरेपछि पनि नेपालबाट तिब्बत तथा भारतबिचको अन्तर्राष्ट्रिय व्यापारले निरन्तरता पाएको थियो । बहादुर शाहका शासनकालमा तिब्बतसँग युद्ध भएपछि नेपाल र तिब्बतबिच खटपट भयो । यस बखत नेपाल सम्पूर्ण रूपमा एकीकरणमा केन्द्रित भएका कारण खाद्यान्न, भाँडाकुँडा, हस्तकला, मूर्तिकला, कपडा जस्ता वस्तुको उत्पादन कम हुन थाल्यो । फलस्वरूप नेपालले पर्याप्त मात्रामा सामान निर्यात गर्न सकेन । राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको शासनकालमा पुन: नेपाल र तिब्बतबिच युद्ध भयो । राणाकालीन समयमा मुलुकमा उद्योगधन्दा निर्वाहमुखी ढङ्गमा सञ्चालित भए । यस समयमा इँटा उद्योग, काष्ठ उद्योग

*वास्तुकला : भवन निर्माण गर्ने शिल्प वा कालिगढी*

*वाणिज्य : व्यापार*

*दूतावास : कुनै देशमा अन्य देशका अधिकारी रहने ठाउँ*

*एकीकरण : एउटै बनाउने काम*

*निर्वाहमुखी : काम चलाउ स्थिति*

र धातु उद्योगले अन्य उद्योगका तुलनामा फस्टाउने अवसर पाए । राणाकालमा तिब्बतसँग सिमाना जोडिएका नेपालको रसुवा, मनाङ, मुस्ताङलगायत भूभागबाट मात्र तिब्बतसँग सीमित व्यापार हुन थाल्यो । भारतमा चाहिँ कृषिजन्य वस्तु, औषधीजन्य जडीबुटी, पशुजन्य उत्पादन, काठ आदिको निर्यात हुन्थ्यो ।

नेपालले वि.सं. २००७ को प्रजातन्त्र स्थापनापश्चात् विभिन्न मुलुकसँग दौत्य सम्बन्ध कायम राख्न सफल भयो । नेपालमा विदेशी पर्यटकको आवागमन वृद्धि भयो । विदेशी पर्यटकको आवागमनसँगै नेपाली हस्तकला, वास्तुकला, तयारी पोसाक, गलैँचा आदिले तेस्रो मुलुकमा प्रवेश पायो । यार्चागुम्बा, चिया, कफी, अलैँची, जुट जस्ता जडीबुटी तथा नगदेबाली विश्व बजारमा पुगिसकेका छन् । यहाँका गोलभँडा खुर्सानी, तितेकरेला, काउली, बन्दा, आलु जस्ता तरकारीले खाडी मुलुकमा बजार पाइरहेका छन् । हाल नेपालबाट विदेश निर्यात हुने प्रमुख वस्तुमा कृषिजन्य वस्तु, तयारी पोसाक र औषधीजन्य जडीबुटी, पशुजन्य कच्चा पदार्थ आदि पर्छन् ।

नेपालले वैदेशिक व्यापारमा प्रत्येक आर्थिक वर्ष व्यापार घाटा सहनुपरेको छ । मुलुकको अर्थतन्त्रका लागि यो गम्भीर विषय हो । नेपाली जनशक्ति विदेश पलायन हुनु तथा घरेलु प्रकृतिका उत्पादनमा मात्र सीमित हुनु समस्याको कुरा हो । निर्वाहमुखी कृषि उत्पादन, औद्योगिकीकरणप्रतिको निष्क्रियता, कच्चा पदार्थको आयात आदिका कारण पनि नेपालको वैदेशिक व्यापारमा चुनौती बढेको छ । विदेशी मुद्राका तुलनामा नेपाली मुद्राको अवमूल्यन हुनु नेपालको वैदेशिक व्यापार घाटाको प्रमुख कारण हो ।

नेपालले वैदेशिक व्यापार घाटा निराकरणका लागि आफ्ना जनशक्तिलाई स्वदेशमै रोजगारीको अवसर प्रदान गर्न सक्नुपर्छ । कपडा, जुत्ताचप्पल, कागज, खाने तेल जस्ता उपभोग्य वस्तुमा आत्मनिर्भर हुन सक्नुपर्छ । प्राकृतिक संसाधनको समुचित उपयोग गर्नुपर्छ । विदेशमा उच्च माग भएका गलैँचा, मूर्ति जस्ता वस्तुलाई घरेलु उत्पादनबाट

*दौत्य : दूतले गर्ने काम वा कर्तव्य*

*आवागमन : आउने जाने काम*

*कच्चा पदार्थ : उपभोग गर्नुभन्दा अगिल्लो अवस्थाको वस्तु*

*औद्योगिकीकरण : देशलाई उद्योगप्रधान बनाउने कार्य*

*अवमूल्यन : कुनै वस्तुको मूल्य घट्ने वा महत्त्व कम हुने क्रिया*

*निराकरण : समाधान गर्ने उपाय*

औद्योगिक उत्पादनमा रूपान्तरण गर्नुपर्छ । कृषिजन्य आयातलाई कम गर्नुपर्छ । यसो गर्दा एकातिर उत्पादन वृद्धि हुन्छ भने अर्कातिर लागत मूल्य कम पर्न जान्छ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण र आधुनिकीकरण गर्नु अपरिहार्य छ । भौगोलिक विविधताअनुसार अन्नबाली, फलफूल, माछा, पन्छीजन्य तथा पशुजन्य उत्पादनमा लगानी बढाउनुपर्छ । धान, मकै, कोदो जस्ता अन्नबाली तथा स्याउ, केरा, आँप, मेवा जस्ता फलफूलको उत्पादन बढाउनुपर्छ । माछा, हाँस, कुखुरा, अन्डा आदिमा आत्मनिर्भर हुनुपर्छ । गाई, भैँसी, भेडा, बाखा, च्याङ्ग्रा जस्ता पशुपालन गरी दुध, मासु, ऊन जस्ता पशुजन्य वस्तुको उत्पादन बढाएर आत्मनिर्भर हुनुपर्छ । विदेशमा अत्यधिक माग भएका चिया, अलैँची, कफी, मह आदिको उत्पादन बढाउनुपर्छ । नेपाल कृषिप्रधान मुलुक भएकाले कृषिजन्य उत्पादनलाई निर्यात गर्न सक्नुपर्छ । जडीबुटी, छाला, ऊनलगायत कच्चा पदार्थको निर्यात गर्नुभन्दा औषधी, ज्याकेट, पेटी, तयारी पोसाक, गलैँचा जस्ता उपभोग्य वस्तु उत्पादन गरी निर्यात गर्नु आर्थिक रूपमा लाभदायक हुन्छ ।

नेपाली मुद्रालाई विदेशी मुद्रासँग प्रतिस्पर्धी बनाउन अर्थतन्त्र सबल हुनुपर्छ । महँगा मोटरगाडी, मोबाइल, टेलिभिजन जस्ता विलासी वस्तुको आयातलाई निरुत्साहित गर्नुपर्छ । बरु यस्ता वस्तुलाई स्वदेशमै उत्पादन गर्न प्रोत्साहन गर्नुपर्छ । नेपाली विद्यार्थी विदेश अध्ययन गर्न गएका कारणले भइरहेको स्वदेशी मुद्राको बहिर्गमनलाई रोक्नुपर्छ । नेपाली मुद्रा विदेसिनबाट रोक्न सके मात्र पनि अर्थतन्त्र सबल बनाउन मदत पुग्छ ।

राष्ट्रको दिगो अर्थतन्त्रका लागि सन्तुलित वैदेशिक व्यापार अनिवार्य सर्त हो । नेपालले वैदेशिक व्यापारका माध्यमबाट विदेशी मुद्रा आर्जन गरी अर्थतन्त्रलाई मजबुत बनाउन सक्छ । मुलुकको धार्मिक, सांस्कृतिक, भौगोलिक विविधतालाई विश्वसामु परिचित गराई विदेशी पर्यटकलाई आकर्षित गर्न सहज हुन्छ । समृद्ध अर्थतन्त्रका लागि बाह्य पर्यटन अपरिहार्य हुन्छ । मुलुकमा विदेशी पर्यटकसँगै विदेशी मुद्रा पनि भित्रिन्छ । नेपालले वैदेशिक व्यापार र बाह्य पर्यटनलाई समानान्तर रूपमा प्रवर्धन गर्न सके तीव्र गतिमा आर्थिक विकास हासिल गर्न सहज हुन्छ । विभिन्न देशबिच हुने व्यापारलाई व्यवस्थित

*रूपान्तरण : एक अवस्थाबाट अर्को अवस्थामा परिवर्तन*

*व्यवसायीकरण : व्यवसायलाई उच्च प्राथमिकता राख्ने कार्य*

*निरुत्साहित : उत्साहित नबनाउने किसिमको*

*समानान्तर : रूप, स्थिति, गुण आदिका दृष्टिले समान भएको*

गर्न अन्तर्राष्ट्रिय स्तरमा विश्व व्यापार सङ्गठन स्थापित छ । नेपाल विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्र भएका कारण भूपरिवेष्टित देशले व्यापार पारवाहनको समस्या भोग्नु पर्दैन । नेपालले बहुराष्ट्रिय कम्पनीमार्फत पुँजी आकर्षित गरी औद्योगिकीकरण बढाई रोजगारीको सिर्जना गर्न सक्छ ।

नेपालले लिच्छवि तथा मल्लकालमा वैदेशिक व्यापारबाट सबल अर्थतन्त्रको आधारशिला तयार पारेको तथ्यलाई नकार्न सकिँदैन । नेपालसँग वैदेशिक व्यापारको पुरानो विरासतलाई पुनः ब्युँताउने अवसर छ । मानवीय तथा प्राकृतिक संसाधनको उपयोग गर्नुपर्छ । पुँजी लगानीको समुचित वातावरण तयार गर्नुपर्छ । आधुनिक प्रविधिको उपयोग गरी गुणस्तरीय वस्तुको उत्पादन वृद्धि गर्नुपर्छ । यस्ता प्रयासबाट मात्र नेपालले विश्व बजारमा प्रतिस्पर्धात्मक उपस्थिति जनाउन सक्छ । मुलुकको समृद्धिका लागि सबल अर्थतन्त्र आवश्यक हुन्छ । दर्बिलो अर्थतन्त्रका लागि सन्तुलित वैदेशिक व्यापार अपरिहार्य छ ।

*भूपरिवेष्टित : समुद्रलाई नछोएको देश*

*विरासत : प्रतिष्ठा, इज्जत*

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| भूक्षय | हातहतियार नष्ट गर्ने काम |
| पूर्वाधार | अति सूक्ष्म किटाणु |
| विकिरण | विभिन्न विषयक्षेत्रको ज्ञान हासिल गरेको |
| निशस्त्रीकरण | मुख्य आधार |
| जीवाणु | सम्पत्ति |
| खण्डन | बाढी, पहिरो आदिका कारण जमिन भासिने काम |
| सम्पदा | अर्काको विचार वा सिद्धान्त काट्ने काम |
| बहुमुखी | शक्तिशाली किरण |
| प्राङ्गारिक | वातावरण |
| | पातपतिङ्गर आदि कुहिएको रूप |

२. **कोष्ठकबाट खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :**

(क) विश्वमा ......... को सङ्कट बढ्दै छ । (अभिलेख, इन्धन, परिपत्र)

(ख) हामीले ........... जोगाउन वृक्षारोपण गर्नुपर्छ । (अस्तित्व, मानवता, पर्यावरण)

(ग) नेपालको संविधानले .............. तोकेको छ । (मौलिक हक, सहवरण, अनुसन्धान)

(घ) ............... निर्वाचन गराउँदै छ । (प्रक्षेपण, विधेयक, निर्वाचन आयोग)

(ङ) प्राकृतिक ................ को समुचित प्रयोग गर्नुपर्छ । (संसाधन, प्रविधि, अर्थतन्त्र)

३. **दिइएका पदावली बुझाउने शब्द 'नेपालको वैदेशिक व्यापार' प्रबन्धबाट पहिचान गरी लेख्नुहोस् :**

(क) वस्तु वा सामान साटासाट गर्ने काम

(ख) सरकारको आर्थिक प्रणाली

(ग) आधुनिक बनाउने काम वा प्रक्रिया

(घ) उत्पन्न गरेर वा उब्जाएर तयार पारिएको वस्तु

(ङ) चारैतिरबाट जमिनले घेरिएको देश

४. **'नेपालको वैदेशिक व्यापार' प्रबन्धबाट सातओटा पारिभाषिक/प्राविधिक शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

प्रणाली, अर्थतन्त्र, तिव्वत, चर्मकार, औषधीजन्य, निरन्तरता, यार्चागुम्बा, वाणिज्य, समानान्तर, मुद्रा, आत्मनिर्भर

२. **'नेपालको वैदेशिक व्यापार' प्रबन्ध पालैपालो सस्वरवाचन गरी सुनाउनुहोस् ।**

३. **'नेपालको वैदेशिक व्यापार' प्रबन्ध पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) व्यापारको सामान्य उद्देश्य के हो ?

(ख) लिच्छविकालमा व्यापारलाई कसरी सहज बनाइएको थियो ?

(ग) कसले तिब्बतसँग व्यापार सञ्चालन गरेका थिए ?

(घ) नेपालले किन व्यापार घाटा सहनुपरेको छ ?

(ङ) पाठको पहिलो अनुच्छेदमा कुन विषयवस्तु समेटिएको छ ?

४. **'नेपालको वैदेशिक व्यापार' प्रबन्धको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

५. **'नेपालको वैदेशिक व्यापार' प्रबन्ध पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) व्यापार भन्नाले के बुझिन्छ ?

(ख) सेन वंशका पालामा कस्ता व्यावसायिक वर्ग विभाजन गरिएका थिए ?

(ग) नेपालबाट प्रमुख रूपमा विदेश निर्यात हुने वस्तु कुन कुन हुन् ?

(घ) नेपालले कसरी विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्छ ?

६. 'नेपालको वैदेशिक व्यापार' प्रबन्धको चौथो अनुच्छेदबाट चारओटा प्रश्न बनाउनुहोस् र तिनका उत्तर पनि लेख्नुहोस् ।

७. व्याख्या गर्नुहोस् :

दिगो अर्थतन्त्रका लागि सन्तुलित वैदेशिक व्यापार अनिवार्य सर्त हो ।

८. 'नेपालले वैदेशिक व्यापार .... लाभदायक हुन्छ ।' अनुच्छेद पढी सार लेख्नुहोस् ।

९. विदेशमा उच्च माग हुने घरेलु उत्पादनलाई औद्योगिक उत्पादनमा कसरी रूपान्तरण गर्न सकिन्छ, आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

१०. 'उद्योगको महत्त्व' शीर्षकमा आफ्नो विचार लेख्नुहोस् ।

११. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :

पाल्पाको पहिचान ढाका कपडा र ढलोटको करुवासँग गाँसिएको छ। भोजपुरको खुकुरी र भाँडाकुँडा हरेक नेपालीका घर घरमा पुगेका छन् । चितवनमा उत्पादन भएको मह झापाको बजारमा बिक्री भइरहेको छ। नुवाकोटमा फलेको तरकारी काठमाडौँको भान्सामा पाकिरहेको छ । पाटनमा बनेका थाङ्का डोल्पामा बेचबिखन भइरहेको छ । जुम्लामा फल्ने मार्सी धानले काठमाडौँ पोखरालगायत सहरमा बजार पाएको छ। मानिसले जुम्ला, सोलुखम्बु र मुस्ताङको स्याउ, गोरखाको सुन्तला, रामेछापको जुनार खोजी खोजी खान थालेका छन् । हिजोआज मुलुकका प्रायः सबै ठाउँमा यातायातको सुविधा छ । यातायातका कारण पूर्वी नेपालमा उत्पादन हुने चिया पश्चिम नेपालमा पाइन्छ । यातायात तथा सञ्चारले फरक फरक ठाउँलाई मात्र होइन, जनताका भावना र सम्बन्धलाई पनि जोडेको छ ।

१२. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :

(गुरुआमाका साथमा आठ कक्षाका विद्यार्थी कृषिशालाको अवलोकन गरिरहेका छन् ।)

गुरुआमा : (विद्यार्थीलाई सुझाव दिँदै) यो हाम्रो विद्यालयनजिकै रहेको प्राकृतिक कृषिशाला हो । यसभित्रका हरेक वस्तु नछोईकन हेर्नुपर्छ है । यहाँ दुर्लभ वनस्पति छन् । त्यस्तै बिउबिजन उत्पादनका लागि विभिन्न खाद्यान्नका बोटबिरुवा संरक्षित छन् । यहाँ मौरी, पशुपन्छी

र माछा पालनसमेत गरिन्छ । यस्ता कुनै वस्तुलाई नचलाईकन हेर्नुपर्छ है । लौ, सबै जना पङ्क्तिबद्ध भएर भित्र पसौँ ।

कक्षा प्रतिनिधि : (एकातिर देखाउँदै) किन गुरुआमा ? केही पनि छुन पाइँदैन र ?

गुरुआमा : त्यो वनस्पति हेर्नुहोस् त, त्यसलाई कति व्यवस्थित किसिमबाट जालीले ढाकेर राखिएको छ अनि त्यो बेसरी पाकेको पनि छ । त्यसलाई छुनासाथ त्यो झरिहाल्छ । त्यस्तै उः त्यो चरो ओथारो बस्दै छ, केही समयपछि बच्चा कोरल्छ । त्यसलाई छोयो भने त्यो उड्छ र अन्डा बिग्रिन सक्छ । त्यसैले त्यसलाई पनि छुनुहुँदैन है ।

कक्षा प्रतिनिधि : त्यसो भए त्यहाँ मौरीको घार रहेछ नि !

गुरुआमा : हो, त्यसलाई त झन् छुनै हुँदैन । त्यसका लागि पूरै सावधानी अपनाउनुपर्छ । छोएपछि चिल्न सक्छ । त्यसैले कसैले पनि केही कुरा नछोई चारैतिर हेरेर फर्किनुपर्छ है ।

कक्षा प्रतिनिधि : हवस्, गुरुआमा ! हामी यस कृषिशालाभित्र कुनै पनि कुरा नछोई हजुरसँगै हेर्छौं ल ।

गुरुआमा : हुन्छ ।

कृषिशालाको अवलोकनमा गुरुआमाले सुझाव दिए जस्तै यदि तपाईं कक्षा प्रतिनिधिको नेतृत्वमा कुनै धार्मिक स्थल वा सङ्ग्रहालय आदि अवलोकनका लागि जाँदै हुनुहुन्छ भने साथीलाई कुन कुन कुरामा कसरी सुझाव दिनुहुन्छ, अभिनयसहित कक्षामा प्रस्तुत गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेदबाट रातो रङ लगाइएका नामयोगी र क्रियायोगी पद पहिचान गरी लेख्नुहोस् :**

फुर्बा हिजो चाँडै घर फर्किए । फुर्बाका साथीहरू पनि अकस्मात् घरमा आए । उनका आमाबुबासँग दिदी पनि खेतमा जानुभएको थियो । उहाँहरू पनि खेतबाट सरासर आउनुभयो । घरभरि पाहुना देखेर आमा मुसुक्क हाँस्नुभयो । बुबाले घरपछाडि

रहेको करेसाबारीबाट सुन्तला ल्याउनुभयो । सबै जना आमनेसामने बसेर सुन्तला खाए । सुन्तला साह्रै रसिला रहेछन् । त्यसपछि फुर्बाले साथीहरूलाई बगैँचातिर डुलाए । घरमुनि बारी रहेछ । बारीको आसपासमा खेत रहेछ । फुर्बाले भनेअनुसार उनीहरू पोहोर मात्र यहाँ बसाइँ सरी आएका रहेछन् ।

२. **दिइएका रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :**

(क) तिम्रो घरअगाडि आँपको रुख छ तर त्यसमा फल लाग्दैन रे ।

(ख) स्याबास ! सबै जनाले असाध्यै राम्रो काम गऱ्यौ अनि इज्जत राख्यौ ।

(ग) आजका साना बालबालिका भोलिका कर्णधार हुन् । हामी उनीहरूप्रति जिम्मेवार बन्नुपर्छ है ।

(घ) नेपाल विभिन्न धर्म, संस्कृति र परम्परा भएको सुन्दर राष्ट्र हो । हामी यहाँको विविधतासँग परिचित छौँ ।

३. **दिइएको अनुच्छेदबाट पाँच पाँचओटा नामयोगी र क्रियायोगी पद टिपोट गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

साधना दाइसित बजार गइन् । उनी फटाफट हिँड्न सक्छिन् । परार बिरामी परेदेखि उनी ज्यादै कमजोर भएकी छन् । उनले बिहान खाना निकै खाएकी थिइन् । खोई किन हो कुन्नि ? आज उनलाई चाँडै भोक लाग्यो । उनले दाइसँग आफू भोकाएको कुरा गरिन् । दाइले उनलाई घरबाहिरका खानेकुरा नखान सल्लाह दिए । उनले साधनलाई फलफूल पसलबाहिर बस्न लगाए । आफू पसलभित्र गए । सफा पानीले फलफूल पखालेर काट्न लगाए । त्यसपछि दाजुबहिनी फटाफट रुखमुनि गए । फलफूल असाध्यै रसिलो रहेछ । उनीहरूले अति मिठो मानेर फलफूल खाए ।

४. **दिइएका नामयोगी र क्रियायोगी प्रयोग गरी लामो समयपश्चात् साथीसँग भेट भएको प्रसङ्ग समेटी एक अनुच्छेद लेख्नुहोस् ।**

बिहान, नजिक, सहित, बित्तिक्कै, टुप्लुक्क, अलिकति, पट्टि, पछाडि, मुसुक्क, अकस्मात्

५. **दिइएको अनुच्छेद पढी 'श', 'स', 'ष' प्रयोग भएका शब्दलाई अलग अलग तालिकामा लेख्नुहोस् :**

आषाढको महिना थियो । कृषक खेतमा थिए । पुष्पा, सङ्गम, सृष्टि र शान्ति पनि रोपाइँ हेर्न गएका थिए । गणेश पनि खेतमा गएका रहेछन् । एक्कासि उनी बिरामी

परे । उनको शरीर शिथिल भयो । उनको पेटमा समस्या रहेछ । उनलाई बोकेर अस्पताल लगियो । उनको शल्यक्रिया सफल भयो । सात दिनपछि उनी घर फर्किए ।

६. **शुद्ध शब्द पहिचान गरी लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| (क) शिशिर | सिशिर | शिसिर | षिषिर |
| (ख) पोसण | पोष्ण | पोशण | पोषण |
| (ग) शाक्षर | षाक्षर | स्साक्षर | साक्षर |
| (घ) आश्चर्य | आस्चर्य | आस्स्चर्य | आष्चर्य |
| (ङ) संकृति | संश्कृति | संस्कृति | संष्कृति |

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ९ सुन्नुहोस् र दिइएका खाली ठाउँमा मिल्दो शब्द राखी भन्नुहोस् :**

(क) मौद्रिक प्रणालीलाई सबल बनाउन .............. को भूमिका हुन्छ ।

(ख) .................. को केन्द्रीय बैङ्कलाई नेपाल राष्ट्र बैङ्क भनिन्छ ।

(ग) नेपाल राष्ट्र बैङ्कको स्थापना वि.सं. ................ मा भएको हो ।

(घ) नेपाल राष्ट्र बैङ्कले हरेक आर्थिक वर्षमा .............. को तर्जुमा गर्छ ।

२. **सुनाइ पाठ ९ का आधारमा दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) कुन बैङ्कले विदेशी विनिमय दर निर्धारण गर्छ ?

(ख) नेपाल राष्ट्र बैङ्कलाई किन बैङ्कको पनि बैङ्क भनिन्छ ?

(ग) नेपाल राष्ट्र बैङ्कको स्थापना कहिले भएको हो ?

(घ) नेपाल राष्ट्र बैङ्कलाई किन सरकारको बैङ्क भनिन्छ ?

## सिर्जना र परियोजना कार्य

१. **दिइएका शीर्षकमा निबन्ध लेख्नुहोस् :**

(क) बचत गर्ने बानी (ख) आम्दानीका स्रोत

२. **तपाईँको परिवारमा आम्दानीका स्रोत र खर्च हुने क्षेत्र अभिभावकसँग सोधेर लेख्नुहोस् ।**

पाठ १०

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**



मनभित्र खुलदुली सिर्जना हुनुका विभिन्न कारण हुन्छन् । कुनै विशेष कारणले त मनमा निकै नै खुलदुली सिर्जना गर्छ । के गरूँ, कसो गरूँ, कता जाऊँ, कता बसूँ आदि भावना एकैचोटि जाग्न थाल्छन् । एकछिन अलमलमा पर्ने अवस्था आउँछ अनि समय बित्दै जाँदा मनका भावना छरिन थाल्छन् । कहिले परीक्षाको अगिल्लो दिनमा त कहिले नयाँ ठाउँमा डुल्न जानेलगायत कुरामा मनमा खुलदुली सिर्जना हुन्छन् नै । त्यस्तै घरकी हजुरआमाको ८४ औँ जन्मदिनका अवसरमा नातिका मनमा उत्पन्न खुलदुलीमा आधारित तलको मनोवाद पढौँ ।

मूल पाठ

# १० हजुरआमाको जन्मोत्सव



स्थान : आफ्नै कोठा

समय : अपराह्न ३ बजे

पात्र : विनोद चन्द

(विनोद चन्द बझाङ जिल्लाको खप्तड छान्ना गाउँपालिकामा बस्छन् । पुर्ख्यौली घरको माथिल्लो तलामा उनको सानो कोठा छ। कोठाभित्र खाट, टेबुल, कुर्सी र काठको र्‍याकमा केही किताब मिलाएर राखिएका छन् । बिहान विद्यालय जाँदा पढेका दुइटा किताब खुलै छन् भने ओछ्यानमा एउटा कापी पनि त्यत्तिकै खुलै छ। उनी भर्खरै विद्यालयबाट फर्किएर कपडा खोल्दै छन् । उनका मनमा कुरा खेल्छन् । उनीभित्र हजुरआमाको जन्मोत्सवमा के उपहार दिऊँ भन्ने विचार सलबलाएको छ। हातगोडा धोएर चियानास्ता खाउन्जेलसम्म पनि सोचिरहन्छन् । एकछिन उनी केही नगरी कुर्सीमा थ्याच्च बस्छन् । टेबलुमा दुवै कुइना राखी हातमा चिउँडो अड्याउँछन् ।)

पर्सि आउन पनि अब कति दिन बाँकी छ र ! आजको दिन बितिहाल्यो, भोलि सकिएपछि पर्सि त आइहाल्छ । भोलि त झन् विद्यालय जानै पर्ने दिन हो । ओहो ! कति चाँडो दिन बितेको होला ! जहिलेसुकै आफूलाई यस्तै हुन्छ । अस्ति साथीको जन्मदिनमा पनि यस्तै भयो । साथीलाई के उपहार दिऊँ ? कहाँबाट कतिखेर किनेर ल्याऊ ? सोच्दासोच्दै झन्डै ढिलो भएको थियो । यस पटक हजुरआमाको जन्मदिनमा पनि त्यस्तै होला जस्तो छ । अहिलेसम्म केही सुरसार छैन । भोलि भ्याइएन भने बरबाद हुने भयो ! (काँसको अम्खोराबाट पानी पिउँदै) फेरि अगिपछिको जस्तो हैन यस पटक; ....गाह्रै हुने भयो ।

हैन, साथीलाई भए अरूले जे दिन्थे मैले पनि सल्लाह गरेर त्यस्तै उपहार दिँदा हुन्थ्यो । किताब, ज्यामिति बक्स, भकुन्डो, क्याल्कुलेटर .... आदि उपहार सजिलैसित जुटाउन सकिन्थ्यो । यस पटक त मैले त्यस्तो केही पनि सम्झिन सकिरहेको छैनँ । हाम्रो परिवारमा यो उमेरका कसैको पनि जन्मोत्सव मनाएको मलाई सम्झना छैन । जन्मदिन मात्रै कहाँ हो र ! त्यस दिन हजुरआमाको चौरासी पूजा पनि त छ । मैले हजुरआमालाई आफ्ना तर्फबाट त केही न केही स्मरणीय उपहार दिनैपर्छ । आरोग्यको कामना गर्नैपर्छ ।

मेरी हजुरआमा, परिवारको भविष्य निर्माता नै हुनुहुन्छ । उहाँको ममतामयी काख नपाएको भए म कस्तो हुन्थेँ होला । कति धेरै वात्सल्यको खानी छ उहाँमा । आँखामा राखे पनि नबिझाउने मेरी हजुरआमा ! अहिले निधारभरि चाउरी परेका रेखैरेखा देखिन्छन् । गालासमेत भित्र पसिसकेका छन् । लट्ठी टेकेर हिँड्नुहुन्छ । कडा मिजास चाहिँ अझै बाँकी छ । यस उमेरमा पनि दिनहुँ खेतबारीसम्म पुगेर आउनुहुन्छ । उहाँका न कान बन्द छन् न त आँखामा चस्मा लगाउनुपर्ने अवस्था छ । (कोठामा यताउति घुम्दै) आफू त परिवारको कान्छो सदस्य ! मैले उपहार नै दिनुपर्छ भन्ने के छ र ! भोलिपर्सि कमाउन थाले पछि दिउँला । ओहो ! म किन यसरी चिन्तित भएको हुँला ? (अलिक शान्त हुँदै)

### शब्दार्थ

*काँस* : *तामा र राङ मिलाएर बनेको उपधातु*

*चौरासी पूजा* : *व्यक्तिको उमेर ८४ वर्ष पुगेपछि गरिने पूजा*

*आरोग्य* : *रोग नलागेको अवस्था, तन्दुरुस्ती*

*ममतामयी* : *ममताले भरिपूर्ण*

*वात्सल्य* : *आमाबुवा आदिको सन्तानप्रतिको ममता*

*मिजास* : *शीलस्वभाव*

हैन, केही उपहार दिएर सम्मान त गर्नैपर्छ । (जुरुक्क उठेर खाटमा पल्टिँदै) उपहार हृदयबाट समर्पण गरेर दिइन्छ । उपहार आफैँमा भरिपूर्ण हुन्छ । मैले केही दिए पो उहाँले सबैलाई मेरो नातिको उपहार भनेर देखाउन पाउनुहुने छ । हर्षविभोर भएर नातिले मलाई यस्तो दियो भन्नुहुने छ । वास्तवमा हजुरआमालाई भेट्न नआउने को हुन्छ र ! दिदीभिनाजु, मावलका हजुरआमा, हजुरबुबादेखि मामामाइजू र केटाकेटी सबै आउनुहुन्छ । उहाँ हाम्रो परिवार र नातागोतामा सबैभन्दा जेठी हुनुहुन्छ । पक्कै पनि उहाँले सबैसँग आफ्नो नातिको कुरा गरिहाल्नुहुने छ । मेरो नाति यस्तो छ; उस्तो छ ... अनि मैले केही नल्याई हुन्छ त ! (गम्भीर हुँदै) हैट, मैले तुरुन्तै केही न केही ल्याउनैपर्छ । आजै चार बजे निस्किऊँ कि क्या हो ? पर चोकमा पुगेपछि केही त पाइहालिन्छ नि । (उठ्न खोज्दाखोज्दै फेरि बसेर) होस्, भोलि नै ल्याउँला । आज रातभरि अझै केही सोच्नुपर्ला । अहिलेलाई गृहकार्य चाहिँ सकिहालूँ ।

(हजुरआमाकै बारेमा सोच्दै) मेरी हजुरआमाको एउटा बानी राम्रो भनूँ कि नराम्रो भनूँ, जो आए पनि मलाई बोलाएर चिनाइहाल्नुहुन्छ । पर्सि मलाई अप्ठ्यारो हुने भयो । आउने जति सबैसँग चिनजान गर्नुपर्ने हुन्छ । दिनभरि उहाँसँग बसेर अरूसँग चिनजान गर्नुभन्दा नबस्नु नै बेस हुन्छ कि ! (अलि सम्हालिँदै) धत् ! मनमा पनि कस्ता कस्ता विचार आउँछन् । थपक्क उहाँसँग बसेर सबैसँग चिनजान गर्नु मेरा लागि असाध्यै राम्रो कुरा हो नि । सबैले हजुरआमाको नाति भनेर चिन्छन् । हैन हैन, पहिले मैले केही उपहार ल्याएर दिनुपर्छ अनि उहाँसँग बस्नुपर्छ । आउने आफन्तसँग परिचय गर्नै पर्छ । अस्ति आमाको मुख हेर्ने दिन पनि फुपू र फुपाजु आउनुभएको थियो । मलाई चिनाइहाल्नुभयो । कसलाई फुपाजु भनिन्छ भनेको त बुवाका साख्खे भिनाजु वा बहिनीज्वाइँलाई पो भनिँदो रहेछ । कहिलेकाहीँ त नातासम्बन्धमा परिचित नहुनु पनि सरमको कुरा हुँदो रहेछ ।

(पुराना कुरा सम्झिँदै) एक पटक दसैँमा काकाकाकी, ठुलाबुबा, ठुलीआमासँगै अरू दुई जना पनि आउनुभएको थियो । मैले उहाँहरूलाई चिनिनँ । हजुरआमाले उनीहरू नन्द र आमाजू हुन् भन्नुभयो । मैले ट्वाल्ल परेर अँ मात्र भनेँ । हजुरआमाले मलाई पटक पटक हाम्रा नातासम्बन्ध वा साइनुका बारेमा बुझाइरहनुहुन्थ्यो । उहाँकै कारण मैले दिदी, भिनाजु, देवर, देवरानीलगायत साढुभाइ र सालीसमेतका बारेमा बुझेको थिएँ । मलाई हाम्रा धेरै नातासम्बन्धबारे राम्रो जानकारी भएको थियो । उहाँले कहिल्यै नन्द र आमाजूका बारेमा चाहिँ बुझाउनुभए जस्तो लागेन । त्यसकारण म एकछिन त अलमलिएँ नै । मैले उहाँहरूलाई नचिनीकनै नमस्कार गरेको थिएँ । पर्सि पूजामा त झन् को को आउनुहुन्छ; आउनुहुन्छ । म छेउमा बसिनँ भने उहाँलाई चित्त बुझ्दै बुझ्दैन । निश्चय पनि हजुरआमाले मलाई छेउमा राखेर पाहुनालाई चिनाउन थाल्नुहुन्छ । अब भोलि चाहिँ बेलैमा उपहार ल्याएर जन्मोत्सव मनाउन उहाँसँगै बस्छु ।

*हर्षविभोर* *खुसीले विह्वल*

(अलिक ढुक्क हुँदै खाटमै पल्टिएर) आफूसँग धेरै पैसा पनि छैन । यसो विद्यालय जाने आउने र खाजाखर्च जोगाएर केही रुपियाँ साथमा राखेको छु । त्यसबाट के किन्नूँ र खै ! नकिनूँ भने पनि म आफैँलाई खल्लो लाग्ने भयो । हुन त हजुरआमाले मबाट के नै आस गर्नुहोला र ! अगिपछि पनि उहाँले आफ्नो पुरानो थैली खोलेर मलाई नै पैसा दिनुहुन्थ्यो । फेरि मैले दिएको उपहार लिनुभएन भने बरबाद ! (द्विविधामा पर्दै) हो त, बल्ल बल्ल आफूसँग भएको केही पैसाले उपहार ल्याउँला, उहाँले लिनुभएन भने के गर्ने होला ! फेरि घरमा भेला भएका आफन्तका अगाडि यो केटाकेटी मान्छेले किन उपहार ल्याउनुपरेको भनेर मलाई नै लज्जित बनाउनुभयो भने.... ! होस्, नल्याऊँ कि क्या हो । बरु म पर्सि सबेरै उठ्छु अनि नुहाइधुवाइ गरेर हजुरआमालाई ढोग्छु । उहाँको हातबाट टीका लगाएर उहाँकै छेउमा बस्छु । यत्ति भए पुगिहाल्छ नि । (मन शान्त बनाउँदै)

मेरा धेरै साथी सानो परिवारमा बस्छन् । उनीहरूलाई मानिसका सबै नातागोताबारे धेरै जानकारी रहेनछ । हजुरआमाले मलाई सबै नातागोताबारे सिकाउनुभएको कुरा सुनाउँदा उनीहरू छक्कै परेका थिए । उनीहरूले ओहो ! हाम्रा त यति धेरै नातासम्बन्ध हुँदा रहेछन् भनेका थिए । त्यसै वेला 'तँ त भाग्यमानी छस् विनोद !' भन्दा म निक्कै मक्ख परेको थिएँ । पर्सि त झन् हजुरआमाको जन्मदिन र चौरासी पूजा हो । उनीहरूसमेत हजुरआमासँग आशीर्वाद लिन आउने छन् । भोलि नै उनीहरूसँग मिलेर सबैले एउटा उपहार किन्ने कुरा गरूँ कि ! (लज्जित हुँदै) मेरो बुद्धि पनि कस्तो होला ! आफ्नी हजुरआमाका लागि उपहार किन्न साथीसँग मिल्ने कुरा पो सोच्न थालेछु । धत् ! यस्तो त हुनै सक्दैन । (फेरि कुर्सीमा बसेर कापी पल्टाउँदै) के गरूँ त खोइ ! के किनूँ ? खानेकुरा किनूँ कि लाउने कुरा किनूँ ! अरूको जन्मदिन र पूजाआजा भए कति चाँडै निर्णय लिन्थेँ होला । आफ्नै हजुरआमालाई खै के दिऊँ, के दिऊँ ! (अचानक सम्झँदै) कस्तो म पनि ! हजुरआमाका लागि उपहार के दिऊँ भनेर यत्रो दुई घण्टा घोत्लिसकेछु । अगि नै बुद्धि आएको भए हुन्थ्यो । यति वेलासम्ममा त उपहार नै तयार हुने रहेछ । मैले हप्ता दिनपहिले प्यारी हजुरआमाको पूर्णकदको सुन्दर तस्विर बनाएको थिएँ । अब मिल्दो फ्रेम किनेर ल्याउँछु अनि त्यसभित्र तस्विर हालेर उपहार तयार पार्छु । त्यसपछि म बगैँचाबाट फूल टिपेर एउटा राम्रो माला गाँस्छु । पहिले हजुरआमालाई माला लगाइदिन्छु अनि फ्रेममा हालेको उहाँको तस्विर देखाउँदै हातमा राखिदिन्छु । त्यस बेला सँगै बसेको फोटो पनि खिच्छु .... । (प्रसन्न हुँदै) यसका लागि भोलिसम्म समय छँदै छ ।

(नाति ! ए बाबु ! विनोद ! खाना खान आऊ बा । हजुरआमाको स्वर सुनिन्छ । विनोद, आएँ हजुरआमा भन्दै खाना खान जान्छन् ।)

*द्विविधा : अलमल, दोधार*

*पूर्णकद : पूरै शरीरको जिउडाल*

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| स्मरणीय | निर्माण गर्नेवाला |
| आमाजू | काम सम्पन्न गर्नु |
| निर्माता | नातागोता |
| उत्सव | सालीको पति |
| साइनु | लाज |
| साढुभाइ | कुनै विशेष अवसरमा खुसियाली बनाउने काम |
| सरम | सम्झना गर्न लायक |
| फ्रेम | पतिकी दिदी |
| | तस्बिर, ऐना आदिमा रहने चौतर्फी बार |

२. **दिइएका अर्थ बुझाउने शब्द 'हजुरआमाको जन्मोत्सव' मनोवादबाट खोजेर लेख्नुहोस् :**

(क) कुनै खुसियालीका सन्दर्भमा दिइने भेट

(ख) हातले समाई टेकेर हिँडिने साधन

(ग) राम्ररी चिनारी गराउने काम

(घ) आफूलाई प्रभावित पार्ने आन्तरिक इन्द्रिय

(ङ) भ्रम पैदा हुने स्थिति

३. **दिइएका रातो रङ लागेका शब्दका ठाउँमा उस्तै अर्थ आउने शब्द राखी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

मानिस स्वयम् वातावरण प्रदूषणको कारण हो । हामी घरका फोहोर बाटामा फाल्छौँ । बाहिरबाट हेर्दा मात्र सभ्य देखिन चाहन्छौँ । हाम्रा कारणले सन्ततिले दुःख भोल्ने परिस्थिति सिर्जना गर्नुहुँदैन ।

४. **दिइएका शब्दका उल्टो अर्थ दिने शब्द पाठबाट पहिचान गरी ती शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

झगडा, घृणा, आस, परिचित, स्पष्ट, अभागी, अशान्त, पराई

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

परिवार, बङ्गारा, हर्षविभोर, उपहार, साढुभाइ, पाहुना, द्विविधा, गृहकार्य, आशीर्वाद

२. **'हजुरआमाको जन्मोत्सव' मनोवाद तोकिएको समयमा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **'हजुरआमाको जन्मोत्सव' मनोवाद पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) विनोदकी हजुरआमा कति वर्षकी हुनुभएछ ?

(ख) फूपू फुपाजु कहिले घरमा आउनुभएको थियो ?

(ग) हजुरआमाले कहाँ पैसा राख्नुहुन्थ्यो ?

(घ) विनोदका घरमा के कार्यक्रम हुँदै छ ?

(ङ) परिवारमा सबैभन्दा बढी उमेरका व्यक्तिको जन्मोत्सव मनाएको सम्झना नभएको प्रसङ्ग मनोवादको कुन अनुच्छेदमा छ ?

४. **'हजुरआमाको जन्मोत्सव' मनोवादको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

५. **'हजुरआमाको जन्मोत्सव' मनोवाद पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) विनोदकी हजुरआमाको स्वास्थ्य कस्तो छ ?

(ख) विनोदले हजुरआमाबाट कुन कुन नाता थाहा पाएका थिए ?

(ग) हजुरआमाले विनोदलाई कसरी चिनाउनुहुन्छ ?

(घ) 'हजुरआमाको जन्मोत्सव' मनोवादको सन्देश के हो ?

६. **'हजुरआमाको जन्मोत्सव' मनोवादको सार लेख्नुहोस् ।**

७. भाव विस्तार गर्नुहोस् :

उपहार हृदयबाट समर्पण गरेर दिइन्छ ।

८. 'जन्मोत्सवमा महँगा सामान नै उपहार दिनुपर्छ भन्ने धारणा गलत हो ।' भन्ने कुरा मनोवादका आधारमा पुष्टि गर्नुहोस् ।

९. मानौँ, साथीकी दिदीको विवाह हुँदै छ । तपाईँ उक्त विवाहमा जान सक्नुभएन । तपाईँ नगएका कारण साथीले खल्लो महसुस गरे । यस्तो अवस्थामा साथीलाई कसरी सम्झाउनुहुन्छ, लेखेर प्रस्तुत गर्नुहोस् ।

१०. मनोवादको 'एक पटक दसैँमा .... उहाँसँगै बस्छु ।' अंश पढी मुख्य मुख्य विषयवस्तु टिपोट गर्नुहोस् ।

११. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

आफैँसँग गरिने एकोहोरो कुराकानीलाई मनोवाद भनिन्छ । मनोवादलाई एकालाप पनि भनिन्छ । मनोवादमा पात्रले एक्लै कुराकानी गरिरहेको हुन्छ । यसमा पात्रका विचार शृङ्खलाबद्ध हुँदैनन् । त्यसैले यसमा विशृङ्खलित सोचाइलाई व्यवस्थित गरेर राख्ने गरिन्छ । मनोवादको प्रस्तुतिका क्रममा अनुभूति, सम्झना, विचार, प्रतिक्रिया आदि पक्षलाई समेट्नुपर्छ । यस्तो लेखाइभित्र आफैँले प्रश्न गरेर आफैँद्वारा उत्तरको खोजी गरिन्छ । यसमा केही काल्पनिक उडान र खुलदुलीलाई मिसाइन्छ र प्रथम पुरुष शैलीको प्रयोग गरिन्छ । एक्कासि सोच परिवर्तन गर्नुपर्दा यसमा अपूर्ण वाक्य वा कोष्ठकभित्र सङ्केत राखिन्छ अनि मात्र विषयवस्तुलाई परिवर्तन गरिन्छ । पात्रको सोचाइलाई निष्कर्षमा पुऱ्याएपछि नै मनोवाद टुङ्ग्याइन्छ ।

**प्रश्नहरू**

(क) मनोवादको अर्को नाम के हो ?

(ख) मनोवादमा पात्रका विचार कसरी आउँछन् ?

(ग) मनोवादमा कस्ता पक्षलाई समेट्नुपर्छ ?

(घ) मनोवादभित्र कुन अवस्थामा अपूर्ण वाक्य वा कोष्ठकको प्रयोग गर्न सकिन्छ ?

१२. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

विद्यालयमा शनिबारका दिन वनभोज जाने सूचना सुनाइयो । त्यसका लागि विद्यार्थीले प्रतिव्यक्ति ५०० रुपियाँ आयोजकलाई बुझाउनुपर्ने भयो । नोर्बुले यो कुरा घरमा सुनाए । उनकी आमालाई उपचारका लागि तत्काल अस्पताल लैजानुपर्ने थियो । बुवाले पैसा उपलब्ध गराउन नसकिने कुरा गर्नुभयो । भोलिपल्ट विद्यालयमा सबैले पैसा बुझाए तर नोर्बुले भने बुझाउन सकेनन् । आयोजकले नोर्बुलाई बोलाएर उनका समस्याबारे सोधपुछ गरे । नोर्बुले निःसङ्कोच आफ्ना समस्या सुनाए । त्यसपछि आयोजकले नोर्बुलाई निःशुल्क वनभोज लाने निर्णय गरे ।

नोर्बुले जस्तै तपाईँको दैनिक जीवनमा परेको कुनै स्मरणीय समस्या कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र संयोजक पद पहिचान गरी लेख्नुहोस् :**

जब सुमित्राले माध्यमिक शिक्षा पूरा गरिन् तब उनले सूचना सञ्चार विषय लिएर उच्च शिक्षा अध्ययन गर्ने निधो गरिन् । गाउँमा सूचना सञ्चार विषय पढाउने क्याम्पस थिएन तर उनी निराश भइनन् । उनी सहर गइन् र अध्ययनलाई निरन्तरता दिइन् । जहिले उनले पढाइ पूरा गर्छिन् तहिले गाउँ फर्किएर क्याम्पसमा सो विषय पढाउने इच्छा व्यक्त गरेकी छन् । उनको यो धारणा प्रशंसायोग्य छ किनभने शिक्षित नागरिकले राष्ट्रसेवा नगरे मुलुक पछाडि पर्छ । मैले पनि यस्तै सोच बनाएको छु अनि तपाईंको विचार के छ नि ?

२. **दिइएको कुराकानी पढ्नुहोस् र विस्मयादिबोधक पद पहिचान गरी लेख्नुहोस् :**

ललिता : आत्था ! मेरो हात काट्यो दाइ । हेर्नुहोस् त ।

विपिन : लौन नि ! निकै रगत बगेछ । खै खै हात यता देऊ ।

ललिता : अरे ! तपाईंले त झनै दुखाइदिनुभयो ।

विपिन : ए ! बाबा, काटेको ठाउँमा अलि अलि त दुख्छ नि । एकछिन सहन गर है, म कपडा बेरिदिन्छु ।

ललिता : ओहो ! रगत अझै रोकिएन नि दाइ ?

विपिन : बिचरा ! कति डराएकी, ल हिँड अब स्वास्थ्यचौकी जाऔँ ।

३. **दिइएको अनुच्छेदबाट संयोजक, विस्मयादिबोधक र निपात पत्ता लगाई अलग अलग तालिकामा लेख्नुहोस् :**

रञ्जन आँगनमा खेल्दै थिए अनि उनकी आमा चाहिँ पिँढीमा बसेर चामल केलाउँदै हुनुहुन्थ्यो । रञ्जन आम्मै ! कति ठुलो सर्प भनेर एक्कासि चिच्याए । जब रञ्जन चिच्याए तब उनकी आमाले जुरुक्क उठेर यताउति हेर्न थाल्नुभयो । कस्तो अचम्म ! आमाले कहीँ पनि सर्प देख्नुभएन तर आँगनको डिलमा झार पो हल्लिइरहेको थियो । आमा लट्ठी बोकेर त्यहाँ पुगेपछि भने सर्पले टाउको उठायो । बाफरे ! सर्प त निकै ठुलो रहेछ । आमाले छोरालाई भन्नुभयो, "बाबु ! यता आऊ है नत्र सर्पले डस्न सक्छ नि ।" लौ, हेर्दाहेर्दै फेरि सर्प गायब भयो किनभने त्यो दुलाभित्र पस्यो ।

४. **दिइएका निपातलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

रे, नि, त, पो, है, क्या, न, व्यारे

५. **पाँच पाँचओटा संयोजक र विस्मयादिबोधक पद प्रयोग गरी 'साथीलाई पर्खँदा' शीर्षकमा मनोवाद लेख्नुहोस् ।**

६. **दिइएको अनुच्छेदबाट 'ग्यँ', 'ज्ञ' प्रयोग भएका शब्द टिपोट गर्नुहोस् :**

बुवाले जाँतामा दुई फग्ल्याँटा पारेर मासको दाल पिँध्नुभयो । मैले पनि जिज्ञासा लागेर उहाँले जस्तै गरी पिँध्न खोजेँ । उहाँले मलाई कस्तो कोग्ल्याँटो केटो होला भनेर झपार्नुभयो । त्यसै वेला सडकमा ग्याइँगुइँ आवाज आयो । पल्लो गाउँमा यज्ञ गरिँदै रहेछ । ज्ञानी सन्तहरू यज्ञको प्रचार गर्दै हिँडेका रहेछन् । मलाई यस युगमा ज्ञानविज्ञानका साथै अध्यात्मको महत्त्व झनै बढेको जस्तो लाग्यो । वास्तवमा जीवन र जगत्मा कैयौँ रहस्य अज्ञात नै हुन्छन् । यद्यपि ती सबै रहस्य ज्ञातव्य हुन्छन् तर सबैले बुझ्दैनन् । मलाई चाहिँ बुबासँगै बसेर भए पनि गोल्याँसो फुकाए जस्तै अध्यात्मको रहस्य फुकाउनुपर्ने भएको छ ।

७. **दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

यसै वर्ष ज्ञिनिज बुकमा नाम लेखाउने प्रतिग्याँ थियो तर काम गर्दा गर्दै फुर्सद भएन । अर्को वर्ष चाहिँ विग्यँले सिकाए झैँ ज्ञानी बनेर म त्यसतर्फ लाग्छु नै । विज्ञानको चमत्कार जस्तै मेरो प्रग्याँले जे गर्छ त्यो नौलो आविष्कार हुने छ ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १० सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) समीक्षा किन खुसी भएकी हुन् ?

(ख) समीक्षाले कुन प्रतिस्पर्धामा उपाधि जितिन् ?

(ग) कसको सुझावअनुसार समीक्षाले तयारी गरिन् ?

(घ) समीक्षाले कस्तो लक्ष्य लिएकी छन् ?

२. **समीक्षाले कस्ता कस्ता प्रतिस्पर्धीलाई उछिनेर निबन्ध प्रतियोगितामा प्रथम भइन्, सुनाइ पाठ १० का आधारमा भन्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **'नयाँ कक्षाको पहिलो दिन' शीर्षकमा मनोवाद लेख्नुहोस् ।**

२. **मानिसलाई कस्तो परिस्थितिले खुलदुली जगाउन सक्छ, साथीसँग सोधेर बुँदा तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ११

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्र समूहमा छलफल गर्नुहोस् :**



हरेक मानिसमा आआफ्नै किसिमको मनोविज्ञान हुन्छ। सामाजिक परिवेशले मानिसको मनोविज्ञानलाई प्रभाव पार्छ । त्यसमा पनि बालबालिका, युवा, प्रौढ तथा वृद्धवद्धा आदिको मनोविज्ञान एकै किसिमको नहुन सक्छ। कसैलाई कुनै कुराको चाहना हुन्छ भने कसैलाई सोही कुराको चाहना नहुन पनि सक्छ । कसैलाई चाहना भएकै कुरा पनि तत्कालीन सामाजिक तथा आर्थिक परिवेशले पूरा नहुन सक्छ । सामाजिक र पारिवारिक परिवेशका कारणले व्यक्तिमा पर्ने मनोवैज्ञानिक प्रभावको जानकारीका लागि तलको कथा पढौँ ।

मूल पाठ

11

# एकजोर जुत्ता

*महेशविक्रम शाह*



गुलाफी भान्साकोठामा भाँडा माझ्रिहेकी छन् । भाँडाको ठ्याङठुङ आवाज र पानी पोखेको ध्वनि मेरा कानमा परिरहेको छ ।

गुलाफी मेरा घरबेटी हर्कबहादुरकी जेठी छोरी हुन् । हर्कबहादुरका सँगै जोडिएका दुइटा कच्ची घर छन् । पुरानो घरमा तिनीहरू आफैँ बस्छन् भने नयाँ घरमा म भाडामा बसेको छु । हर्कबहादुरको परिवारमा उनकी पत्नी, छोरी गुलाफी, गङ्गा, उमा र छोरो गोविन्दसमेत छ जना छन् । हर्कबहादुरले मेरो घरधन्दाका लागि गुलाफीलाई खटाएका छन् । गुलाफी र उनका भाइबहिनी विद्यालय जान्छन् । गुलाफी आफ्नो कामप्रति इमानदार, व्यवहारमा शिष्ट र सभ्य छिन् ।

"हजुर भोलि बजार जाँदै हुनुहुन्छ रे हो ?"

गुलाफीको स्वर भान्साबाट लहरिँदै मेरा कानमा ठोक्किन आइपुग्यो । म आफ्नो कोठाबाट भान्सातर्फ चियाउँदै भन्छु, "हो गुलाफी, म भोलि सदरमुकाम जाँदै छु । खित्रिङमित्रिङ किनमेल गर्नु छ ।"

### शब्दार्थ

*ध्वनि : आवाज*

*शिष्ट : शान्त र नम्र स्वभावको*

"कति रमाइलो ! आफू त कहिले हो कहिले बजार जाने ? गुलाफीको स्वर मलिन हुन्छ ।

"तिमी पनि बजार जान्छ्यौ त ?"

"अँ अँ, अनि घरको काम कसले गर्ने नि ! सेती बाखीले ?" गुलाफी खित्का छोड्छिन् । "दसैं मुखमै छ, घरआँगन सफा गर्नु छ, कमेराले घर पोत्नु छ। यसपालि हजुर पनि हामीसँगै दसैं मनाउने है !" गुलाफीको स्वरमा दसैंका सप्तरङ्गी सपनाको सङ्गीत घन्किन्छ ।

"अँ, गुलाफी ! यस पटकको दसैं तिमीहरूसँग मनाउन पाइने भो । म निकै खुसी छु ।" म उनलाई हेर्दै मुस्कुराउँछु ।

"अनि बजारबाट मलाई एकजोर जुत्ता ल्याइदिनुहोस् है हजुर ! दसैंमा लाउने जुत्तै छैन ।" गुलाफीले सङ्कोच मान्दै भनिन् ।

"ल, भन त तिमीलाई कस्तो खालको जुत्ता मन पर्छ ?"

"कालो जुत्ता । त्यही के गौरी मिसले लगाएको जस्तो !" गौरी मिसको गोडाको जुत्ता नदेखे पनि मैले अनुमान गरें, उनी अलिकति हिल भएको र खुट्टा घुसाउनुपर्ने जुत्ताको कुरा गरिरहेकी छन् ।

"अँ, थाहा पाएँ मैले । गौरी मिसको जस्तो जुत्ता होइन ?"

"हो हो !" उनी झटपट आफ्ना परेला ठाडा पार्दै बोलिन् ।

"जुत्ताको नम्बर कति हो नि ?" मेरो प्रश्नले उनी एकछिन घोरिइन् र 'म एकैछिनमा आउँछु है' भन्दै आफ्नो घरतिर दौडिन् । गुलाफीका खुट्टा सम्झिँदै उनलाई हुने जुत्ताको नाप अनुमान गर्दै थिएँ, गुलाफी हुर्रिंदै आएर भनिन्, "यी, यति लामो जुत्ता ल्याइदिनुहोला ।" उनले मेरो हातमा एउटा धागो राखिदिइन् । सायद उनले आफ्ना खुट्टा धागाले नापेर आएकी थिइन् ।

सदरमुकामको बजारमा दैनिक आवश्यक पर्ने सबै सामान पाइने रहेछन् तर भाउ भने अत्यन्त चर्को । मैले आफूलाई आवश्यक पर्ने सामान किनें र गुलाफीका लागि जुत्ता हेर्न थालें । गुलाफीका लागि जुत्ता छान्ने बेला मेरो मन दोमन भयो । म सोच्न थालें; त्यो घरमा गुलाफी मात्र छैनन्; उनीभन्दा माथि उनका आमाबाबु छन् भने उनीमुन्तिर दुई जना बहिनी र एउटा भाइ पनि छन् तर सबैलाई पुऱ्याउन खोज्दा रकम नपुग्ने ! अन्ततः

*कमेरो : घर पोत्न प्रयोग गरिने सेतो माटो*

*सदरमुकाम : प्रशासनिक रूपमा प्रमुख स्थान*

मैले त्यो धागाको नापका आधारमा गुलाफीका लागि एकजोर जुत्ता किनिदिएँ र अरूका लागि भने एक प्याकेट चकलेटमा चित्त बुझाएँ ।

सदरमुकामबाट फर्केर घरको आँगनभित्र प्रवेश गर्न नपाउँदै गुलाफी, गङ्गा, उमा र गोविन्द मतिर कुद्दै आए । तिनीहरू मेरो झोलालाई आशालाग्दो नजरले हेरिरहेका थिए । मैले चकलेटको प्याकेट झिकेर गुलाफीको हातमा राखिदिँदै भनेँ, "लौ, यो चकलेट सबैले बाँडेर खाओ ।" तिनीहरू कुद्दै आफ्नो घरभित्र पसे ।

साँझपख गुलाफी खाना पकाउन आइन् । मैले जुत्ताको प्याकेट उनको हातमा राखिदिँदै भनेँ, "यी लगाऊ तिम्रो जुत्ता !" जुत्ता देखेर गुलाफी असाध्यै खुसी भइन् । उनको अनुहार खुसीले पुलकित भइरहेको थियो । उनले मेरा अगाडि नै पोको खोलिन् र जुत्ताभित्र आफ्नो खुट्टा छिराएर अगाडि पछाडि हेर्दै भनिन्, "ठ्याक्कै मिल्यो । मैले सोचेको जस्तै जुत्ता ल्याइदिनुभयो ।"

"मन पर्‍यो तिमीलाई ?"

"हजुर ! खुब मन पर्‍यो ।" उनका गोरा खुट्टामा काला जुत्ता सुहाएको देखेपछि मलाई पनि खुसी लाग्यो । त्यस दिनदेखि गुलाफीबाहेक घरका अन्य सदस्यको मप्रतिको व्यवहारमा भने अचानक भिन्नता देखा परेको थियो । सायद गुलाफीलाई मात्र जुत्ता ल्याइदिएकामा उनीहरूको मन खिन्न र ईर्ष्यालु भएको थियो । उनीहरूको यस परिवर्तित व्यवहारले मलाई नरमाइलो लागिरहेको थियो । बेलुकीपख गुलाफी खाना बनाउन आउँदा मैले महसुस गरेँ, हिजो खुसीले फक्रेको गुलाफीको अनुहार आज मुर्झाएको छ ।

"गुलाफी !"

"हजुर !"

"त्यो जुत्ता तिमीले आफ्ना आमाबाबु र भाइबहिनीलाई पनि देखायौ ?"

"हजुर, देखाएँ ।"

"के भने ?"

"सबैले राम्रो छ भने ।"

*पुलकित : ज्यादै खुसी भएको अवस्था*

*परिवर्तित : परिवर्तन भएको, फेरिएको*

*मुर्झाउनु : ओइलाउनु*

"गुलाफी !"

"हजुर !"

"आज गङ्गा मसँग राम्रोसँग बोलिनन् । तिम्री बहिनी उमाले पनि मलाई नदेखे जस्तो गरिन् । तिम्रो भाइ त झन् हिजोदखि मेरा सामु परेकै छैनन् । किन ?" मैले गुलाफीका आँखामा हेर्दै भनेँ ।

"खोइ हजुर ! म सोधुँला तिनीहरूलाई ।" गुलाफी आफ्नो काममा व्यस्त भइन् । दोस्रो दिन गुलाफीका 'बा' बिहानै मेरो कोठाको ढोका ढकढक्याउन आइपुगे ।

"के काम पर्‍यो र यति बिहानै झुल्किनुभयो हर्कबहादुर दाइ ?" "त्यस्तो त केही होइन, तर..." उनी कुराको गाँठो फुकाउन अकमकाए ।

"के हो त त्यस्तो कुरा ? भनौँ न दाइ ! म उनीप्रति जिज्ञासु बनेको थिएँ ।"

"हजुर, खास त्यस्तो समस्या त केही होइन तर के भने त्यो जुत्ता छ नि हजुर...।" हर्कबहादुरले कुराको छेउ समाते ।

"अँ, कुन जुत्ता ?" मैले आश्चर्य व्यक्त गरेँ ।

"त्यो के, हजुरले गुलाफीलाई ल्याइदिएको जुत्ता ।" उनले शब्द चपाई चपाई भने ।

"अँ, हो । मैले ल्याइदिएको हुँ गुलाफीलाई ।" मैले आश्चर्यपूर्ण र शङ्कालु आँखाले उनीतिर हेरेँ ।

"गुलाफी अहिले सानी छिन् ...।" उनले मेरो अनुहारमा आफ्ना तीक्ष्ण नजरले केही कुरा खोज्ने प्रयास गर्दै भने ।

"भन्नुको अर्थ !" मैले निधार खुम्च्याएँ ।

"उपहार लिने उमेर भएको छैन त्यसको र अर्को कुरा, ऊभन्दा माथि उसले मान्नुपर्ने उसकी आमा छे । ऊभन्दा मुन्तिर दुइटी बहिनी र एउटा भाइ पनि छन् ।" हर्कबहादुरको अनुहार गम्भीर भयो ।

"अनि !" मैले अत्तालिँदै सोधेँ । "गुलाफीले मात्र जुत्ता लगाउने भई ! अरूसँग त्यस्तो जुत्ता छैन । न त तिनीहरूले त्यस्ता खालका जुत्ता नै लगाएका छन् ऐलेसम्म ।" हर्कबहादुरले आफ्नो समस्याको पेटारो खोले मेरा अगाडि । "दसैँ जस्तो ठुलो चाडबाडमा गुलाफीले मात्र त्यस्तो जुत्ता लाउँदा मैले अरू छोराछोरीलाई नकिनिदिए जस्तो देखिँदैन र !" हर्कबहादुरको स्वर मलिन थियो ।

*तीक्ष्ण : तिखो, धारिलो*

"कसैले त्यस्तो भनी नै हालेछ भने भन्नु नि, मैले किनिदिएको ।" मैले प्याच्च भनेँ ।

"नाइँ, यो कसरी हुन्छ हजुर ! त्यसो भन्दा त झन् ठुलो समस्या आइलाग्छ ।"

"कस्तो समस्या ?" हर्कबहादुरको कुराले मेरो मथिङ्गल मच्चिरहेको थियो ।

"गुलाफीलाई मात्र किन हाकिमसावले जुत्ता किनिदिए भनेर नानाभाँती कुरा उठाउँछन् गाउँलेले ! त्यस वेला मैले के जवाफ दिने ?" हर्कबहादुर झन् झन् खुलस्त हुँदै थिए तर म भने हिउँ झैँ जम्दै गइरहेको थिए ।

हर्कबहादुर र मबिच सम्पन्न अधुरो संवादपछिका दुई दिनसम्म मैले उनको घरमा कुनै चालचुल देखिनँ । सबै चुपचाप आफ्नो काम गर्थे र मसँग प्रायः कमै बोल्न रुचाउँथे । केही दिनपछि दसैँको चहलपहल सुरु हुँदै थियो । गङ्गा, उमा र गोविन्दको विद्यालयमा हिजोदेखि छुट्टी भइसकेको थियो ।

एक दिन गुलाफी खाना पकाउने समय भइसक्दा पनि आइनन् । साँझ छिप्पिएर गाढा भइसकेको थियो । अचानक मैले गुलाफीका बाआमाको चर्को स्वर सुनेँ । उनीहरूको स्वरबाट प्रतीत हुन्थ्यो, तिनीहरूबिच कुनै गम्भीर विषयमा मतमतान्तर भइरहेछ । सामुन्नेको झ्यालबाट मधुरो प्रकाश बाहिर छरिइरहेको थियो । मैले आफ्ना पाइला बिस्तारै झ्यालतिर बढाएँ र भित्र चियाएर हेरेँ । परिवारका सबै सदस्य भुइँमा बिछ्याइएको गुन्द्रीमा बसेका थिए र बिचमा मैले बजारबाट गुलाफीलाई ल्याइदिएको जुत्ताको पोको थियो । हर्कबहादुर दायाँ हातको चोरऔँलो उचालेर आफ्नी श्रीमतीतिर लक्षित गर्दै भन्दै थिए, "यो मान्छेले केही सोच्दै नसोची गुलाफीलाई जुत्ता ल्याएकै होइन । यसको मनमा पक्का केही खोट छ । हेर्दै जाऊँ, एक दिन भाँडो फुट्छ ।"

"मलाई पनि हाम्री छोरीमाथि उसका आँखा लागे जस्तो लागिरहेको छ ।" गुलाफीकी आमाले पनि श्रीमान्को कुरामा सहमति जनाइन् । "होइन ए गुलाफी ! तँ किन केही बोल्दिनस् ?" हर्कबहादुर गुलाफीतिर उन्मुख भए । गुलाफीले शिर उठाएर एक पटक आफ्नी आमातिर हेरिन् र फेरि शिर झुकाएर आफ्ना हातको नङ कोतर्न थालिन् । उनका आँखामा आँसु टिलपिलाइरहेका थिए । मैले किनिदिएका जुत्ताका कारण एउटा शान्त घरको तलाउमा तनावरूपी तरङ्ग सिर्जना भएको थियो । मैले ल्याएको जुत्ताले यस्तो परिस्थिति

*मथिङ्गल : मस्तिष्क*

*प्रतीत : आभास भएको, भान भएको*

*मतमतान्तर : फरक फरक विचार*

सिर्जना हुन सक्छ भन्ने थाहा पाएको भए म सायद गुलाफीले दु:ख माने पनि जुत्ता ल्याउने थिइनँ होला ।

सधैँ भैँ भोलिपल्ट बिहान मेरो निवासमा गुलाफी आइपुगिन् । हिजोअस्तिभन्दा आज अलि अबेर आएकी थिइन् उनी । रातभर नसुतेर जागा रहे भैँ थियो उनको अनुहार । "गुलाफी, चिया बनायौ ?" गुलाफीलाई देख्नेबित्तिकै मैले सोधेको थिएँ ।

"अहिले बनाउँछु हजुर !" उनको स्वर शुष्क थियो ।

"अनि आज किन अबेर आएकी ? घरमा कुनै समस्या त आइपरेन ?"

उनले केही जबाफ दिइनन् तर मेरो कोठाको ढोकामै आएर उभिन् र भनिन्, "हजुर !"

"के गुलाफी ?"

"लिनुहोस् यो जुत्ता ।" उनले आफ्ना दुवै हात मतिर बढाइन् । उनका हातमा मैले बजारबाट ल्याइदिएको जुत्ताको पोको थियो ।

"किन यो जुत्ता ल्याएकी ? तिमीलाई ठिक भएको होइन र !" जुत्ता देखेर म मन भित्रभित्रै नराम्रो आशङ्काले काँपिरहेको थिएँ ।

"म यो जुत्ता फिर्ता गर्न आएकी हजुर !" गुलाफीले भुइँतिर आँखा भुकाउँदै, निन्याउरो अनुहार लगाएर जुत्ताको पोको मतिर बढाइन् ।

"यो जुत्ता किन फिर्ता ल्यायौ गुलाफी ?" मेरो स्वर शुष्क थियो ।

"म यो जुत्ता लगाउन सक्दिनँ, अलि ठुलो भयो मलाई !" दृष्टि भुकाउँदै बोलिन् उनी ।

"तिमीले अस्ति मेरै अगाडि यो जुत्ता लगाएकी होइनौ ? अहिले कसरी ठुलो भयो ?"

"बा र आमा दुवै जनाले भन्नुभएको, म अहिले सानै छु, यो जुत्ता अलि ठुलो छ रे । यो जुत्ता मेरा खुट्टामा सुहाउँदैन रे !" गुलाफीले जुत्ताको पोको मेरै अगाडि भुइँमा राखिन् र त्यहाँबाट ओभेल भइन् ।

तर जानुभन्दा पहिले उनले आफ्ना व्यथित नजरले पुलुक्क मतिर हेरेकी थिइन् । उनका बाटुला आँखाबाट दुई थोपा आँसु तरक्क गालातिर चुहिँदै थिए ।

*शुष्क : सुकेको, खस्रो*

*व्यथित : व्यथा वा वेदनाले भरिएको*

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबारे छलफल गर्नुहोस् :

| अर्थ | शब्द | अर्थ |
|---|---|---|
| सार नभएको | असार | आषाढ महिना |
| नचल्ने पैसा | खोटो | सल्लाको चोप |
| दुलाहा | वर | नजिक |
| विवादको एक पाटो | पक्ष | पन्ध्र दिन |
| परिणाम | फल | फलफूल |
| पासो | जाल | झेल |
| सहर | नगर | निषेध |
| पानी खाने भाँडो | जग | घरको आधार |
| बन्दुकको नली | नाल | फोहोर बग्ने बाटो |
| कुहिरो | हुस्सु | मूर्ख |

२. दिइएका शब्द पढ्नुहोस् र शिक्षकसँग छलफल गरी तिनको अर्थ लेख्नुहोस् :

सभ्य, मलिन, दोमन, खिन्न, जिज्ञासु, आश्चर्यपूर्ण, गम्भीर, खुलस्त, अचानक, तरङ्ग, निवास

३. दिइएको अनुच्छेदबाट अनेकार्थी शब्द टिपोट गरी तिनको अर्थ लेख्नुहोस् :

पोहोर साल दाइको बिहे भयो । हामीले सालको टपरीमा सेल, कसार खायौँ । बिहेको लठारो सकियो । आमाबुबा हाम्रो भविष्यका बारेमा ताप लिइरहनुहुन्थ्यो । हामी भने घामका तापमा मस्त हुन्थ्यौँ । सानो भाइ पिङको लठारोमा झुन्डिरहन्थ्यो । सानी बहिनी, पिठिउँमा खेलौना पुतली बोकेर हिँड्थी । घरी घरी बगैँचामा पुगेर पुतली समाउन खोज्थी । हामी खल्तीमा सुन्तलाका दाना बोकेर तालमा माछा हेर्न पुग्थ्यौँ । हाम्रो ताल देखेर आमाबुबा छक्क पर्नुहुन्थ्यो । कुखुरालाई दाना दिने कामसमेत आमाबुबाले नै गर्नुपर्थ्यो ।

४. **दिइएका अनेकार्थी शब्दलाई फरक फरक अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

उत्तर, कल, गोल, तर, मास, हार

५. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

किनमेल, सप्तरङ्गी, पुलकित, अचानक, शङ्कालु, खुलस्त, संवाद, निन्याउरो

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

तीक्ष्ण, आशङ्का, काँपिरहेको, नानाभाँती, शङ्कालु, टिलपिलाउनु, मतमतान्तर, परिस्थिति

२. **'एकजोर जुत्ता' कथा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **'एकजोर जुत्ता' कथा पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) कथा कुन घटनाबाट प्रारम्भ भएको छ ?

(ख) हर्कबहादुरको परिवारमा कति जना सदस्य छन् ?

(ग) गुलाफीले बजारबाट के ल्याइदिन अनुरोध गरिन् ?

(घ) जुत्ताको रङ कस्तो थियो ?

(ङ) कथामा कति जना पात्र छन् ?

४. **'एकजोर जुत्ता' कथाको 'एक दिन गुलाफी .... एक दिन भाँडो फुट्छ ।' कथांश मौन पठन गरी दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) कथांशमा कस्तो परिवेश देखाइएको छ ?

(ख) गुलाफीको परिवारमा किन हलचल आयो ?

५. **'एकजोर जुत्ता' कथा पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) हर्कबहादुरको पारिवारिक अवस्था कस्तो छ ?

(ख) गुलाफीलाई मात्र किन जुत्ता किनिएको रहेछ ?

(ग) हर्कबहादुरको घरमा कसरी तनावको वातावरण सिर्जना भयो ?

(घ) 'एकजोर जुत्ता' कथाबाट पाइने सन्देश के हो ?

६. **भाव विस्तार गर्नुहोस् :**

एउटा शान्त घरको तलाउमा तनावरूपी तरङ्ग सिर्जना भएको थियो ।

७. **'एकजोर जुत्ता' कथाको सुरु, बिच र अन्तिममा के के घटना घटेका छन्, मुख्य मुख्य घटनाको सूची बनाउनुहोस् ।**

८. **'एकजोर जुत्ता' कथाको सार लेख्नुहोस् ।**

९. **'एकजोर जुत्ता' कथाकी गुलाफीको चरित्र चित्रण गर्नुहोस् ।**

१०. **'एकजोर जुत्ता' कथामा कस्तो परिवेशको वर्णन गरिएको छ, एक अनुच्छेदमा लेख्नुहोस् ।**

११. **गुलाफीले म पात्रलाई जुत्ता फिर्ता दिनु उपयुक्त थियो कि थिएन, 'एकजोर जुत्ता' कथामा आधारमा समीक्षा गर्नुहोस् ।**

१२. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

स्वरूप र प्रसन्ना आठ कक्षामा पढ्छन् । शिक्षकले एक दिन उनीहरूलाई नापतौलका नामका बारेमा परियोजना कार्य दिनुभयो । स्वरूप र प्रसन्नाले कापी र कलम लिएर घरनजिकैको पसलमा गए । पसलेसँग उनीहरूले नापतौलका बारेमा सोधपुछ गरे । उनीहरूलाई माना, पाथी, मुरी, केजी, क्विन्टल आदिका बारेमा त जानकारी थियो । कुरुवा, बिसौली, धार्नी आदिका बारेमा चाहिँ आज जानकारी पाए । नापतौलका नाम टिपोट गरेर घर फर्किए र चार्टपेपरमा लेख्न थाले ।

स्वरूप र प्रसन्ना जस्तै तपाईंले पनि सोधपुछ गरेर कुनै काम पूरा गर्नुभएको होला । तपाईंलाई जान्न मन लागेको कुनै नयाँ विषयका सन्दर्भमा जानकार व्यक्तिसँग कसरी सोधपुछ गर्नुहुन्छ, कक्षामा प्रस्तुत गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएका वाक्य पढ्नुहोस् र तिनका भिन्नताबारे छलफल गर्नुहोस् :**

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| (क) भान्जा चित्रकलामा प्रथम भए । | (क) भान्जी चित्रकलामा प्रथम भइन् । |
| (ख) उनले चलचित्र हेरेका छन् । | (ख) उनले चलचित्र हेरेकी छन् । |
| (ग) गुरुले कविता सुनाउनुभयो । | (ग) गुरुआमाले कविता सुनाउनुभयो । |
| (घ) गोरु चउरमा चर्दै छ । | (घ) गाई चउरमा चर्दै छ । |
| (ङ) फुपाजु र म मनकामना गयौँ । | (ङ) फुपू र म मनकामना गयौँ । |

२. **दिइएका वाक्य पढ्नुहोस् र तिनका भिन्नताबारे छलफल गर्नुहोस् :**

| एकवचन | बहुवचन |
|---|---|
| (क) मैले चेस खेल जितेँ । | (क) हामीले चेस खेल जित्यौँ । |
| (ख) तिम्रा भाइबहिनी ज्ञानी छन् । | (ख) तिमीहरूका भाइबहिनी ज्ञानी छन् । |
| (ग) चराले रुखमा गुँड बनायो । | (ग) चराले रुखमा गुँड बनाए । |
| (घ) परेवाले बिस्कुन खाएछ । | (घ) परेवाले बिस्कुन खाएछन् । |
| (ङ) यो नानी अग्ली छे । | (ङ) यी नानीहरू अग्ला छन् । |

३. **कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् :**

(क) दाजुले राम्रो घर बनाउनुभयो । (स्त्रीलिङ्ग)

(ख) मैले आफ्नो काम पूरा गरेकी छु । (पुलिङ्ग)

(ग) यो कुकुरले टोक्न सक्छ । (बहुवचन)

(घ) हामी असल विद्यार्थी हौँ । (एकवचन)

(ङ) सानिमा मसँगै आउनुभयो । (पुलिङ्ग)

(च) मेरो भाइ विद्यालय गयो । (स्त्रीलिङ्ग)

४. **दिइएको अनुच्छेदलाई पुलिङ्गमा बदली पुनर्लेखन गर्नुहोस् :**

आमा र काकी मेला हेर्न जानुभएछ। उहाँहरूले मेलामा माइजूलाई भेट्नुभएछ। तीनै जनालाई सँगसँगै देखेर बहिनी छक्क परिछन् । मलाई यो कुरा साथीले सुनाएकी थिइन् । अब भोलि चाहिँ ठुलोबुबा र दिदी मेलामा जाने सल्लाह भएको छ।

५. **दिइएको अनुच्छेद पढ्नुहोस् राता रङका समस्त शब्द र तिनका विग्रहबारे छलफल गर्नुहोस् :**

ठुल्दाइ हिजोआज व्यापारमा व्यस्त हुनुहुन्छ । साँझबिहान पसलमा निकै भिड हुन्छ । उहाँले नुनतेल, तरकारी र खाद्यान्न बेच्नुहुन्छ । व्यापारमा नाफानोक्सान हुन सक्छ तर इमानदारिता गुमाउनु हुँदैन भन्ने उहाँको विचार छ । 'वास्तवमा दशनङ्ग्रा खियाएर काम गर्ने श्रमजीवी समाजका गहना हुन् ।' मैले गुरुआमाको यो सन्देशलाई झलक्क सम्झिएँ ।

| समस्त शब्द | विग्रह |
|---|---|
| ठुल्दाइ | ठुलो दाइ |
| हिजोआज | हिजो आज |
| साँझबिहान | साँझ बिहान |
| नाफानोक्सान | नाफा वा नोक्सान |
| दशनङ्ग्रा | दश नङ्ग्राको समूह |
| श्रमजीवी | श्रमले जिउने |
| गुरुआमा | गुरु आमा |

६. **दिइएका शब्द समास भए विग्रह र विग्रह भए समास गर्नुहोस् :**

पूजालाई सामग्री, त्रिभुज, गहुँ झैँ गोरो, प्रतिवर्ष, माना र पाथी, सयपत्री, दशगजा, डाँडादेखि पारि, न फेद न टुप्पो, लामा कान छन् जसका

७. **दिइएका शब्द पढ्नुहोस् र कक्षामा छलफल गर्नुहोस् :**

| हलन्त | अजन्त |
|---|---|
| दण्डवत्, भगवान्, जगत्, विद्युत्, स्वागतम्, जान्छन्, पढ्, गर्छेस् | सूचना, बजार, गरिब, बतास, केवल, सहित, झलमल, खुसखुस, स्याबास |

८. **दिइएका हलन्त र अजन्त शब्द छुट्याएर तालिकामा लेख्नुहोस् । प्रत्येक तालिकाका चार चारओटा शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

क्याबात्, लेख्छन्, पुरस्कार, पाश्चात्य, विराट्, यावत्, सम्बोधन, आशिष्, शैक्षिक, उफ्, कृतज्ञ, साक्षात्, वर्णन, यावत्, सिकार, वातावरण, श्रीमान्, प्रकार, जलन, आकाश, बादल, अखबार

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ११ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) डाक्टरको विरोधमा नाराबाजी चलेको थियो ।

(ख) बिरामीको बाबुले डाक्टरको कान समाते ।

(ग) बच्चाको टाउकाको शल्यक्रिया गर्नुपर्ने भयो ।

(घ) डाक्टरलाई मातृशोक परेको थियो ।

२. **सुनाइ पाठ ११ का आधारमा दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) बच्चा किन बेहोस भएको थियो ?

(ख) डाक्टरले कस्तो कोट लगाएका थिए ?

(ग) नर्सले कोसँग कुरा गरिन् ?

(घ) डाक्टरले बिरामीका बाबुलाई के भने ?

## सिर्जना र परियोजना कार्य

१. **दिइएका बुँदाका आधारमा कथा लेख्नुहोस् :**

(क) एक जना युवक दुध बेच्न बजारतिर लाग्नु

(ख) दुध बेचेर आएको पैसाले कुखुरो किन्ने योजना बनाउनु

(ग) कुखुरा धेरै भएपछि तिनलाई पनि बेचेर बाखा किन्ने योजना बनाउनु

(घ) त्यसपछि बाखापालन व्यवसाय सुरु गरी केही वर्षमा नै धनी बनेको सपना देख्नु

(ङ) आफू सम्पन्न भएपछि महँगा महँगा जुत्ता, कपडा, मोबाइल आदि किन्ने कल्पनामा डुब्नु

(च) कल्पना गर्दै हिँड्दा ढुङ्गामा ठेस लाग्नु र भाँडाको सबै दुध पोखिनु

(छ) काम एकातिर मन चाहिँ अर्कैतिर हुँदा आफूसँग भएको पनि गुमाउनु

२. **तपाईँलाई मन परेको कथाबाट मुख्य मुख्य कथावस्तु टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## पाठ १२


### पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**







अब्दुल कलामले भनेका छन्, "मानिस गरिब भएर जन्मनु अपराध होइन तर गरिब बनेर मर्नु चाहिँ अपराध हो ।" कलामका भनाइको तात्पर्य मानिसले जसरी पनि धनसम्पत्ति कमाउनुपर्छ भन्ने होइन । उनले महान् काम गरेर जीवन सार्थक बनाउनुपर्ने पक्षमा जोड दिएका छन् । दृढ सङ्कल्प र निरन्तरको साधनाबाट मात्र मानिसले सफलताको शिखर चुम्न सक्छ । मानिसले आफ्नो लक्ष्यको यात्रामा आर्थिक, सामाजिक, शारीरिक, मानसिकलगायत समस्याको सामना गर्नुपर्छ । यस्ता समस्याको सामना गर्नुलाई सङ्घर्ष भनिन्छ । प्रत्येक सफल व्यक्तिले जीवनमा सङ्घर्ष गरेकै हुन्छ । यस्तै सङ्घर्ष गरेर उदाहरणीय बनेका व्यक्तिका बारेमा छलफल गरौँ ।

मूल पाठ

# १२ जुन्को ताबेई



अभाव, चुनौती र प्रतिकूलतासँग सिँगौरी खेल्दै सफलताको शिखर चुम्नु महान् व्यक्तिको लक्षण हो । उसले आफ्नो जीवनमा निराशा र कायरता जस्ता कुराको प्रभाव कहिल्यै पर्न दिँदैन । उसको जीवन दृढ इच्छाशक्ति, साहस र लगनशीलताका कारण सफलताको शिखरमा पुग्छ र अमर बन्छ । उसमा पाइने धीरता र निरन्तर क्रियाशीलता जस्ता गुण सबैका लागि अनुकरणीय पनि बन्छन् । त्यस्तै महान् व्यक्तिको सूचीमा रहेकी विश्व कीर्तिमानी सर्वोच्च शिखर सगरमाथा आरोही प्रथम महिलाको नाम हो, जुन्को ताबेई ।

जुन्को ताबेई संसारका सर्वाधिक उच्च शिखर सफल आरोहण गर्ने जापानी महिला हुन् । उनी २२ सेप्टेम्बर सन् १९३९ मा फुकुसिमा प्रान्तको एउटा सानो सहर मिहरुमा जन्मिएकी थिइन् । उनका बुबा कुनै विज्ञापन कम्पनीमा होर्डिङ बोर्ड छपाइको काम गर्थे भने आमा गृहिणी थिइन् । उनीहरूका सात सन्तानमध्ये जुन्को चाहिँ पाँचौँ सन्तानका रूपमा जन्मिइकी थिइन् । उनलाई सानै उमेरदेखि विद्यालयमा भर्ना गरियो तर उनी निमोनियाको चपेटामा परिरहिन् । उनले कैयौँ दिनसम्म विद्यालयमा उपस्थित भएर पढ्न पाइनन् । अस्वस्थता र कमजोरीका कारण उनको बाल्यकालीन अध्ययन सोचे जस्तो हुन सकेन तापनि उनले जसोतसो माध्यमिक शिक्षा उत्तीर्ण गरिन् ।

### शब्दार्थ

*आरोही* : *उच्च स्थानमा आरोण गर्ने, चढ्ने*

*गृहिणी* : *घरकी मालिकनी*

*निमोनिया* : *फोक्सो प्रभावित हुने एक प्रकारको रोग*

विद्याधन नै सबैभन्दा ठुलो धन हो भन्ने कुरा ताबेईका मनमा गाढिरहेको थियो । उनी जसरी भए पनि उच्चशिक्षा लिनुपर्छ भन्ने कुराप्रति सतर्क थिइन् । उनले आफ्नो शिक्षालाई अझै सशक्त किसिमबाट अगि बढाउने योजना बनाइन् । उनको चहनालाई आमाबुबाले समेत होस्टेमा हैँसे गरे । परिणामस्वरूप उनी पहिलो पटक टोकियो विश्वविद्यालयमा भर्ना हुन पुगिन् । पढाइको केही समयपछि नै उनलाई त्यहाँ असहजताको अनुभूति भयो । त्यसपछि उनी पुन: अर्को विश्वविद्यालयको खोजीतर्फ लागिन् । त्यसै क्रममा उनले सोवा महिला विश्वविद्यालयमा भर्ना हुने अवसर पाइन् । त्यहाँ सन् १९५८ देखि १९६२ सम्म अङ्ग्रेजी साहित्यकी विद्यार्थी बनेर उनले उच्च शिक्षा हासिल गरिन् ।

हरेक व्यक्तिभित्र कुनै न कुनै क्षेत्रमा रुचि वा लगाव हुन्छ । कसैलाई पढ्ने लेख्ने त कसैलाई नाच्ने गाउने रुचि हुन्छ । कसै कसैमा कुनै नयाँ काम गरेर कीर्तिमान कायम राख्ने चाहना हुन्छ । ताबेईभित्र चाहिँ पर्वतारोहणप्रतिको तीव्र चाहना थियो । उनले आफू १० वर्षकी हुँदा शैक्षिक भ्रमणका क्रममा पहिलो पटक जापानको माउन्ट नासुको आरोहण गरेकी थिइन् । त्यस बेला उनी चार कक्षामा पढ्थिन् र केही अस्वस्थ पनि थिइन् । त्यस्तो अवस्थामा पहिलो पटक गरिएको पर्वतारोहणबाट उनी निकै उत्साही बनिन् । त्यसपछि सधैँ पर्वतारोहणप्रतिको लगावका कारण उनले स्नातक तह पूरा गरुन्जेलसम्म यसलाई पनि निरन्तरता दिइरहिन् ।

जुन्को ताबेईको समयमा जापानभित्र पर्वतारोहणसम्बन्धी अनेकौँ अभ्यास हुन्थे । साना ठुला विभिन्न समूहमा अभ्यास गराइन्थ्यो तर ताबेईलाई केही ससाना समूहमा मात्र सहभागी हुने अवसर मिल्थ्यो । उनी अलि बृहत्स्तरबाट ठुलै समूहमा संलग्न हुन चाहन्थिन् । त्यसका लागि उनले धेरैओटा समूहमा सहभागिताका लागि कोसिस गरिरहिन् तर कहीँकतै अवसर पाइनन् । उल्टै कतिपय व्यक्तिले उनको उत्साहलाई हाँसोमा उडाउने काम गरे । निकै ठुलो प्रयासपछि उनले बल्लतल्ल एउटा पर्वतारोहणसम्बन्धी 'अल्पाइन क्लब' मा सदस्य बन्ने अवसर पाइन् तर त्यहाँ पनि उनका लागि सहज वातावरण बनेन । यसैबिच एक पर्वतारोही मसानोबुसँग उनको चिनजान भयो अनि उनीहरू सन् १९६५ मा विवाह बन्धनमा बाँधिए । त्यसपछि ताबेईलाई उनका श्रीमान् मसानोबुले पनि सहयोग गर्न थाले । तिनले ताबेईको उत्साह नमरोस् भन्ने कुरामा सधैँ सतर्कताका अपनाइरहे ।

महान् लक्ष्य पूरा गर्ने सङ्कल्प बोकेको व्यक्ति कुनै हालतमा पछि हट्दैन भने झैँ जुन्को

*कीर्तिमान : विश्वप्रसिद्ध, ख्यातिपूर्ण*

ताबेई पर्वतारोहण अभियानबाट कहिल्यै पछि हटिनन् । उनलाई अन्य समूहले आफ्नो क्लबमा प्रवेश नदिए पनि उनी आफैँ महिलाका लागि नयाँ क्लब खोल्ने अठोटमा पुगिन् । आफैँले निर्माण गरेको समूहमा रहेर अभ्यास गर्ने योजनाअनुसार सन् १९६९ मा उनले केही महिलालाई जुटाएर 'लेडिज क्लाइम्बिङ क्लब जापान' को स्थापना गरिन् । यस क्लबको नारा 'आफैँ एक विदेश अभियानमा जुटौँ' भन्ने थियो । यसरी महिला क्लब खुलेपछि त्यहाँ धेरैजसो गृहिणी सहभागी हुन थाले । उनीहरूले केही समयको अभ्यासपछि जापानका माउन्ट फुजी र स्विस एल्प्सको मार्टहार्न जस्ता पर्वतको सफल आरोहण गरे । महिलाको यस्तो सफलतापछि ताबेई औधी खुसी भइन् । उनीभित्र एक न एक दिन जापानी महिलाले हिमाल आरोहणलाई सफल पारेरै छोड्ने छन् भन्ने विश्वासको लहर दौडिन पुग्यो ।

कुन पर्वतारोहीले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने सपना नदेख्ला र ! त्यस्तै जापानबाटै आएको एउटा पर्वतारोही पुरुष समूहले सन् १९७० मा सगरमाथा आरोहण गरिसकेको थियो । उक्त समूहका कतिपय आरोहीले ज्यान गुमाउनुपरेको समाचार पनि सार्वजनिक भएको थियो । जुन्को ताबेईका लागि त्यस्तो समाचार अत्यन्त दुःखद त थियो नै साथसाथै निकै सतर्कताको विषय पनि थियो । उनले आफ्नो महिला समूहलाई हिमाल आरोहणका क्रममा थप सतर्कता अपनाउनुपर्ने कुरामा जोड दिइन् । स्वयम् पनि आफ्नो समूहको पर्वतारोहणलाई कसरी सुरक्षित राख्ने भन्नेतर्फ सचेत बन्न थालिन् । अन्ततः निकै तयारीका साथ उनले सगरमाथा आरोहणका लागि सन् १९७० मा नेपाल सरकारसँग अनुमति मागिन् । नेपाल सरकारका तर्फबाट लामो समयसम्म कुनै प्रतिक्रिया नपाएपछि पुनः सन् १९७२ मा ताकेता गरिन् र अर्को निवेदन हालिन् । यस अवधिसम्म आइपुग्दा ताबेई जापानकी प्रसिद्ध पर्वतारोहीका रूपमा स्थापित भइसकेकी थिइन् । उनले जापानलगायत अन्य विभिन्न देशका अग्ला पर्वतको आरोहणमा सफलता पाएकी थिइन् ।

लामो प्रतीक्षापछिको अनुकूल समयले सबैलाई गद्गद तुल्याउँछ नै । सगरमाथा आरोणलाई जीवनकै लक्ष्य ठान्ने जुन्को ताबेईका लागि त्यस्तो अनुकूल समय आउनु भनेको खुसीको सीमा नरहनु जस्तै थियो । नेपाल सरकारका तर्फबाट सन् १९७५ का लागि हिमाल आरोहणसम्बन्धी निवेदन स्वीकृत भएको जानकारी पाएपछि उनी अत्यन्त हर्षित भइन् । त्यस वेला उनलाई स्वीकृति पाउनु नै आधा हिमाल आरोहण गर्नु जस्तै भएको थियो । त्यसलगत्तै उनी आवश्यक तयारीमा जुट्न थालिन् र आफ्नो सगरमाथा आरोहणबारे

*अभियान* : *लक्ष्य प्राप्तिका लागि गरिने सामूहिक रूपमा गरिने प्रयास*

*अवधि* : *निर्धारित समय, म्याद*

अरूलाई सुनाउँदै गइन् । कैयौँ व्यक्तिले उनको सगरमाथा आरोहण अभियानलाई हाँसोमा उडाए । वास्तवमा हिमाल आरोहणका लागि जति अनुभव, साहस र कला चाहिन्थ्यो त्यति नै खर्चको व्यवस्थापन पनि आवश्यक थियो । ताबेईसँग पर्याप्त धनराशि नभएकाले उनले अन्य विकल्पको खोजी गर्न थालिन् । उनले कतिपय सहयोगी निकायसँग सम्पर्क बढाइन् तर कहीँकतैबाट सहयोग मिलिरहेको थिएन । निकै प्रयासपछि एउटा पत्रिका कम्पनीले उनको अभियानका लागि सहयोग रकम जुटाउने प्रतिबद्धता जनायो । यद्यपि त्यस प्रतिबद्धतामा आधारित सहयोग रकम हिमाल आरोहणका लागि पर्याप्त थिएन । आखिरमा ताबेईले आफ्ना सम्पूर्ण हिमाल आरोही सदस्यलाई नै आआफ्नो जायजेथाबाट थप रकम जुटाउनुपर्ने कुरामा सहमत गराइन् । आरोहण खर्च कम गर्नका लागि उनले कतिपय वस्तु आफैँ उत्पादन गर्नुपर्ने र अरूले पहिला प्रयोग गरिसकेका वस्तु पनि पुनः प्रयोगमा ल्याउनुपर्ने बताइन् ।

सगरमाथा आरोहणका लागि सबैभन्दा उपयुक्त समय वसन्त ऋतुलाई लिने गरिन्छ । यसै समयलाई आधार मानी सकेसम्म पुरै तयारी र हिम्मतका साथ जुन्को ताबेई आफ्नो समूहको नेतृत्व गरेर सन् १९७५ मा जापानबाट नेपाल आइन् । त्यस बेला उनी ३५ वर्षकी तथा सिन्या र नोरिको जस्ता एक छोरा र एक छोरीकी आमा भइसकेकी थिइन् । उनका साथमा १३ महिला र दुई पुरुष सदस्य थिए । समूहका सबै सदस्यले काठमाडौँ अवतरणपछि हिमाल आरोहणका लागि पूर्व तयारी गर्न थाले । उनीहरूले फरक फरक उचाइमा बेसक्याम्प बनाउँदै गए । सबैभन्दा पहिले खुम्बु फल क्षेत्रमा बेसक्याम्प बनाए भने त्यसपछि अझै उचाइमा थप दुइटा बेसक्याम्प बनाए । अभ्यास, साहस, तयारी र निर्भीकताका साथ टोलीका सबै सदस्यले बिस्तारै हिमाल आरोहणलाई गति दिँदै गए ।

भनिन्छ, सगरमाथा आरोहण र जीवनयात्रा उस्तै हो । जति जोखिम र आनन्द सगरमाथा आरोहण क्रममा मिल्छ त्यति नै आफ्नो जीवनमा पनि उतारचढाव भइरहन्छ । ८,००० मिटरमाथिको सगरमाथा क्षेत्र जुनसुकै समयका लागि जोखिमपूर्ण मानिन्छ । यस्तो क्षेत्रलाई अङ्ग्रेजीमा 'डेथ जोन' पनि भन्ने गरिन्छ । यसभन्दा माथि आरोहण गर्नुपर्दा बल

*धनराशि* : *धनको थुप्रो*

*प्रतिबद्धता* : *वचनबद्ध हुनुको अवस्था*

*जायजेथा* : *धनसम्पत्ति*

*अवतरण* : *ओर्लनु, झर्नु*

*बेसक्याम्प* : *आधार शिविर*

*खुम्बु फल* : *सगरमाथा आरोहणका क्रममा हिउँ आउने खुम्बु क्षेत्र*

र बुद्धिको मात्र नभई शारीरिक क्षमता र साहसको पनि आवश्यकता पर्छ । ताबेईको समूहले यस्तो कुरा बुझेर नै बिस्तारै बिस्तारै ६,३०० मिटरसम्म पुगी शिविर लगाएको थियो । त्यहीँ विश्राम गरेर पुनः माथिको आरोहण गर्ने पूर्वयोजनाका साथ विश्राम गरिरहेको थियो । सुतिरहेकै वेला अचानक माथिबाट हिमस्खलन हुन पुग्यो । ताबेईसहित अन्य सदस्य हिउँभित्र दबिए । संयोगवश साथमा रहेका नेपाली सहयोगी शेर्पाहरूको बहादुरी, चलाखीपन र अथक परिश्रमबाट उद्धार सम्भव भयो । सगरमाथा शिखर चुम्नुभन्दा केही दिनअगाडिको यस घटनाले उनीहरूलाई विशेष पाठ सिकाएर छाड्यो ।

सगरमाथा आरोहणको गन्तव्य अर्थात् शिखर नजिकिँदै थियो । 'अल फिमेल क्लाइमिङ पार्टी' को नेतृत्व गर्दै जुन्को ताबेई सहयोगीका साथ क्रेम्प्रोन पाइला अगाडि बढाइरहेकी थिइन् । केही समयपछि डेथ जोन पार गर्दै सम्पूर्ण पर्वतारोही सदस्यले नै सगरमाथाको शिखर चुम्ने अवस्था हुँदै थियो । अचानक अक्सिजन र खानेकुरा सकिनै लागेको जानकारी भयो । दुवै कुरा सकिएपछि यसभन्दा माथि पुगेर फर्किन सक्ने सम्भावना कम हुन थाल्यो । जगेडा अक्सिजनले एक जनालाई मात्र सगरमाथा शिखरमा पुगेर फर्किन सकिने देखियो । त्यस वेला तत्काल परिस्थितिको मूल्याङ्कन गरी निर्णय लिनुपर्ने बाध्यता आइलाग्यो । आखिरमा सबै सदस्यले जुन्को ताबेईलाई मात्र भए पनि सगरमाथा शिखरमा पठाउनुपर्ने कुरामा जोड दिए । त्यसपछि आङ छिरिङलगायत सहयोगीका साथमा ताबेई सगरमाथाको शिखरतर्फ लम्किइन् भने बाँकी सदस्य बेसक्याम्पतर्फ फर्किए । उच्च मनोबलका साथ अगि बढेकी ताबेईले अन्ततः १६ मे सन् १९७५ का दिन मध्याह्न १२:३० बजे सगरमाथाको शिखर चुमेर विश्वकीर्तिमान कायम गरिन् । सन् १९५३ मे २९ का दिन तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीले सगरमाथामा झन्डा फहराएपछि हिमाल आरोहणको क्रम सुरु भएको थियो । त्यसको ठिक २२ वर्षपछिको ताबेईको सफलतालाई ऐतिहासिक दृष्टिले सगरमाथा आरोहण गर्ने विश्वकै पहिलो कीर्तिमानी महिलाका रूपमा स्थापित गरायो । उनलाई जापानी सम्राट् क्राउन प्रिन्स र राजकुमारीबाट मात्र नभई नेपाललगायत विश्वबाट सम्मान, बधाई तथा प्रशंसाभाव प्रकट गरियो । त्यसपछि उनी जापान सरकारका तर्फबाट 'हिमालय एडभेन्चर ट्रस्ट जापान' की निर्देशकका रूपमा नियुक्त भइन् ।

*शिविर : अस्थायी रूपमा पाल टाँगेर बनाइको बस्ने ठाउँ*

*हिमस्खलन : जमेको हिउँ पग्लिँदै झर्ने प्रक्रिया*

*जगेडा : बचत, पछिका लागि बचाइको रकम वा वस्तु*

*सम्राट् : बादशाह, महाराजाधिराज*

वास्तवमा जुन्को ताबेईले आफ्नो जीवनकालमा सगरमाथा, एकाङ्कागुआ, डेनाली, किलिमन्जारो, माउन्ट बिन्सन, एल्ब्रस, पुणक जयालगायत सात महादेशका सबैभन्दा अग्ला शिखरको आरोहण गरिन् । त्यसैले उनलाई सन् १९९२ मा 'सेवन समिट्स' पूरा गर्ने पहिलो महिलाका रूपमा लिने गरिन्छ । सन् २०१२ मा आफूलाई 'पेरिटोनियल क्यान्सर' भएको थाहा पाएपछि पनि उनले जीवन कालमा ७६ देशका सबैभन्दा अग्ला हिमालको आरोण गरेर विश्वकीर्तिमान कायम गरिन् । त्यसका अतिरिक्त उनलाई कुशल शिक्षक र लेखकका रूपमा पनि सम्मान गरिन्छ । उनका सातओटा कृतिसमेत प्रकाशित भएका पाइन्छन् ।

यसप्रकार जीवनको उत्तरार्धसम्म निरन्तर सङ्घर्ष गरिरहने जुन्को ताबेईको ४ फिट ९ इन्च अग्लो शरीरले कहिल्यै थाकेको अनुभूति गरेन । मनमा काम गर्ने उत्साह बाँकी रहँदारहँदै पनि क्यान्सरका कारण स्वास्थ्यमा समस्या देखियो । उनले २० अक्टोबर सन् २०१६ का दिन ७७ वर्षको उमेरमा जापानको सैटास्थित एक अस्पतालमा देहत्याग गरिन् । उनलाई विश्वले भावपूर्ण श्रद्धाञ्जली त अर्पण गऱ्यो नै गुगलले समेत मरणोपरान्त डुडल बनाएर सम्मानित गरेको छ। जस्तोसुकै अभाव र अप्ठ्यारोपनलाई हिम्मतसाथ पूरा गर्ने ताबेईको भौतिक शरीर नरहे पनि उनी आफ्नो अद्वितीय साहसका कारण सधैँ अमर बनेकी छन् । उनको सफलताले विश्वका नारीलाई मात्र नभएर हरेक पर्वतारोहीलाई उत्प्रेरणा जगाउनुका साथै नेपाल तथा जापानको ऐतिहासिक आत्मीय सम्बन्धलाई जनस्तरबाट अनुमोदन गराएको छ ।

*डुडल : स्वाभाविक रूपमा बनाइएको कुनै कलाकृति वा चित्रकारिता, गुगलले प्राथमिकता दिएर बनाएको एक प्रकारको चित्र*

## शब्दभण्डार

१. दिइएका पारिभाषिक शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| अक्षांश | जीवन र जगत्लाई हेर्ने दृष्टिकोण |
| उपसंहार | कुनै रचनाका विभिन्न पक्ष केलाएर हेर्ने काम |
| दर्शन | लेखको निष्कर्ष |
| प्रत्यारोपण | रुपियाँको मूल्य घट्ने अवस्था |
| समालोचना | भूमध्य रेखासँग समानान्तर भएका रेखा |
| भाषिका | अङ्ग सार्ने काम |
| आपूर्ति | सिक्ने काम |
| अवमूल्यन | ठाउँअनुसार हुने भाषाको फरक रूप |
| | अन्तबाट सामान ल्याएर अभाव पूरा गर्ने काम |

२. दिइएका अर्थ दिने शब्द 'जुन्को ताबेई' जीवनीबाट पहिचान गरी लेख्नुहोस् :

(क) विश्वविद्यालयले प्रदान गर्ने स्नातक उपाधिको स्तर

(ख) दुःख वा कष्ट दिने

(ग) कुनै सङ्घसंस्थामा नियमअनुसार रहेको व्यक्ति

(घ) दिनको बिचको समय

(ङ) तुलना गर्न वा भिडाउन सुहाउने अर्को व्यक्ति नभएको

३. दिइएको अनुच्छेदबाट कुनै १० ओटा पारिभाषिक/प्राविधिक शब्द टिपोट गरी कक्षामा छलफल गर्नुहोस् :

सुकुम्बासी टोलमा अस्पतालको शिलान्यास भएको छ। त्यहाँ नजिकै प्रशस्त मात्रामा पर्ती जग्गा रहेको छ। उच्च रक्तचाप भएका बिरामीदेखि अर्बुद रोग लागेसम्मका बिरामीले सेवा पाउने भएका छन्। प्रसूतिका लागि छुट्टै व्यवस्था हुने छ। स्त्री रोगसम्बन्धी समस्या हुनेहरूका लागि पनि व्यवस्था गरिने छ। प्रतिवेदन आएपछि अस्पतालमा थप के के

गर्ने भन्ने कुरा सार्वजनिक हुने छ । अस्पताल बर्दिया राष्ट्रिय निकुञ्जबाट थोरै टाढा मात्र बनाउन लागिएको हो । यसभित्र एक्स रे मेसिनदेखि ल्याब र कम्प्युटर आदिको विशेष सुविधा हुने छ । औषधी र उपकरणको आपूर्तिका लागि बोलपत्र आह्वान गरिसकिएको छ । शिलान्यासका दिन शिलापत्र र ताम्रपत्र दुवै राखिएका छन् । अस्पतालबाट स्थानीय व्यक्तिलाई रोजगारी दिने सम्भावनासमेत बढेको छ ।

४. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

आरोहण, महादेश, निधन, सम्राट्, लगनशीलता, चुनौती, उद्धार, भौतिक

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

लक्ष्य, कीर्तिमान, पर्वतारोहण, स्नातक, हिमस्खलन, निर्देशक, क्यान्सर, अद्वितीय

२. **'जुन्को ताबेई' जीवनी पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **'जुन्को ताबेई' जीवनी पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) जुन्को ताबेईको जन्म कहाँ भएको थियो ?

(ख) जुन्को ताबेईले कुन विषयमा उच्च शिक्षा हासिल गरिन् ?

(ग) जुन्को ताबेईले नेपाल सरकारसँग कहिले सगरमाथा आरोहणको अनुमति मागिन् ?

(घ) जुन्को ताबेईले कतिओटा देशका अग्ला हिमाल आरोहण गरिन् ?

(ङ) पाठको सातौँ अनुच्छेदबाट सबैभन्दा लामो वाक्य पहिचान गरी भन्नुहोस् ।

४. **'जुन्को ताबेईको समयमा जापानभित्र .... सधैँ सतर्कताका अपनाइरहे ।' अनुच्छेद मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) जुन्को ताबेई के चाहन्थिन् ?

(ख) जुन्को ताबेईले धेरै ठाउँमा पुग्दा पनि किन अवसर पाइनन् ?

(ग) जुन्को ताबेईले कुन क्लबमा सदस्य बन्ने अवसर पाएकी थिइन् ?

(घ) जुन्को ताबेईको विवाह कहिले भयो ?

५. 'वास्तवमा जुन्को ताबेईले .... कृतिसमेत प्रकाशित भएका पाइन्छन् ।' अनुच्छेद अनुलेखन गर्नुहोस् ।

६. 'जुन्को ताबेई' जीवनीका आधारमा दिइएका घटनासँग सम्बन्धित समय सन्मा उल्लेख गर्नुहोस् :

(क) जुन्को ताबेईको जन्म : ......................

(ख) लेडिज क्लाइम्बिङ क्लब जापानको स्थापना : ...............

(ग) नेपाल सरकारका तर्फबाट हिमाल आरोहणसम्बन्धी निवेदन स्वीकृत : ..........

(घ) सगरमाथा शिखरको सफल आरोहण : ..............

(ङ) ताबेईलाई पेरिटोनियल क्यान्सर लागेको जानकारी : ...........

(च) जुन्को ताबेईको निधन : ................

७. 'जुन्को ताबेई' जीवनी पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) जुन्को ताबेईको शैक्षिक यात्रा कस्तो थियो ?

(ख) जुन्को ताबेई पर्वतारोणका लागि कसरी आकर्षित भइन् ?

(ग) जुन्को ताबेईलाई विश्वभरबाट किन बधाई तथा सम्मानभाव प्रकट गरियो ?

(घ) जुन्को ताबेईको जीवनीबाट के सन्देश पाइन्छ ?

८. व्याख्या गर्नुहोस् :

सगरमाथा आरोहण र जीवनयात्रा उस्तै हो ।

९. जुन्को ताबेईले पर्वतारोहणका क्रममा बेहोर्नुपरेका समस्याको वर्णन गर्नुहोस् ।

१०. व्यक्तिमा दृढ इच्छाशक्ति भए जतिसुकै चुनौतीपूर्ण काम पनि पूरा गरेरै छाड्छ भन्ने कुरालाई 'जुन्को ताबेई' जीवनीका आधारमा पुष्टि गर्नुहोस् ।

११. 'जुन्को ताबेई' जीवनीको चौथो अनुच्छेद पढी चारओटा बुँदा टिप्नुहोस् र सारांशसमेत लेख्नुहोस् ।

१२. **जुन्को ताबेईले १० वर्षको उमेरमा शैक्षिक भ्रमणका क्रममा माउन्ट नासुको आरोहण गरिन् । त्यसपछि उनमा पर्वतारोहणप्रति इच्छा जागृत भयो । पर्वतारोहणको इच्छाले सन् १९७५ मे १६ का दिन उनलाई सगरमाथाको चुचुरामा पुऱ्यायो । उनी सगरमाथा आरोहण गर्ने प्रथम नारी बन्न पुगिन् । यसका साथै विश्वका ७६ देशका अग्ला हिमाल आरोहण गरेर उनले कीर्तिमानी कायम गरिन् ।**

जुन्को ताबेईमा बाल्याकालदेखि नै पर्वतारोहणको इच्छा भए जस्तै तपाईँलाई पनि कुनै क्षेत्रमा सफल हुने इच्छा होला । आफ्नो इच्छा पूरा गर्ने आधार कक्षामा प्रस्तुत गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएका वाक्य पढ्नुहोस् र तिनमा पाइने पुरुष सङ्गतिबारे छलफल गर्नुहोस् :**

(क) मैले कथा पढेकी छु । मैले कथा पढेको छु । हामीले कथा पढेका छौँ ।

(ख) तैँले कथा पढेकी छस् । तैँले कथा पढेको छस् । तिमीहरूले कथा पढेका छौ । तपाईँले कथा पढ्नुभएको छ ।

(ग) उसले कथा पढेकी छ । उसले कथा पढेको छ । उनले कथा पढेका छन् । उनीहरूले कथा पढेका छन् । उहाँले कथा पढ्नुभएको छ ।

२. **दिइएका वाक्यलाई कोष्ठकका निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :**

(क) तिमीले अपाङ्गता भएका व्यक्तिलाई सहयोग गरेछौ । (तृतीय पुरुष)

(ख) म जेष्ठ नागरिकलाई सम्मान गर्छु । (द्वितीय पुरुष)

(ग) उसले परीक्षामा राम्रो नतिजा ल्याउने छ । (प्रथम पुरुष)

(घ) हामीलाई खेल्न मन लागेको छ । (द्वितीय पुरुष)

(ङ) तैँले कलम बोकेकी छस् । (तृतीय पुरुष)

३. **हिमाल आरोहण गर्दा कस्तो अनुभव हुन्छ होला, फरक फरक पुरुष सङ्गति प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् ।**

४. **दिइएका वाक्यलाई कोष्ठकका निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :**

(क) रोशन पत्रिका पढ्छ । (मध्यम आदर)

(ख) उहाँले सरसफाइ गर्नुभयो । (सामान्य आदर)

(ग) उनी कृषक हुन् । (उच्च आदर)

(घ) तपाईं समाजसेवा गर्नुहुन्छ । (मध्यम आदर)

(ङ) तिमी किन गम्भीर भएर सोचिरहेकी छ्यौ ? (सामान्य आदर)

(च) पूजा वादविवाद प्रतियोगितामा प्रथम भइन् । (सामान्य आदर)

५. **दिइएको अनुच्छेद पढी उद्देश्य र विधेय वा कर्ता र क्रियाको पहिचान गर्नुहोस् :**

सम्झनाको भाइ आफ्ना कपडा आफैँ धुन्छ । ऊ अहिले ठुलो भइसकेको छ । सम्झना पनि घरका कामधन्दा गर्ने भइसकिन् । उनी आठ कक्षाकी जेहेनदार छात्रा हुन् । उनीहरूले आमाबुबाबाट धेरै कुरा सिक्न पाएका छन् । उनीहरूका बुबा कानुन व्यवसायी हुनुहुन्छ । आमा गायक हुनुहुन्छ । तपाईंहरूका आमाबुबा चाहिँ कुन कुन पेसामा आबद्ध हुनुहुन्छ नि ?

६. **दिइएको अनुच्छेदबाट उपसर्ग लागेका शब्द पहिचान गरी लेख्नुहोस् :**

अजयले अनजानमै पनि कुनै अभद्र र अमर्यादित काम गरेका छैनन् । उनी अनपढ पनि छैनन् र उनीसँग अन्धविश्वासका साथ अनुचित व्यवहार गर्नुपर्ने आवश्यकता पनि छैन । उनले जीवनको बढी समय अनुशासित भई अध्ययन, अनुसन्धान, अनुवाद र अनुलेखनमा बिताएका छन् । उनी अभिभावकलाई सम्मान गर्छन् । हरेक राम्रा कुरामा अभिरुचिका साथ चासो राख्छन् । उनी कहिल्यै अभिमान वा घमन्ड गर्दैनन् । अझ नाटकमा अभिनय गर्ने कुराले त उनलाई अभिनेता जस्तै बनाएको पाइन्छ । अरूको उपकार गर्नु, अरूलाई सरसल्लाह र उपदेश दिनु, समयको उपयोग गर्नु र अप्ठ्यारो परिस्थितिमा अरूलाई समेत उपाय देखाउनु उनका विशेषता नै हुन् । जीवनको प्रारम्भदेखि नै प्रगतिको मार्गमा लागेकाले उनका हरेक प्रयास सफल भएका छन् । उनको प्रभावपूर्ण काममा अवरोध आएको छैन । उनी कुनै पनि अवसरलाई खेर फाल्दैनन् । उनी बेकारमा समय खेर फाल्दैनन् । अजयको यो विशेषताबाट अरूले उत्प्रेरणा पाएका छन् । उनका कुरा अनुसरण गरेमा हामी सबैको भविष्य उज्ज्वल र उन्नतितर्फ लाग्ने छ । हामी त उनका कुरालाई

बेकाममै विरोध गरेछौँ । गैरजिम्मेवार कुरा गरेर बस्नुभन्दा सहअस्तित्वका साथ अजयसँगै हामीले सहकार्य गर्ने हो भने हामी सबैको विकास हुने नै छ । सबैसँग सहमति गरौँ, विरोध र बिछोडको कुरा कोही कसैसँग नगरौँ ।

७. **जुन्को ताबेई जीवनीको पहिलो र दोस्रो अनुच्छेदबाट उपसर्ग लागेका शब्द पहिचान गरी कापीमा टिप्नुहोस् र शिक्षकको सहायताले तिनको निर्माण प्रक्रियासमेत देखाउनुहोस् ।**

८. **'जुन्को ताबेई' जीवनीबाट चन्द्रबिन्दु प्रयोग भएका १० ओटा शब्द टिपोट गर्नुहोस् ।**

९. **उपयुक्त ठाउँमा चन्द्रबिन्दु राखी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

गाउ गाउमा बाटो विस्तार हुदै थियो । म चाहि टाढैबाट हेरिरहेको थिए । बाटानजिकै रहेको आपको रुख उखेलिन्छ कि जस्तो लाग्यो । मैले चिच्याउदै आप नउखेलौ है भने । म दौडिदै त्यहा पुगे । आपका रुखमा चरा चिरबिराउदै रहेछन् । तिनका गुडबाट बच्चाका आवाजसमेत सुनियो । म अझै नजिक पुगे । त्यहाँ आपको फूलमा भवरासमेत बसेका रहेछन् । मैले सडक विस्तारकर्तालाई भने, "तपाईले यता फुटपाथमा पर्ने आप जोगाइदिनू ल ।" उहाले मुस्कुराउदै भन्नुभयो, "यहा तपाईले भनेको जस्तै हुन्छ । यो आप म पनि उखेल्दिन ।"

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १२ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) अरनिकोको वास्तविक नाम बलबाहु हो ।

(ख) अरनिको चित्रकारका टोलीनेता बनेर भारत पुगे ।

(ग) चिनियाँ सम्राटले कला प्रतियोगिता आयोजना गरे ।

(घ) अरनिकोको कलाकारिता चीनमा मात्र लोकप्रिय भयो ।

२. **सुनाइ पाठ १२ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) अरनिको कसरी कुशल मूर्तिकार बन्न पुगे ?

(ख) अरनिकोले तिब्बतमा कुन शैलीको चैत्य निर्माण गरे ?

(ग) चिनियाँ सम्राट्ले किन कला प्रतियोगिता आयोजना गरे ?

(घ) अरनिकोलाई राष्ट्रले कसरी सम्मान गरेको छ ?

## सिर्जना र परियोजना कार्य

१. **दिइएका बुँदाका आधारमा मार्क जुकरबर्गको जीवनी लेख्नुहोस् :**

**नाम** : मार्क जुकरबर्ग

**जन्म** : सन् १९८४ मे १४

**जन्मस्थान** : बियत प्लेन्स, न्युयोर्क, अमेरिका

**आमाबुबा** : करेन कम्पेनर, एडवार्ड जुकरबर्ग

**शिक्षा तथा तालिम** :

- बाल्यकालदेखि नै जिज्ञासु स्वभावका
- सर्वप्रथम जुकनेट नामको सफ्टवेयर बनाएका
- जुकनेट सफ्टवेयरलाई घर र कलेजको कम्प्युटरसँग जोडेका
- सुरुमा आफू अध्ययनरत हार्वर्ड विश्वविद्यालयका ४० हजार विद्यार्थीले आपसमा सम्पर्क गर्न सक्ने सामाजिक सञ्जाल निर्माण गरेका
- सन् २००४ फेब्रुअरी ४ मा सामाजिक सञ्जाल सुरुआत गरेका
- सन् २००५ मा उक्त सामाजिक सञ्जालका रूपमा स्थापित भएको
- कलिलो उमेरमा अरबपति बन्न सफल
- सन् २०१० मा 'टाइप पर्सन अफ द इयर' द्वारा पुरस्कृत
- फेसबुकका संस्थापक अध्यक्ष
- कम्प्युटरका नयाँ सफ्ट्वेयर र डिजाइनिङको खोजीमा तल्लीन

२. **गाउँसमाजमा सबैले आदर गर्ने गाउँका एक जना शिक्षकको जीवनी तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**



प्रकृति र मानवबिच घनिष्ट सम्बन्ध छ । मानव जीवन प्रकृतिको अनुपम देन हो । प्रकृतिमा अग्ला पहाड, समथर तराई, हरिया वनजङ्गल, सुक्खा मरुभूमि, गहिरो समुद्र, अनन्त आकाशलगायत कैयौँ रहस्यमय कुरा छन् । कोही प्रकृतिका यिनै रहस्य खोतल्न खोज्छन् र अन्वेषण, विज्ञान, भूगर्भ, खगोल आदि क्षेत्रमा नाम कमाउँछन् । कसैलाई प्राकृतिक परिवेशले भावुक बनाउँछ र लेखक बन्न पुग्छ । आखिर प्रकृतिमा के छैन ? प्रकृति आफैँमा ज्ञान, विज्ञान, कला, साहित्य, सङ्गीत जस्ता विविध कुराले सुशोभित छ । अतः प्रकृतिसम्बन्धी विभिन्न विषयवस्तुको जानकारीका लागि दिइएको कविता पढौँ ।

मूल पाठ

१३

# प्यारो प्रकृति

प्रह्लाद पोखरेल

प्रातः काल हिमाल हाँस्छ जसरी अस्तित्व फैलाउँदै
सारा चेतनशील जीवन जगत् ब्युँझन्छ जागा हुँदै
यो जागापनसाथ सिर्जनमुखी फैलाउँदै चेतना
हामी गर्न सकौँ न जीवनमुखी साहित्यको सिर्जना ।



जे जस्तो छ कला खुला प्रकृतिको आधार हो सृष्टिको
खाँचो पर्दछ किन्तु सन्तुलनमा हाम्रो नयाँ दृष्टिको
जस्तो जो परिदृश्य होस् प्रकृतिको यो पारदर्शी बनी
सम्झाएर सिकाउँला गुरु बनी आदर्शको जीवनी ।

अग्लो बोट बनेर बढ्छ बिरुवा पर्याप्त पानी परे
फल्ला उद्यमशीलता समयमै राम्रो लगानी गरे
सग्लो स्वस्थ बनाउने सुर कसी पानी लगानी गरी
चम्काऊँ लटरम्म फूलफलले अस्तित्वको माधुरी ।

## शब्दार्थ

*अस्तित्व* : *सत्ता, आफ्नोपन*
*चेतनशील* : *चेतना भएको, क्रियाशील*
*जीवनमुखी* : *जीवनको अस्तित्वलाई प्राथमिकता दिने*
*परिदृश्य* : *चारैतिर देखिने दृश्य*
*आदर्श* : *उत्तमताको नमुना*
*उद्यमशीलता* : *मिहिनेतीपन, उद्योगमा लागिरहनु*
*माधुरी* : *मिठास*

पानी पार्छ मडारिएर नभमा कालो घना बादल
पाई शीतलता चराचर जगत् बन्छन् निकै निर्मल
यस्तो निर्मल भाव धारण गरे धानिन्छ यो जीवन
त्यानो निर्मलता र शीतलपना बर्सोस् न आजीवन ।

प्राणी लिन्छ हराभरा प्रकृतिको आनन्द आस्वादन
मान्छे गर्छ खुलेर कर्मठ बनी आह्लादको दोहन
त्यो आह्लाद समेटिई प्रकृतिमा जो बन्छ आनन्दित
काव्यानन्द समान जीवनसुधा पाई बन्यो वन्दित ।

राम्रो स्वच्छ हराभरा प्रकृतिको आत्मीयता पाउँदा
आत्मैदेखि रमाउँदो छ दुनियाँ आनन्द भेट्टाउँदा
यो आनन्द सदावहार फिँजियोस् प्राणी जगत्मा सदा
ऊर्जायुक्त सशक्त निर्भय बनोस् यो जिन्दगी सर्वदा ।

| | | |
|---|---|---|
| *नभ* | : | *आकाश* |
| *चराचर* | : | *विश्व, चर र अचर वस्तु* |
| *निर्मलता* | : | *पवित्रता, स्वच्छता* |
| *आह्लाद* | : | *आनन्द, प्रसन्न* |
| *दोहन* | : | *दुहुने काम* |
| *काव्यानन्द* | : | *काव्यबाट पाइने आनन्द* |
| *जीवनसुधा* | : | *जीवनरूपी अमृत* |
| *वन्दित* | : | *नमस्कार गरिएको* |
| *निर्भय* | : | *निडर, सुरक्षित* |

## शब्दभण्डार

१. **दिइएका अर्थ बुझाउने शब्द 'प्यारो प्रकृति' कविताबाट पहिचान गरी लेख्नुहोस् :**

(क) सधैँ हराभरा रहने

(ख) छ्याङ्ग देखिने, दूरदर्शी

(ग) रस लिने काम, आत्मिक तृप्ति

(घ) सिर्जनालाई प्राथमिकता दिने

(ङ) कुनै उद्योग उत्पादनका निम्ति पहिले गरिएको खर्च

२. **दिइएका रेखाङ्कित सिङ्गो शब्दका अर्थबारे शिक्षकसँग छलफल गर्नुहोस् :**

नेपालको जैविक विविधता आफैँमा अनुपम छ । म तिनको संरक्षणमा सहयोग पुग्ने किसिमका विचार लिपिबद्ध गर्छु । हिजोआज प्राङ्गारिक मलका सट्टा रासायनिक मलको बढ्दो प्रयोग छ । त्यसको नियन्त्रणका लागि समाजमा जनचेतना बढाउँछु । नेपालको अनुपम प्राकृतिक सम्पदा, अलौकिक सुन्दरता र असामान्य विशेषतालाई विश्वसामु पुऱ्याउँछु । जिज्ञासुलाई वास्तविकता बताउनु मेरो काम हो । म निजी कुरालाई छातीमा राखेर तटस्थ हुँदै मुलुकमा प्राकृतिक समुन्नति सहस्राब्दीसम्म भइरहनुपर्छ भन्ने विश्वासका साथ अगि बढ्छु । वास्तवमै नेपालको क्षितिज विशाल छ ।

३. **दिइएका शब्दको अर्थ शब्दकोश हेरेर लेख्नुहोस् :**

अकाट्य, गृहस्थ, मृदुभाषी, उपकारी, अमर, नास्तिक, नासो, पर्म

४. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

प्रकृति, लटरम्म, निर्मल, दोहन, आत्मीयता, ऊर्जायुक्त, अस्तित्व, चराचर

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

प्रात: काल, फैलाउँदै, सृष्टि, पर्याप्त, चम्काऊँ, आह्लाद, ऊर्जा, निर्भय, दुनियाँ

२. **हरेक पङ्क्तिको १२ औँ अक्षरमा अर्धविश्राम र १९ औँ अक्षरमा पूर्णविश्राम लिँदै 'प्यारो प्रकृति' कविता हाउभाउसहित लय हालेर वाचन गर्नुहोस् ।**

३. 'प्यारो प्रकृति' कविता पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) कविता वाचन गर्दा कतिऔँ अक्षरमा पूर्णविश्राम लिनुपर्छ ?

(ख) हामीले कस्ता साहित्यको सिर्जना गर्न सकौँ ?

(ग) कुन कुरामा हाम्रो नयाँ दृष्टि चाहिन्छ ?

(घ) 'ऊर्जायुक्त सशक्त निर्भय बनोस् यो जिन्दगी सर्वदा ।' कवितांशको तात्पर्य के हो ?

(ङ) कविताका श्लोकमा कतिओटा पङ्क्ति छन् ?

४. शिक्षकबाट सुनेर दिइएको कवितांशमा छुटेका शब्द भरी पुनर्लेखन गर्नुहोस् :

राम्रो स्वच्छ ...... ....... आत्मीयता पाउँदा
आत्मैदेखि रमाउँदो छ दुनियाँ ...... भेट्टाउँदा
यो आनन्द ...... फिँजियोस् प्राणी जगत्मा सदा
ऊर्जायुक्त सशक्त निर्भय बनोस् यो ...... सर्वदा ।

५. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

प्राणी लिन्छ हराभरा प्रकृतिको आनन्द आस्वादन
मान्छे गर्छ खुलेर कर्मठ बनी आह्लादको दोहन
त्यो आह्लाद समेटिई प्रकृतिमा जो बन्छ आनन्दित
काव्यानन्दसमान जीवनसुधा पाई बन्यो वन्दित !

प्रश्नहरू

(क) यस कवितांशमा मानिसले प्रकृतिबाट के पाउँछ भनिएको छ ?

(ख) कवितांशमा कस्तो व्यक्तिले सबैभन्दा बढी आनन्द पाउने कुरा बताइएको छ ?

६. 'प्यारो प्रकृति' कविता पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) कवितामा सूर्योदयसँगै हुने परिवर्तनलाई कसरी देखाइएको छ ?

(ख) पानीको सही सदुपयोगबाट प्रकृति र मानवका कस्तो प्रभाव पर्छ ?

(ग) हराभरा प्रकृतिको महत्त्व किन छ ?

(घ) कवितामा प्रकृतिसँग गाँसिएका के के कुरा आएका छन् ?

७. **'प्यारो प्रकृति' कविताबाट पाँचओटा प्रश्न निर्माण गर्नुहोस् र तिनका उत्तर साथीलाई भन्न लगाउनुहोस् ।**

८. **दिइएको कवितांशलाई गद्य ढाँचामा लेख्नुहोस् :**

पानी पार्छ मडारिएर नभमा कालो घना बादल
पाई शीतलता चराचर जगत् बन्छन् निकै निर्मल
यस्तो निर्मल भाव धारण गरे धानिन्छ यो जीवन
न्यानो निर्मलता र शीतलपना बर्सोस् न आजीवन !

९. **भाव विस्तार गर्नुहोस् :**

जे जस्तो छ कला खुला प्रकृतिको आधार हो सृष्टिको
खाँचो पर्दछ किन्तु सन्तुलनमा हाम्रो नयाँ दृष्टिको ।

१०. **'प्यारो प्रकृति' कविताको मूल भाव लेख्नुहोस् ।**

११. **'प्यारो प्रकृति' कवितामा कविले मानव र प्रकृतिबिच कस्तो सम्बन्ध हुनुपर्ने भाव व्यक्त गरेका छन्, लेख्नुहोस् ।**

१२. **दिइएका कविता कक्षामा सस्वरवाचन गर्नुहोस् र लयगत अन्तरका बारेमा छलफल गर्नुहोस् :**

## मेरो घर

(क) यो मेरो घर छानामा खर ढुङ्गाको आँगन
मन छ ठुलो दिइएरै पुग्छ पर्दैन मागन
घामले दिन्छ मायालु न्यानो जूनले शीतल
मायाले भिजी रसिलो सधैँ यो मेरो भूतल ।

फरिया चोली लाएकी चेली छन् मेरा सहेली
धान र गहुँ जत्तिकै खेल्छन् खेतमा बहेली
मारुनी, घाटु, सोरठी, सेलो, सवाई दोहोरी
मान्दैन मन आनन्दसँग नखेली नहेरी ।

*प्रभा भट्टराई*

## आमाबुबा

(ख) घामको प्रचण्ड गर्मी ताप्दै
वर्षाको भेल र पहिरो थाम्दै
कहिले छेकिने कहिले देखिने
अजङ्गका पहाड मात्र होइनन् आमाबुबा
निजी मोह लुकाएर
आफ्ना सपनाको खिल बसाएर
सन्तानको सुखमा चुर्लम्म डुबेका
एक जोडी प्राण हुन् आमाबुबा ।

सन्तानको हुर्काइसँगै
मूर्च्छित सपना ब्युँताउँछन्
घाम पानी र प्राण भरिदिन्छन्
पीडाको पर्दा लगाउँछन्
उत्साहको घुम्टो उठाउँछन्
पहाडको चुचुराले नभेटिने
युगल अग्ला आदर्श हुन् आमाबुबा ।

*अनिता लामा*

१३. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

तपाईँलाई कागको स्वर मन पर्छ कि कोइलीको ? पक्कै पनि सबैलाई कोइलीको स्वर चाहिँ सङ्गीतमय लाग्छ । यो नियम चरा, जनावर मात्र होइन मानिसमा पनि लागु हुन्छ । ठाडो बोल्ने मानिसलाई कसैले पनि मन पराउँदैनन् । विनम्र व्यवहार र नरम बोलीवचन भएका व्यक्ति सबैको आँखाका नानी बनेका हुन्छन् । राम्रो बोलीवचन र व्यवहार गर्दा कहिल्यै सानो भइँदैन । 'फूलको सुवास डाँडावारि मान्छेको सुवास डाँडापारि' भन्ने उखान कहाँ त्यसै बनेको हो र ? फलेको वृक्षको हाँगो भुइँतिर नुहेको हुन्छ । त्यसै गरी नम्र स्वभाव वा विनयशीलता असल मानिसको गहना हो ।

तपाईँ अरूसँग नम्र वा विनयशील भएर व्यवहार कसरी देखाउने गर्नुभएको छ, कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेदबाट करण र अकरण वाक्य पहिचान गरी लेख्नुहोस् :**

धीर र लगनशील व्यक्ति नियमित रूपमा काम गरिरहन्छन् । चुनौती र अप्ठ्याराको समाधान गरिछाड्छन् । लक्ष्यसम्म पुग्नुपर्ने हिम्मतले उनीहरूलाई अगि बढ्ने प्रेरणा मिल्छ । उनीहरूले जीवन कसरी बाँच्ने भन्ने कुरा प्रकृतिबाट सिकेका हुन्छन् । उनीहरूलाई थाहा छ, जतिसुकै आँधीहुरी आए पनि हिमालले शिर निहुराउँदैन । यात्रा कठिन भए पनि नदीले बाटो बनाउन छोड्दैन । अनकन्टार ढुङ्गाको कापभित्रबाट बरपिपल उम्रिन्छन्, कसैले रोप्नुपर्दैन । धर्तीमा कहाँ जरा हाल्ने भन्ने कुरा कसैले सिकाउँदैन । न त कसैले चरालाई उड्न सिकायो न माछालाई पानीमा पौडिन सिकायो । प्रकृतिभित्रका हरेक जीवले आफैँ सङ्घर्ष गर्दै बाँच्ने प्रयास गर्छन् । त्यसैले धीर र लनगशील व्यक्ति सफल हुने कुराबाट कहिल्यै पछि हट्दैनन् । उनीहरूलाई प्रकृतिका हरेक क्रियाकपलापले सधैँ पछि नहट भनिरहेका हुन्छन् ।

२. **दिइएका वाक्यलाई निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :**

(क) बजारमा खाद्यवस्तुको अभाव छैन । (करण)

(ख) सुनिताले पाल्पाली टोपी बनाइछन् । (अकरण)

(ग) कुन्साङको घरनजिकै सामुदायिक वन छ । (अकरण)

(घ) यो काम अरूलाई गराउनुहोस् । (अकरण)

(ङ) कोही पनि यहाँ आएका थिएनन् । (करण)

३. **दिइएका वाक्य पढ्नुहोस् र छलफल गर्नुहोस् :**

| अप्रेरणार्थक वाक्य | प्रेरणार्थक वाक्य |
|---|---|
| (क) भाइले खाजा खायो । | (क) आमाले भाइलाई खाजा खुवाउनुभयो । |
| (ख) तिमी मादल बजाउन सिक्छौ । | (ख) उहाँ तिमीलाई मादल बजाउन सिकाउनुहुन्छ । |
| (ग) दिदी धारामा पानी भर्नुहुन्छ । | (ग) बुवा दिदीलाई धारामा पानी भर्न लगाउनुहुन्छ । |
| (घ) बहिनीले चित्र बनाइन् । | (घ) दिदीले बहिनीलाई चित्र बनाउन लगाउनुभयो । |

४. **दिइएका वाक्यलाई निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :**

(क) मालीले फूल रोप्यो । (प्रेरणार्थक)

(ख) बालक राम्ररी हिँड्छ । (प्रेरणार्थक)

(ग) साथीले तरकारी किन्यो । (प्रेरणार्थक)

(घ) दाजु उसलाई हिसाब सिकाउनुहुन्छ । (अप्रेरणार्थक)

(ङ) शिक्षक विद्यार्थीलाई चुट्किला सुनाउनुहुन्छ । (अप्रेरणार्थक)

५. **दिइएको अनुच्छेदबाट प्रत्यय लागेका शब्द पहिचान गर्नुहोस् र फरक फरक प्रत्यय लागेका १२ ओटा शब्दको निर्माण प्रक्रिया लेख्नुहोस् :**

घुमक्कडले घुमेर दिन बिताउछन् भने भुलक्कडले भुलेर धोखा खान्छन् । आफू त बुझक्कड परियो बुझेर मात्र काम गरिन्छ । जहाँ आवत र जावत सम्भव छ त्यहीँ घुमिन्छ र जति आफूसँग बचत छ त्यति नै खपत गरिन्छ । आफूलाई लेखक, पाठक, दर्शक जहाँ जे बन्नुपर्ने हुन्छ त्यही बन्न सक्ने क्षमता छ । मानिसमा दयालु, श्रद्धालु र कृपालु जस्तो स्वभाव हुनुपर्ने हो त्यस्तै बन्ने रहर छ । सकेसम्म बिखालु सर्प झैँ इखालु बन्नु नपरोस् यही चाहना छ । आत्मीय जनप्रतिको अनुराग र स्वर्गीय व्यक्तिप्रतिको श्रद्धाभाव नै आफूभित्रको स्वभाव हो । यसकारण पनि आफूलाई रसिलो, स्वादिलो र पोसिलो खानेकुरा खाएर शैक्षिक तथा बौद्धिक समुन्नतिका साथै सामाजिक, सांस्कृतिक तथा प्राकृतिक वस्तुप्रतिको संरक्षण गरिरहने हिम्मत छ । आफूलाई जतिसुकै काममा रोकावट र अरूतिर बोलावट होस्

तर कसैको खेलौना बन्ने चाहना छैन अनि कसैको बिछ्यौनामा बसेर गफ हाँक्नुपर्ने सोच पनि छैन । जुनेली रातमा समेत आफू पुर्बेली गीत गाउँदै पोखरेली चामलको खिर खाएर आत्मीयता, मानवता, स्वतन्त्रताको भावना जगाइन्छ । कसैको हेपाहा, मिचाहा र रिसाहा बानी भए पनि आफूलाई कुनै मतलब छैन, आनन्दले आफ्नो काम गरिन्छ ।

६. **तलका प्रत्यय लगाई दुई दुईओटा शब्द निर्माण गर्नुहोस् :**

अक्कड, अत, अक, आलु, ईय, इलो, इक, औना, आवट, एली, ता, आहा

७. **दिइएको अनुच्छेद पढी शिरबिन्दु लागेका शब्द टिपोट गर्नुहोस् :**

अंशु, संज्ञा र संयोग वन्यजन्तुको संरक्षणमा संलग्न छन् । उनीहरू यही विषयमा संवाद गर्छन् । गाउँ गाउँ गएर जनचेतना दिन्छन् । हामीले कुनै पनि प्राणीको संहार गर्नुहुँदैन भन्छन् । मानिसमा संवेदना हुनुपर्छ भन्छन् । उनीहरूको भनाइमा कुनै संशय छैन । वास्तवमा यो संसार सारा प्राणीको साझा घर हो ।

८. **शिरबिन्दु लागेका १० ओटा शब्द शब्दकोशबाट खोजेर लेख्नुहोस् ।**

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १३ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) लेखकलाई कसले स्वागत गरेको छ ?

(ख) वसन्तको नवीनता कहाँ नाच्छ ?

(ग) वसन्तले केलाई बिछ्यौना बनाउँछ ?

(घ) वसन्तले विश्वमा सौन्दर्य कसरी छर्छ ?

२. **वसन्त ऋतुको वर्णन कसरी गरिएको छ, सुनाइ पाठ १३ का आधारमा भन्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **'हाम्रो संस्कृति' शीर्षकमा एउटा कविता रचना गर्नुहोस् ।**

२. **पुस्तकालयमा भएमा गद्य कविता पढ्नुहोस् र पढेका मध्ये तपाईंलाई मन परेको गद्य कविता वाचन गरेर कक्षामा सुनाउनुहोस् ।**

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**



मानिसका विभिन्न रुचि हुन्छन् । मानिस आफ्ना रुचिअनुसारका काम गर्न रुचाउँछन् । सबै व्यक्ति कलाकार, व्यापारी, शिक्षक, डाक्टर वा राजनीतिकर्मी बन्छन् भन्ने होइन । आफ्नो रुचि र क्षमताअनुसार व्यक्तिले लक्ष्य निर्धारण गरेको हुन्छ । जुनसुकै क्षेत्रमा रहेर काम गरे पनि असल व्यक्तिको पहिचान बनाउनुपर्छ । आफूले गरेका कामको स्मरणका लागि दैनिकी रचना गरिन्छ । दैनिकीले भविष्यमा आफ्नो विगतलाई ऐनाका रूपमा हेर्न पनि सहयोग पुऱ्याउँछ । उर्मिला परियार गोरखामा बस्छिन् । उनका आमाबुबा खेतीपाती गर्नुहुन्छ । उनी अहिले आठ कक्षामा अध्ययनरत छिन् । उनी वि.सं. २०८० वैशाख १५, १६ र १७ मा विद्यालयबाट भएको तीन दिने शैक्षिक भ्रमणमा सहभागी भइन् । उनी कहाँ कहाँ घुमिछन् ? भ्रमण कस्तो भएछ ? यी जिज्ञासा सम्बोधनका लागि दिइएको दैनिकी पढौँ र हामी पनि दैनिकी लेख्ने अभ्यास गरौँ ।

मूल पाठ

# १४ शैक्षिक भ्रमण




**२०८० साल वैशाख १५**

सदा झैँ आज पनि बिहान सबेरै उठेर नित्यकर्म गरेँ । त्यसपछि मनतातो पानी पिएर योग गरेँ । आमाबुबा गोठमा गाईभैँसी दुहुँदै हुनुहुन्थ्यो । आज विद्यालयबाट तीन दिने शैक्षिक भ्रमणका लागि प्रस्थान गर्ने दिन थियो । म सरसामान मिलाउन थालेँ । आमा मेरालागि खाजा बनाउन लाग्नुभयो । बुबा चाहिँ क्यानमा दुध भरेर डेरीमा जानुभयो । म खाजा खाएर घरबाट हिँडेँ ।

म गोरखास्थित हर्मी नवलपुरमा रहेको महेन्द्रलीला मा.वि.को प्राङ्गणमा पुग्दा साथीहरू आइसकेका रहेछन् । गुरुहरू पनि उपस्थित भइसक्नुभएको थियो । प्रधानाध्यापक अखबार पढ्दै हुनुहुन्थ्यो । गुरुहरू भ्रमणको चाँजोपाँचो मिलाउँदै हुनुहुन्थ्यो । घन्टी बजेपछि हामी आआफ्ना कक्षामा छिर्‍यौँ । गुरुले हामीलाई भ्रमणमा पालना गर्नुपर्ने नियमबारे जानकारी दिनुभयो । त्यसपछि हामी पङ्क्तिबद्ध भएर बस चढ्यौँ । बस स्टार्ट भएपछि साथीहरूले सुसेलेर, ताली बजाएर र चिच्याएर खुसीयाली प्रकट गरे । शैक्षिक भ्रमण लेखिएको ब्यानर टाँगेर तीनओटा बसले यात्रा शुभारम्भ गरे ।

**शब्दार्थ**

*प्रस्थान* — *एक ठाउँबाट अर्को ठाउँका लागि हिँड्ने काम*

केहीबेरपछि हामी आबुँखैरेनी आइपुग्यौं । आबुँखैरेनीबाट हाम्रो बस पृथ्वी राजमार्गको पूर्वतिर कुद्यो । मर्स्याङ्दी नदी तटका फराकिला फाँट, जङ्गलको हरियाली दृश्य र सुन्दर गाउँबस्ती हेर्दै हाम्रो यात्रा द्रुतगतिमा अगाडि बढिरह्यो ।

मुग्लिन मर्स्याङ्दी र त्रिशूली नदीको सङ्गम रहेछ । यहाँबाट सोझै पूर्वतिर लागे काठमाडौँ पुगिँदोरहेछ । हाम्रो बस चाहिँ दक्षिणतिर मोडिएर नदीको किनारैकिनार गुडिरह्यो । वैशाखको धूपमा पनि कति ठुलो नदी । नदीमा कोही माछा मारिरहेका थिए । कोही डुङ्गामा जलविहार गरिरहेका देखिन्थे । आहा ! कस्तो प्राकृतिक जीवन, मेरो मन त्यसै त्यसै लोभिइरह्यो ।

हामी सौराहा आइपुग्यौं । सौराहा चितवन राष्ट्रिय निकुञ्जको प्रवेशद्वार रहेछ । चितवन, नवलपरासी, पर्सा र मकवानपुर गरी यो निकुञ्ज चारओटा जिल्लामा फैलिएको रहेछ । यसको क्षेत्रफल ९५३.६३ वर्ग किलोमिटर रहेछ । चितवन राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा सूचीकृत रहेछ ।

हामी डुङ्गा तरेर राप्ती नदी पारी गयौँ । त्यहाँ जङ्गल सफारीका लागि जिप राखिँदा रहेछन् । पथप्रदर्शकले हामीलाई जङ्गलमा अपनाउनुपर्ने सावधानीका बारेमा बताए । आफूखुसी मोटरबाट ओर्लिन नपाइने र मोटरमा एकआपसमा कुराकानी पनि गर्न नपाइने जस्ता कुरा सुन्दा मेरो मुटु ढुकढुक भयो । अलि अलि डर अलि अलि कुतूहल बोकेर जङ्गल सफारी सुरु भयो । बिस्तारै जिप अगि बढ्यो । आन्तरिकभन्दा बाह्य पर्यटक धेरै देखिए । कोही हात्तीमा थिए । कोही पैदल हिँड्दै थिए । पोखरीमा गैँडा आहाल खेलिरहेका देखिन्थे । मयूर, सारस, टिकटिके, ढुकुर, मैना आदि चरा पनि वरपर देखिए । गुड्दागुड्दैको जिप टक्क रोकियो । ड्राइभरले बिस्तारै औँलाले खोलापारि देखाए । पाटेबाघ मृगको सिकार गर्दै थियो । राजकुमार गुरुले बाघका केही फोटा पनि खिच्न भ्याउनुभयो । केहीबेरपछि बाघ मृग घिसार्दै जङ्गलभित्र पस्यो ।

नेपालमा एकसिङे गैँडा पाइने एक मात्र निकुञ्ज पनि यही रहेछ । यस निकुञ्जमा बाघको सङ्ख्या पनि प्रशस्त रहेछ । चितुवा, भालु, बँदेल जस्ता दुर्लभ जनावर पनि संरक्षित रहेछन् । बिसहजारी, देवी, मुन्डा आदि यस निकुञ्जभित्रका प्रसिद्ध ताल रहेछन् । यहाँका तालमा माछा तथा गोही पाइँदोरहेछ । त्यसैगरी निकुञ्जमा गिद्ध संरक्षण तथा प्रजनन

*पथप्रदर्शक : बाटो देखाउने काम*
*कुतूहल : उत्सुकता*
*संरक्षित : सुरक्षित*

केन्द्र, घडीयाल गोही संरक्षण तथा प्रजनन केन्द्र र हात्ती प्रजनन तथा तालिम केन्द्र खोलिएका देखिए । दुर्लभ जनावर तथा पन्छीको संरक्षण र सङ्ख्या विस्तारका लागि गरिएको प्रयास सह्रानीय देखियो ।

करिब चार घण्टाको निकुञ्ज सफारीपश्चात् हामी सौराहा फर्कियौँ । सन्ध्याकालीन सौराहा पर्यटकले खचाखच भरिएको थियो । आज हाम्रा लागि अर्को सौभाग्य प्राप्त भयो । हामीले परम्परागत थारू नृत्य पनि हेर्न पायौँ । खाना खाएपछि कोठामा गएर साथीहरूसँग रमाइला कुराकानी गरेर सुत्यौँ ।

### २०८० साल वैशाख १६

दायाँबायाँका कोठामा साथीहरूको खैलाबैला सुनेर मेरो निन्द्रा खुल्यो । यसो घडी हेरेको बिहानको सवा पाँच भइसकेछ । हामीले नित्यकर्म सकेर तल ओर्लँदा साँढे छ बजेको थियो । गुरु र साथीहरू चियानास्ता गर्दै हुनुहुन्थ्यो ।

करिब सात बजेतिर हामी सौराहालाई बाई बाई गरेर लुम्बिनीतर्फ प्रस्थान गर्‍यौँ । बस पूर्वपश्चिम राजमार्गको पश्चिम दिशातिर द्रुतगतिमा चलिरहेको थियो । तराईको समथर फाँट, झुरुप्प बस्ती, बजार क्षेत्र, ठाउँ ठाउँमा घना जङ्गलका दृश्य हेर्दै हामी लुम्बिनीतिर हुइँकिइरह्यौँ ।

दिउँसो करिब ११ बजे हामी शान्तिको उद्गम स्थल लुम्बिनी पुग्यौँ । लुम्बिनी विशाल क्षेत्रमा फैलिएको रहेछ । त्यहाँ स्वदेशी तथा विदेशी पर्यटकको बाक्लै उपस्थिति देखिन्थ्यो । तीमध्ये धेरैजसो भिक्षु नै देखिन्थे । त्यहाँ धार्मिक सहिष्णुताको विलक्षण नमुना प्रत्यक्ष हेर्न पाइन्थ्यो । विभिन्न धर्म, जात र राष्ट्रियता बोकेर आएका मानिसले बुद्धत्व खोजिरहे झैँ लाग्थ्यो । लुम्बिनी परिसरमा अखण्ड दीप प्रज्ज्वलन गरिएको रहेछ । ठाउँ ठाउँमा 'पञ्चशील अनुसरण गरौँ' जस्ता बुद्धवाणी नेपाली तथा अङ्ग्रेजी भाषामा लेखिएका थिए ।

हामी मायादेवी मन्दिर परिसरमा प्रवेश गर्‍यौँ । आजभन्दा करिब २,६०० वर्ष अगि यही स्थानमा मायादेवीले बुद्धलाई जन्म दिएकी थिइन् । यहाँ उत्खनन गरिएका वस्तु र प्राचीन

*विस्तार* : *फैलाउने काम*
*उद्गम* : *मुहान, उत्पत्ति स्थान*
*सहिष्णुता* : *सहनशीलता*
*विलक्षण* : *अचम्मको, अनौठो*
*पञ्चशील* : *बौद्ध धर्मका मुख्य पाँच नियम*

मन्दिरको भग्नावशेषलाई जोगाएर राखिएको रहेछ । बुद्धका पाइला भएका शिला सिसाका फ्रेमभित्र सुरक्षित राखिएको रहेछ । लुम्बिनीको अर्को ऐतिहासिक वस्तु अशोक स्तम्भ रहेछ । भारतका सम्राट अशोकले तेस्रो शताब्दीमा लुम्बिनी भ्रमण गरी यो स्तम्भ बनाएका रहेछन् । अशोक स्तम्भको शिलालेख बुद्धको जन्म तथा जन्मस्थान जनाउने सबैभन्दा प्राचीन र प्रामाणिक आधार रहेछ । यस क्षेत्रमा प्राचीन कलात्मक स्तूपका भग्नावशेष पनि हेर्न पाइने रहेछ । यहाँको अर्को आकर्षण भनेको गुम्बाको विविधता रहेछ । चीन, कोरिया, जापान, थाइल्यान्ड, बर्मा आदि राष्ट्रले आआफ्नै शैलीमा गुम्बा निर्माण गरेका रहेछन् । प्रत्येक गुम्बाभित्रको आकर्षण भनेकै बुद्धका शान्त मुद्राका मूर्ति रहेछन् ।

'बुद्धम् शरणम् गच्छामी.........' स्वरले परिवेश गुञ्जायमान थियो । सूर्य पश्चिमी क्षितिजमाथि पुगिसकेका थिए । लुम्बिनी परिसरबाट बाहिरिनु हाम्रो बाध्यता थियो । हृदयदेखि नै महामानव गौतम बुद्धप्रति श्रद्धा अर्पण गर्दै हामी बासस्थानतिर लाग्यौँ ।

**२०८० साल वैशाख १७**

आज बिहान साढे पाँच बजे निन्द्रा खुल्यो । नित्यकर्म सकेर हामी हिँड्ने तरखरमा लाग्यौँ । हामी बिहान साढे छ बजे नै लुम्बिनीबाट पाल्पाका लागि प्रस्थान गऱ्यौँ ।

करिब तीन घण्टाको यात्रापश्चात् हामी पाल्पाको तानसेन बजार पुग्यौँ । नेवारी शैलीका परम्परागत घरले टुँडिखेल क्षेत्र सुन्दर देखिन्थ्यो । पाल्पाको प्रसिद्धि ढाकाको कपडा र ढलोटको करुवासँग छँदै थियो । सेनवंशी राजाको दरबार यहाँको मुख्य आकर्षण हो । दरबार प्रवेशद्वार भव्य एवम् आकर्षक देखिन्थ्यो । विगतमा क्षतिग्रस्त भएको दरबारलाई पुरानै शैलीमा पुनर्निर्माण गरिएको रहेछ । पाल्पा दरबार आयाताकारमा संरचित छ । अझ अचम्मको कुरा त दरबारको भित्री भागमा पनि सानो चउर देख्न सकिन्छ । यहाँ ६३ ओटा कोठा र दुईओटा बुर्जा रहेछन् । यहाँ काष्ठकला र वास्तुकलाको अनुपम नमुना हेर्न पाइन्छ । दरबारको बाहिरी भागमा रातो र सेतो रङ लगाएर चिटिक्क सजाइएको छ । कुँदिएका काठका कलात्मक झ्यालढोका हालिएको छ । भुइँमा इँट छापिएको रहेछ ।

*भग्नावशेष : प्राचीन अवशेष*
*शिलालेख : लामो समयसम्म टिकाउका लागि ढुङ्गा आदिमा कुँदिएको छोटो लेख*
*पुनर्निर्माण : बिग्रेको वा भत्केको वस्तुलाई फेरि बनाउने काम*
*बुर्जा : घर, दरबार आदिको माथिल्लो तलामा चारैतिर खुला हुने गरी बनाइएको कोठा*
*वास्तुकला : भवन निर्माण गर्ने शिल्प*

सङ्ग्राहलयमा प्रशस्तै पुरातात्त्विक र ऐतिहासिक महत्त्वका वस्तु रहेछन् । यहाँ सेनवंशी राजाको वंशावली नै पढ्न पाइदो रहेछ । हामीले सङ्ग्रहालयभित्र सेनवंशी राजा रुद्र सेन, मणि मुकुन्द सेन प्रथमलगायत राजाका चित्र देख्यौँ । श्रीनगर, रानीमहल, माडीफाँट जस्ता पाल्पाका प्रसिद्ध स्थानका तस्बिरसमेत फ्रेममा सजाएर राखिएका रहेछन् । त्यहाँ काठका ठेकी, माटाका भाँडाकुँडा, बाँसको धनुष, ढिकी, हलो, जुवा तथा वाद्यवाधन सामग्री पनि देख्न पाइन्छ । मगर जातिका वेशभूषा तथा गरगहना पनि देख्न पाइयो । सङ्ग्रहालयमा राखिएका प्रत्येक वस्तुका नाम नेपाली र अङ्ग्रेजी भाषामा लेखी टाँसिएका थिए ।

हामीले सङ्ग्रहालयमा करिब एक घण्टा समय बितायौँ । त्यसपछि भगवतीको मन्दिरको दर्शन गर्‍यौँ । नेपाल अङ्ग्रेजबिचको युद्धका क्रममा उजिरसिंह थापाको फौजले पाल्पाको जितगढमा अङ्ग्रेजलाई परास्त गरेपछि विजय उत्सवको प्रतीकस्वरूप भगवतीको मन्दिर स्थापना गरिएको रहेछ । यो मन्दिरमा कृष्ण जन्माष्टमीका दिन जाग्राम बसेर नवमीका दिन जात्रा निकालिँदो रहेछ । पाल्पा दरबार परिसरमा अमरनारायण मन्दिर पनि छ । यो मन्दिर तत्कालीन जनरल अमरसिंह थापाले वि.सं. १८६३ मा निर्माण गरेको कुरा शिलालेखबाट थाहा पायौँ । मन्दिरमा कमलको फूलमाथि चतुर्भुज नारायण र लक्ष्मीको मूर्ति विराजमान थिए । हामी शीतलपाटी, हुलाक चोक, वसन्तपुर, टक्सार पुगेर बसपार्क गयौँ ।

हामीले तालिकाअनुसार सौराहा, लुम्बिनी र तानसेन दरबारको भ्रमण पूरा गर्‍यौँ । तीन बजेतिर हामी पाल्पाबाट गोरखा फर्कियौँ । घर पुग्दा रात छिप्पिइसकेको थियो । हाम्रो यात्रा सफल, सुखद र अविस्मरणीय रह्यो । मैले शिक्षकलगायत विद्यालय व्यवस्थापन समितिलाई हृदयदेखि नै धन्यवाद दिएँ । मानसपटलमा यात्राको स्मरण र मनमा ऊर्जा भरेर म सुत्ने तरखरमा लागेँ ।

*पुरातात्त्विक : प्राचीनकालमा बनेका वा उपयोग गरिएका वस्तु*

*वंशावली : पुर्ख्यौली*

*ऊर्जा : उत्साह, शक्ति*

## शब्दभण्डार

१. **दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

सावधानी, सन्ध्याकालीन, नित्यकर्म, परिसर, स्तम्भ, क्षितिज, ढलोट, स्मरण

२. **दिइएका शब्द कुन कुन मौलिक र कुन कुन आगन्तुक हुन्, शब्दकोश हेरी पहिचान गर्नुहोस् :**

अक्षर, ज्ञान, फोटो, रेडियो, डकर्मी, शरीर, चाउचाउ, दुनियाँ, शृङ्खला, परीक्षा, वकिल, बख्खु, ब्रह्माण्ड, वरिष्ठ, सुकुल, समूह, छयामा, पोसाक, छिमेकी, इन्टरनेट, सुकुल, संस्कार, राडीपाखी, गरिब

३. **'शैक्षिक भ्रमण' दैनिकीको पहिलो दिनको दैनिकीबाट पाँच पाँचओटा मौलिक र आगन्तुक शब्द टिपी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

४. **दिइएको अनुच्छेद पढी आगन्तुक शब्द पहिचान गर्नुहोस् र ती कुन कुन भाषाबाट आएका शब्द हुन्, शिक्षकसँग छलफल गरी लेख्नुहोस् :**

गाईजात्राको दिन थियो । सडकमा लाखे नाच हेर्ने मानिसको घुइँचो थियो । कोही कौसी र बार्दलीबाट जात्रा हेरिरहेका थिए । कोही क्यामेराले फोटो खिचिरहेका थिए । मैले जात्रामा रेडियो र टेलिभिजनका पत्रकारले प्रत्यक्ष प्रसारण गरिरहेको पनि देखेँ । मैले गाउँमा रोदी देखेको थिएँ । डम्फुको तालमा सेलो नाचेको थिएँ । आज बल्ल गाईजात्रा हेर्ने अवसर मिल्यो ।

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

प्रस्थान, द्रुतगति, पर्यटक, प्रजनन, राष्ट्रियता, दरबार, वास्तुकला, विद्यालय, उद्गम, संरक्षण

२. **'शैक्षिक भ्रमण' दैनिकी पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **'शैक्षिक भ्रमण' दैनिकी पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) दैनिकी कुन सन्दर्भबाट थालनी भएको छ ?

(ख) बाघका फोटा कसले खिचे ?

(ग) अशोक स्तम्भमा के लेखिएको छ ?

(घ) टुँडिखेलमा कस्ता घर हेर्न पाइन्छन् ?

(ङ) दैनिकी कसरी टुङ्गिएको छ ?

४. **'शैक्षिक भ्रमण' दैनिकीको 'करिब पाँच घण्टाका .... टाँसिएका थिए ।' अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) टुँडिखेल क्षेत्र किन सुन्दर देखिन्थ्यो ?

(ख) पाल्पा दरबारको प्रवेशद्वार कस्तो थियो ?

(ग) पाल्पा दरबारमा कतिओटा कोठा रहेछन् ?

(घ) सङ्ग्रहालयमा के पढ्न पाइन्छ ?

५. **'शैक्षिक भ्रमण' दैनिकीको अन्तिम दिनको दैनिकी पढी मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।**

६. **'शैक्षिक भ्रमण' दैनिकी पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) जङ्गल सफारीमा डर लाग्नाको कारण के थियो ?

(ख) लुम्बिनीमा प्राचीन मन्दिरका भग्नावशेषलाई किन जोगाएर राखिएको रहेछ ?

(ग) बुद्धको पाइला कसरी सुरक्षित राखिएको रहेछ ?

(घ) तानसेन दरबार सङ्ग्रहालयमा कस्ता कस्ता वस्तु हेर्न पाइन्छन् ?

७. **'शैक्षिक भ्रमण' दैनिकीको दोस्रो दिनको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

८. **व्याख्या गर्नुहोस् :**

विभिन्न धर्म, जात र राष्ट्रियता बोकेर आएका मानिसले बुद्धत्व खोजिरहे झैँ लाग्थ्यो ।

९. **'शैक्षिक भ्रमण' पाठको पहिलो दिनको दैनिकीको सार लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

१०. **लुम्बिनीलाई शान्तिको उद्गम स्थल मानिनुको कारण पुष्टि गर्नुहोस् ।**

११. **तपाईँ घुमफिर गर्नुभएको कुनै एक स्थानको विषयवस्तु समेटेर एक दिनको दैनिकी लेख्नुहोस् ।**

१२. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

हाम्रो कक्षामा योग प्रशिक्षक आउनुभयो । उहाँले स्वस्थ जीवनका लागि बिहान सबेरै उठ्नुपर्ने र राती समयमै सुत्नुपर्ने कुरामा जोड दिनुभयो । समय व्यवस्थापन गरेर काम गर्नुपर्ने सल्लाह दिनुभयो । हाम्रा साथी पाल्तेनले प्रशिक्षकलाई उहाँको दैनिकी सुनाउन अनुरोध गरे । योग प्रशिक्षकले आफ्नो दैनिकी सुनाउँदै भन्नुभयो, "म बिहान साढे चार बजे उठ्छु । त्यसपछि मनतातो पानी पिउँछु । शौचालय जान्छु र व्यक्तिगत सरसफाइसमेत गर्छु । मेरो योगाभ्यास पाँच बजेबाट प्रारम्भ हुन्छ । म साढे छ बजे योगाभ्यास पूरा गरी आधा घण्टा हिँडडुल गर्छु । सवा सात बजेतिर खाना पकाउन भान्सामा जान्छु । खाना खाएर कपडा लगाई नौ बजे अफिस हिँड्छु । चार बजे अफिस छुट्टी हुन्छ । म पाँच बजे घरमा आइपुग्छु । त्यसपछि करेसाबारीमा गएर आवश्यकताअनुसार बिरुवामा पानी हाल्ने, गोडमेल गर्ने जस्ता काम गर्छु । भान्साकोठामा काममा सघाउँछु । साँझमा खाना खाएर तीन घण्टा जति अध्ययन गर्छु । टेलिभिजनमा समाचार हेर्छु । करिब १० बजे सुत्ने तरखर गर्छु ।"

तपाईँ पनि नियमित रूपमा गर्ने कामको शृङ्खला समेटी बिहान उठेदेखि रातीसम्मका मुख्य मुख्य विषयवस्तु उल्लेख गर्दै आफ्नो दैनिकी कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएका रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :**

(क) मानसपटलमा यात्राको स्मरण र मनमा ऊर्जा भरेर म चाहिँ सुत्ने तरखरमा लागेँ ।

(ख) उनी 'धनभन्दा विद्या ठुलो' शीर्षकको वादविवाद प्रतियोगितामा सहभागी भए अनि प्रथम स्थान हासिल गरे ।

(ग) ओहो ! पाँच बज्न लागिसक्यो । अब तिमीहरू सबै जना सरासर घरतिर जाओ है ।

(घ) पौरखी किसानले मिहिनेत गरेर तरकारी फलाउँछन् । उनीहरूले मनग्गे आम्दानी गर्छन् ।

२. **कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :**

(क) सबै विद्यार्थी मिहिनेतसाथ गृहकार्य ................... । (गर् : सामान्य वर्तमान)

(ख) पासाङ्ले राम्रो चित्र .................... । (बनाउ : अज्ञात भूत)

(ग) तपाईं कहाँ ....................... ? (बस् : अभ्यस्त भूत)

(घ) समिरा भोलि वक्तृत्वकलामा भाग लिन बारा ............ । (पुग् : अपूर्ण भविष्यत्)

(ङ) हजुरआमाले मलाई कथा ................. । (सुनाउः पूर्ण वर्तमान)

३. **दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) तँ गीत असाध्यै राम्रोसँग गाउँछस् । (उच्च आदर)

(ख) सानो बाबुले फूल रोप्यो । (स्त्रीलिङ्ग)

(ग) हामी वनभोज जाँदै छौँ । (एकवचन)

(घ) म क्रिकेट खेल्छु । (तृतीय पुरुष)

(ङ) उपमा सधैँ टेलिभिजनमा समाचार हेर्छे । (अकरण)

(च) उनीहरू फुटबलमा विजयी भए । (प्रथम पुरुष)

४. **दिइएको तालिकामा भएका विषयवस्तु पढ्नुहोस् र कक्षामा छलफल गर्नुहोस् :**

| वर्ग | वर्ण | उदाहरण | तरिका |
|---|---|---|---|
| 'क' | क, ख, ग, घ, ङ | कङ्गाल, चङ्ख, जङ्घा, शङ्ख | 'क, ख, ग, घ' वर्णभन्दा अगाडि 'ङ्' वर्ण प्रयोग गरिन्छ । |
| 'च' | च, छ, ज, झ, ञ | चञ्चल, निकुञ्ज, लाञ्छना, अञ्चल | 'च, छ, ज, झ' वर्णभन्दा अगाडि 'ञ्' वर्ण प्रयोग गरिन्छ । |
| 'ट' | ट, ठ, ड, ढ, ण | घण्ट, कुण्ठित, कण्ठ, चण्डी | 'ट, ठ, ड, ढ' वर्णभन्दा अगाडि 'ण्' वर्ण प्रयोग गरिन्छ । |
| 'त' | त, थ, द, ध, न | सन्तति, सन्ध्या, सन्देह, अनुसन्धान | 'त, थ, द, ध' वर्णभन्दा अगाडि 'न्' वर्ण प्रयोग गरिन्छ । |
| 'म' | प, फ, ब, भ, म | चम्पा, सम्बन्ध, डम्बर, सम्भव | 'प, फ, ब, भ' वर्णभन्दा अगाडि 'म्' वर्ण प्रयोग गरिन्छ । |

५. **दिइएको अनुच्छेद शुद्ध पारी पुनर्लेखन गर्नुहोस् :**

शंकर चन्चल स्वभावका छन् । उनी प्रतिभा संपन्न विद्यार्थी हुन् । उनी मंचमा गएर विद्यालयमा हुने कार्यक्रम सन्चालन गर्छन् । उनी भित्तेपत्रिकाका स्तंभकार हुन् । उनका लेख रचना वान्छनीय हुन्छन् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १४ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) मानिसलाई चाहिने खाद्यान्नको उत्पादन गर्ने क्षेत्र कुन हो ?

(ख) कृषिका लागि कुन कुन कुराको खाँचो पर्छ ?

(ग) नेपालमा कृषिजन्य वस्तुको उत्पादन तथा व्यवस्थापनलाई किन आसलाग्दो किसिमबाट हेर्ने गरिन्छ ?

(घ) नेपालका लागि कुन कुरा गौरवका विषय हुन् ?

२. **नेपालमा कुन कुन खाद्यान्नको उत्पादन कृषिक्षेत्रबाट हुन्छ, सुनाइ पाठ १४ का आधारमा भन्नुहोस् ।**

## सिर्जना र परियोजना कार्य

१. **दिइएका शीर्षकमा दैनिकी लेख्नुहोस् :**

(क) नव वर्ष

(ख) सांस्कृतिक कार्यक्रमको रौनक

२. **तपाईँले मनाउने कुनै पर्वका बारेमा परिवारमा सोधखोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**









हामी विभिन्न ठाउँको यात्रा गर्छौं । यात्रामा धेरै रमाइलो अनुभव गर्छौं, मनोरञ्जन लिन्छौं भने कहिलेकाहीँ दुःख तथा नमिठो अनुभव पनि गर्न सक्छौं । यात्राबाट मनोरञ्जन मात्र होइन, ज्ञान पनि बटुल्छौं, नयाँ कुरा देख्छौं, सिक्छौं । नेपालमा भ्रमण गर्न योग्य धेरै ठाउँ छन् । खासगरी यहाँका धार्मिक, प्राकृतिक, सांस्कृतिक तथा भौगोलिक क्षेत्र भ्रमणीय छन् । सुदूरपश्चिमको खप्तड लेक, पूर्वको पाथीभरा, तराई क्षेत्रको लुम्बिनी तथा हिमाली क्षेत्रको मुक्तिनाथ, यी सबै ठाउँ आन्तरिक तथा बाह्य पर्यटकका आकर्षणका केन्द्र बन्ने गरेका छन् । नियात्रामा कुनै ठाउँको यात्रा गर्दा भेटिएका पात्र, देखिएको परिवेश र घटेका घटना आदिको क्रमबद्ध वर्णन गरी यसले लेखकको मनमा पारेको प्रभाव, विचार र अनुभूतिलाई समेटेर लेखिएको हुन्छ । यस्तै अनुभूतिलाई समेटेर लेखिएको तलको नियात्रा पढौं ।

मूल पाठ

१५

# से गुम्बाको सुन्दरता

*युवराज नयाँघरे*



डोल्पाको जुफाल पुगेपछि म केही दिन त्यतै अल्मलिएँ ।

खासगरी उच्च हिमाली जिल्लामा पुगेको हुनाले हावापानीमा घुलमिल हुन केही समय जुफाल वरपर बसिबियाँलो गर्ने विचार गरेँ । त्यसो गर्दा शरीरमा त्यहाँको जीवनशैली, खानपान, रहनसहन, संस्कृतिको परिचय पाउनाका साथै ज्यान पनि तङ्ग्रिन्थ्यो ।

केही दिनपछि डोल्पाको सदरमुकाम दुनै बजारतिर लागेँ । साथमा केही अन्य विदेशी पनि थिए । उनीहरू चारपाँच घण्टाभन्दा बढी पैदल हिँड्न मन गर्दैनथे ।

पहिलो दिन हामी ठुलीभेरी किनारमा टेन्ट टाँगेर बस्यौँ । वरिपरि ढुङ्गेनी पहरा, पाटन र डरलाग्दा पत्रेढुङ्गाका ओडारले घेरिएको त्यो ठाउँलाई गाउँले रूपगाड भन्थे ।

अर्को दिन सुलीगाड नाघेर छेप्कामा बास बस्यौँ । से फोक्सुन्डोको तालबाट खसेको पानी सङ्लो नदी भएर कञ्चन लहरसाथ बगेथ्यो । त्यै सफा, निलो र निर्मल पानीले भरिएको नदी किनारलाई दौँतरी बनाएर हामी हिँडिरह्यौँ... । भिरैभिर, ढुङ्गेनी खोँच अनि असाध्यै कष्टकर आपट्टे बाटामा धुकधुकी रोकिई रोकिई पाइला चाल्नुपर्थ्यो ।

### शब्दार्थ

*आपट्टे* : *कठिन*

बिस्तारै रुखपात होचा र पोथ्रा हुँदै गए । झार, लहरा, र बुट्यान निरन्तर भेटिन थाले । अग्ला रुखपात बिलाउँदै गए । बाटैभरि बोन धर्मका मन्त्र लेखिएका ढुङ्गा देखिन्थे । त्यस्तै पाँचरङ्गे पताकालाई डोरीमा टाँगिएका देखिन्थ्यो । त्यसलाई उनीहरू लुङतर भनेर श्रद्धा र आदर पोख्थे ।

छेप्कामा स्याउ राम्रो उत्पादन हुँदोरहेछ तर बजार पाउन नसकेर बारीभरि कुहिएर छरपस्ट भएको देख्दा मन कटक्क भयो । हामीले हिमाली फलफूलको बजार व्यवस्थापनतिर ध्यान दिन नसकेको अनुभव गरेँ ।

भोलिपल्ट दिनभरि हिँडाइ मच्चियो । से फोक्सुन्डो नदी किनारैकिनार लम्किरह्यौँ हामी । बाटो तेर्पे, हलुका उकालो भए पनि खोलाछेउको उखरमाउलो गर्मीले लुगा ल्याफल्याफी भिज्थे । बाहिर लेकाली हावाले लुगलुग चिसो पारे पनि भित्री लुगा निथ्रुक्कै भिजेका हुन्थे । सिताङ्गे चिसाले खोकी लाग्ला भनेर खुबै डराउँथेँ म । हाम्रा सामान बोक्ने जख्खड र बलिया खच्चड थिए । विदेशी र नेपाली गरी झन्डै १५/१६ जनाको टोली थियो हाम्रो ।

साँझमा टेन्ट गाडिन्थे । बिहान ती पहेँला त्रिपालका अस्थायी घर भत्काएर खच्चडमा हाली गुडुडु कुदाइन्थ्यो । हामी बास बस्ने ठाउँसम्म पुग्दा फेरि ती घर ठडिइसकेका हुन्थे जिउँकातिउँ ।

हामी चौथो दिनमा बोरिङमा बास बस्यौँ नदीको गर्जन सुन्दै । भरियाले मलाई माथि माथिका डाँडा, यार्चागुम्बा टिप्न जाने ठाउँ, हिउँचितुवा लुक्ने ओडार पनि औँलाले देखाइरहेथे । जेठको आधाआधीदेखि यार्चागुम्बा टिप्न माथि माथि लेकतिर जाने चलन रहेछ । यार्चागुम्बालाई आधा किरा र आधा बिरुवाको रूपमा लिने गरिन्छ । एक खालको किराबाट ढुसी उम्रेर बिरुवा बन्ने हुनाले यसलाई निकै नामी ओखतीका रूपमा लिने गरिन्छ । अन्तर्राष्ट्रिय बजारमा यसको औधी खोजी, चासो, खुल्दुली र माग भएको पाइन्छ ।

*पताका : झन्डा*

*तेर्पे : अलि अलि भिरालो वा उकालो परेको*

*उखरमाउलो : घामको चर्को वा पोल्ने राप*

*जख्खड : निकै ठुलो*

यार्चा टिप्न जानेमध्ये धेरै जना अक्सिजन नपुगेर, भोकले, जाडो र हिउँका कारणले निकै जोखिममा पर्दा रहेछन् । रुकुम, जाजरकोट, हुम्लादेखिका मान्छेको ओइरो लाग्छ रे त्यतिखेर । यार्चा पनि कसैले छोटो समयमा धेरै भेट्टाउँदा रहेछन् । कतिले चाहिँ झार त हो नि भनेर चिन्न नसक्दा धेरै त रित्तो हात फर्किनुपर्दो रहेछ ।

अर्को दिन बिहानै हिँडेका थियौँ । राती हिउँ परेछ फुसफुसे । बाटाभरि हिउँका सेता सेता रास जताततै देखिन्थे ।

हामीसँग क्यामु, गोरी, डल्ली, चुइगम, पुन्टी, खैरी र काले नाउँका खच्चड थिए । नाउँ लिनासाथ ती टक्क अडिन्थे कान ठड्याएर । ती खच्चड निकै अनुशासित र फुर्तिला देखिन्थे ।

खच्चड धपाउनेहरू सुइँय्यँ सुइँय्यँ सिटी मारेर बाटाका यात्रुलाई सतर्क तुल्याउँथे । साँघुरो बाटो, अप्ठेरो, ओरालो र ढुङ्गेनी खोँचका बटुवालाई मर्का नपरोस् भनेर खच्चड खेदुवाहरूको यो प्रयास उपकारी थियो । त्यस्तो अनकन्टारमा यही नै सूचनाको बलियो आधार थियो ।

ठाडै उकाली र मनै चिउचिउ पार्ने भिर काटेर हामी माथि पाटन जस्तो ठाउँमा पुग्यौँ । यहाँबाट कान्जिरोवा, नोर्बुकाङ हिमाल र से फोक्सुन्डो छहरा देखिन्थ्यो । वरिपरि अरू पनि थुप्रै हिमाली चुचुराले मनै हर्षे विभोर तुल्याएर ।

रिग्मो गाउँ पुगेपछि हामी ताल नजिक नजिक पुगेछौँ । बोन धर्म मान्ने यो गाउँमा धेरै रहेछन् । यहाँ फापर, आलु निकै फल्दोरहेछ ।

राती से फोक्सुन्डो किनारमै बसाइ भयो । म त त्यो निलाम्मे ताल हेर्न प्रायः टेन्टबाहिरै मन्त्रमुग्धसँग बस्थेँ तर हिमाली सिरेटाले मुटु थरथर कमाइहाल्थ्यो । मन बाहिर, तन भित्र राखेर म बसेँ ताल किनारको झिलझिलमा डुबेर ।

बिहानै चौँरीका बथान आएर से फोक्सुन्डोको पाखाभरि चर्ने गर्थे । दिउँसो हिउँ फुसफुस झर्थ्यो तर तिनको जिउमा हिउँ अडिन्न थियो । भुत्लैभुत्लाले जिउ छपक्कै छोपिएको चौँरीको भालेलाई याक र पोथीलाई नाक भनिन्छ । रिग्मो गाउँका हरेक परिवारले १०/१२ ओटा चौँरी पालेका कुरा मैले सुनेँ । भारी बोकाउन, हलो जोताउनका लागि याक र दुध खानका लागि नाक पाल्ने गरिँदोरहेछ ।

*बोन धर्म* — *तन्त्रमन्त्रमा विश्वास गरिने एउटा पुरानो धर्म*

दुई दिन से फोक्सुन्डो वरिपरि बसेर हाम्रो टोली तेस्रो दिन लेखेढुङ्गातिर लाग्यो । तीनचार घण्टा तालको किनारैकिनार लम्केर हामी पश्चिमउत्तर भएर नदीको बगरमा ओर्ल्यौँ । सागर र पेरी काप्पो नदी खस्दारहेछन् से फोक्सुन्डोमा । यही पश्चिमी नदीको बगर भएर हामी लुइँलुइँ बाटो लाग्यौँ ।

हावा लागेर टाउको चट्ट दुख्थ्यो । ओठ चरक्क फुटेका थिए । हावा, घाम र धुलो मिसिएर मेरो अनुहार कालै भइसकेको थियो । निधारको छाला, नाकेडाँडीको एकपत्रे छाला पुरै डढेको थियो । म नचिनिने र विरूप भइसकेको थिएँ ।

'तुमी पुरै डोल्पाली भया छौ बड्डा !'

खच्चड खेद्ने डम्मर, पिर्ती, कुमारहरू मलाई जिस्काउने र उल्ल्याउने गर्थे । मेरो रङरूप र हबिगत झन्नै झन्नै त्यस्तै देखिँदो हो ।

त्यो दिनभरि भोजपत्रको घना जङ्गल छिचोलेर झमक्क साँझमा हामी लेखेढुङ्गामा बास बसेका थियौँ । हिमाली खोला गड्गडाएर प्रमत्त पारामा बगेथ्यो । उत्तरतिर अचम्मले जिब्रो टोकिने चुचुरा हेर्दा मन आत्तिन्थ्यो । हामीले दक्षिणतिर हिउँ नै हिउँ बोकेर जाडो ह्वारह्वारी फ्याँकिरहेको कान्जिरोवा हिमाल हेर्दै रात कटायौँ ।

अर्को दिन बगरैबगर हिँड्यौँ सिउसिउ गर्दै । सिरेटाले हात काट्ठिन्थे । दुवैतिर हिमाल, पाटन र अनौठा राता पहाडका तरेलीसँग नजिकिने र टाढिने क्रम भइरह्यो । थकाइ खुबै लाग्थ्यो । दुईचार पाइला हिँड्यो, सुस्तायो फेरि बाटो सम्झेर पैताला लम्कायो । यो क्रम दिनभरि जस्तो भइरह्यो ।

"हिउँ नपरे हुन्थ्यो !"

म अरूले सुन्ने गरी भन्थेँ ।

थोरै थोरै फुसफुसाएको हिउँले त निकै जाडो भएको थियो । बेसरी पर्‍यो भने बाटो पुरै थुनिन्थ्यो । भिरको बाटामा हिउँले छेकिदिनाले हामीलाई आपतै पर्थ्यो ।

जब हामी ४,२०० मिटरको उचाइमा पुग्यौँ तब बाटाभरि घुँडा घुँडा छुने काँडेदार बुट्यान देखिन थाले । हामीले फेर्ने अक्सिजन यिनैबाट पाइन्थ्यो । त्यस्तै जब्बरे कडा डाँठ

*हबिगत : बिग्रँदो अवस्था, नाजुक स्थिति*

*जब्बरे : दरो, मजबुत*

भएका अरू लहरा जतासुकै भेटिन्थे । दिनभरि उकालो, तेर्सो र सासै फुलाउने पखेरो खुबै हिँड्नुपऱ्यो । अरिमट्ठे ढुङ्गा, चुच्चा, तिखा र उबडखाबड चट्टानी बाटो छिचोल्न हामीलाई साह्रै गाह्रो भयो । वरिपरिका हिमाल, चुचुरा हुँदै एउटा फाँटिलो ठाउँमा हाम्रा त्रिपाल गाडिए । त्यो खर्क रहेछ । बटुवाले त्यहाँ आगो बालेको, घोडा बाँधेको दृश्य देखिन्थ्यो ।

राती बेसरी हावा लाग्यो । हाम्रा त्रिपाल हावाले उडाउला जस्तै भए । बिहान त पातलो हिउँ परेछ सर्वत्र । बिहानै हामी बाटो लाग्यौँ । ५,३०० मिटरको सेला पास थियो बाटैमा । यो भन्ज्याङमा पुग्दा दिउँसो भइसकेको थियो । भोकले कटक्क पेट काट्यो । वरिपरि अनौठा अनौठा ढुङ्गेनी चुचुरा हिउँ लुकाएर ठडिएका थिए । तिखा सुइरा जस्ता ती थुम्का काला, खैरा र फुस्रा रङका देखिन्थे । पूर्वतिर धौलागिरि र पुथा हिउँचुलीको सुन्दरता अद्भुत र अगणित थियो । उत्तरतिर हिउँचुलीको झन् बढ्ता खात र आलोक थियो ।

पश्चिमतिर अनौठा चुचुरा थिए । तिनलाई सेलरी सुम्दो भनिँदोरहेछ । त्यहाँका मानिसमा १३ पटक ती चुचुरा फन्को मारेपछि मानसरोवर कैलाश पुगेको विश्वास रहेछ । से गुम्बा, साल्दाङ, भिजेर, टाटा गाउँका गाउँले प्रायः त्यहाँ दर्शन गर्न जाँदारहेछन् ।

से गुम्बाको भन्ज्याङमा हामी धेरैबेर बस्न पाएनौँ । हावा पनि बेस्सरी चल्न थाल्यो हुर्हुरिएर । फेरि धेरै समय अल्मलिँदा से गुम्बा पुग्न ढिलो हुने अर्को कारण त छँदै थियो । अझ अर्को मूल कारण थियो, लेक लाग्ने डर, त्यसैले हामी फटाफट तल झऱ्यौँ ।

भिरको बाटो छोटो थियो तर हिउँले भरिभराउ थियो । घुमेर जाँदा समय निकै लाग्ने भएकाले हाम्रा सरदार छिरिङ जाङबु शेर्पाले छोटो बाटै हिँडाए । खच्चड त्यही बाटो केही अगि हिँडेकाले हामीलाई भिर नाघ्न निकै मुस्किल भयो ।

लड्दैपड्दै म तल फाँटमा पुगेँ । कति पटक पछारिएँ । त्यसको लेखाजोखा छैन । स्वात्त स्वात्त चिप्लेर तल पुगेर आफैँले हिँडेको बाटो हेर्दा पो छाती त्रासले भुलुकभुलुक भयो ।

*अरिमट्ठे : अरट्ठ परेको, साह्रो*

*उबडखाबड : खाल्डाखुल्डी परेको*

*अद्भूत : अनौठो, आश्चर्यजनक*

*अगणित : गन्न नसकिने, अत्यधिक*

त्यसपछि तेस्रो बाटो घन्टौँ हिँडेपछि हामी से गुम्बा पुगेथ्यौँ । डोल्पालीले गोन्पा भने पनि हामी गुम्बा भन्छौँ । दुई खोला मिसिएको से गुम्बामा पाँचछ परिवार थिए ।

से गुम्बा करिब १,३०० वर्ष पुरानो रहेको गाउँले बताउँथे । साँझ र बिहान गरी दुई पटक गुम्बामा पसेँ म । गुम्बाभरि पुराना र ऐतिहासिक बौद्धग्रन्थ थिए । ती छालाले मोरेर राखिएथे । ती अमूल्य ग्रन्थ देख्दा मन ढक्क फुल्यो ।

गुम्बा निकै आकर्षक थियो । निमा टासी लामा गुम्बाका मूल लामा थिए । उनले भने, "भदौमा जात्रा लाग्छ । वरपरका सबै गाउँले यहाँ आइपुग्छन् धुइरिएर । "चौरी, च्याङ्ग्रा, भेडा पालेर, आलु रोपेर, यार्चागुम्बा टिपेर यहाँका बासिन्दाको आम्दानी हुँदोरहेछ ।

हरेक १२ वर्षमा ठुलो पूजा र मेला लाग्ने से गुम्बा रातो रङले रङ्गाइएको थियो । यसको वरिपरि लुङतर हल्लिएर गुम्बा अत्यन्तै झल्झलाकार, भव्य र मनोरम देखिन्थ्यो । हरेक दुई दुई वर्षमा यहाँ लामा फेरिने नियम रहेछ । नेपालका नामी बौद्ध तीर्थस्थलका रूपमा से गुम्बा पनि रहेछ । मैले यहाँ पुग्दा दुःखपछि सुखको अपार र अद्भूत अनुभव गरेँ ।

*ऐतिहासिक : इतिहासमा उल्लेख भएको*
*अमूल्य : मोल गर्न नसकिने, अनमोल*
*अपार : अत्यधिक, ज्यादै*

## शब्दभण्डार

१. **दिइएका अर्थ र तीसँग मिल्ने शब्दका बिच जोडा मिलाउनुहोस् :**

| अर्थ | शब्द |
|---|---|
| जिल्ला वा प्रदेशको मुख्य प्रशासनिक स्थल | पाटन |
| पहाडको विचमा रहेको अर्धसम वा सम्म मैदान | मन्त्रमुग्ध |
| बराबर उमेर भएको साथी | खर्क |
| पहाडका दुई चुली माझको होचो ठाउँ | सदरमुकाम |
| रूप, गुण, स्वभाव, कला आदिले लट्ठ पारिएको | दौँतरी |
| गाईवस्तु चरन र गोठका लागि राखिएको बाँझो जग्गा | भन्ज्याङ |
| | पर्वतश्रेणी |

२. **दिइएका अर्थ बुझाउने शब्द 'से गुम्बाको सुन्दरता' नियात्राबाट खोजेर लेख्नुहोस् :**

(क) एकान्त स्थल

(ख) मुटु छेड्ने खालको चिसो बतास

(ग) मोल गर्न नसकिने

(घ) कैलाश पर्वतमुनि रहेको ठुलो र पवित्र तिर्थस्थल मानिने एक प्रसिद्ध दह

(ङ) बौद्ध धर्मावलम्बी लामाहरूको देवालय

(च) पहाडको खोँचबाट पहरामा ठक्कर खाँदै झरेको पानीको प्रवाह

३. **दिइएका पदावलीलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

पाइला चाल्नु, झमक्क साँझ, बास बस्ने ठाउँ, निकै जोखिम, सिउसिउ गर्नु, नामी ओखती, पहाडका तरेली, प्रमत्त पारा, हिमाली खोला

४. **दिइएका शब्द प्रयोग गरी अनुच्छेद तयार पार्नुहोस् :**

उत्पादन, बेरोजगार, निर्यात, नगदेबाली, उर्वर, आत्मनिर्भर, प्रोत्साहन, आधुनिक

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

सदरमुकाम, आदर, व्यवस्थापन, खच्चड, भोजपत्र, निधार, भन्ज्याङ, अन्तर्राष्ट्रिय, अनकन्टार, नाकेडाँडी, तीर्थस्थल

२. **'से गुम्बाको सुन्दरता' नियात्रा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **'से गुम्बाको सुन्दरता' नियात्रा पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) डोल्पाको सदरमुकामको नाम के हो ?

(ख) कहाँ स्याउको राम्रो उत्पादन हुँदो रहेछ ?

(ग) कुन बजारमा यार्चागुम्बाको खोजी हुन थालेको छ ?

(घ) यार्चागुम्बा कहिलेदेखि टिप्न सुरु गरिन्छ ?

(ङ) नियात्रामा से गुम्बाको चर्चा गरिएको प्रसङ्गभन्दा लगत्तैअगाडि कुन विषयको चर्चा गरिएको छ ?

४. **'से गुम्बाको सुन्दरता' नियात्राको 'चौथो दिन बोरिङमा ... खुल्दुली भएको देखिन्छ ।' अंशलाई अनुलेखन गर्नुहोस् ।**

५. **'से गुम्बाको सुन्दरता' नियात्राको 'से गुम्बा करिब .... अद्भुत अनुभव गरेँ ।' अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) से गुम्बाका विशेषता लेख्नुहोस् ।

(ख) गाउँलेको आम्दानीको स्रोत के रहेछ ?

६. **'से गुम्बाको सुन्दरता' नियात्रा पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) से फोक्सुन्डो तालबाट खसेको पानी कस्तो थियो ?

(ख) रिम्भो गाउँमा के के फल्दा रहेछन् ?

(ग) धौलागिरिको दृश्य कस्तो थियो ?

(घ) से गुम्बालाई किन प्राचीन गुम्बाका रूपमा लिइन्छ ?

७. **व्याख्या गर्नुहोस् :**

उत्तरतिर हिउँचुलीको झन् बढ्ता खात र आलोक थियो ।

८. **'से गुम्बाको सुन्दरता' नियात्राबाट तपाईँले कुन कुन स्थानको जानकारी पाउनुभयो, सूची बनाउनुहोस् ।**

९. **डोल्पाको उच्च हिमाली क्षेत्रको जीवन शैलीबारे वर्णन गर्नुहोस् ।**

१०. **दिइएका बुँदाका आधारमा स्थान परिचय लेख्नुहोस् :**

**स्थान** : जनकपुरधाम

**परिचय** : प्राचीनकालमा राजा जनकले राज्य गरेको भूमि
सीताको जन्मभूमि
प्राचीनकालमा निर्मित कलात्मक र विशाल रामजानकी मन्दिर
दैनिक रूपमा स्वदेश तथा विदेशबाट दर्शनार्थी आउने
विवाह पञ्चमीका दिन ठुलो मेला लाग्ने
प्रशस्त मठमन्दिरका साथै तलाउ र कुण्ड रहेका
पौराणिक तथा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण स्थल
हाल मधेस प्रदेशको धनुषा जिल्लामा पर्ने प्रदेश राजधानी

११. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

असल आचरण र त्यसको पालना नै अनुशासन हो । अनुशासनमा असल बानी व्यवहार, घर, परिवार र समाजका नियम आदिको पालना पर्छन् । अनुशासनमा अलिखित र लिखित दुवै प्रकारका नियमको पालना पर्छन् । अलिखित नियम भन्नाले नलेखिएका नियम भन्ने बुझिन्छ । ऐँचोपैँचो, भारोपर्म, आदर सम्मान आदि अलिखित नियमका उदाहरण हुन् । लिखित नियम भन्नाले लेखिएका नियम भन्ने बुझिन्छ । लिखित नियमअन्तर्गत विद्यालय, गाउँपालिका, नगरपालिका आदिका नियम पर्छन् । संविधान, ऐन, नियमावली आदि लिखित नियमका उदाहरण हुन् । प्रत्येक व्यक्ति अनुशासनमा बस्दा सामाजिक सद्भाव कायम हुन्छ । राष्ट्रिय एकताका लागि पनि हरेक नागरिकको अनुशासन महत्त्वपूर्ण हुन्छ । त्यसैले अनुशासनलाई परिवार, समाज र राष्ट्र समृद्धिको आधार मानिन्छ ।

माथिको अनुच्छेदमा अनुशासनका बारेमा विषय विस्तार गरिएको छ । तपाईं पनि 'जीवनशैली नै संस्कृतिको आधार हो' कथनलाई विस्तार गरी कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढी सरल, संयुक्त र मिश्र वाक्य टिपोट गरी कक्षामा छलफल गर्नुहोस् :**

हजुरबुबा पत्रिका पढ्नुहुन्छ । उहाँ रेडियो सुन्नुहुन्छ । उहाँ टेलिभिजन हेर्नुहुन्छ । हजुरबुबाले पत्रिका, रेडियो र टेलिभिजनका माध्यमबाट देशविदेशका खबर थाहा पाउनुहुन्छ । जब उहाँले नौला समाचार थाहा पाउनुहुन्छ तब हामीलाई वरिपरि राखेर सुनाउन थाल्नुहुन्छ । हिजो उहाँले नासाद्वारा अन्तरिक्षमा यान प्रक्षेपण गरेको समाचार थाहा पाउनुभएछ अनि यो चमत्कारका बारेमा हामीलाई पनि सुनाउनुभयो । उहाँको यस किसिमको जानकारी भने नौलो थिएन । हामी उहाँको आनीबानीका सन्दर्भमा परिचित थियौँ तर यस्तो चमत्कारपूर्ण समाचारका बारेमा बेखबर थियौँ ।

२. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) उषाले परीक्षा दिइन् अनि सफल भइन् । (सरल वाक्य)

(ख) वीरमान तरकारी फलाउँछन् । वीरमान पैसा कमाउँछन् । (मिश्र वाक्य)

(ग) हिउँद लाग्छ । हिमाल सेताम्मे देखिन्छ । (संयुक्त वाक्य)

(घ) जब हाम्रो गाउँमा एम्बुलेन्स चल्न थाल्यो तब गाउँले खुसी भए । (सरल वाक्य)

(ङ) आमा बजार जानुभएछ । आमाले किनमेल गर्नुभएछ । (संयुक्त वाक्य)

(च) आकाशमा बादल मडारियो । असिनापानी पऱ्यो । (मिश्र वाक्य)

३. **तालिकामा दिइएका वाक्य पढ्नुहोस् र छलफल गर्नुहोस् :**

| विश्लेषित वाक्य | संश्लेषित वाक्य |
|---|---|
| मङ्गल मिहिनेती विद्यार्थी हुन् ।<br>उनले भाउजूसँग ५०० रुपियाँ लिए ।<br>उनले कापीकलम किने । | मिहिनेती विद्यार्थी मङ्गलले भाउजूबाट ५०० रुपियाँ लिएर कापीकलम किने । |

४. **दिइएका वाक्यलाई संश्लेषण गर्नुहोस् :**

बालकृष्ण सम साहित्यकार हुन् । उनले नाटक रचना गरेका थिए । उनले कविता रचना गरेका थिए । उनी नेपाली साहित्यमा अमर छन् ।

५. **दिइएको संश्लेषित वाक्यलाई विश्लेषण गर्नुहोस् :**

माघ महिनामा विद्यालयले हिउँदे बिदाको सूचना दिएपछि विद्यार्थी खुसी भएर आआफ्ना योजना बनाउँदै घर फर्किएका छन् ।

६. **दिइएको अनुच्छेद पढी पदयोगबारे छलफल गर्नुहोस् :**

उनीहरू बसबाट काठमाडौँसम्म पुगे । काठमाडौँमा धार्मिक, सांस्कृतिक ऐतिहासिकलगायत स्थल छन् । पशुपतिनाथ र बौद्धनाथको प्रसिद्धि अन्तर्राष्ट्रिय स्तरसम्म पुगेको छ । उत्तरतिरका हिमशृङ्खलाको सुन्दरतासमेत अनुपम थियो । यही सुन्दरतालाई मानिसले नियालिरहेका थिए ।

७. **दिइएका वाक्यलाई पदयोग गरी पुनर्लेखन गर्नुहोस् :**

(क) सबै साथीहरू आ आफ्नै काम मा व्यस्त छन् ।

(ख) आज मामा हरू हाम्रो घरमा आउनु हुन्छ ।

(ग) तपाईँ सँग कति रुपियाँ छ ?

(घ) विद्यालयको नियम अनुसार काम गर्नु पर्छ ।

(ङ) बुवा बाहेक सबै जना आउनु भयो ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १५ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) राजवंशी, धिमाल, सन्थाल, ताजपुरिया आदि जातिको प्राचीन थातथलो मध्य नेपाल हो ।

(ख) सिरुवा पर्वमा खेतीपाती वृद्धिको कामना गरिन्छ ।

(ग) सिरुवा पर्वको दोस्रो दिन पानीसिरुवा पर्छ ।

(घ) सिरुवा पर्वको अवसरमा हाटमेला लाग्ने गर्छ ।

२. **सुनाइ पाठ १५ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) सिरुवा पर्व कुन कुन जातिको प्रमुख पर्व हो ?

(ख) सिरुवा पर्वमा कसरी शुभकामना आदानप्रदान गरिन्छ ?

(ग) नववर्षका दिन कस्तो वस्त्र लगाइन्छ ?

(घ) सिरुवा पर्वका अवसरमा कहाँ ठुलो मेला लाग्छ ?

## सिर्जना र परियोजना कार्य

१. **तपाईंले गरेको कुनै यात्राको स्मरण गर्दै 'अविस्मरणीय यात्रा' शीर्षक राखी यात्रा वर्णन गर्नुहोस् ।**

२. **तपाईंका अभिभावकमध्ये एक जनासँग उहाँले गरेको यात्राका बारेमा कुराकानी गर्नुहोस् । सो कुराकानीका आधारमा स्थान र त्यहाँको विशेषता टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## पूर्व पठन

१. **दिइएका विषयवस्तु र चित्रका बारेमा समूहमा छलफल गर्नुहोस् :**




समाचारपत्र सञ्चारको माध्यम हो । समाचारपत्रमा देशविदेशमा घटेका महत्त्वपूर्ण घटना छापिन्छन् । आमसरोकार र चासोका विषयवस्तुले स्थान पाउँछन् । समाचार पत्रमा शिक्षा, स्वास्थ्य, सञ्चार, मनोरञ्जन तथा यातायातलगायत विकासका पूर्वाधारसँग सम्बन्धित विषयवस्तु पढ्न पाइन्छ। समाचारपत्रमा प्रकाशन गरिने यस्ता विषयवस्तुले सर्वसाधारण जनता सुसूचित हुन पाउँछन् । त्यसैले समाचारपत्रलाई विकास र परिवर्तनको संवाहक मान्ने गरिन्छ। तपाईँलाई थाहा छ ? समाचारपत्रमा सम्पादकीय पनि छापिन्छ । सम्पादकीय भनेको समसामयिक विषयमा सम्पादकका तर्फबाट लेखिएको विशेष किसिमको लेख हो । तपाईँहरू पनि समसामयिक विषयमा केन्द्रित भएर सम्पादकलाई चिठी लेख्न सक्नुहुन्छ ।

मूल पाठ

१६

# सम्पादकलाई चिठी

मिति : २०८०/०१/२०

श्री सम्पादकज्यू,

गोरखापत्र राष्ट्रिय दैनिक,

धर्मपथ, काठमाडौँ ।

**प्राकृतिक विपत्तिप्रति सतर्कता अपनाउने सम्बन्धमा ।**

महोदय,

प्रकृतिमा समय समयमा उतारचढाव आइरहन्छ । कहिले आवश्यकताभन्दा बढी पानी परेर बाढीपहिरो आउँछ । बस्तीहरू डुबेर जलमग्न हुन्छन् । कहिले असार, साउन महिनामा पनि असाध्यै कम पानी परेर रोपाइँ नै गर्न नसकिने स्थिति आउँछ । कहिले भुइँचालाले धनजनको ठुलो क्षति हुन्छ । कहिले बाढीपहिरो, आँधीबेहेरी, अतिवृष्टि, अल्पवृष्टि, अनावृष्टि, खण्डवृष्टि जस्ता प्राकृतिक विपत्तिले मानव जीवनलाई सङ्कटमा पार्छन् । प्राकृतिक विपत्ति पूर्वसूचना दिएर आउँदैन ।

नेपालमा यस्तै खालका कतिपय प्राकृतिक विपत्ति आउने गरेका छन् । वि.सं.२०७२ को भुइँचालो र वि.सं. २०७८ को मेलम्चीको बाढी यसका उदाहरण हुन् । मुस्ताङको कोवाङमा आएको हिमपहिरो पनि प्राकृतिक विपत्तिकै उदाहरण हो । विकट भौगोलिक अवस्था, अव्यवस्थित

### शब्दार्थ

*जलमग्न* : *पानीले डुब्नु, जताततै पानी भरिनु*

*अतिवृष्टि* : *चाहिनेभन्दा धेरै पानी पर्नु*

अल्पवृष्टि : असाध्यै थोरै पानी पर्नु

अनावृष्टि : पानी नै नपर्नु

खण्डवृष्टि : आंशिक वर्षा, कुनै कुनै ठाउँमा मात्र पानी पर्नु

बसोबास, वनजङ्गलको विनाश, नदीदोहन, नदीनाला क्षेत्रको अतिक्रमण, योजनाबद्ध विकासको अभावका कारण प्राकृतिक विपत्ति हुने गरेका छन् ।

यस्ता प्राकृतिक विपत्ति मानिसले टारेर टार्न सक्दैन तर पूर्व सतर्कता अपनाएर धनजनको क्षति हुनबाट जोगाउन सकिन्छ । प्राकृतिक विपत्तिबाट बच्नका लागि व्यवस्थित बस्ती विकास गर्ने, नदीनाला र वनजङ्गल अतिक्रमण नगर्ने तथा वातावरणको रक्षा गर्ने कार्य गर्नुपर्छ । त्यसैले प्राकृतिक विपत्तिप्रति जनचेतना फैलाउने कार्य गरियोस् र पूर्वसतर्कता अपनाइयोस् भन्ने ध्यानाकर्षण गराउन चाहन्छु ।

मनोज नगरकोटी
जुरे, सिन्धुपाल्चोक

नदीदोहन : नदी वा नदी क्षेत्रलाई जथाभावी उपयोग गर्नु

ध्यानाकर्षण : कुनै विषयलाई सम्झाउने काम

## शब्दभण्डार

१. **दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

क्षति, भुइँचालो, धनजन, सङ्कट, अतिक्रमण, अभाव, जनचेतना, विपत्ति

२. **दिइएको अनुच्छेदबाट अनुकरणात्मक शब्द पहिचान गरी टिपोट गर्नुहोस् :**

सुम्निमाले अचानक चसक्क पेट घोच्यो भनिन् । उनी एकैछिनमा फत्र्याकफत्र्याक गर्न थालिन् । उनको निधारबाट चिटचिट पसिना आयो । उनका हातखुट्टा कक्रक्क परे । उनी बर्र आँसु झार्दै क्वाँक्वाँ रुन थालिन् । त्यसै वेला दाइ टुप्लुक्क आइपुग्नुभयो । दाइले दनदनी आगो बालेर भुलुक्क पानी उमाल्नुभयो । उहाँले पानी सेलाएपछि कागती तरर निचोर्नुभयो र सुम्निमालाई दिनुभयो । सुम्निमाले घटघटी कागतीपानी पिइन् । आमाले हस्याङफस्याङ गर्दै ट्याक्सी लिएर आउनुभयो । ट्याक्सी घरअगाडि घ्याच्च रोकियो । सुम्निमालाई सरासर अस्पताल पुऱ्याइयो । त्यसपछि डाक्टरले फटाफट उपचार सुरु गरे ।

३. **दिइएका अनुकरणात्मक शब्दका पदावलीबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सिरिङ्ग | हाँस्नु |
| भुसुक्क | हेर्नु |
| मुसुक्क | बग्नु |
| क्वारक्वार्ती | आवाज आउनु |
| सलल्ल | बस्नु |
| गमक्क | निदाउनु |
| छस्याकछुसुक | पर्नु |
| | हुनु |

४. **दिइएका अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

घुटुक्क, च्वास्स, टुप्लुक्क, निथ्रुक्क, खुरुक्क, टप्प, लहलह, टुकुटुकु

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

अव्यवस्थित, अतिक्रमण, योजनाबद्ध, भौगोलिक, अवस्था, क्षति, अतिवृष्टि, सङ्कट

२. **'सम्पादकलाई चिठी' पाठ पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **'सम्पादकलाई चिठी' पाठ मौन पठन गरी सोधिएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) गोरखापत्र राष्ट्रिय दैनिकको कार्यालय कहाँ छ ?

(ख) सम्पादकलाई चिठी लेख्नुको मुख्य प्रयोजन के हो ?

(ग) भुइँचालाले के गर्छ ?

(घ) प्राकृतिक विपत्तिबाट के के क्षति हुन्छ ?

४. **'सम्पादकलाई चिठी' पाठ पढी पाठको संरचनाका बारेमा छलफल गर्नुहोस् ।**

५. **'सम्पादकलाई चिठी' पाठ पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) 'प्राकृतिक विपत्ति पूर्व सूचना दिएर आउँदैन ।' भन्नुको तात्पर्य के हो ?

(ख) प्राकृतिक विपत्ति किन बढेका छन् ?

(ग) कस्ता कस्ता प्राकृतिक विपत्तिले मानव जीवनलाई सङ्कटमा पार्छन् ?

(घ) प्राकृतिक विपत्तिबाट बच्न के गर्नुपर्छ ?

६. **'सम्पादकलाई चिठी' पाठबाट चारओटा प्रश्न निर्माण गर्नुहोस् ।**

७. **आफू बसेको ठाउँ वा टोलमा भुस्याहा कुकुरको बिगबिगी भएकाले समयमै नियन्त्रण गरियोस् भन्ने कुरा उल्लेख गर्दै 'सम्पादकलाई चिठी' पाठको लेखन ढाँचा र शैली अनुकरण गरेर सम्पादकलाई चिठी लेख्नुहोस् ।**

८. **दिइएको बधाई पत्र पढी पालिकास्तरीय गायन प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने साथीलाई दिइने बधाई पत्रको नमुना तयार पार्नुहोस् :**

**बधाई पत्र**

विश्व वातावरण दिवसको अवसरमा महाङ्काल गाउँपालिकाद्वारा आयोजित 'स्वच्छ वातावरण निर्माणमा विद्यार्थीको भूमिका' शीर्षकको वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गरी आफ्नो र विद्यालयको गौरव बढाउनुभएकामा आठ कक्षामा अध्ययनरत साथी आरति नेपालीलाई हार्दिक बधाई ज्ञापन गरिन्छ ।

आठ कक्षाका सम्पूर्ण साथी
कालीदेवी माध्यमिक विद्यालय

९. **तपाईँको विद्यालयमा मनाउन लागिएको अभिभावक दिवसका लागि अभिभावकलाई लेखिने निमन्त्रणा पत्र तयार पार्नुहोस् ।**

१०. **दिइएका बुँदाका आधारमा सम्मान पत्र तयार पार्नुहोस् :**

नाम : मदनकृष्ण श्रेष्ठ

ठेगाना : ललितपुर उपमहानगरपालिका, बागमती प्रदेश

क्षेत्र : कलाकारिता

योगदान : हास्यव्यङ्ग्य कलाका माध्यमबाट मनोरञ्जन प्रदान, समाजका विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरी सभ्य समाज निर्माणको आग्रह, राष्ट्रियताको सन्देश

आयोजक : दिक्तेल जनहित क्लब, खोटाङ

कार्यक्रम : वि.सं. २०८० माघ १५ गते

११. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

विद्यालयमा प्रार्थना सभा सकिनै लाग्दा प्रधानाध्यापकले तीन जना विद्यार्थीलाई अगाडि बोलाउनुभयो । उहाँले सबैका अगाडि ती विद्यार्थीलाई खादा र अबिर लगाइदिनुभयो अनि बधाई दिनुभयो । त्यसपछि उपस्थित सबै विद्यार्थीतिर फर्किएर हरेक विद्यार्थीले पाएको सफलताबारे जानकारी दिन थाल्नुभयो । त्यसै क्रममा उहाँ मञ्चबाट भन्नुभयो, "यिनी निर्मला, आठ कक्षाकी छात्राले जिल्लास्तरीय वक्तृत्वकलामा प्रथम स्थान हासिल

गरेकी छन् । यी पुष्कर, सात कक्षाका छात्र, यिनले जिल्लास्तरीय दौड प्रतियोगितामा प्रथम स्थान पाएका छन् । यी राजीव, नौ कक्षाका छात्र, यिनले गितार वादनमा राष्ट्रियस्तरको पुरस्कार पाएका छन् । हो, तपाईँहरू सबै विद्यार्थीले समेत आफूलाई चाहना हुने क्षेत्रमा यसै गरी मिहिनेत गर्नू । तपाईँहरू हरेकमा केही न केही प्रतिभा छ, त्यसको खोजी गर्नू र निरन्तर लागिरहनू । विद्यालयमा पढाइका अतिरिक्त हुने क्रियाकलापमा सहभागी हुने गर्नू । भविष्यमा मेरो प्रतिभा यस क्षेत्रमा देखाउने छु भन्ने भावना कहिल्यै नबिर्सी त्यसतर्फ अगाडि बढ्नू । यसपछि यहाँ दायाँतिर टेबुलमा केही फाराम राखिएका छन् । हरेकले एउटा एउटा लिएर जानुहोस् र आफूलाई मन पर्ने अतिरिक्त क्रियाकलापका क्षेत्र कुन कुन हुन्, भर्नुहोस् । साथै, त्यस क्षेत्रमा आफ्नो प्रगति कस्तो छ, त्यसका बारेमा खुलाएर लेख्नुहोस् । धन्यवाद !"

तपाईँले विद्यालयबाट कस्ता कस्ता सन्दर्भमा निर्देशन पाउनुभएको छ, कक्षामा छलफल गर्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको तालिका पढ्नुहोस् र छलफल गर्नुहोस् :**

| भाव | उदाहरण |
|---|---|
| सामान्यार्थ | म चिठी लेख्छु । आनामिका बजार जान्छिन् । सरोजले फुटबल जितेछ । |
| आज्ञार्थ | तँ घरमा बस् । उर्वशी मामाघर जाऊ । सबै जनाले अनुशासन पालना गर । |
| इच्छार्थ | म रमाइला कथा पढूँ । हामी फलफूल टिप्न जाऔँ । उनी गाउँमा फर्किउन् । |
| सम्भावनार्थ | तैँले प्रगति गर्लास् । तपाईं व्यवसाय सुरु गर्नुहोला । भोलि पानी पर्ला । |
| सङ्केतार्थ | घाम लागे गर्मी हुन्थ्यो । बादल लागे पानी पर्थ्यो । उद्योग खोलिए रोजगारी सिर्जना हुन्थ्यो । |

२. **कोष्ठमा दिइएका निर्देशनअनुसार वाक्य पूरा गर्नुहोस् :**

(क) दीपा सरासर घर ................। (जा : सामान्यार्थ)

(ख) मोहन हलेसीको दर्शन ...........। (गर् : इच्छार्थ)

(ग) तिमी अहिले नै बहिनीलाई चिठी .............। (लेख् : आज्ञार्थ)

(घ) पर्यटकको अगमनले आम्दानी ...........। (बढ् : सम्भावना)

(ङ) उनी यस पटकको परीक्षामा सफल ................। (हु : इच्छार्थ)

(च) सलिना मिहिनेत ............ उनी सफल हुन्छिन् । (गर् : सङ्केतार्थ)

(छ) हरि घर ..................। (जा : सामान्यार्थ)

(ज) पानी ........बाली सप्रन्छ । (पर् : सङ्केतार्थ)

(झ) तिमी राम्ररी .............। (पढ् : आज्ञार्थ)

३. **दिइएको अनुच्छेदमा प्रयोग भएका क्रियापदलाई सम्भावनार्थमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

तिमीसँग १,००० रुपियाँ छ । तिमी त्यो पैसा लिएर पसल जान्छौ । तिमीसँग बहिनी पनि जान्छिन् । दुवै जना मिलेर किनमेल गर्छौ । तिमी तेल, मसला र नुन बोक्छौ । बहिनी आलु र दाल बोक्छिन् । तिमीहरू सरासर घरमा आएर परियोजना कार्य गर्छौ । तिमीहरूका काम देखेर आमाबुबा खुसी हुनुहुन्छ ।

४. **सामान्यार्थ, इच्छार्थ, आज्ञार्थ, सम्भावनार्थ र सङ्केतार्थ क्रियापद प्रयोग गरी एक अनुच्छेदमा आफ्नो साथीको वर्णन गर्नुहोस् ।**

५. **दिइएका वाक्यलाई उपयुक्त ठाउँमा पदवियोग गरी पुनर्लेखन गर्नुहोस् :**

(क) सफलता साथीहरूसँग घुम्नगइन् ।

(ख) अहिलेकति बज्यो होला ?

(ग) तिमीलाई रुनुन हाँस्नु भएको छ ।

(घ) यो किताब रामकलाकालागि हो ।

(ङ) यहाँ जोजो आए पनि राम्राराम्रा काम गर्नुपर्छ ।

६. **दिइएको अनुच्छेद पढ्नुहोस् र पदवियोग सम्बन्धमा भएका त्रुटि पहिचान गरी पुनर्लेखन गर्नुहोस् :**

हामीले आफूसँग भएको प्रतिभा प्रदर्शनगर्न लाज मान्नुहुँदैन है । कसैले गीतगाउन

जानेको हुन्छ । कोहीनाच्न सिपालु हुन्छन् । कोहीबाजा बजाउन जान्दछन् । कोही कोही अझ नाच्न, गाउन र बाजा बजाउननै सिपालु हुन्छन् । तपाईँहरूसँग पनि यस्ता विभिन्न प्रतिभाहोलान् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १६ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) सूचना कुनै व्यक्ति, समाज वा घटनासँग सम्बन्धित हुन्छ ।

(ख) ठुल्ठुला सभासम्मेलन तथा गोष्ठीका लागि पनि आधुनिक प्रविधिको उपयोग गर्न सकिन्छ ।

(ग) सञ्चार जगत्ले फड्को मारिसकेको छैन ।

(घ) प्रविधिले गर्दा जतिसुकै नजिक भए पनि टाढा रहे सरह हुँदै गएको छ ।

२. **सुनाइ पाठ १६ का आधारमा दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) सञ्चार भनेको के हो ?

(ख) कुनै तीनओटा सञ्चार माध्यमका नाम भन्नुहोस् ।

(ग) सञ्चार माध्यमको प्रयोग किन गरिन्छ ?

(घ) सञ्चार प्रविधिलाई किन वैज्ञानिक वरदान मानिन्छ ?


## सिर्जना र परियोजना कार्य

१. **तपाईँ बसेको वडामा देखिएका खानेपानी, बाटोघाटो र बिजुली बत्ती व्यवस्थापनसम्बन्धी समस्या औँल्याउँदै स्थानीय पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस् ।**

२. **'इन्टरनेटको सही उपयोग गरी सिकाइ क्षमता बढाउन सकिन्छ ।' भन्ने विषयमा आधारित भई बुँदा सङ्कलन गर्नुहोस् र एउटा सन्देशमूलक लेख तयार पार्नुहोस् ।**

## पूर्व पठन

१. **दिइएका प्रश्न र चित्रबारे छलफल गर्नुहोस् :**



(क) तपाईँलाई कस्ता कथा पढ्न मन पर्छ ?

(ख) हामीले पढ्ने कुनै कथा असम्भव घटना, जादुगरी वा चटक जस्ता विषयवस्तुमा आधारित हुन्छन्, के तपाईँले पनि यस्ता तिलस्मी कथा पढ्नुभएको छ ?

(ग) कुनै कथा व्यक्तिको मनको चित्रण गरी लेखिएका मनोवैज्ञानिक र कुनै समाजको चित्रण गरिएका सामाजिक पनि हुन्छन् । के तपाईँलाई यस्ता खालका कथा पढ्न रुचि लाग्छ ?

मूल पाठ

१७

# डल्ले खोला

परशु प्रधान



डल्ले खोला आज पनि उसरी नै बगिरहेछ, सारा वातावरणलाई भयभीत बनाएर । सदरमुकामबाट गाउँ फर्कँदा आज पनि उसले खोलालाई तऱ्यो बडो मुस्किलले । कम्मरभन्दा माथि माथिसम्म पानी आए पनि बलियो लट्ठीले उसलाई सहारा दियो । नत्र ऊ बग्थ्यो, बग्दै जान्थ्यो र पोहोरको टिकुटे झैँ उसको लाश पनि साप्सुमा मात्र देखापर्थ्यो । हिउँदमा नाघ्न सकिने डल्ले खोला वर्षा याममा बहुलाएर आउँछ । मानौँ वारिपारिका सारा गाउँलाई ऊ युद्धको घोषणा गर्दै आउँछ, ममाथि पुल बनाइदेओ मलाई कुलामा बाँडेर खेतमा पुऱ्याइदेओ, मलाई छिटो टुङ्गो लगाइदेओ । तर हरेक वर्ष डल्ले खोलामा पुल बन्छ र सो पुल कागजको घाममा उदाएर त्यहीँ अस्ताउने गर्छ ।

रनेकी जेठी छोरीको बिहे नगरी भएन । बढेकी छोरी सबैतिरबाट माग्न आइसके । उसले पनि रक्सी र कुखुराको भाले खाएर स्वीकृति दिइसक्यो । परन्तु बिहे जति नजिक आउन लाग्यो रनेको दिमागले काम गर्न छाड्यो । ऊसँग भोजका लागि ठुलो सुँगुर किन्ने पैसा भएन न एकसरो नयाँ लुगा हाल्ने उत्साह नै । अनि कुनै बिहान उसले सपनामा त्यही डल्ले खोला देख्यो । मानौँ डल्ले खोला उसरी नै भनिरहेको थियो, "तिमीले सबलाई बिर्सन सक्छौ रनबहादुर तर मलाई नबिर्स । तिम्रा सारा सुखदुःखको साथी मैँ हुँ । मै छु र जो तिमीहरू आफ्नो व्यवहार चलाउन समर्थ भइरहेका छौ ।"

### शब्दार्थ

*भयभीत* : *डरले थरथर काँपेको, धेरै डराएको*

*याम* : *मौसम, बेलाबखत*

रनबहादुर कस्सियो र सदरमुकामसम्म पुग्यो । उसमा नयाँ जोश र उत्साह आएको थियो । हाकिमका टेबुलसम्म गएर ऊ करायो, हाम्रो डल्ले खोलालाई एउटा राम्रो पुल चाहिन्छ । सधैँ ज्यानको बाजी लगाएर हामी खोला तर्न सक्दैनौँ । हामीलाई खाली २०,००० रुपियाँ भए पुग्छ । बाँकी गाउँका सारा मान्छेबाट चन्दा उठाएर श्रमदान गराएर हामी त्यो पुल पूरा गरी छाड्छौँ ।

हाकिमले उसको कुरा सुन्दै सुनेन । ऊ आफ्नै तर्कमा व्यस्त थियो र रुपियाँ नभएको, बजेट आइनपुगेको कुरा सुनाउँथ्यो तर पनि रनबहादुर यसै पछि हट्ने मान्छे कहाँ थियो ? उसले ससानो भाषण नै दियो, "देश विकास हामी सबैको साझा कर्तव्य हो । एक मुठी सास भएसम्म हामीले निर्माण कार्यमा पछि पर्नुहुँदैन । हामीमा देशभक्ति चाहिन्छ, सोच्ने र काम गर्ने नयाँ ढङ्ग चाहिन्छ । डल्ले खोलाको पुल अहिलेको हाम्रो सबभन्दा ठुलो आवश्यकता हो । वर्षायाममा बगेर मर्ने सयौँ ज्यानलाई हामीले जोगाउनु आवश्यक छ । ती हाम्रा दाजुभाइ दिदीबहिनी अकालमा मर्नका लागि जन्मेका होइनन्, पक्कै होइनन् ।" मलायामा सैनिक हुँदा सिकेका केही शब्द पनि उसले गाँस्यो । "मलायामा कत्रो विकास छ, जहाँतहीँ सडक पुगिसकेको छ, जहाँतहीँ बिजुली बत्ती झकिझकाउ छ । जहाँतहीँ पुल र पुलेसा बनिसकेका छन् तर हाम्रो राष्ट्रमा भने ... डल्ले खोला जस्तो महत्त्वपूर्ण ठाउँमा भने एउटा सानो पुल छैन । सधैँ ज्यानको बाजी लगाएर तर्नुपर्छ, सधैँको भयावह स्थिति छ ।"

उसको भाषणलाई हाकिमले केही बुझेको थियो, केही बुझेको थिएन तर उसको भाषणले जादुको नै काम गरेको थियो । केही दिनमा नै पुलको लगत इस्टिमेट तयार भइसकेको थियो र २०,००० रुपियाँ त होइन १,००० रुपियाँ रकमको निकासा पनि भइसकेको थियो । त्यो रकम रनबहादुर आफैँले बुझेको थियो र यौटा ठुलो सङ्कटबाट उसले मुक्ति पाएको थियो । उसको घरमा बिहे धुमधामसँग सम्पन्न भएको थियो, सात दिनसम्म भोज चलेको थियो, सात सातओटा सुँगुर काटिएका थिए । गाउँघरमा सबैले रनबहादुरको प्रशंसा गरेका थिए र उसलाई तगडा मान्छेको उपाधि राखिदिएका दिए ।

| | | |
|---|---|---|
| *श्रमदान* | : | *ज्याला नलिई वा साह्रै कम ज्यालाले सार्वजनिक रूपमा दिने श्रमको सहयोग* |
| *भयावह* | : | *भय उत्पन्न हुने, भयानक* |
| *लगत* | : | *कुनै कामका लागि चाहिने नगद वा जिन्सीको समानको सूची* |

डल्ले खोलामाथि एकदुइटा काठ राखेको देखियो । आउनेजानेले विश्वासको लामो सास फेरेर अब भने पुल बन्ने भयो । वर्षामासमा पनि सदरमुकाम पुग्न सकिने भयो । अब भने बाँचिने भयो । ती काठबाहेक अरू त्यहाँ केही थपिएको देखिएन । अनि अर्को वर्षाको भेलले ती काठ पनि त्यहाँबाट बगाइसकेको थियो । डल्ले खोला उस्तै भयो, जस्तै थियो । रनबहादुरका आवश्यकतालाई उसले पूरा गरिदियो र आफ्नै सुरले ऊ बगिरह्यो । उसको सपनाको पुलको लगत भयो । उसको सपनाको पुलमा रकम निकासा भयो र त्यो कहीँ कतै खर्च भयो र डल्ले खोलालाई लाग्यो, उसको फेरि एक पटक खिस्सी उडाइएको छ र ऊ व्यङ्ग्यबिच नाङ्गो उभिएको छ ।

अर्को वसन्त पनि आउँछ र जान्छ । अर्को शरद्‌को जाडो पनि त्यसरी नै आउँछ र जान्छ । डल्ले खोला बगेको बग्यै छ । ऊ फेरि निमन्त्रण गर्न खोज्छ र आफ्ना हात फैलाएर भन्छ, "म कठ्याङ्ग्रिसकेँ, मलाई छिटो पाखामा लगिदेऊ । त्यहाँका माटामा म नुहाउँछु र खेल्छु । मलाई धानका बालामा तिमी भेट । मलाई सुन्तलाका केस्रामा तिमी स्विकार । मलाई यसरी सोझै बग्न नदेऊ । मलाई नियन्त्रण गर । मलाई सीमित तुल्याऊ ... ।" डल्ले खोलाको यस आवाजलाई सुन्ने पालो अब शिवबहादुरको थियो ... । तिमीले यस वर्ष धेरै जुवा हार्‍यौ तर यसको चिन्ता तिमीले लिनु पर्दैन । दुईचार गरा खेत र सानो झुप्रो तिम्रो बाँकी नै छ । फेरि एक पटक तिमीले मलाई कुलामा लगेर बाँडिदेऊ । म त्यहाँ तिमीसँग उभिन्छु ... तिमीसँग मिसिन्छु ।

शिवबहादुर सदरमुकाम पुगेको थियो । हाकिमको त्यही टेबुलमा भाषण दिने पालो उसको थियो । हाकिमसाहेब, "डल्ले खोलामा पुलका लागि गएको रकम पुरै हिनामिना भयो । त्यहाँ पुलको नामनिसान केही छैन । यसमा पूरा कारवाही हुनुपर्छ । अब डल्ले खोलामा एउटा बाँध बनाई कुलो निर्माण हुनु जरुरी छ । हाम्रा पाखा कुलोबिना त्यस्सै परिरहेका छन् । त्यहाँ पानी पुर्‍याउनुपर्छ, त्यहाँ धान उब्जाउनुपर्छ । सधैँ खाद्यान्नको अभावलाई हामीले कति स्विकारिरहने । सारा गाउँका मान्छेले श्रमदान गर्छन् हाकिम साहेब । कुलो तीन महिनाभित्रैमा नै पूरा हुनुपर्छ । मलाई खालि १०,००० रुपियाँ मात्र भए पुग्छ । यसपालिको हाकिमले पनि उसको केही कुरा बुझेको थियो, केही कुरा बुझेको थिएन । फेरि ससानो लगत इस्टिमेट थियो र १०,००० रकम निकासा भएको थियो । शिवबहादुर

*व्यङ्ग्य* : *एउटा कुरा भने झैं गरेर अर्को कुरा भन्नु*

*नामनिसान* : *अत्तोपत्तो, थाहा*

खुसी थियो कि यसले राम्रो कुलो बनाउने छ र सारा गाउँका ओठमा खुसियाली ल्याउने छ। गाउँमा एउटा उत्साहको वातावरण आयो। डल्ले खोलामा अब कुलो बन्ने छ। धेरै फाँट हरिया हुने छन्। धानका बाला झुल्ने छन्। गाउँबाट अनिकाल सदाका लागि भाग्ने छ ...।

कुलो खनिन लाग्यो। मान्छेले सुरुमा निक्कै उत्साह देखाए तर केही दिनमा नै कुलाका डोब मात्र देखिए। पानी चल्न सकेन। जाँचपासका लागि माथिबाट मान्छे आएर तिनले कुलो जाँचे। कुलो राम्रो थियो, पानी चलेको पनि देखियो तर तिनलाई थाहा भएन कि त्यो कुलो डल्ले खोलाको थियो कि अरू नै खोलाको। डल्ले खोला जस्ताको तस्तै रह्यो। त्यहाँ न पुलको रूपरेखा देखियो न कुलाको। डल्ले खोलाले आफूभित्र एउटा सन्तोष उमाऱ्यो। पुल बनेन त के भो ? कसैको बिहे कार्य राम्ररी सम्पन्न भयो। कुलो बनेन त के भो ? कसैले बसाइँ जानु परेन। र, उसले आज मध्य वर्षामा त्यही डल्ले खोला मुस्किलले तऱ्यो। उसले भनिरहे जस्तो लाग्यो, मलाई वर्षमा कम से कम दुई पुल हालिदिनू, वर्षमा कम से कम दुई कुलामा लगेर बाँडिदिनू म कागजमा ब्युँझन्छु। म सपनामा उदाउँछु। मलाई तिमीहरूका सारा व्यवहारप्रति स्नेह छ। धेरै चोखो स्नेह तिमीहरू जो गाउँछौ र पो म छु। हाम्रो यही सम्बन्ध शाश्वत हो, यथार्थ हो। डल्ले खोला तरिसकेर उसले एक पटक हेऱ्यो। डल्ले खोला त उस्तै छ र उसरी नै बगिरहेछ।

*अनिकाल* : *अन्नपातको ठुलो अभाव*

*शाश्वत* : *कहिल्यै पनि नाश नहुने*

## शब्दभण्डार

१. **दिइएका अर्थ दिने शब्द 'डल्ले खोला' कथाबाट खोजेर लेख्नुहोस् :**

(क) पृथ्वीको चारैतिर फिँजिएको हावा

(ख) स्वीकार गरिएको काम वा अवस्था

(ग) कठिन, दुःसाध्य

(घ) कहिल्यै पनि नाश नहुने

(ङ) असम्भव कुरालाई सम्भव जस्तो बनाई देखाउने

२. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

चन्दा, वर्षायाम, निर्माण, खाद्यान्न, उत्साह, पुल, लगत, श्रमदान

३. **दिइएका सङ्क्षिप्त शब्द र तिनका पूर्ण रूपबिच जोडा मिलाउनुहोस् :**

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| नेवानि | गोरखापत्र |
| नेप्रप्र | राष्ट्रिय समाचार समिति |
| अनेसास | प्रधानमन्त्री |
| रासस | नेपाल विद्युत् प्राधिकरण |
| गापा | प्रधानाध्यापक |
| प्रअ | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज |
| प्रम | कोष तथा लेखा नियन्त्रण कार्यालय |
| कोलेनिका | नेपाल प्रज्ञा प्रतिष्ठान |
| गोप | नेपाल वायुसेवा निगम |
| | गाउँपालिका |

४. **दिइएका सङ्क्षिप्त शब्दको पूरा रूप लेखी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

जबरा, लोसेआ, त्रिवि, नेसंवि, पाविके, नपा

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

युद्ध, घोषणा, भाषण, वर्षायाम, बाँध, खाद्यान्न, जहाँतहाँ, इस्टिमेट, व्यङ्ग्य, कठ्याङ्ग्रिनु, प्रशंसा, ढङ्ग

२. **'डल्ले खोला' कथा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **'डल्ले खोला' कथा पढी दिइएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) रनबहादुर कहाँ पुग्यो ?

(ख) रनबहादुरले हाकिमसँग कति रुपियाँ माग गऱ्यो ?

(ग) शिवबहादुर किन खुसी थियो ?

(घ) डल्ले खोला कसले मुस्किलले तऱ्यो ?

(ङ) कथा कतिओटा अनुच्छेदमा संरचित छ ?

४. **'डल्ले खोला' कथाको 'उसको भाषणलाई .... नाङ्गो उभिएको छ ।' कथांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) रनबहादुरको भाषणले केको काम गरेको थियो ?

(ख) रनबहादुरले कति रकम बुझेको थियो ?

(ग) आउने जानेले किन अब बाँचिने भयो भन्ने ठाने ?

(घ) रनबहादुरको आवश्यकता कसले पूरा गरिदियो ?

५. **'डल्ले खोला' कथाको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

६. **'डल्ले खोला' कथाका आधारमा दिइएका घटनाको क्रम मिलाएर लेख्नुहोस् :**

(.......) रनबहादुरको भाषण हाकिमले केही बुझ्नु र केही नबुझ्नु

(.......) कुलो खनिन लाग्दा सुरुमा मानिसले निकै उत्साह देखाउनु

(.......) डल्ले खोला उस्तै हुनु र उसरी नै बगिरहनु

(.......) शिवबहादुरले हाकिमसँग पुलका लागि गएको रकम हिनामिना भएको बताउनु

(.......) डल्ले खोला सारा वातावरण भयभीत बनाएर बगिरहनु

(.......) डल्ले खोलाले फेरि निमन्त्रण गर्न खोज्दै हात फैलाएर केही भन्नु

(.......) जाँचपासका लागि माथिबाट मान्छे आएर कुलो जाँच्नु

(.......) रनबहादुरमा नयाँ जोश र उत्साह आउनु

(.......) गाउँबाट अनिकाल सदाका लागि भाग्ने आशा गरिनु

७. **'डल्ले खोला' कथाको पहिलो अनुच्छेद पढी चारओटा प्रश्न बनाउनुहोस् ।**

८. **'डल्ले खोला' कथा पढी दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) रनबहादुरमा किन नयाँ जोश र उत्साह आएको थियो ?

(ख) डल्ले खोलाले रनबहादुरको आवश्यकता कसरी पूरा गरिदियो ?

(ग) डल्ले खोलाले हात फैलाएर के के भन्यो ?

(घ) गाउँबाट सदाका लागि अनिकाल कसरी भाग्ने छ ?

(ङ) कथाको सार लेख्नुहोस् ।

९. **भाव विस्तार गर्नुहोस् :**

एक मुठी सास भएसम्म हामीले निर्माण कार्यमा पछि पर्नुहुँदैन ।

१०. **'डल्ले खोला' कथाका आधारमा रनबहादुर र हाकिम पात्रका चारित्रिक विशेषताको तुलना गर्नुहोस् ।**

११. **'डल्ले खोला' कथामा कस्तो परिवेशको चित्रण गरिएको छ, कक्षामा छलफल गर्नुहोस् ।**

१२. **'भ्रष्टाचार नियन्त्रणका लागि जनता सचेत हुनुपर्छ' यस कथनलाई 'डल्ले खोला' कथाका आधारमा तर्क दिनुहोस् ।**

१३. **डल्ले खोलामा पुल किन बन्न सकेन, समीक्षात्मक उत्तर लेख्नुहोस् ।**

१४. **दिइएका विषयवस्तुका आधारमा कथा पूरा गर्नुहोस् :**

गोविन्द कतारबाट फर्किएर गाउँमा एउटा कृषि उद्योग खोल्नु, ... तरकारी, फलफूल र माछामासुको उत्पादन गर्नु, ....कामका लागि कामदार राख्नु, ....आफू र आफ्ना परिवारलाई समेत सहभागी गराउनु, ....एक पटक असारमा घनघोर वर्षा हुनु, ....कृषि उद्योगमा धेरै क्षति पुग्नु, ....सबै कामदारले मन लगाएर पुनर्निर्माण गरिरहनु तर पहिलेको जस्तो अवस्था नआउनु, ....गोविन्दको कृषि उद्योगबाट गाउँलेले लाभ लिइरहेकाले उनीहरूले पनि चासो राख्नु, ....गोविन्दले गाउँलेलाई आफ्नो समस्या सुनाउनु, .... गोविन्दले कामदारलाई तलब दिने अवस्था नभएको बताउनु, ....गाउँलेले गोविन्दको कुरा सुनेर आआफ्ना तर्फबाट सहयोग गर्ने वचन दिनु, ....गोविन्दलाई आफ्नो कामप्रति गौरव लाग्नु, ....गोविन्दले कृषि उद्योगलाई बढाइरहनु, ....गोविन्दको कृषि उद्योगमा अरू कामदार पनि थपिँदै जानु, ....गोविन्दलाई गाउँकै इमानदार कृषि व्यवसायीका रूपमा सबैले सम्मान गर्नु ....।

१५. **दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

दिदीले १२ कक्षा पूरा गरेपश्चात् आमाबुबाले उहाँको विवाह गरिदिने विचार गरिदिनुभयो । दिदीले तत्काल विवाह गर्न अनिच्छा जनाउनुभयो । उहाँले उच्च शिक्षा हासिल गरी शिक्षक बन्ने लक्ष्य लिनुभएको रहेछ । आमाबुबाले चाहिँ उहाँलाई उच्च शिक्षा अध्ययन गर्न अनिच्छा देखाउनुभयो । दिदीले प्रस्टसँग आमाबुबालाई भन्नुभयो, "हजुरहरूले जतिसुकै करकाप गरे पनि अहिले मेरो विवाह गर्ने विचार छैन । विवाहमा लाग्ने रकम मेरो उच्च शिक्षाका लागि लगानी गरिदिनुहोस् ।" दिदीको कुरामा आमाबुबा सहमत हुनुभयो । छेउमा बसेर उहाँहरूका कुराकानी सुनिरहेका राजनले सोचे, "असल भविष्य निर्माणका लागि आफूले सोचेको क्षेत्रमा अगाडि बढ्न कसैले रोक्न नहुने रहेछ ।"

राजनकी दिदीले जस्तै आफूले इच्छाएका राम्रा काममा कसैले अवरोध गर्न खोजेमा सोप्रति तपाईं कसरी अनिच्छा व्यक्त गर्नुहुन्छ, कक्षामा सुनाउनुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएका विषयस्तु पढ्नुहोस् र कक्षामा छलफल गर्नुहोस् :**

| कर्तृवाच्य | कर्मवाच्य | भाववाच्य |
|---|---|---|
| (क) सञ्जय तिमीलाई बोलाउँछ । | सञ्जयबाट तिमी बोलाइन्छौ । | (महिमाद्वारा) आज धेरै हिँडियो । |
| (ख) महिमा आज धेरै हिँडिन् । | तपाईँद्वारा कपडा किनियून् । | आफू त गाउँमा बसिन्छ । |
| (ग) तपाईँ कपडा किन्नुहोस् । | भाइद्वारा पुस्तक पढियोस् । | (हामीबाट) विद्यालय गइने छ । |
| (घ) म त गाउँमा बस्छु । | | |
| (ङ) भाइ पुस्तक पढोस् । | | |
| (च) हामी विद्यालय जाने छौँ । | | |

कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्दा माथिका उदाहरणमा दिइए जस्तै कर्तामा 'द्वारा/बाट' विभक्ति थप्नुपर्छ। धातुमा 'इ' प्रत्यय थपेर कर्मअनुसारको लिङ्ग, वचन, पुरुष, आदर मिल्ने प्रत्यय लगाई क्रियापद बनाउनुपर्छ । कर्ममा 'लाई' विभक्ति लागेको छ भने त्यसलाई हटाउनुपर्छ । आज्ञार्थ वा इच्छार्थ वाक्यमा भने कर्म एकवचनमा भए धातुमा 'इयोस्' र बहुवचनमा भए 'इयुन्' प्रत्यय जोडेर क्रियापद बनाउनुपर्छ। क्रियाको काल, पक्ष, भाव, करण, अकरण आदि परिवर्तन गर्नुहुँदैन ।

कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्दा माथिका उदाहरणमा दिइए जस्तै कर्तामा 'द्वारा/बाट' विभक्ति जोड्न पनि सकिन्छ र कर्ता हटाउन पनि सकिन्छ । 'म' सर्वनामलाई चाहिँ 'आफू' बनाउनुपर्छ। धातुमा 'इ' प्रत्यय थपेर पुलिङ्ग, एकवचन, तृतीय पुरुष, अनादर प्रत्यय बनाई क्रियापद बनाउनुपर्छ । आज्ञार्थ वा इच्छार्थ वाक्यमा भने धातुमा 'इयोस्' प्रत्यय जोडेर क्रियापद बनाउनुपर्छ। क्रियाको काल, पक्ष, भाव, करण, अकरण आदि परिवर्तन गर्नुहुँदैन ।

२. **दिइएको अनुच्छेदबाट वाच्य पहिचान गरी लेख्नुहोस् :**

हाम्रो विद्यालयले कविता प्रतियोगिता आयोजना गऱ्यो । मद्वारा उक्त प्रतियोगितामा सहभागिता जनाइयो । रूपेश, लाक्पा, सुचिनालगायत थुप्रै साथीले भाग लिएका थिए । उद्घोषकबाट नाम बोलाइयो । आफू त सरासर मञ्चमा गइयो । निर्धक्कसँग कविता वाचन गरियो । दर्शकले असाध्यै प्रशंसा गरे । सबैले ताली बजाए । तपाईंहरूद्वारा पनि राम्रो कविता रचना गरियोस् ।

३. **कोष्ठकमा दिइएको निर्देशनअनुसार वाच्य परिवर्तन गर्नुहोस् :**

(क) सङ्गीता मिठो गीत गाउँदै छिन् । (कर्मवाच्य)

(ख) बुबाले मिठाई दिनुभएको थियो । (कर्मवाच्य)

(ग) हिजो राती त सात घण्टा निदाएछु । (भाववाच्य)

(घ) कथाका किताब किनिन्छन् र पालैपालो पढिन्छ । (कर्तृवाच्य)

(ङ) तिमीबाट त्यति काम गरियोस् है । (कर्तृवाच्य

(च) म त खुब हाँस्छु । (भाववाच्य)

४. **दिइएको अनुच्छेदलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

शुभद्राले पसलमा गएर पत्रिका किनिन् । उनले समाचार पढिन् । साथीहरूले पनि समाचार सुने । साथीहरूले नयाँ खबर थाहा पाए । विजय यतै आउँदै रहेछ । कल्याणद्वारा ऊ देखिइएछ । कल्याणले विजयलाई बोलायो । आफू त सरासर घरतिर हिँडियो । आमाले मलाई घरबाट डाक्नुभएको थियो ।

५. **दिइएको अनुच्छेद पढी 'र' का विभिन्न रूपबारे छलफल गर्नुहोस् :**

राष्ट्रपतिले चुरे क्षेत्रको भ्रमण गर्नुभयो । उहाँले प्रकृति संरक्षमा सबैको चासो रहनुपर्नेमा जोड दिनुभयो । जलवायु परिवर्तनका कारण सङ्कट बढेकामा चिन्ता व्यक्त गर्नुभयो । जलवायु परिवर्तको प्रभाव कृषि, पर्यटन आदि क्षेत्रमा पनि पर्दोरहेछ । उहाँले पेट्रोलियम पदार्थको वैकल्पिक स्रोतका रूपमा सौर्य ऊर्जा प्रयोग गर्नुपर्ने सुझाव दिनुभयो । यो समाचार गोरखापत्रले 'सुन्दर सृष्टि बचाउन दूरदृष्टिको जरुरत' शीर्षकमा प्रकाशन गऱ्यो ।

६. 'डल्ले खोला' कथाबाट 'र' का फरक फरक रूप प्रयोग भएका शब्द पहिचान गर्नुहोस्। ती पहिचान गरेका शब्द राखी छोटो अनुच्छेद लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

१. सुनाइ पाठ १७ सुन्नुहोस् र दिइएका प्रश्नका उत्तर भन्नुहोस् :

(क) पञ्चतन्त्र कथाको रचना कहिले भएको मानिन्छ ?

(ख) पञ्चतन्त्र कथाका सिर्जना कसले गरेका थिए ?

(ग) यो कथाको रचना कसरी भएको थियो ?

(घ) यस कथामा खास गरी कस्तो किसिमको ज्ञान दिने प्रयास गरिएको छ ?

२. पञ्चतन्त्र कथाले बालबालिकालाई के के कुरामा सहयोग पुर्‍याउँछ, सुनाइ पाठ १७ का आधारमा भन्नुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. 'झुट बोल्दाको परिणाम' शीर्षकमा कथा लेख्नुहोस् ।

२. तपाईँलाई मन परेको कुनै सामाजिक कथा अध्ययन गर्नुहोस् र कथाको प्रमुख पात्रका विशेषता कक्षामा प्रस्तुत गर्नुहोस् ।

परिशिष्ट

सुनाइ पाठ १

# प्रश्नोत्तर

कस्लाई हो शत्रु भनेर जान्नु ?
आफ्ना दसै इन्द्रिय शत्रु मान्नु ।
कस्लाई खुब मित्र भनेर मान्नु ?
जित्या तिनै इन्द्रिय मित्र मान्नु ।

दरिद्र नाउँ नरमा छ कस्को ?
विशाल तृष्णा घरमा छ जस्को ।
कुन् हो धनी सब् नरले कह्याको ?
सन्तोषले जो छ खुसी रह्याको ।

ज्युँदै मऱ्याको भनी नाउँ कस्को ?
उद्यम् बिना बित्तछ काल जस्को ।
कुन् हो सबैले गुरु भन्नु पर्‍र्या ?
जो हो हितैको उपदेश गर्‍र्या ।

कुन् हो जगत्को गहना बन्याको ?
विद्यै छ सब्को गहना बन्याको ।
कुन् सत्य हो सत्य कसोरी जान्नु ?
जुन् प्राणीको हित छ उ सत्य मान्नु ।

*भानुभक्त आचार्य*

# नयनको पछुतो

कमलाको सुनौलो कलम देखेर नयनलाई लोभ लाग्यो । उसले कलम चोर्ने विचार गर्‍यो । ऊ यताउति हेरेर जुक्ति सोच्न थाल्यो । टङटङ घन्टी लाग्यो । खाजा समयमा सबै साथी खाजा खान बाहिर निस्किए । नयन खुसुक्क कमलाको बेन्चमा गयो । उसले सुटुक्क कमलाको झोलाबाट कलम निकाल्यो । त्यसपछि ऊ दौडिँदै गएर शौचालयभित्र छिर्‍यो ।

नयनले पाइन्ट माथि सारेर मोजाभित्र कलम लुकायो । त्यसपछि नयन चुपचाप कक्षाकोठामा गएर बस्यो । 'कलम हरायो' भन्दै कमला रुन थाली । "कुन बदमासले चोर्‍यो हँ त्यो कलम", शिक्षक कराउनुभयो । "कहाँ बदमास मात्र हुनु र गुरु, त्यो कलम चोर्ने त फटाहा नै हो", राधाले उठेर रिसाउँदै भनी । "छया, त्यस्तो चोरलाई नि के साथी भन्नु है गुरु !" आशाले उठेर भनी ।  नयन झसङ्ग भयो । उसलाई कलम चोरेकामा धेरै पछुतो भयो । चार बजे पछि विद्यालय छुट्टी भयो । नयन घर पुग्यो । सधैँ हाँस्दै आउने छोरो निन्याउरो अनुहार लगाएर आएको देखेर आमाले सोध्नुभयो, "के भयो छोरा ?" नयनले 'केही होइन' भनेर टार्‍यो । थोरै खाना खाएर नयन सुत्यो । मध्यरातमा अचानक नयन 'म चोर होइनँ, म चोर होइनँ' भन्दै कराउँदै उठ्यो । आमाले उसलाई मायाले अँगालो मार्दै भन्नुभयो, "गल्ती गरेका छौ भने गल्ती सच्याऊ बाबु ! गल्ती सच्याउने उपाय आफैँ सोच । सकेनौ भने म सहयोग गरुँला ।" बिहान उठेपछि पनि नयनले धेरैबेर सोच्यो । आमाले उसलाई विद्यालयसम्म पुर्‍याइदिनुभयो । नयन विद्यालय पुग्दा सबै विद्यार्थी प्रार्थना गीत गाउन चउरमा जम्मा भइसकेका थिए । ऊ हतार हतार कक्षाकोठाभित्र छिर्‍यो । उसले सुटुक्क एउटा कागजमा बेरेर कमलाको झोलाभित्र कलम राखेर दौडिँदै चउरमा गयो ।

पहिलो घन्टी लाग्यो । शिक्षक कक्षामा पढाउन आउनुभयो । कमलाले खुसी हुँदै भनी, "आहा ! मेरो कलम भेटियो । कति ज्ञानी साथी रहेछ । एउटा कागजमा 'सरी' लेखेर त्यसैमा कलमसमेत बेरेर मेरो झोलामा हालिदिएको रहेछ ।" त्यसपछि सबै साथीले एक स्वर मा भने, "आफूले गरेको गल्ती सुधार्ने त्यो साथी धेरै राम्रो रहेछ ।" नयनले पनि साथीले भनेका कुरामा उनीहरूसँगै 'हो ! हो !' भन्यो ।

*कार्तिकेय घिमिरे*

सुनाइ पाठ ३

# क्षेत्रप्रताप अधिकारी

वि.सं. १९९९ चैत १२ मा तनहुँ जिल्लाको मिर्लुङ, बयापानीमा क्षेत्रप्रताप अधिकारीको जन्म भएको थियो । उनी गजकेशर र राजकुमारीका सुपुत्र हुन् । उनले विशेषतः नेपाली साहित्यका गीत र कविता विधामा कलम चलाएका छन् । उनको पहिलो रचना 'जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर' शीर्षकको गीत थियो । क्षेत्रप्रतापका सिर्जनामा नेपाली राष्ट्रियता, स्वाभिमान र जागरणका भाव पोखिएका हुन्छन् । उनी राष्ट्र र राष्ट्रियताप्रति असीम आस्था प्रकट गर्छन् । उनका रचनामा आदर्शवादी चिन्तन, जागरण भाव तथा समाज सुधारको आग्रह पाइन्छ । देशको स्वाभिमानमा अलिकति मात्रै ठेस लागेको महसुस हुँदा उनको संवेदनामा गहिरो प्रभाव पर्थ्यो । क्षेत्रप्रताप अधिकारीको सिर्जनायात्रा वि.सं. २०३० को दशकदेखि उर्वर रहेको देखिन्छ । प्रस्तुतिमा सरलता, सुस्पष्टता र भावमा गाम्भीर्य हुनु उनका लेखनका विशेषता हुन् । उनी गीत होस् वा कविता दुवै विधामा सरल शब्द चयनका साथ कलात्मक भाषा खेलाउन खप्पिस देखिन्छन् । क्षेत्रप्रताप अधिकारीका 'रहर लागेर', 'पहाडदेखि पहाडसम्म', 'नफुलेका फूलहरू' जस्ता कविता सङ्ग्रह तथा 'गामबेँसीका गीतहरू' गीति सङ्ग्रह प्रकाशित छन् । उनले साझा पुरस्कार २०५३, छिन्नलता गीत पुरस्कार २०६३ आदि प्राप्त गरेका छन् । उनको देहान्त वि.सं. २०७० चैत ३० मा काठमाडौँमा भयो । उनी नेपाली काव्य साहित्यका अमर रत्न हुन् ।

सुनाइ पाठ ४

# एटिएम कार्ड

एटिएम कार्ड आधुनिक बैङ्किङ प्रणालीअन्तर्गत प्रयोग हुने साधन हो । आफ्नो बैङ्क खातामा जम्मा भएको रकम एटिएमका माध्यमबाट अविलम्ब प्राप्त हुन्छ । यो चौबिसै घण्टा सञ्चालन हुने अत्याधुनिक प्रविधियुक्त माध्यम हो । व्यक्तिले आफ्नो खाता रहेको बैङ्कबाट निश्चित प्रक्रिया पूरा गरी यो कार्ड प्राप्त गर्न सकिन्छ । यस कार्डको प्रयोग सावधानीपूर्वक गर्नुपर्छ । आफ्नो कार्डको पिन नम्बर गोप्य राख्नुपर्छ । नत्र आफ्नो रकम हराउने जोखिम हुन सक्छ । समय समयमा पिन नम्बर परिवर्तन गर्नुपर्छ । बैङ्कले सहरका चोक तथा सेवाग्राहीलाई पायक पर्ने स्थानमा अत्याधुनिक स्वचालित मेसिन स्थापना गरेको हुन्छ । एटिएम प्रयोगकर्ताले आफूलाई आवश्यक परेको रकम झिक्नका लागि सर्वप्रथम स्वचालित मेसिनमा एटिएम कार्ड छिराउनुपर्छ । त्यसपछि मेसिनले पिन नम्बर माग्छ ।

ग्राहकले आफ्नो पिन कोड थिच्नुपर्छ । मेसिनले कार्ड सक्कली हो वा होइन, ग्राहकको खातामा पर्याप्त रकम छ वा छैन भन्ने कुरा तुरुन्त यकिन गरिसक्छ । यसरी आधिकारिक कारोबार हुँदै छ भन्ने पुष्टि भएपछि मेसिनले भुक्तानी रकमका विकल्प प्रस्तुत गर्छ । ग्राहकले आवश्यक रकम उल्लेख गरेपछि रकम उपलब्ध हुन्छ । डेबिट, क्रेडिटलगायत कार्ड विभिन्न प्रकारका हुन्छन् । क्रेडिट कार्डबाट आफ्नो खातामा मौज्दात नभए पनि निश्चित समयपछि जम्मा गर्ने गरी रकम उपलब्ध हुन्छ । डेबिट कार्डबाट चाहिँ खातामा जम्मा भएबमोजिम रकम मात्र प्राप्त गर्न सकिन्छ ।

सुनाइ पाठ ५

# केरा खेती

केरा विश्वभरि सबैले मन पराउने एकप्रकारको स्वादिलो फल हो । यो संसारका जुनसुकै ठाउँमा पनि पाउन सकिन्छ । यसमा भिटामिन ए, बी, सी, पोटासियम र फाइबर आदि धेरै प्रकारका पौष्टिक तत्त्व पाइन्छन् । त्यसैले यसलाई शक्तिवर्धक अथवा निकै पोसिलो खानेकुराका रूपमा लिने गरिन्छ । यो त्यस्तो फल हो जसलाई जसरी पनि खान सकिन्छ । काँचोमा उसिनेर वा तारेरसमेत खान सकिन्छ । पाकेपछि सिङ्गासिङ्गै अथवा सुकाउँदै पिठो बनाएर पनि खान सकिन्छ । अफ्रिकातिर त कतै कतै भातकै साटो पनि केराको हलुवा बनाएर खाने प्रचलनसमेत पाइन्छ । केराका अनेक प्रजातिमध्ये मालभोग, रोबस्टा र बसराई आदि बढी प्रसिद्ध छन् । यिनीहरूको उचाइ र फल लागेको घरी पनि केही फरक किसिमको देख्न सकिन्छ । यस्ता अलग अलग जातिका केरा पाक्दा कुनै पहेँला देखिन्छन् भने कुनै चाहिँ हरिया नै हुन्छन् । नेपालको तराई, पहाड र भित्री मधेस आदि सबै ठाउँमा केराखेती गर्न सकिन्छ । करेसाबारीदेखि ठुल्ठुला फाँटमा समेत केराखेती गर्न मिल्छ । तराईका मोरङ, सुनसरी, नवलपरासी, कैलाली आदि ठाउँ केराखेतीका दृष्टिले अलि बढी नै उपयुक्त मानिन्छन् ! वास्तवमा धेरै चिसो र धेरै गर्मी नहुने जुनसुकै ठाउँमा राम्रो केरा खेती गर्न सकिन्छ । यसलाई रोप्नुभन्दा पहिले दुईदेखि तीन मिटरसम्मको फरकमा आधामिटर लम्बाइ, चौडाइ र गहिराइ भएको खाडल खन्नुपर्छ । त्यसभित्र पाकेको गोबर या कम्पोस्ट मल राखेपछि मात्र केराका सकरलाई रोप्नुपर्छ । केरालाई अलि बढी मात्रामा मल चाहिने भएकाले प्रत्येक छ छ हप्तामा गोबर मल वा प्राङ्गारिक मल हाल्नुपर्छ । केराखेतीका लागि पानी नजम्ने बलौटे वा दोमट माटो सबैभन्दा बढी उपयुक्त मानिन्छ । समयका दृष्टिले धेरैजसो केराखेती पुसदेखि फागुनको पहिलो हप्तासम्म राम्रो मानिन्छ । हुन त वैशाख, जेठ, साउन र भदौमा पनि केराखेती गर्न सकिन्छ । कतिपय ठाउँमा केराका झाङमध्ये

केही केरा मर्न सक्छन् । तिनका कोथा नबढ्न सक्छन् । त्यसैले त्यहाँ गोबारो जस्तो रोग लागेको छ छैन भन्ने कुरा बुझ्नु पनि आवश्यक छ ।

सुनाइ पाठ ६

## कर्तव्यप्रति कर्णको निष्ठा

पाण्डवको शान्ति प्रस्ताव कौरवबाट अस्वीकार भएपछि श्रीकृष्ण हस्तिनापुरबाट फर्कन लागे । त्यति वेला महारथी कर्ण श्रीकृष्णलाई बिदा गर्न सीमासम्म आए । बाटामा श्रीकृष्णले कर्णलाई सम्झाउँदै भने, "कर्ण तिमी सूतपुत्र होइनौ, तिमी त महाराज पाण्डु र महारानी कुन्तीका जेष्ठ पुत्र हौ । तिमीले यदि दुर्योधनको साथ छोडेर पाण्डवका पक्षमा आउँछौ भने तत्काल तिम्रो राज्याभिषेक गरेर तिमीलाई नै राजकाज सुम्पिने छन् ।"

श्रीकृष्णको यस्तो कुरा सुनिसकेपछि कर्णले उत्तर दिए, "वासुदेव, मलाई थाहा छ कि म माता कुन्तीको जेष्ठ पुत्र हुँ । परन्तु जब मलाई सबैले सूतपुत्र भनेर मेरो अनादर र तिरस्कार गरिरहेका थिए । त्यति वेला केवल दुर्योधनले मलाई सम्मान दिएर राजा बनाए । मेरो वीरताको भरोसामा उसले पाण्डवसँग लडाइँ गर्ने चुनौती दियो । अहिले मैले उसको विश्वास र भरोसालाई तोडेर उसको विश्वासको घात गरूँ ? मलाई यो पनि थाहा छ कि लडाइँमा पाण्डव नै विजयी हुने छन् तर पनि तपाईंले मलाई मेरो कर्तव्य पथबाट किन विमुख गर्न चाहनुहुन्छ ?" कर्णको यस्तो प्रश्नले श्रीकृष्णलाई निरुत्तर बनाइदियो ।

कर्तव्यप्रतिको निष्ठाले व्यक्तिको चरित्रलाई अझ दृढ बनाउँछ । व्यक्तिको दृढताका अगाडि ठुला ठुला आश्वासन र लोभले पनि उसको चरित्रलाई डगमगाउन सक्दैन । यसबाट व्यक्ति निर्भीक हुन्छ, सत्मार्गमा अगाडि बढ्न प्रेरणा मिल्छ । यसका साथै आत्मसम्मानमा पनि वृद्धि हुन्छ । यो नै सत्चरित्रताको विशेषता हो ।

सुनाइ पाठ ७

## जीवनजत्तिकै नजिक

एक प्रतिष्ठित महिलाले हाल मात्र मलाई तपाईं यो उमेरमा पनि गाउँदै हुनुहुन्छ कि ? भन्ने प्रश्न राखिन् । मैले गाउँदै छु भन्ने उत्तर दिँदा उनले मलाई आश्चर्यचकित भएर हेरिन् । ८० वर्षको मानिस दौडिन सक्छ र चाहन्छ भने उसलाई दौडिन दिनुपर्छ भन्ने म मान्छु । २० वर्षको गायकले कर्कश पाराले गाउँछ भने उसले या त गायन त्याग्नुपर्छ या आफूलाई सपार्नुपर्छ । त्यसैले यो उमेरको कुरा नभई सिप, बुद्धि र लगनको कुरा हो ।

सफलताको आधाभन्दा बढी श्रेय त भावनात्मक पाटालाई जान्छ ।

सङ्गीत अनन्त, असीमित र स्वतन्त्र हुन्छ । मृत्युबाहेक हरेक रोगको ओखती हुन्छ । हामी वृद्ध हुन्छौँ । यो अनिवार्य तथ्य हो । प्रकृतिसँग जुध्न कहिल्यै सकिँदैन पनि । त्यसैले म गायनलाई जैविक प्रक्रिया ठान्छु । मेरा लागि सङ्गीत पूजा हो, साधना हो र यो एक खालको आशीर्वाद पनि हो । कुनै जमानामा माइकको अगिल्तिर उभिन पाउनु नै गर्वको विषय हुन्थ्यो । अब त्यो जमाना बदलिइसक्यो । हामी परिवर्तनलाई रोक्न सक्दैनौँ ।

म मनोरञ्जनको क्षेत्रमा मात्रै स्थापित हुन सक्दिनँ । सिर्जनात्मक गुणस्तरका बारेमा म दोब्बर नै गम्भीर हुन्छु । मेरा लागि सङ्गीत पुरातन कला हो । मानव र मानवताको महान् संस्कृति हो । सङ्गीतले बिगार्दैन, बनाउँछ मात्रै । यसले चोट दिँदैन बरु निको पार्छ । यसले घृणा गर्दैन, अझ मनको नजिक ल्याउँछ । त्यसैले सङ्गीत सबैका लागि सर्वप्रिय छ ।

म समयलाई जहिल्यै बलशाली शक्तिका रूपमा लिन्छु । अगमसिंह गिरी, शङ्कर लामिछाने, भूपी शेरचन हरिभक्त कटुवाल, वैरागी काइँला, ईश्वरवल्लभ जस्ता साहित्य र सङ्गीत दुवै बुझ्ने थुप्रै व्यक्ति मसँग थिए । दार्जिलिङ आएका वेला महाकवि देवकोटाले मलाई भनेका थिए, "सङ्गीतको भविष्य उज्यालो छ, नछाड्नू !" सङ्गीतमा लागिरहनाले एउटा इतिहास खडा भएको छ भन्ने लाग्छ । मैले मेरो पहिलो गीतको पहिलो धुन गाएको क्षणदेखि नै सङ्गीत झनै सुन्दर अनुपम लाग्छ । म चाहन्छु, "यो आभास मलाई बाँचुन्जेल भइरहोस् !"

*अम्बर गुरुङ*

सुनाइ पाठ ८

## रूख

म
रुखमुनि ध्यानस्थ हुँदा
निराहार मौन रहेँ
रुख
एकोहोरो बोलिरह्यो
सङ्गीतको तालमा गुन्गुनाइरह्यो
मेरै शब्द भएर ।

म भोकले आकुल रहँदा
रुखले फल दियो
आफैँलाई रित्याएर
म प्रचण्ड घाममा रापिँदा
रुखले शीतलता दियो
आफैँलाई डढाएर ।

म मीनपचासमा कठ्याङ्ग्रिँदा
रुखले मलाई न्यानो दियो
आफैँलाई नङ्ग्याएर ।

मैले भगवान्लाई टाढासम्म पछ्याइरहेँ
तर अदृश्य भगवान्
मेरैसामु उभिएका थिए
रुख भएर ।

*कृसु क्षेत्री*

सुनाइ पाठ ९

## राष्ट्र बैङ्क

देशको मौद्रिक प्रणालीलाई सबल बनाउन केन्द्रीय बैङ्कको भूमिका हुन्छ । बैङ्क तथा वित्तीय संस्थाको गतिविधि नियमन गर्ने उद्देश्यले स्थापित सरकारी बैङ्कलाई केन्द्रीय बैङ्क भनिन्छ । नेपालको केन्द्रीय बैङ्कलाई नेपाल राष्ट्र बैङ्क भनिन्छ । नेपाल राष्ट्र बैङ्कको स्थापना वि. सं. २०१३ वैशाख १४ मा भएको हो । नेपाल राष्ट्र बैङ्कले हरेक आर्थिक वर्षमा मौद्रिक नीतिको तर्जुमा गर्छ । नोट निष्कासन गर्ने जिम्मेवारी पनि नेपाल राष्ट्र बैङ्कले मात्र पाएको छ । नोट निष्कासन गर्दा तोकिएको परिणाममा सुन, चाँदी, विदेशी मुद्रा तथा सरकारी ऋणपत्र सुरक्षण राख्नुपर्छ । विदेशी विनिमय दर निर्धारण गरी रुपियाँ साटासाट गर्न सहज बनाउने कार्य पनि राष्ट्र बैङ्कबाट नै हुन्छ । बैङ्कले सरकार को आर्थिक सल्लाहकारका रूपमा काम गर्ने हुनाले यसलाई सरकारको बैङ्क पनि भन्ने

गरिन्छ । राष्ट्र बैङ्कको अनुमति र स्वीकृतिबिना बैङ्क तथा वित्तीय संस्थाको स्थापना हुँदैन । केन्द्रीय बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई आवश्यक परेको अवस्थामा कर्जा प्रवाहसमेत गर्ने हुनाले यसलाई बैङ्कको पनि बैङ्कसमेत भनिन्छ ।

सुनाइ पाठ १०

## समीक्षाको सफलता

(काठमाडौँमा राष्ट्रव्यापी निबन्ध प्रतियोगिता भयो । समीक्षा निबन्ध प्रतियोगितामा प्रथम भइन् । उनी खुसीले गद्गद भएकी छन् ।)

(झ्यालबाट बाहिर हेर्दै) ओहो ! मैले त निबन्ध प्रतियोगितामा प्रथम हुन्छु भनेर कल्पनासम्म पनि गरेकी थिइनँ । जे होस्, भाग्यले त साथ दिएकै मान्नुपर्छ । कुरा भाग्यको मात्र त होइन नि । मैले पनि मिहिनेत गरेकै थिए । पूर्वतयारी नभई त्यत्तिका प्रतिस्पर्धीलाई उछिन्न कहाँ सकिन्थ्यो र ! मेरो यो सफलतामा विद्यालयको पनि पूर्ण सहयोग थियो । (विगत सम्झँदै) प्रधानाध्यापकको सुझावअनुसार मैले एक महिना त पूरै तयारीमा बिताएँ । खुसीको कुरा त गाउँपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका सबै प्रतिस्पर्धामा मैले अरू प्रतिस्पर्धीलाई उछिन्न सकेँ । (मुसुमुसु हाँस्दै) मैले प्रथम पुरस्कार पाएको निबन्ध प्रतियोगितासम्बन्धी समाचारलाई टेलिभिजनले समेत प्रसारण गरेछ । अब मलाई देशविदेशका मानिसले पनि चिन्छन् । आमाले मैले राष्ट्रपतिबाट पुरस्कार लिँदै गरेको फोटो सामाजिक सञ्जालमा राख्नुभएछ । त्यसपछि मैले बधाई तथा शुभकामना पाएँ । (उत्साही हुँदै) मैले जीवनमा केही गर्नुपर्छ । देशको र आफ्नो नाम चम्काउनुपर्छ ।

सुनाइ पाठ ११

## डाक्टर

अस्पतालको इमर्जेन्सी वार्डबाहिर हल्लाखल्ला र डाक्टरको विरोधमा नाराबाजी चलिरहेको थियो । एक जना महिलाले भनिन्, "यस्तो पनि अस्पताल हो ? यहाँका डाक्टर काम नगरी तलब खाएर निजी क्लिनिकमा काम गर्न जान्छन् । हाम्रो छोरा चार तल्लाबाट खसेर बेहोस भएर ल्याएको ।"

बेडमा पुऱ्याएको एक घण्टा पछिमात्र सेतो कोट लगाएर डाक्टर हस्याङफस्याङ गर्दै आइपुगे । मेचमा बसेका बिरामीका बाबु जुरुक्क उठेर डाक्टरको कठालो समाउँदै भने, "यही हो डाक्टरको डिउटी ? बिरामी ल्याएको एक घण्टा भइसक्यो यति बेला आइपुग्ने ?"

डाक्टरले विनम्र आवाजमा भने, "पहिले म घाइते बच्चाको उपचार गर्छु त्यसपछि हामी कुरा गरौँला है ।" नर्सले पनि भित्र कोठामा उपचारको तयारी पूरा भएको बताइन् ।

नर्सले बच्चाको बाबुलाई भनिन्, "तपाईँको बच्चाको टाउकाको शल्यक्रिया गर्नुपर्छ । यो कागजमा सहीछाप गर्नुहोस् ।" अस्पतालमा पनि यस्तो लापर्बाही ! यहाँ डाक्टर, नर्स कसैलाई पनि बिरामीको वास्ता छैन । यहाँ ! बिरामीलाई उपचार गर्न होइन, मार्न ल्याए जस्तो लाग्छ भनेको सुनिँदै थियो । वातावरणलाई शान्त पार्ने प्रयास गर्दै एउटी नर्सले नरम स्वरमा भनिन्, "बिरामीका बुवासँग कुरा गरौँ न को हुनुहुन्छ ?" रिसाउँदै बिरामीका बाबु बोले, "भन्नुहोस्, म यहीँ छु ।"

"तपाईँको छोराको शल्यक्रिया गर्ने डाक्टर साहेबको आज डिउटी नै छैन । तपाईँको छोराको उमेरको उहाँको छोरा केही दिनअगाडि मात्र दुर्घटनामा परेर मृत्यु भएको थियो । उहाँलाई पुत्रशोक परेको छ । तपाईँको छोरालाई अस्पताल ल्याएको छ भन्ने थाहा पाएर उहाँ आउनुभएको हो । नत्र उहाँलाई आज काम गर्न आउनु पर्ने थिएन ।" नर्सले भनिन् । बिरामीको बाबुले डाक्टरलाई शल्यकोठाबाट बाहिर आउँदै गरेको देखेर दौडँदै गएर दुई हात जोड्दै नम्र स्वरमा भने, "मेरो छोराको हालत अहिले कस्तो छ डाक्टर साहेब ?"

डाक्टर साहेबले उसको ढाडमा धाप दिँदै भने, "हजुरले कुनै चिन्ता लिनु पर्दैन । ऊ अब खतरा मुक्त छ ।"

*रञ्जुश्री पराजुली*

सुनाइ पाठ १२

## राष्ट्रिय विभूति अरनिको

अरनिको नेपालका एक राष्ट्रिय विभूति हुन् । वि.सं. १२६३ तिर काठमाडौँमा जन्मिएका अरनिकोको वास्तविक नाम बलबाहु थियो । उनले औपचारिक शिक्षा लिन नपाए पनि सानैदेखि मूर्तिकार बन्ने लक्ष्य राखेका थिए । एक जना दक्ष मूर्तिकारको सङ्गतबाट उनी साँच्चिकै कुशल मूर्तिकार बन्न पुगे । उनले बनाएका मूर्तिको संसारभरबाट प्रशंसा हुन थाल्यो । उनलाई तत्कालीन तिब्बती राजा कुब्ला खाँले ल्हासामा बोलाए । अरनिको बौद्ध गुम्बा बनाउने कलाकारको टोलीनेता भएर त्यहाँ पुगे । उनकै नेतृत्वमा तिब्बतमा नेपाली शैलीको चैत्य निर्माण भयो । त्यसको उद्घाटन समारोहमा चिनियाँ सम्राट्, धर्मगुरुसमेत उपस्थित भए । उनीहरूले अरनिकोको कलाकारिताबारे खुलेर प्रशंसा गरे । त्यसपछि अरनिकोको समूहलाई चीनका विभिन्न ठाउँमा चैत्य निर्माणको जिम्मा दिइयो । उनीहरूले जहाँ जहाँ जुन जुन वस्तुको निर्माण गरे ती सबैको प्रशंसा भइरह्यो ।

एक पटक चिनियाँ सम्राट्ले कलाको विकास गर्ने उद्देश्यले कला प्रतियोगिताको आयोजना गरे । त्यसका लागि विभिन्न देशका अनेकौँ कलाकार सहभागी भए । तीमध्ये अरनिको पनि थिए । त्यस प्रतियोगितामा अरनिकोलाई सर्वश्रेष्ठ घोषित गरियो । त्यसपछि उनलाई शाही निर्माण विभागमा प्रधान सञ्चालकका रूपमा नियुक्त गरियो । त्यस क्रममा उनले निरन्तर रूपमा उत्कृष्ट चित्र र मूर्ति निर्माण गरे । यसरी उनले विश्वमै नेपाल र नेपालीको नाम राखे र नेपाली कलाकारितालाई विश्वमा चिनाउन ठुलो योगदान पुऱ्याए । यसैकारण उनलाई नेपालका राष्ट्रिय विभूतिको सम्मान प्रदान गरियो ।

सुनाइ पाठ १३

## वसन्त

समस्त माधुर्य लिएर साथमा
छरेर सौन्दर्य विशाल विश्वमा
वसन्त मेरो हितमा निमग्न भो
अहो ! छ कस्तो रस रागयुक्त यो !

नवीनता नाच्दछ पुष्प पुञ्जमा
कुहूकुहू कोकिल बोल्दछ कुञ्जमा
प्रमोदले हृद्तल पार्छ शीतल
वसन्त मेरै हितमा छ तत्पर ।

नचाइ चारैतिर पल्लवी द्रुम
बिछाइ नाना थरिका नयाँ तृण
वसन्त मेरो कति गर्छ स्वागत
अहो ! अहो !! सुन्दर यो सजावट

*सिद्धिचरण श्रेष्ठ*

सुनाइ पाठ १४

## कृषिको महत्त्व

हरेक मानिसलाई जन्मिनासाथ कुनै न कुनै प्रकारको खाद्यान्न चाहिन्छ । उसलाई बाँचुन्जेल खाद्यान्नकै आवश्यकता परिरहन्छ । त्यसरी सधैँ अनिवार्य रूपमा चाहिने खाद्यान्नको उत्पादन गर्ने निकाय वा क्षेत्र नै कृषि हो । कृषिकै माध्यमबाट शाकाहारी तथा मांसाहारी दुवै किसिमका मानिसका लागि खाद्यान्नको जोहो गरिन्छ । धान, गहुँ, मकै, कोदो, फापर आदि अन्न तथा दाल, सिमी, बोडी जस्ता गेडागुडीको उत्पादन हुने गर्छ । हरिया सागपात, च्याउ, तोरी, भटमास, आलस र सूर्यमुखीलगायत खाद्यपदार्थको उत्पादनसमेत कृषिअन्तर्गत नै पर्छन् । त्यसै गरी दुध, दही, माछा, मासु र अन्डा आदिको व्यवस्थापनसमेत कृषिकै अधीनमा हुने गर्छन् अर्थात् मानिसलाई आवश्यक पर्ने हरेक विषय कृषिसँगै सम्बन्धित हुन्छन् । कृषिबिना मानव जीवनको परिकल्पना नै गर्न सकिँदैन । मानव शरीरको वृद्धि र विकासदेखि मानवीय शक्ति एवम् सामर्थ्यलाई प्रभाव पार्नेलगायत सम्पूर्ण आवश्यक तत्त्वको स्रोत वा आधार नै कृषि हो । कृषि व्यवसायकै माध्यमबाट यस्ता हरेक वस्तुलाई व्यवस्थित रूपमा उत्पादन र वितरण गरिन्छ । यसका लागि आवश्यक पूर्वाधार र जनश्रमको खाँचो हुन्छ । जति व्यवस्थित रूपमा भौगोलिक तथा ऋतुजन्य परिवेशको प्रभाव रहन्छ त्यति नै कृषिजन्य उत्पादनमा वृद्धि र गुणस्तरीयता थपिँदै जान्छ । नेपालका सन्दर्भमा यहाँको भौगोलिक तथा मौसमजन्य विविधता नै कृषि उत्पादनका दृष्टिले अत्यन्त अनुकूल मानिन्छ । नेपाली धर्तीको ऊर्वरता र नेपाली जनशक्तिको लगनशीलताका कारण यहाँ कृषिजन्य वस्तुको उत्पादन तथा व्यवस्थापनलाई आसलाग्दो किसिमबाट हेर्ने गरिन्छ । होचो भूभागदेखि विश्वकै अग्लो भूखण्डबाट समेत कृषिजन्य वस्तु उत्पादन गराउन सक्नु नेपालका लागि गौरवको विषय हो । यहाँका हरेक भूभागमा कुनै न कुनै प्रकारको खाद्यान्न तथा जडीबुटी एवम् वनस्पति उत्पादन हुन्छ । अतः कृषि व्यवसायका दृष्टिले नेपाल उपयुक्त मुलुक हो । त्यसैले नेपाललाई लाई कृषि प्रधान मुलुकसमेत भनिन्छ ।

सुनाइ पाठ १५

## सिरूवा पर्व

पूर्वी नेपाल राजवंशी, धिमाल, सन्थाल, ताजपुरिया आदि जातिको प्राचीन थातथलो हो । उनीहरू विशेष गरी झापा, मोरङ र सुनसरी जिल्लामा परापूर्वकालदेखि बसोबास गर्दै आएका छन् । उनीहरूका मौलिक सभ्यता, भाषा तथा रीतिरिवाज छन् । पूर्वी नेपालका

केही आदिवासीको प्रमुख पर्व सिरुवा हो । यी जातिले नववर्षको उपलक्ष्यमा सिरुवा पर्व मनाउँछन् । प्रकृति पुजकहरूले यस पर्वमा ग्रामस्थान, बोटबिरुवा र माटाको पूजाआजा गरी एकआपसमा प्रगति र समृद्धिको शुभकामना आदानप्रदान गर्छन् । उनीहरू खेतीपाती वृद्धिको कामना गर्छन् । सिरुवा पर्वमा टिस्टाबुढीको नाममा टिस्टा नदीको पनि पूजा गर्ने गरिन्छ । चैत मसान्तका दिन फरक फरक सात किसिमका तरकारी पकाएर नववर्षका दिन खाइने चलन छ । उनीहरूले नववर्षका दिन पवित्र वस्त्र लगाउँछन् । यो पर्व पानी, हिलो र रङ छ्यापेर हर्षोल्लासका साथ मनाउने गरिन्छ । पर्वको पहिलो दिन पानीसिरुवा, दोस्रो दिन कातसिरुवा र तेस्रो दिन रङसिरुवा मनाइन्छ । प्रत्येक वर्षको वैशाख एक गते मोरङको सुनबर्सीमा ठुलो मेला लाग्छ । यो पर्वमा मनोकाङ्क्षा पूरा होओस् भनी भाकल गर्नेहरूले भाकल बुझाउने चलन छ । सिरुवा पर्वमा हाट भर्ने र नाचगान गर्ने गरिन्छ । सिरुवा पर्वले मौलिक सांस्कृतिक पहिचानलाई निरन्तरता दिएको छ ।

सुनाइ पाठ १६

## सञ्चार माध्यमको प्रयोग

एक ठाउँको सूचना अर्को ठाउँसम्म पुऱ्याउने कार्य नै सञ्चार हो । यस्तो सूचना कुनै व्यक्ति, समाज वा घटनासँग सम्बन्धित हुन्छ । एक ठाउँको सूचना अर्को ठाउँसम्म पुऱ्याउनका लागि विभिन्न सञ्चार माध्यमको प्रयोग गरिन्छ । रेडियो, टेलिभिजन, मोबाइल, टेलिफोन, इमेल, फेसबुक र पत्रपत्रिका आदि सबैभन्दा बढी प्रयोग हुने माध्यम हुन् । यस्ता माध्यमबाट औपचारिक तथा अनौपचारिक जुनसुकै किसिमबाट भए पनि बोलेर, लेखेर, तथा एकअर्कालाई हेर्दै कुराकानीसमेत गर्न सकिन्छ । सामान्य किसिमका विषयवस्तुको आदानप्रदानका लागि होस् वा उच्चस्तरीय शैक्षिक सामग्रीको उपयोगका लागि होस्, यस्ता माध्यम प्रयोगमा ल्याइन्छन् । ठुल्ठुला सभा सम्मेलन तथा गोष्ठीका लागि पनि आधुनिक प्रविधिको उपयोग गर्न सकिन्छ । गुगल मिट, जुम, टिम, म्यासेन्जर आदि इन्टरनेटका माध्यमबाट सञ्चालन गरिने विभिन्न विधि, प्रविधि सञ्चार जगत्का लागि वैज्ञानिक वरदान मानिन्छन् । यसै कारण पनि आजको विश्व निकै साँगुरिएको छ अर्थात् जो जतिसुकै टाढा भए पनि नजिकै रहे सरह हुँदै गएको छ । कहाँ परेवालगायत चराको प्रयोगसँगै थालनी गरिएको सूचना आदानप्रदान गर्ने प्रारम्भिक युग र कहाँ विश्वलाई नै नजिकै राखे झैँ आपसमा आमनेसामने भएर कुराकानी गर्ने आधुनिक वैज्ञानिक युग ? कत्ति चाँडै सञ्चार जगत्ले फड्को मारिसकेको छ । अब त हुँदा हुँदा विश्व ब्रह्माण्डलगायत अन्य उपग्रहका गतिविधि पनि मानिसले यही धरातलमा बसी बसी थाहा पाउन सक्ने प्रविधिको

विकास भइसकेको छ । यसर्थ सूचना तथा सञ्चार जगत्मा ऐतिहासिक क्रान्तिकारी परिवर्तन हुँदै गएको कुरा हामी सबैले स्विकार्नै पर्छ ।

सुनाइ पाठ १७

## पञ्चतन्त्र कथाको परिचय

पञ्चतन्त्र कथाको रचना आजभन्दा करिब २,००० वर्ष पहिले भएको मानिन्छ । त्यस समयमा अमरशक्ति नाम गरेका राजा शासन गर्थे । उनका तीन जना छोरा थिए । ती तीनै जना अत्यन्त मूर्ख र अहङ्कारी थिए । तीमध्ये जेठाको नाम बहुशक्ति, माइलाको नाम उग्रशक्ति र कान्छाको नाम अनन्तशक्ति थियो । तिनलाई राजाले सही मार्गमा ल्याउन नसकेपछि तिनको शिक्षा दीक्षाका लागि सबै शास्त्रका ज्ञाता विष्णु शर्मा नाम गरेका प्रकाण्ड विद्वान्लाई जिम्मा दिए ।

ती राजकुमारलाई व्यावहारिक शिक्षा दिन नीतिशास्त्रसँग सम्बन्धित कथा सुनाए । ती कथामा पात्रका रूपमा पशु, पन्छीआदि समावेश गरिएको थियो । ती पात्रले कथामा मानवले जस्तै संवाद गर्ने र व्यवहार गर्ने भूमिका निर्वाह गरेका छन् । ती पात्रका माध्यमबाट के उचित के अनुचित हो भन्ने विषयको व्यावहारिक ज्ञान कथाबाट दिइएको छ । ती कथा बालमैत्री र मनोरञ्जनात्मक पनि छन् ।

शिक्षादीक्षा पूरा भएपछि राजकुमारको व्यवहारमा पनि सकरात्मक परिवर्तन आयो । यसबाट गुरु विष्णु शर्मा प्रभावित भएर ती कथालाई सङ्कलन गरी पञ्चतन्त्रका कथा नाम दिएका थिए । ती कथा आज पनि त्यत्तिकै सान्दर्भिक, प्रेरणादायी र मनोरञ्जनात्मक छन् । बालबालिका आज पनि ती कथा खोजी खोजी पढ्न मन पराउँछन् र ती कथा पढ्दा खुसी हुन्छन् । त्यसबाट व्यावहारिक रूपमा नै नैतिक ज्ञान र सिपका कुरा सिक्छन् ।